# पहिलो परिच्छेद

## १. शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नरहरि आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधविषयपरिचय

नरहरि आचार्य नेपाली साहित्यका कविता, निबन्ध, जीवनीका साथै खासगरी समालोचनाका क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्ति हुन् । आचार्यले कविताविधाबाट आफ्नो साहित्यिक यात्रा सुरु गरेपनि उनी समालोचक र सम्पादक व्यक्तित्वका रूपमा ज्यादा चर्चित छन् । उनका राजनीतिसँग सम्बन्धित रचनाहरू विशेष उल्लेख्य छन् । **आजका राष्ट्रिय मुद्दाहरू** (२०५७), **नयाँ नेपालको प्रस्तावना** (२०५७), **संविधानसभा** (२०६२), **नेपालको राजसंस्था** (२०६२), **कांग्रेसमा लोकतन्त्र** (२०६२), **नेपालको लोकतन्त्रीकरण** (२०६२) उनका राजनीतिसँग सम्बन्धित रचनाहरू हुन् भने **विश्वेश्वरप्रसाद कोइराला, नेपाली कांग्रेसका चार दशक** (२०५३) आचार्यको सम्पादकत्वमा र **नेपालको गैरसरकारी संस्था नीति : एक अध्ययन** (२०४९) जगदीश घिमिरे र हरि अर्यालसँगको सहलेखनमा लेखिएका कृतिहरू हुन् । त्यसैगरी स्नातकोत्तर तहको आठौँ पत्रको प्रयोजनार्थ लेखिएको **महाकाव्यकार सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना** (२०३३) समीक्षात्मक कृति हो भने **परिशीलन** (२०५५) फणीन्द्र नेपालको सम्पादकत्वमा प्रकाशित भाषा र साहित्यसँग सम्बन्धित समीक्षात्मक अध्ययन गरिएको कृति हो । त्यस्तै **नेपाली भाषामा अकरण : एक अध्ययन** (२०४१) उनको व्याकरणसँग सम्बन्धित कृति हो । आचार्यको सम्पादकत्वमा वि.सं. २०२७ सालमा **उन्मेष** वार्षिक मुखपत्र, वि.सं. २०२८ सालमा आचार्यलगायत अन्य चारजनाको सम्पादकत्वमा विचारप्रधान सामयिक सङ्कलन **भोलि**को प्रकाशन भएको छ । वि.सं. २०३८ सालमा आचार्य गण्डकी छात्रसमितिको साहित्यसचिव भएपछि मुखपत्र **विवेकबिन्दु**को सम्पादन उनकै सम्पादकत्वमा भएको देखिन्छ । उनका एक दर्जनभन्दा बढी सङ्कलन र संग्रहहरूको सम्पादन, एक सयभन्दा बढी राजनीतिक, सामाजिक र साहित्यिक

विषयसँग सम्बन्धित लेखरचनाका साथै दुई दर्जनभन्दा बढी गोष्ठीपत्रहरू प्रकाशित भएका छन् । **धर्मदर्शन** (२०३१-२०३३), **अरुणोदय** (२०३१-२०३३), **भानुदर्शन** (२०३१-२०३६), वाङ्मय (२०३८ देखि केही वर्ष), **संवत्सर** (२०४०-२०४१) उनकै सम्पादकत्वमा प्रकाशित पत्रिकाहरू हुन् । यसरी हेर्दा स्रष्टा र द्रष्टा अनि सम्पादक व्यक्तित्वका रूपमा रही आचार्यले नेपाली भाषासाहित्यको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । प्रस्तुत शोधपत्रमा आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका यिनै विविध पाटालाई अध्ययनको विषय बनाइएको छ ।

## १.३ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग, कीर्तिपुरअन्तर्गत एम.ए. दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.४ समस्याकथन

नरहरि आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाहरू रहेका छन् । वि.सं. २०२४ देखि विविध गद्यहरू फाट्टफुट्ट रूपमा लेखेपनि वि.सं. २०२५ को **विवेकबिन्दु** पत्रिकामा प्रकाशित *पुतली* पद्य कविता नै उनको प्रथम प्रकाशित रचना हो । उनको सम्पादकत्वमा विविध पत्रपत्रिका, कवितासंग्रह, लेख, निबन्धसंग्रह एवम् समालोचनात्मक कृतिहरू प्रकाशित भएका छन् । उनका प्रकाशित फुटकर रचना र कृतिहरूका बारेमा सामान्य चर्चा पाइएपनि त्यसको व्यवस्थित अध्ययन-विश्लेषण अझसम्म हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधकार्य आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पक्षलाई प्रकाशमा ल्याउनका लागि निम्नानुसारका समस्यामा केन्द्रित रहेर गरिएको छ ।

क) आचार्यको जीवनी-व्यक्तित्व के-कस्तो छ ?

ख) नेपाली साहित्यमा आचार्यको आगमन के-कसरी कुन पृष्ठभूमिमा भयो ?

ग) उनले नेपाली साहित्यका कुन-कुन विधामा कलम चलाएका छन् ?

घ) उनको साहित्यिक यात्रा कस्तो छ ?

ङ) उनका साहित्यिक कृतिहरू के-कस्ता छन् ?

उपर्युक्त समस्याहरूमा नै प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ ।

क) आचार्यको जन्मकालदेखि वर्तमान समय (२०६४) सम्मको जीवनी र व्यक्तित्व प्रस्तुत गर्ने ।

ख) नेपाली साहित्यमा आचार्यको आगमन कुन पृष्ठभूमिमा के-कसरी भयो भन्ने प्रस्तुत गर्ने ।

ग) नेपाली साहित्यमा आचार्यले कलम चलाएका विधाहरूको निर्क्योल गर्दै तिनको संक्षिप्त रूपमा व्याख्या-विश्लेषण गर्ने ।

घ) आचार्यको साहित्यिक यात्राको स्वरूप, त्यस यात्राका चरणहरू पहिल्याउँदै र तिनका प्रवृतिहरूको विवेचना गर्दै निरुपण गर्ने ।

ङ) उनका साहित्यिक कृतिको अध्ययन र व्याख्या, विवेचना गर्दै तिनको पहिचान प्रस्तुत गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार तथा समालोचक नरहरि आचार्यको लेखनकारिताका साथै उनका समालोचना, राजनैतिक कृतिहरू एवम् फुटकर रचनाहरूको छिटपुटबाहेक सैद्धान्तिक मान्यताका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन भने खास त्यति हुन सकेको छैन । यहाँ उनी र उनका कृतिका बारेमा पूर्वअध्येताहरूले गरेका समीक्षात्मक टिप्पणीहरूलाई क्रमबद्ध रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

क) नरहरि आचार्यसँगको सहकारितामा अन्य चारजनाले **भोलि** (२०२८) पत्रिकाको सम्पादन गर्दा यो पत्रिका एवम् यसमा सम्पादित लेखका बारेमा गोविन्द अधिकारीले भनेका छन् - “यो पत्रिका विचारप्रधान बन्न सकेको छ । तनहूँको शैक्षिक, सांस्कृतिक पृष्ठभूमि र अवस्था तथा प्रजातन्त्र र समाजवादबारे विचारप्रधान लेखहरू यसमा छन् ।”

ख) गोविन्द अधिकारीले शिवराज आचार्य र ब्रतराज आचार्यसँगको सहकार्यमा नरहरि आचार्यद्वारा सम्पादित **भानुदर्शन** (२०३१) पत्रिकाका सम्बन्धमा स्नातकोत्तर तहको शोधपत्रमा भनेका छन् - “भानुभक्तीय रामायणको सम्भावित शुद्ध पाठ, समालोचनात्मक र भाषिक लेखहरू, तनहूँका

प्रतिभाहरूको परिचय, भानुभक्तको विविध पक्षमा प्रकाश आदि यस पत्रिकाका मह,वपूर्ण पक्षहरू हुन् ।"

ग) **परिशीलन**को सम्पादन गर्दा सम्पादक फणीन्द्र नेपालले यसमा आकलित आचार्यका रचनाहरूले आत्मसात् गरेका कुराहरूलाई यसरी व्यक्त गरेका छन् - "**परिशीलन**मा आकलित फुटकर समालोचनाहरूले आधुनिक नेपाली समालोचनाको प्रभाववादी प्रवृतिलाई अङ्गीकार गरेका भएपनि यिनमा प्रभाववादी प्रवृतिका सीमाभन्दा तिनका वैशिष्ट्यलाई बढ्ता आत्मसात् गरेको पाइन्छ ।"

घ) फणीन्द्र नेपालले **परिशीलन**को भूमिकामा बालसाहित्यका सन्दर्भमा आचार्यले गरेको योगदानको चर्चा गर्दै भनेका छन् - "बालसाहित्यसम्बन्धी अध्ययन यस सङ्कलनको थप वैशिष्ट्य हो । बालसाहित्यको अपेक्षाकृत् कम चर्चा गरिएको नेपाली समालोचनाको इतिहासमा समालोचक आचार्यले यससम्बन्धमा मह,वपूर्ण अध्ययन र विश्लेषण गर्नुभएको छ ।"

ङ) साहित्यका अतिरिक्त व्याकरणका सम्बन्धमा गरेको चर्चाको उल्लेख गर्दै **परिशीलन**को भूमिकामा फणीन्द्र नेपालले भनेका छन् - "वहाँले विषयगत समस्याको चाख र चासो बालसाहित्यमा मात्र होइन व्याकरणमा पनि उत्तिकै राखेको र विशेषीकृत् भएको देखिन्छ । नेपाली भाषामा अकरणनिर्धारणका समस्या र तिनको समाधानसँग सम्बद्ध विश्लेषण पनि निकै गम्भीर, रोचक र प्रेरक छ ।"

च) नरहरि आचार्यको **नयाँ नेपालको प्रस्तावना**का सम्बन्धमा संवत्सर प्रकाशनले यसरी मूल्याङ्कन गरेको छ - "नरहरि आचार्यको **नयाँ नेपालको प्रस्तावना** परिष्कारबोधसहितको नयाँ क्षितिजको खोजी हो । यसमा नयाँ नेपालको रचनालाई चाहिने तत्व अर्थात् भविष्य-दृष्टि छ । यो नयाँ नेपालको रचनाका लागि नरहरि आचार्यका तर्फबाट एउटा प्रस्ताव हो, छलफलको विषय हो ।"

यसरी नरहरि आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका समग्र पक्षलाई नै केन्द्रबिन्दु बनाएर पूर्वअध्येताहरू मध्ये कसैले पनि अध्ययन नगरेको देखिन्छ । जे होस् उनीहरूले गरेका छिटपुट टिप्पणीहरूबाट पनि प्रस्तुत शोधकार्य सम्पन्न गर्न केही मात्रामा भएपनि सकारात्मक सहयोग

पुगेको छ । यसरी पूर्वअध्येताहरूबाट आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी समग्र पक्षको व्यवस्थित, विस्तृत एवम् प्रामाणिक अध्ययन नभएका सन्दर्भमा प्रस्तुत शोधकार्य आचार्यको समग्र पक्षको शोधनियमानुसार व्यवस्थित अध्ययनमा केन्द्रित रहेको छ ।

## १.७ शोधकार्यको औचित्य

वि.सं. २०२५ सालदेखि हालसम्म को लगभग ३८ वर्षको साहित्ययात्रा पूरा गरिसकेका नरहरि आचार्यको खासगरी नेपाली समालोचनाका क्षेत्रमा छुट्टै किसिमको योगदान रहेको छ । उनका बारेमा सामान्य टिप्पणी र छिटपुट चर्चा-परिचर्चाबाहेक सुव्यवस्थित र विस्तृत रूपमा अध्ययन-अनुसन्धान हालसम्म नभएको हुनाले उनका बारेमा सर्वप्रथम व्यवस्थित र समग्र रूपमा अध्ययन गरिएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ । नरहरि आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जान्न चाहने अध्येता तथा शोधार्थीका लागि यो शोधकार्य मह,वपूर्ण सामग्री समेत हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नरहरि आचार्यले नेपाली साहित्यअन्तर्गत मूलतः समालोचना विधामा र अंशतः कविता, जीवनी, लेख आदिका क्षेत्रमा कलम चलाएका छन् । यसैगरी उनको योगदान राजनीतिसँग सम्बन्धित पुस्तकहरूको रचनातर्फ पनि थोरबहुत देखिन्छ । यस शोधपत्रमा विविध लेखकीय व्यक्तित्वका माझबाट उपर्युक्त व्यक्तित्वलाई सीमाबद्ध गरिएको छ । यो यसको सीमा हो । उनको यो यात्रा अझैपनि निरन्तरित रहेकोले उनका बारेको यस अध्ययनलाई एउटा निश्चित सीमाभित्र आबद्ध गरिएको छ । यस शोधपत्रमा उनको जन्मदेखि वि.सं. २०६३ सालसम्म को समयलाई अध्ययनको अवधिका रूपमा लिइएको छ ।

## १.९ सामग्रीसङ्कलन

प्रस्तुत शोधकार्य जीवनी, व्यक्तित्व र कृतित्वमा आधारित भएकोले पुस्तकालयमा उपलब्ध सम्बन्धित पुस्तक र पत्रपत्रिकाबाट आवश्यक सामग्रीहरू सङ्कलन गरिएका छन् । आचार्यको जीवनी, व्यक्तित्वका साथै अन्य कतिपय विषयसँग सम्बद्ध सामग्रीहरू शोधनायकसँगै शोधपुछ गरेर पनि सङ्कलन गरिएका छन् ।

## १.१० सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधकार्य जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित भएकाले विशेष गरी पुस्तकालय अध्ययनविधिमा केन्द्रित रहेको छ । सङ्कलित सामग्रीहरूको प्रस्तुतीकरण र विश्लेषणका क्रममा वर्णनात्मक-विश्लेषणात्मक विधिलाई अँगालिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित पाँच परिच्छेद र आवश्यकतानुसारका उपशीर्षकहरूमा समेत विभाजन गरी अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद : **शोधपरिचय**

दोस्रो परिच्छेद : **नरहरि आचार्यको जीवनीको अध्ययन**

तेस्रो परिच्छेद : **नरहरि आचार्यको व्यक्तित्वको अध्ययन**

चौथो परिच्छेद : **नरहरि आचार्यको कृतित्वको अध्ययन विश्लेषण**

पाँचौ परिच्छेद : **उपसंहार**

सन्दर्भग्रन्थसूची

क) पुस्तकहरूको सूची

ख) पत्रपत्रिकाहरूको सूची

ग) शोधपत्रहरूको सूची

# दोस्रो परिच्छेद

## २. नरहरि आचार्यको जीवनीको अध्ययन

### २.१ जन्म र जन्मस्थान

नरहरि आचार्यको जन्म वि.सं. २०१० साल आश्विन ११ गते काठमाडौँको विशालनगर (चण्डोल) मा भएको हो ।[१] उनको न्वारानको नाम ईशदत्त आचार्य भएपनि पछि उनलाई नरहरि नामले बोलाउन थालियो र यही नामले नै उनी चर्चित हुँदै गए ।[२]

### २.२ वंशपरम्परा

नरहरि आचार्यको पुर्ख्यौली थलो चुँदी-रम्घा, तनहूँ हो । यिनको वंशपरम्परा हेर्दै जाँदा यिनी भानुभक्त आचार्यका हजुरबुवा श्रीकृष्ण आचार्यका सन्तान देखिन्छन् । श्रीकृष्ण आचार्यका पाँच भाइ छोरामध्ये साहिँला छोरा शेखर (पद्मनाभ) आचार्य थिए । शेखरका दुई भाइ छोरामध्ये कान्छा छोरा देवदत्त आचार्य थिए । देवदत्तका पनि तीन भाइ छोरा जन्मिए जसमध्ये माहिला छोराको रूपमा लोकनाथ रहे । लोकनाथ आचार्यका पनि तीन भाइ छोरा थिए । तिनै तीनजना छोरामध्ये जेठा छोरा उमानाथ आचार्यका तीन छोरा क्रमशः बालहरि, शिवहरि र नरहरिमध्ये नरहरि आचार्य कान्छा छोरा हुन् ।[३]

### २.३ पारिवारिक पृष्ठभूमि

श्रीकृष्ण आचार्य, भानुभक्त आचार्य आदि नरहरि आचार्यका अग्रज भएबाट नै यिनको परिवार पुस्तौँदेखि शिक्षित रहेको कुरा थाहा हुन्छ । परिवार सानो भएकोले पनि पठनपाठनका लागि उचित वातावरण प्राप्त गर्न आचार्यलाई हम्मे परेन । नेपालकै मुटु मानिने काठमाडौँमा जन्मन पाउनु पनि आचार्यका निम्ति अनुकूल शैक्षिक पृष्ठभूमि मान्न सकिन्छ । त्यसमा पनि आचार्यको परिवार खानलाउन र पढ्नलेख्न चिन्ता गर्नु नपर्ने मध्यम वर्गीय थियो ।[४] आचार्यका पिता उमानाथ आचार्य स्वयं आयुर्वेदाचार्य एवम् साहित्याचार्य

---

[१] फणीन्द्र नेपाल (सम्पा), नरहरि आचार्य, *भूमिका,* **परिशीलन** (ललितपुर : साझा प्रकाशन , २०५५), पृष्ठ - क
[२] शोधनायकबाट प्राप्त जानकारी अनुसार
[३] ऐजन
[४] ऐजन

भएकाले परिवारबाटै थोरै भएपनि उचित शैक्षिक पृष्ठभूमि प्राप्त गर्न उनलाई सहयोग पुग्यो । नरहरिले संस्कृतका केही श्लोक पिताबाटै सिकेकाले केही प्रभाव पिताबाट ग्रहण गरेको देखिन्छ ।[५]

## २.४ बाल्यकाल

नरहरि आचार्य सात वर्षको हुँदा नहुँदै पिता उमानाथ आचार्यको देहावसान भएको थियो भने विभिन्न बाध्यात्मक परिस्थितिका कारण करीब दश वर्षको उमेरदेखि आचार्य एक्लै बसेका थिए । यसरी हेर्दा आमाबाबुको यथोचित मायाममताबाट नरहरि बञ्चित रहेको देखिन्छ ।[६] चुँदी-रम्घाबाट करीब पाँच-छ घण्टाको दूरीमा मावलीघर रहेको र २०१९ सालमा काठमाडौँबाट फर्केर गएपछि मावलीमा नै बसेबाट मावलीसँगको सम्बन्ध सुदृढ नै रहेको कुरा थाहा हुन आउँछ । आफू सानै छँदा पिताको देहावसान भएकोले घरको गुरुकूलीय वातावरणको खासै प्रभाव नपरेपनि केही संस्कृतका श्लोकहरू भने नरहरिले त्यहीँ कण्ठस्थ गरेका थिए ।[७] मावलीघरमा पनि एक किसिमको पढ्ने-पढाउने वातावरण थियो । शिक्षकहरू मावलीघरमै बस्थे । २०१९ सालमा काठमाडौँबाट फर्केर गएपछि करीब एक वर्ष त्यस्तै विद्यालयमा पढेबाट मावलीमा भने गुरुकूलीय वातावरणको प्रभाव केही हदसम्म नरहरि आचार्यमा परेको नै देखिन्छ ।

आचार्य सानैदेखि जिज्ञासु र कण्ठस्थ भन्न सक्ने क्षमता भएका थिए । कोही-कसैको डरको सामना गर्नु नपरेको बताउने नरहरि एकपटक पिताले सिकाएको कुरा सिक्न नसक्दा भएको सामान्य बलप्रयोग भने सम्झन्छन् ।[८] सानो छँदा केही चकचके भएपनि दशदेखि चौबीस वर्षको उमेरसम्म स्वतन्त्र जीवन बिताएकोले आचार्यले आफैँले आफैँलाई सुधार्दै लानुपरेको देखिन्छ ।[९] दाजुहरूको देहावसान भएको सम्झना नै नभएका आचार्यको दिदीबहिनी एवम् साथीहरूसँगको सम्बन्ध बाल्यकालदेखि नै अत्यन्त राम्रो थियो । पाँच वर्षको उमेरभन्दा अघि धेरै नै बिरामी भएपनि त्यसपछि भने खासै रोगले नसताएको अनुभव आचार्यलाई छ ।[१०]

---

[५] ऐजन
[६] ऐजन
[७] ऐजन
[८] ऐजन
[९] ऐजन
[१०] ऐजन

आफ्नै भान्जादाइ प्रा. सोमनाथ पौडेल (पिता उमानाथ आचार्यका विद्यार्थी) द्वारा गायत्रीमन्त्र सुनाइएका नरहरिको ब्रतबन्ध वि.सं. २०१९ साल वैशाख २५ गते काठमाडौँको विशालनगरमा भएको थियो ।[११]

## २.५ शिक्षा

नरहरि आचार्यको अक्षरारम्भ औपचारिक रूपमा साइत हेरेर भएको नभई घरैमा भएको थियो ।[१२] २०१८ सालदेखि नै अनौपचारिक रूपमा विद्यालय गएपनि दश वर्षको उमेरदेखि अर्थात् २०२० सालदेखि मात्र भानु संस्कृत मिडिल स्कूल, चुँदी-रम्घामा औपचारिक रूपमा आचार्यले शिक्षारम्भ गरेका हुन् । त्यहाँ उनले करीब तीन वर्षसम्म अध्ययन गरे ।[१३] डेरामा अलग्गै बसेर पढ्नुपर्ने भएपछि रमाइलो गर्नु नै उनको मूल ध्येय भयो । पढाइ त्यति राम्रो नभएपनि कक्षा चारमा उनी प्रथम भएका थिए जसको फलस्वरूप उनलाई एकैचोटि ६ कक्षामा राखिएको थियो ।[१४] यसले गर्दा र अझ सहर आएपछि स्वच्छन्द जीवन बिताउन पाएकोले उनको पढाइ केही खच्कियो ।

वि.सं. २०२२ मा रानीपोखरी संस्कृत पाठशालामा कक्षा ८ मा भर्ना भएपछि आचार्यको माध्यमिक शिक्षा प्रारम्भ भयो ।[१५] उनी दुई वर्ष डेरामै बसेर २०२४ सालमा संस्कृत छात्रावासमा भर्ना भए । आचार्यमा कसैको उल्लेखनीय प्रभाव नपरेपनि उनलाई सुरु-सुरुमा कविता लेख्न सिकाउने चाहिँ आफूभन्दा केही अग्रज विद्यार्थी चेतनाथ अधिकारी हुन् ।[१६] त्यस्तै सोमनाथ पौडेल बाल्मीकि विद्यापीठको प्राध्यापक भएकैले पनि उनीबाट आचार्यले केही सहयोग पाएका थिए । संस्कृत छात्रावासमा बसिसकेपछि हरेक विद्यार्थीले छात्रकार्यसमितिको नियमानुसार अनिवार्य रूपमा साहित्यरचना गर्नुपर्थ्यो । त्यसै परिवेशमा आचार्यले पनि सहभागिता जनाउन थालेका थिए ।[१७] सोही क्रममा **विवेकबिन्दु** पत्रिकामा प्रकाशित *पुतली* (२०२५) कविता नै उनको प्रथम प्रकाशित कविता हो ।[१८]

---

[११] ऐजन
[१२] ऐजन
[१३] ऐजन
[१४] ऐजन
[१५] ऐजन
[१६] ऐजन
[१७] ऐजन
[१८] ऐजन

बाल्मीकि विद्यापीठमा २०२६ सालमा भर्ना भएपछि आचार्यको उच्चशिक्षाप्रारम्भ हुन्छ । उक्त विद्यापीठको वातावरणीय प्रभावले आचार्यको उच्चशिक्षा आर्जनमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ । २०२६ सालमै छात्रकार्यसमितिबाट निस्कने **उन्मेष** (२०२७) को सम्पादक भएकाले आचार्यका केही रचनाहरू तिनै पत्रिकामार्फत् प्रकाशित भए भने कतिपय रचनाहरू अप्रकाशित अवस्थामै रहेका छन् ।[१९] छात्रकार्यसमितिले त्यहाँको पुस्तकालयमा तोकेरै पुस्तक पढ्न लगाउने भएकाले अन्य अध्ययनमा पनि उनी सहभागी भएको देखिन्छ । उच्चशिक्षा हासिल गर्न सुरु गर्नुपूर्व नै उनी राजनीतिमा प्रवेश गरेपनि वि.सं. २०२६ मा छात्रकार्यसमितिको उपसभापति, पछि सांस्कृतिक सचिव, **उन्मेष**को सम्पादक, त्यसपछि गण्डकी छात्रसमितिको सांस्कृतिक सचिव बनेपछि भने औपचारिक रूपमा राजनीतिमा प्रवेश गरेका हुन् ।[२०] वि.सं. २०३३ मा नेपाली साहित्य विषयमा प्रथम श्रेणीमा प्रथम भई आचार्यले स्नातकोत्तर तह पूरा गरेका हुन् ।[२१] आचार्यले २०३३ साल माघ १३ गतेदेखि त्रिचन्द्र क्याम्पसबाट प्राध्यापन गर्न सुरु गरी करीब १५ वर्षसम्म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपूरमा प्राध्यापन गरे । यसै परिप्रेक्ष्यमा २०३७ सालमा विद्यावारिधिको प्रयासस्वरूप आचार्यले *स्वच्छन्दतावादी काव्यशिल्पको निर्माणमा अलङ्कारको भूमिका* शीर्षकको शोधप्रस्ताव बुझाएका थिए तर राजनीतिक सक्रियताले जन्माएको व्यस्तताका कारण उनले उक्त शोधकार्य पूरा गर्न भने पाएका छैनन् ।[२२]

## २.६ वैवाहिक सम्बन्ध एवम् सन्तान

नरहरि आचार्यको विवाह वि.सं. २०३५ साल वैशाख २५ गते महेश्वर शर्मा र राधादेवी शर्माका दुई भाइमाथिकी एक मात्र छोरी शारदा शर्मासँग भयो ।[२३] औपचारिक सम्बन्ध हुन नपाएपनि ससुरालीसँग आचार्यको हार्दिकताको सम्बन्ध रहेको देखिन्छ र परिवारको सदस्य जस्तो भएकाले परिवारको सदस्यले पाउनुपर्ने माया पाएको उनको अनुभव छ ।[२४] आचार्यका सन्तानका रूपमा दुईजना छोरी अर्थात् जेठी छोरी अनामिका र कान्छी छोरी अपराजिता जन्मिए । अहिले अनामिका सूचना र संचार विज्ञानमा

---

[१९] ऐजन
[२०] ऐजन
[२१] ऐजन
[२२] शोधनायकबाट प्राप्त जानकारी अनुसार
[२३] ऐजन
[२४] ऐजन

स्नातकोत्तरको तयारीमा छिन् भने कान्छी छोरी अपराजिताले भने समाजशास्त्रमा स्नातकोत्तर पूरा गरिसकेकी छिन् ।[२५] आचार्यले विवाहपश्चात् पत्नी शारदा शर्मा (आचार्य) बाट अपेक्षाकृत् सहयोग प्राप्त गरेको देखिन्छ । शारदा राजनीतिमा सक्रिय नभएपनि विचार र व्यवहारको सहयोग आफूले शारदाबाट प्रशस्त, मात्रामा पाएको अनुभव नरहरि आचार्यको छ ।[२६]

## २.७ आर्थिक अवस्था

आचार्य मध्यमस्तरीय परिवारमा जन्मे-हुर्केकाले उनको आर्थिक अवस्था त्यति नराम्रो थिएन । आफ्नो पूरै कार्यकाल अर्थात् ३७ वर्षसम्म नरदेवी आयुर्वेद महाविद्यालयमा अध्यापन गरेकाले पिता उमानाथ आचार्यले आफ्नो आर्थिक अवस्था त्यति बिग्रन दिएका थिएनन् ।[२७] आचार्यको अहिले जे-जति अचल सम्पत्ति छ, त्यो पुर्ख्यौली सम्पत्ति नै हो । त्यसमाथि २०३३ देखि २०४९ सम्मको प्राध्यापन कार्यले उनलाई अझ सहयोग पुगेको देखिन्छ । यसैबीच २०४८ देखि २०५४ सम्म आचार्य नेपाली कांग्रेसका तर्फबाट राष्ट्रिय सभामा निर्वाचित भए भने २०५२ मंसिरदेखि २०५४ वैशाखसम्म संसदीय व्यवस्था मन्त्रीसमेत बन्न पुगे ।[२८] यसले पनि उनको आर्थिक स्थितिमा थप सहयोगको काम गऱ्यो । २०५४ सालदेखि यता भने आचार्यको नियमित आम्दानीको स्रोत भएन तरपनि समय-समयमा गरिने अनुसन्धान, कार्यपत्रलेखन, लेखपढ आदि उनको आयस्रोतका छिटपुट माध्यम बनेका छन् । त्यसैगरी आचार्यकी श्रीमती परिवार नियोजन संघमा काम गर्नु पनि उनको आर्थिक स्रोतको सहायक माध्यम बनेको छ । वि.सं. २०३७ सालमा आचार्यले काठमाडौँको चुनदेवी, महाराजगञ्जमा घर बनाउँदा तनहूँको र काठमाडौँकै पनि पुर्ख्यौली सम्पत्ति (घरजग्गा) बेचेका थिए भने केही विश्वविद्यालयको आम्दानीका साथै श्रीमती शारदाको सहयोगले पनि मद्दत पुऱ्याएको थियो ।[२९]

---

[२५] ऐजन
[२६] ऐजन
[२७] ऐजन
[२८] फणीन्द्र नेपाल, पूर्ववत्, पृष्ठ ग-घ
[२९] शोधनायकबाट प्राप्त जानकारी अनुसार

## २.८ स्वभाव तथा रूचि

नरहरि आचार्य सानो हुँदा केही चकचके स्वभावका थिए । त्यसमा पनि आफू सानै छँदा पिताको देहावसान भएकोले र विभिन्न कठिनाईका कारण आमासँगै बस्न नपाएकोले देखेको कुरा निर्भीक भएर बोल्ने प्रवृत्ति उनमा देखापर्न थाल्यो । बाल्यावस्थामा उनी डुल्नघुम्न मन पराउँथे भने किशोरावस्थामा आइपुगेपछि चाहिँ उनमा सिनेमा हेर्ने रुचि बढ्न थाल्यो । उनको रेखदेखमा आमाको सक्रियता त्यति नभएकोले सम्पूर्ण जिम्मेवारी स्वयंमा आएपछि बिस्तारै आचार्यको स्वभावमा परिवर्तन हुँदै गयो । परिवर्तनशीलता आचार्यको स्वभाव नै हो । यससम्बन्धमा उनी भन्छन् - "परिवर्तन स्वाभाविक र अनिवार्य कुरा हो । मानवजीवनको सञ्चालनका निम्ति पनि यो अनिवार्य छ ।"[३०] पिता उमानाथझैं यिनी पनि असहायलाई केही गर्न, सकेसम्म केही दिन चाहन्छन् तर यिनमा बाबुको जस्तो धार्मिक कट्टरता छैन । त्यसैगरी सामान्य भएर जिउनुपर्ने यिनको दृष्टिकोण छ साथै बोलेका कुरा व्यवहारमा उतार्न पाए उनी खुसी हुन्छन् । आचार्य पदयात्रा गरेर घुम्न साथै राजनीतिक तथा साहित्यिक र अन्य विषयसँग सम्बन्धित पुस्तकहरू पढ्न रुचाउँछन् ।[३१] १०-११ वर्षको हुँदा पढेको चक्रपाणि चासिलेको **संक्षिप्त महाभारत** र सोही उमेरमा पढेको माधवप्रसाद घिमिरेको **गौरी** खण्डकाव्यले आफूमा धेरै नै प्रभाव छोडेको कुरा आचार्य बताउँछन् ।[३२] आध्यात्मिकतातर्फ दृष्टि दिँदा उनको भनाइ छ - "मान्छे आफैँमा भौतिक, आध्यात्मिक पुञ्जको वस्तु भएकाले केही आस्था एवम् विश्वास त हुन्छ नै तर विशेष धार्मिक आग्रह केही छैन । यसो भएपनि यसप्रति झुकाव चाहिँ छ । जीवनको अभिन्न अङ्ग भएकाले आध्यात्मिक साधना गर्दा वृद्ध भएपछि होइन, यौवनावस्थादेखि नै गर्नुपर्छ भन्ने दृष्टिकोण आचार्यको छ ।"[३३]

राजनीतितर्फको रुचि एवम् आकर्षणका सम्बन्धमा आचार्य भन्छन् - "संस्कृत छात्रावासको वातावरणले नै राजनीतितिर आकर्षण गरायो । यसमा कोही व्यक्तिविशेषको प्रभाव परेर होइन । आफ्नो विचार प्रकट गर्न पाइने भएकाले पनि राजनीतितिर लागेको हुँ ।"[३४]

"[३०] ऐजन
[३१] ऐजन
[३२] ऐजन
[३३] ऐजन
[३४] ऐजन

कुनै एक कामप्रति विशेष रुचि नभई जुनसुकै काम गर्न रुचि राख्ने आचार्य हल्का एवम् अनौपचारिक पोशाक लगाउनाका साथै साधारण शाकाहारी खाना त्यसमा पनि विशेषतः आलुचिउरा खान र फुर्सदको समय पढेर नै बिताउन चाहन्छन् ।[३५]

समग्रमा परिवर्तनशीलता, बोलाइ र गराइमा समानता, आध्यात्मिकता, भ्रमणशीलता, राजनीतितर्फ आकर्षण, अध्ययनशीलता, साधारण खाना एवम् अनौपचारिक पोशाकप्रति रुचि नरहरि आचार्यका विशेषता हुन् ।

## २.९ आत्मनिर्भरता

विविध पत्रपत्रिकामा सम्पादकको भूमिका निर्वाह गरेपनि आचार्यले आर्थिक लाभ गर्ने उद्देश्यले २०३१-०३२ सालतिर गुठीसंस्थानबाट निस्कने **धर्मदर्शन** त्रैमासिक पत्रिकाको प्रधानसम्पादक भएर काम गरे ।[३६] त्यसपछि त्रिचन्द्र क्याम्पसबाट सुरु गरी नेपाली केन्द्रीय विभाग, कीर्तिपूरमा लामो समयसम्म प्राध्यापन गरे । त्यसपछि आफूलाई मनपर्ने पेशा नै भएपनि वि.सं. २०४९ मा उक्त पेशा पनि छोडेर पूर्णत राष्ट्रिय राजनीतितिर प्रवेश गर्न पुगे र अहिलेसम्म पनि त्यही क्षेत्रतिर लगनका साथ क्रियाशील छन् । यसरी हेर्दा आचार्यको आर्थिक जीवनयात्रालाई तीन भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### २.९.१ प्राध्यापन गर्नुपूर्वको स्थिति

यो समय आचार्यको विद्यार्थीअवस्थाको समय हो । यो समयमा आचार्यले आर्थिक कठिनाइ, व्यावहारिक जटिलता त्यति भोग्नुपरेको थिएन । त्यसैले पनि उनी आर्थिक उन्नतितिर लागेनन् । साथीभाइहरूसँगको ठट्टैठट्टामा, रमाइलो परिवेशमा आचार्यले आफ्नो उक्त कालावधि बिताएका थिए । उनले **भानुदर्शन**, **विवेकबिन्दु**, **भोलि**, **अरुणोदय**, **उन्मेष**, **संवत्सर** आदि जे-जति पत्रिकाको सम्पादन गरे केवल सेवा गर्ने उद्देश्यले मात्र गरे । पत्रिकासम्पादन गरेर आर्थिक लाभ गर्ने उद्देश्य उनको थिएन तर वि.सं. २०३१ मा आएर भने उनले गुठीसंस्थानद्वारा प्रकाशित **धर्मदर्शन** त्रैमासिक पत्रिकाको सम्पादन केही आर्थिक लाभ गर्ने उद्देश्यले गरे ।[३७]

---

[३५] ऐजन
[३६] ऐजन
[३७] ऐजन

## २.९.२ क्याम्पस तथा विश्वविद्यालयमा प्राध्यापन गर्दाको स्थिति

आचार्यले वि.सं. २०३३ मा त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा स्नातकोत्तर तह प्रथम श्रेणीमा प्रथम भई पूरा गरेपछि सोही बर्ष माघ १३ गतेदेखि त्रिचन्द्र क्याम्पसबाट प्राध्यापन सुरु गरे । त्रिचन्द्रमा प्राध्यापन गर्दागर्दै करीब ६ महिना जति उनले ललितकला क्याम्पसमा पनि प्राध्यापन गरे भने २०३४ साल फाल्गुनदेखि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपूरमा प्राध्यापन गरे । आचार्यको आर्थिक स्थितिलाई उक्त प्राध्यापन कार्यले केही मजबुत बनायो । यसैबीच २०३६ सालको जनमत संग्रहका क्रममा चाहिँ उनी बहुदल प्रचार समितितिर र पछि नेपाल प्राध्यापक संघलाई पुनर्जीवन दिने कार्यमा लागी आफ्नो वर्तमान राजनीतिक जीवनको पृष्ठभूमिलाई बलियो बनाउनतर्फ लागे । अझ भन्ने हो भने उनी मूलतः वैचारिक राजनीतिमा लागे ।

वि.सं. २०३५ मा विवाह गरिसकेपछि साथै राजनीतिमा प्रवेश गरेपछि बिस्तारै आचार्यले आर्थिक अवस्थामा केही कठिनाइको सामना गर्नुपर्‍यो तर यसले उनको जीवनमा त्यति साह्रो असर भने पारेन । वि.सं. २०३८ मा उनकी श्रीमती शारदाले पनि सिद्धार्थ वनस्थलीमा पढाउने काम सुरु गरिन् ।[३८] यसले आचार्यको आर्थिक स्थितिमा केही राहत पुऱ्याउने काम गऱ्यो । प्राध्यापनका साथ राष्ट्रिय राजनीतिक क्रियाकलापमा समर्पित हुँदै अघि बढ्दा वि.सं. २०४६ चैत्र ७ गतेदेखि करीब २० दिन जेलजीवनसमेत भोगेका[३९] आचार्यलाई प्रजातन्त्र आएपछि वि.सं. २०४८ सालमा पार्टीले राष्ट्रिय सभाको सदस्य बन्न उत्प्रेरित तुल्याएपछि उनी राष्ट्रिय सभाको सदस्य बने । त्यसपछि वि.सं. २०४९ मा विश्वविद्यालयबाट राजिनामा गरी[४०] एकमना राजनीतितर्फ सक्रिय रहन थाले ।

## २.९.३ विश्वविद्यालयमा प्राध्यापन गरेपश्चात्को स्थिति

यो समय वि.सं. २०४९ मा आचार्यले विश्वविद्यालयबाट राजिनामा गरेदेखि वर्तमानसम्मको समय हो । अहिले उनी प्राध्यापनकालमा प्राप्त अनुभवकै आधारमा वैचारिक राजनीतिलाई अघि बढाउने काम गरिरहेका छन् ।[४१] उनको आफ्नो नियमित आम्दानीको बाटो छैन तरपनि श्रीमतीको पर्याप्त सहयोग मिलेको छ । वि.सं. २०४८ देखि २०५४

[३८] ऐजन
[३९] ऐजन
[४०] ऐजन, पृष्ठ-ग
[४१] शोधनायकबाट प्राप्त जानकारी अनुसार

बैशाखसम्म संसदीय व्यवस्थामन्त्री भई कार्य गरे ।[४२] यो नै उनको अहिलेसम्मको अन्तिम औपचारिक आम्दानीको बाटो हो । त्यसपछि पनि उनी विभिन्न पत्रपत्रिकामार्फत् लेखरचना प्रकाशित गर्दै आइरहेका छन् जुन उनको आर्थिक स्रोतको माध्यम नै बनेको छ । यसरी हेर्दा आर्थिक दृष्टिले यो चरण त्यति सन्तोषजनक नभएपनि सबैको सहयोगका कारण त्यति सङ्कटग्रस्त पनि देखिन्न ।

## २.१० मानसिक सन्तोष-असन्तोष

आचार्य बाल्यकालमा केही रोगी भएपनि त्यसपछि कुनै रोगका कारण उनले पीडा खप्नु परेको छैन ।[४३] उनी सानैदेखि सामान्य स्वभावका भएकाले बालप्रवृतिजनक असरको सामना पनि गर्नुपरेको देखिन्न । पिताको देहान्त हुँदा उनी सानै भएकाले त्यसलाई उनले सामान्य सूचनाको रूपमा मात्र लिए भने आमाको देहान्तलाई स्वाभाविक नियतिका रूपमा स्वीकारे अर्थात् उक्त घटनाले व्यक्तिगत पीडाको महसुस उनलाई त्यति भएन ।[४४] परिवारका हरेक सदस्यसँग सधैं सँगै बसेर काम गरिरहेकाले साथै उनीहरूबाट पर्याप्त मात्रामा आर्थिक एवम् विचारात्मक सहयोग पाइरहेकाले उनले त्यसबाट पनि सन्तुष्टि नै प्राप्त गरेका छन् । राजनीतितर्फ सक्रिय हुँदाहुँदै पनि अझै आफू निर्णायक भूमिकामा नपुगेको ठहर उनको छ तर यस सम्बन्धमा चिन्ता लिएर बस्न चाहिँ उनी चाहँदैनन् ।[४५]

समग्रमा बितेका कुरालाई गहन रूपमा नलिई सामान्य रूपमा लिने प्रवृतिले गर्दा आचार्यले त्यति धेरै मानसिक चोट खप्नुपरेको छैन ।

## २.११ देशविदेशभ्रमण

आचार्य नेपाली कांग्रेस पार्टीका सक्रिय कार्यकर्ता, त्यसमा पनि केन्द्रीय सदस्य भइसकेका कारण नेपालका प्रायः धेरै ठाउँको भ्रमण गरिसकेका छन् अर्थात् कर्णाली अञ्चलबाहेक अन्य अञ्चलको भ्रमण उनले गरिसकेका छन् । ती भ्रमणहरू आचार्यले राजनीतिक सिलसिलामा नै गरेका हुन् ।[४६] अझ हिँडेर यात्रा गर्नु उनको शोखको पनि बिषय हो । त्यसैले सम्भव भएसम्म उनी हिँडेरै यात्रा गर्न चाहन्छन् । नेपालका विभिन्न ठाउँबाहेक

---

[४२] फणीन्द्र नेपाल, पूर्ववत् पृष्ठ ग-घ
[४३] शोधनायकबाट प्राप्त जानकारी अनुसार
[४४] ऐजन
[४५] ऐजन
[४६] ऐजन

आचार्यले अमेरिका, बेलायत, भारत पाकिस्तान, चीन, बैङ्कक, इटाली आदि विदेशी मुलुकहरूको समेत भ्रमण गरिसकेका छन् ।[४७]

## २.१२ पुरस्कार तथा मानसम्मान

नरहरि आचार्य अत्यन्त तीक्ष्ण बुद्धि भएका विद्यार्थी, कर्मप्रति निष्ठावान् स्रष्टा साथै देखेका कुरा स्पष्ट बोल्ने तथ्यपरक द्रष्टा हुन् । यिनमा भएका यिनै गुणहरूको मूल्याङ्कन गर्दै विभिन्न संघसंस्था, विद्यालय एवम् विश्वविद्यालयबाट यिनी बेलाबखत सम्मानित भएका छन् ।

कक्षा चारमा अध्ययन गरी प्रथम हुँदा पुरस्कृत हुनाका साथै हौसलास्वरूप विद्यालयले एकैपटक कक्षा ६ मा राखेको थियो ।[४८] संस्कृत छात्रावासमा बस्दा त्यहाँ पटक-पटक साहित्यिक कार्यक्रमको आयोजना हुन्थ्यो जसमध्ये धेरैजसोमा भाग लिनुका साथै उनी पुरस्कृत पनि हुन्थे ।[४९] वि.सं. २०२५ सालमा आयोजित बालसाहित्य सम्मेलनमा आचार्यले स्वर्णपदक हात पारेका थिए । त्यस्तै क्याम्पसमा दुई पटक टेबुलटेनिसमा क्याम्पसप्रथम भई पदक जितेका थिए भने वक्तृत्वकला प्रतियोगितामा पनि उनी सम्मानित भएका थिए ।[५०] स्नातकोत्तर तहमा प्रथम श्रेणीमा प्रथम भएका आचार्य लारीपदक र शिक्षामन्त्रालयमार्फत् महेन्द्र विद्याभूषणले सम्मानित भएका थिए ।[५१]

आचार्यको योग्यताको कदर गर्दै विभिन्न पत्रपत्रिकाको सम्पादक बनाइनु, प्राध्यापक संघको महासचिव बनाइनु, राष्ट्रिय सभाको सदस्य, राष्ट्रिय संचार नीति मस्यौदा कार्यदल (२०४९) को अध्यक्ष राष्ट्रिय भाषामा समाचार प्रसारण गर्न गठित समितिको अध्यक्ष, नेपाली कांग्रेस पार्टीको केन्द्रीय प्रवक्ता र वि.सं. २०५२ मंसिरदेखि २०५४ बैशाखसम्म संसदीय व्यवस्थामन्त्री बनाइनुलाई अझ ठूलो सम्मानका रूपमा लिन सकिन्छ ।

## २.१३ जीवनदर्शन एवम् धारणा

आचार्य जीवनलाई जतिसक्दो सजिलो र सहज रूपमा यापन गर्न चाहन्छन् । उनी भन्छन् - “जीवनशैलीलाई सकेसम्म सरल बनाउने र त्यसलाई हलुका रूपमा यापन गर्नका

---

[४७] ऐजन
[४८] ऐजन
[४९] ऐजन
[५०] ऐजन
[५१] फणीन्द्र नेपाल, पूर्ववत्, पृष्ठ-क

निम्ति त्यही अनुरूपको शैली र व्यवहारलाई अगाडि बढाउनुपर्छ । शरीर भौतिक अवस्थिति र आध्याम्मिक चेतनाको पुञ्ज हो, एउटाबिना अर्काको अस्तित्व रहँदैन ।"[५२]

मान्छे आफैँमा भौतिक एवम् आध्यात्मिक पुञ्जको बस्तु भएकाले केही मात्रामा उनी धर्मप्रति विश्वास गर्छन् तथापि कट्टर बनी पूर्णतः झुकावका साथ समर्पित हुन भने चाहँदैनन् । तैपनि आध्यात्मिकताप्रतिको झुकाव चाहिँ उनमा छ । यो जीवनको एक अभिन्न अङ्ग भएकोले वृद्ध भएपछि होइन यौवनावस्थादेखि नै साधना गर्नुपर्ने उनको धारणा छ ।[५३]

अध्ययनतर्फ हेर्दा उनी कुनै एक ग्रन्थविशेषप्रति समर्पित भएर लागेका छैनन् । आचार्य क्षमताले भ्याएसम्म सबै किसिमका किताब पढ्न चाहन्छन् तर कतिपय समयले साथ नदिएर र कतिपय सामर्थ्यले नभ्याएर पढेका छैनन् । यद्यपि विज्ञानबाहेक अरु चाहिँ पढ्ने उनको बानी छ । त्यसमा पनि इतिहाससम्बन्धी र संस्मरणात्मक लेखहरू उनी बढी मन पराउँछन् ।[५४]

संवैधानिक राजतन्त्रलाई परम्परागत पुरातन संस्था राजतन्त्र र जनताको शक्तिको बीचमा रहेको सम्झौताको अवस्था स्वीकार्ने आचार्य परिवर्तनमुखी जनचाहना र संविधानसभाको परिभाषा दिँदै भन्छन् - "समयसँगै हुने परिवर्तनलाई कसैले पनि रोक्न सक्दैन । समय र समाज दुबै कहिल्यै पछाडि फर्कन चाहँदैनन् । त्यसैले निरन्तर परिवर्तनशील हुँदै अगाडि बढ्ने चाहना सम्पूर्ण मान्छेको स्वाभाविक प्रवृत्ति हो । जनताको सर्वोच्चता र अन्तिम निर्णयको अधिकारलाई नै जनतामा सार्वभौमसत्ता भनिन्छ । जनताको यही सर्वोच्च शक्ति र मुलुकको संवैधानिक प्रबन्धमाथिको स्वामित्व स्थापित गर्न नै संविधानसभाको आवश्यकता ठानिएको छ ।"[५५] मुलुकको मूल कानून अथवा संविधान बनाउनका लागि गठित जनताका निर्वाचित प्रतिनिधिको सभा नै संविधानसभा हो । एक किसिमले संविधान बनाउने मूल प्रयोजनले बनेको वा बसेको संसद भनेर पनि संविधानसभालाई बुझ्न सकिन्छ ।[५६]

बहुलवादप्रति आस्थावान् आचार्यकानुसार - "बहुलवाद भनेको प्रजातन्त्रको मूल चुरो हो । यससँग वैयक्तिक स्वतन्त्रता, चयनको स्वतन्त्रता र कसैले पनि गरेको अन्यायबाट मुक्त

---

[५२] शोधनायकबाट प्राप्त जानकारी अनुसार
[५३] ऐजन
[५४] ऐजन
[५५] नरहरि आचार्य, **संविधानसभा** (काठमाडौँ : संवत्सर प्रकाशन, २०६२), पृष्ठ-११
[५६] शोधनायकबाट प्राप्त जानकारी अनुसार

हुने स्वतन्त्रता जोडिएर आएका हुन्छन् । यथार्थमा यी सबैको समष्टि रूप नै लोकतान्त्रिक मूल्यपद्धति हो ।"[५७]

नरहरि नेपाली राष्ट्रियता र संस्कृतिप्रति अगाध आस्था राख्छन् । जनताको हित र स्वार्थको सामूहिक अभिव्यक्ति जसलाई प्राप्त गर्न अलग पहिचानको आवश्यकता पर्छ, त्यो नै उनको विचारमा राष्ट्रियता हो र संस्कृति भन्नु पनि यिनै विशेषतालाई परम्परागत रूपमा अभिव्यक्ति दिन स्थापित हुँदै आएका विशेषता हुन् ।

आचार्य वैयक्तिक स्वतन्त्रतालाई सबै स्वतन्त्रताको जननीका रूपमा हेर्छन् । उनको मतमा यो निषेधित भयो भने कुनैको पनि अस्तित्व रहँदैन । यससँग मानवअधिकारको निकटतम सम्बन्ध हुन्छ किनकि मान्छेको रूपमा जिउन चाहिने अधिकार मानवअधिकार हो र यसको सुरुवात अभिव्यक्तिस्वतन्त्रताबाटै हुन्छ । अभिव्यक्तिस्वतन्त्रता पनि वैयक्तिक स्वतन्त्रता नै हो ।[५८] राज्यमा भइरहेका बालशोषण, मानवअधिकारहनन जस्ता यथार्थप्रति दृष्टि दिँदै आचार्य भन्छन् - "राज्य र समाजलाई न्यायपूर्ण र लोकतान्त्रिक नबनाउन्जेल यस्तै हुन्छ । यो अमानवीय पक्ष हो । न्यायपूर्ण र समतामूलक समाज अनि लोकतान्त्रिक समाज नै यसको उपचार हो । यसको निराकरणार्थ सञ्चारमाध्यमको अधिकतम योगदान हुन्छ । सञ्चारमाध्यमले यथार्थलाई अभिव्यक्ति दिनुपर्छ । यस्ता अमानवीय एवम् शोषकीय पक्षको पर्दाफास गर्नुपर्छ । यसका लागि सञ्चारमाध्यमका बीच पनि बहुलता र स्वस्थ प्रतिस्पर्धा आवश्यक छ । सञ्चारमाध्यमलाई स्वस्थ प्रतिस्पर्धा गर्न नदिने हो भने यसले सेवा गर्नुपर्ने जति नगर्ने र यसबाट अधिकतम फाइदा लिन पनि नसकिने हुन्छ ।"[५९]

---

[५७] ऐजन
[५८] ऐजन
[५९] ऐजन

# तेस्रो परिच्छेद

## ३. नरहरि आचार्यको व्यक्तित्वको अध्ययन

### ३.१ व्यक्तित्वनिर्माणका आधार

सामान्यतः कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनमा आइपर्ने उतार-चढाव, हर्ष-विस्मात् आदिले निर्धारण गरेको हुन्छ । उसको व्यक्तित्वलाई कतातिर मोड्ने भन्ने कुराको निधो पनि तिनै कुराले गर्दछन् । पारिवारिक आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शैक्षिक तथा वातावरणसँग सम्बन्धित कुराले पनि व्यक्तित्वनिर्माणमा पृथक्पन ल्याउन सक्छन् । "वास्तवमा व्यक्तित्व भन्नु परिस्थितिअनुरूप चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा हो ।"[६०]

समसामयिक नेपाली राजनीति तथा साहित्यका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने नरहरि आचार्यको व्यक्तित्वनिर्माणमा उपर्युक्त आधारहरूले कतै नै कतै कुनै न कुनै रूपमा भूमिकानिर्वाह गरेका छन् । आचार्यको व्यक्तित्वनिर्माणमा केही मात्रामा पारिवारिक तथा विशेषतः शैक्षिक र वातावरणीय असरले पनि मह,वपूर्ण भूमिकानिर्वाह गरेको देखिन्छ । संस्कृत छात्रावासमा पढ्ने आफ्ना अग्रजहरू, सहपाठीहरू तथा गुरुवर्गको प्रेरणाबाट पनि उनको व्यक्तित्वनिर्माणमा सहयोग पुगेको देखिन्छ । काठमाडौँदेखि तनहूँ तथा फेरि काठमाडौँसम्मको वातावरणीय प्रभावग्रहण गर्दै अगाडि बढेका आचार्यको व्यक्तित्वनिर्माणमा संस्कृत छात्रावासको ठूलो योगदान छ । त्यसमा पनि त्यहाँको वातावरणीय प्रभाव तथा इष्टमित्र एवम् गुरुवर्गको सहयोगले अझ बढी जिम्मेवारीवहन गरेको छ । यसरी निर्माण भएको आचार्यको व्यक्तित्वलाई यहाँ निम्नलिखित रूपमा चर्चा गरिएको छ ।

### ३.२ प्राध्यापक व्यक्तित्व

समसामयिक नेपाली राजनीतिमा एक प्रभावशाली नेताका रूपमा चीरपरिचित तथा नेपाली कांग्रेस पार्टीअन्तर्गत रहेका थोरै बौद्धिक व्यक्तित्वमध्ये एक नरहरि आचार्यको व्यक्तित्वनिर्माण साहित्यसाधनाबाटै भएपनि र विद्यार्थी अवस्थाबाटै राजनीतिक

---

[६०] दशरथ ओझा, **समीक्षाशास्त्र** (दिल्ली : राजपा एण्ड सन् इ. १९७५, पृष्ठ-१३

क्रियाकलापमा संलग्न भई त्यसैअनुरूपको व्यक्तित्वनिर्माणमा क्रियाशील रहेपनि उनको खास व्यक्तित्वनिर्माण प्राध्यापनकालमा नै भएको हो । अझ भन्ने हो भने प्राध्यापनकालमा प्राप्त अनुभवकै आधारमा आचार्य समसामयिक राजनीतिलाई अघि बढाइरहेका छन् ।[६१]

त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०२९ सालमा संस्कृतमा शास्त्री तथा २०३३ सालमा नेपाली भाषा तथा साहित्यमा स्नातकोत्तर तह पूरा गरेका आचार्यले २०३३ माघ १३ गते त्रिचन्द्र कलेजबाट आफ्नो प्राध्यापनकार्य सुरु गरेका हुन् । त्रिचन्द्रमा प्राध्यापन गर्दागर्दै करीब ६ महिना उनले ललितकला क्याम्पसमा पनि प्राध्यापन गरे । यसरी उनले वि.सं. २०३४ देखि २०४९ सम्म अर्थात् करीब १५ बर्षसम्म त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्राध्यापन गरे । यसरी आचार्यले आफ्नो जीवनको १६ वर्षसम्म त्रिभुवन विश्वविद्यालय, केन्द्रीय विभाग तथा सोही विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूमा नेपाली भाषासाहित्यको प्राध्यापन गरे ।

उत्कृष्ट अङ्क ल्याई स्नातकोत्तर तहमा प्रथम श्रेणीमा प्रथम नरहरि आचार्यको अभावमा नेपाली भाषासाहित्य पढ्ने सम्पूर्ण विद्यार्थीका लागि अतुलनीय क्षति भएको महसुस हुन्छ । सरल, तथा मनोरञ्जनपूर्ण शैलीको प्रयोग, चिन्तनशीलता तथा व्याख्या र विवेचनामा तथ्यपरकतामा जोड आदि आचार्यको प्राध्यापनकालका विशेषता हुन् ।

## ३.३ साहित्यिक व्यक्तित्व

नरहरि आचार्यले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । यस आधारमा उनलाई नेपाली साहित्यमा बहुआयामिक व्यक्तित्वका रूपमा स्वीकार गर्न सकिन्छ । उनको बहुआयामिक साहित्यिक व्यक्तित्वको अध्ययन बुँदागत रूपमा यसरी गर्न सकिन्छ ।

### ३.३.१ कवि व्यक्तित्व

आचार्यको साहित्यिक व्यक्तित्वको प्रादूर्भाव कविताविधाबाट भएको हो । यद्यपि उनले आफूले लेखेका फुटकर कविताहरूलाई संग्रहको रूप दिन सकेका छैनन् साथै लेखिएको जानकारी भएका सम्पूर्ण कविताहरू प्राप्त हुने अवस्थामा पनि छैनन् । अहिलेसम्मको खोजबाट आचार्यले लेखेका आधा दर्जन कविताहरूको जानकारी हुन आउँछ र

---

[६१] शोधनायकबाट प्राप्त जानकारी अनुसार

तिनीहरूमध्ये पनि *यात्रीसँग को भेटमा* शीर्षक कविता लेखिएको[६२] थाहा भएपनि त्यससम्बन्धमा अन्य जानकारी प्राप्त हुन सकेको छैन । आचार्यको पहिलो प्रकाशित कविता *पुतली* हो । यो वि.सं. २०२५ सालको **विवेकबिन्दु** (वर्ष २, बिन्दु २) मा प्रकाशित भएको छ । अर्को कविता *डाँफे* वि.सं. २०२५ सालकै **बालक** (वर्ष १४, अङ्क ६) मा प्रकाशित भएको हो । त्यस्तै वि.सं. २०२६ सालको **विवेकबिन्दु** (वर्ष ३, अङ्क ३) मा प्रकाशित *कृषकसँग* कविता आचार्यलिखित अर्को कविता हो भने *उनैको यादमा* वि.सं. २०२७ सालको **विवेकबिन्दु** (वर्ष ४ अङ्क २) मा प्रकाशित त्यसपछि को कविता हो । अहिलेसम्म प्राप्त भएकामध्ये आचार्यलिखित अन्तिम कविता *गौंधलीको बानी* हो । यसको लेखनावधि तथा प्रथम प्रकाशनावधिबारे यकीन गर्न नसकिएपनि विद्यार्थी प्रकाशनद्वारा वि.सं. २०६२ मा प्रकाशित **सजिलो नेपाली माला** (३) मा यो सङ्कलित छ ।

उपर्युक्त कविताहरूको अध्ययनबाट कवि आचार्यलाई प्रकृतिप्रेमी कविको रूपमा औँल्याउन सकिन्छ । आफ्ना हरेक कविताका माध्यमबाट उनले आफूमा रहेको प्रकृतिप्रतिको अनुरागलाई व्यक्त गरेका छन् । आचार्यका प्रायः कविता शास्त्रीय छन्दलाई अँगाली रचिएका छन् भने तिनमा अन्त्यानुप्रास लगायतका शब्दालङ्कार तथा छिटपुट अर्थालङ्कारको पनि प्रयोग गरिएको देखिन्छ । आफ्नो साहित्यिक यात्राको पूर्वाद्धतिर लेखिएकाले ती सरल भाषाले युक्त बालोपयोगी पनि छन् । यसरी हेर्दा प्रकृतिप्रेम, छन्दोबद्धता, शब्दालङ्कारका साथै सामान्य अर्थालङ्कारको पनि प्रयोग तथा बालोपयोगी भाषाचयन आचार्यको कविव्यक्तित्वका विशेषताहरू हुन् ।

## ३.३.२ जीवनीकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी नरहरि आचार्यले उपर्युक्त कविताहरूका अतिरिक्त तीनवटा जीवनीहरूको पनि रचना गरेको भेटिन्छ । यस आधारमा हामी उनलाई जीवनीकार व्यक्तित्वको रूपमा समेत चिन्न सक्छौं । ती तीनवटै जीवनीहरू वि.सं. २०३२ सालको **धर्मदर्शन** पत्रिकाका विभिन्न अङ्कमा प्रकाशित भएका छन् । *योगीन्द्र श्री ईश्वरानन्दको जीवनी* आचार्यले लेखेको पहिलो जीवनी हो । यो वि.सं. २०३२ सालको **धर्मदर्शन** (वर्ष २, अङ्क १) मा प्रकाशित भएको हो भने उनले लेखेको दोस्रो जीवनी *प्रा. सोमनाथ पौडेलको जीवनी* हो । यसको प्रकाशन पनि सोही वर्षको अर्थात् २०३२ सालकै **धर्मदर्शन** (वर्ष २, अङ्क

[६२] ऐजन

२) मा भएको हो । यसैगरी आचार्यलिखित अन्तिम जीवनी *अहिताग्नि कविराज तीर्थराज आचार्यको जीवनी* हो जसको प्रकाशन २०३२ सालकै **धर्मदर्शन** (वर्ष २, अङ्क २) पत्रिकामा भएको छ ।

यसरी नरहरिले समय-समयमा छिटपुट रूपमा जीवनीहरूको पनि रचना गरेको देखिन्छ । यद्यपि जीवनीविधाका विविध पक्षलाई ध्यानमा राखी रचना गरिएका भएपनि ती गुठीसंस्थानप्रतिको दृष्टिकोण र तिनको समुन्नत भविष्यका लागि चाल्नुपर्ने कदमका सम्बन्धमा प्रकाश पार्ने उद्देश्यले रचना गरिएकाले जीवनीसाहित्यको पूर्णपक्ष तिनमा देखिन्न ।

यसरी आकारमा साना र सम्पूर्णता नझल्किएका नै भएपनि आचार्यले तीन महत्त्वपूर्ण जीवनीको रचना गरेका छन् जसबाट हामी उनमा रहेको जीवनीकार व्यक्तित्वको पहिचान गर्न सक्छौँ ।

### ३.३.३ लेखरचनाकार व्यक्तित्व

नरहरि आचार्यले साहित्ययात्राको सुरु-सुरुमा **गोरखापत्र**मा निबन्धात्मक लेखहरू प्रकाशन गरेको थाहा हुन्छ । **गोरखापत्र**मा प्रकाशित त्यतिखेरका उनका लेखहरू अहिले फेला नपरेपनि **भोलि** र **धर्मदर्शन**मा प्रकाशित छिटपुट लेखहरू भने प्राप्त भएका छन् । वि.सं. २०२८ सालको **भोलि** (वर्ष १ अङ्क १) पत्रिकामा प्रकाशित *बंगलादेश मुक्ति आन्दोलन उत्पत्ति र समापन* अहिलेसम्म प्राप्त आचार्यको प्रथम फुटकर लेख हो र यो राजनीतिसँग सम्बन्धित छ । यसमा पाकिस्तानबाट बंगलादेश अलग हुँदाको अवस्थाको चर्चा गरिएको छ । वि.सं. २०३१ सालको **धर्मदर्शन** (वर्ष १, अङ्क १) पत्रिकामा प्रकाशित *आचार्य शंकर र काञ्ची कामकोटि पीठ* उनको स्थानपरिचयमूलक लेख हो । यसमा आद्यशंकराचार्य र काञ्ची कामकोटि पीठको समय तथा अन्य विशेषता एवम् महत्त्वका सम्बन्धमा अनुसन्धानात्मक ढङ्गले पुष्टि गरिएको छ । त्यस्तै *भिमादको पौराणिक एवम् ऐतिहासिक अध्ययन* आचार्यलिखित अर्को लेख हो । यसको प्रकाशन वि.सं. २०३२ सालको **धर्मदर्शन** (वर्ष २, अङ्क २) पत्रिकामा भएको छ । यो पनि स्थानपरिचयसँग सम्बन्धित लेख हो । यसमा आचार्यले तनहूँ जिल्लाको मध्यपश्चिम भागमा रहेको छाङबजार गा.वि.स.को दक्षिणपश्चिम सिमानामा अवस्थित 'भीमाद' नामक देवस्थलको पौराणिक एवम् ऐतिहासिक महत्त्वका सम्बन्धमा प्रकाश पारेका छन् ।

यसरी आचार्यले समय-समयमा विविध पत्रपत्रिकामार्फत् फुटकर लेखरचनाहरू प्रकाशित गर्दै आइरहेको थाहा हुन्छ । अझै पनि **कान्तिपुर** लगायतका पत्रिकामा समसामयिक परिस्थितिसँग सम्बन्धित विभिन्न लेखरचनाहरू प्रकाशित भइरहेका छन् । यद्यपि तिनलाई भने यसमा समेट्न सकिएको छैन ।

### ३.३.४ समालोचक व्यक्तित्व

नरहरि आचार्यको साहित्यिक व्यक्तित्वको मुख्य पाटो समालोचनात्मक व्यक्तित्व हो । अध्ययनको उत्तरार्द्ध (वि.सं. २०३१) देखि नै उनी यस क्षेत्रमा सक्रिय देखिन्छन् । हुन त अझै पनि उनको लेखन यस क्षेत्रमा क्रियाशील छ तर आचार्यको वर्तमानकालीन लेखन प्रायः समसामयिक राजनीतिभित्र सीमित छ । **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना**का अतिरिक्त उनका १८ वटा फुटकर समालोचनाहरू प्रकाशित भएको देखिन्छ । तीमध्ये चौधवटा लेख सम्पादक फणीन्द्र नेपालद्वारा सम्पादित **परिशीलन**मा सङ्कलन गरिएका छन् भने *नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलको योगदान* वि.सं. २०३२ सालको **भानुदर्शन** (वर्ष ५, अङ्क १) पत्रिकामा प्रकाशित भएको छ । त्यसैगरी *लेखनाथीय काव्यसाधनाको क्रममा तरुणतपसीको स्थान* वि.सं. २०३२ सालकै **भानुदर्शन** (वर्ष ५, अङ्क ३) पत्रिकामा प्रकाशित समालोचना हो । अर्को फुटकर समालोचना *अरस्तुको विरेचन सिद्धान्त* वि.सं. २०३२ सालको **अरुणोदय** (वर्ष ११, अङ्क २) मा प्रकाशित भएको हो ।[६३] त्यसैगरी अर्को फुटकर समालोचना *कविता चर्चा* वि.सं. २०४१ सालको **संवत्सर** (वर्ष ९, अङ्क ३) मा प्रकाशित भएको छ । यसरी आचार्यले डेढ दर्जनभन्दा बढी समालोचनाहरूको प्रकाशन गरेको थाहा भएपनि *अरस्तुको विरेचन सिद्धान्त* शीर्षक समालोचना अहिलेसम्म फेला परेको छैन ।

समालोचक आचार्य वस्तुवादी समालोचक हुन् । प्रारम्भिक समीक्षात्मक कृतिहरू केही रागात्मक जस्ता देखिएपनि उनका प्रायः समालोचनामा यथातथ्यात्मकतामा जोड दिइएको छ । यति भएर पनि आचार्यले आफ्ना समालोचनामा विश्लेषणपरक दृष्टि अघि सारेको भने स्पष्ट छ । सामग्रीसङ्कलन विश्वसनीय स्रोतबाट गरी विश्लेषण गर्ने काम आचार्यले गरेका छन् । नरहरिले विशेष गरी व्यावहारिक समालोचनाको रचना गरेका छन्

---

[६३] नरहरि आचार्य, *अरस्तुको विरेचन सिद्धान्त,* **अरुणोदय** (वर्ष ११, अङ्क २, २०३२) प्रकाशित भएको विषयसूचीबाट थाहा भएपनि प्रस्तुत समालोचना च्यातिएर हराएको अवस्थामा रहेको

भने उनको कलम सैद्धान्तिक समालोचनाको रचनामा त्यति अघि बढेको देखिन्न । समालोचनाको रचनामा पूर्वीय समालोचनासिद्धान्तका साथै पाश्चात्य समालोचनासिद्धान्तबाट पनि प्रभावग्रहण गरेको उनका समालोचनाको अध्ययनको अन्तसाक्षबाट थाहा हुन्छ ।

## ३.४ लेखक तथा सम्पादक व्यक्तित्व

नरहरि आचार्यको व्यक्तित्वको पहिचान गर्दा उनलाई लेखक तथा सम्पादकका रूपमा पनि चिनाउनुपर्ने हुन्छ । आचार्यले विद्यार्थीअवस्थाबाटै विविध साङ्गठनिक मुखपत्र एवम् साहित्यिक पत्रपत्रिकाहरूको लेखन एवम् सम्पादन गर्ने काम गरेको पाइन्छ भने उक्त क्रमलाई निरन्तरता दिँदै उनले प्राध्यापनकालमा र त्योभन्दा पनि पछिसमेत विविध पुस्तक तथा पत्रपत्रिकाको लेखन एवम् सम्पादन गरेको भेटिन्छ ।

आचार्यको सम्पादकत्वमा छात्र कार्यसमिति, संस्कृत कलेज काठमाडौँबाट प्रकाशित **उन्मेष** (सामयिक : २०२७), गण्डकी छात्रसमिति, काठमाडौँबाट प्रकाशित **विवेकबिन्दु** (सामयिक : २०२८), गुठी संस्थानबाट प्रकाशित **धर्मदर्शन** (२०३१-२०३३), भानु सेवासमिति काठमाडौँबाट प्रकाशित **भानुदर्शन** (साहित्यिक अनुसन्धानप्रधान सामयिक : २०३१-२०३६) संस्कृत छात्रावास, काठमाडौँबाट प्रकाशित **अरुणोदय** (साहित्यिक त्रैमासिक : २०३२), काठमाडौँबाट प्रकाशित पाक्षिक समाचार पत्रिका **संवत्सर** (२०४०-२०४१), नेपाली केन्द्रीय विभाग, कीर्तिपुरबाट प्रकाशित **वाङ्मय** (अनुसन्धान पत्रिका, २०३८ देखि केही वर्षसम्म ) आदि पत्रिकाको सम्पादन भएको देखिन्छ भने पुस्तकतर्फ हेर्दा महादेव अवस्थी र देवी प्रसाद गौतमसँगको सहकारितामा **नेपाली कथा भाग १, २ र ३** तथा **वी.पी. कोइराला नेपाली कांग्रेसका चार दशक** उनकै सम्पादकत्वमा प्रकाशित भएका पुस्तकहरू हुन् । यसै गरी आचार्यले **नयाँ नेपालको प्रस्तावना**, **आजका राष्ट्रिय मुद्दाहरू**, **नेपालको गैरसरकारी नीति : एक अध्ययन**, **संविधानसभा**, **नेपालको राजसंस्था**, **कांग्रेसमा लोकतन्त्र**, **राज्यको लोकतान्त्रीकरण** जस्ता समसामयिक राजनीतिसँग सम्बन्धित पुस्तकहरू लेख्ने काम पनि सम्पन्न गरेका छन् ।

यसरी लेखक तथा सम्पादक नरहरि आचार्यले समय-समयमा विविध पत्रपत्रिका तथा पुस्तकहरूको लेखन एवम् सम्पादन गरेको भेटिन आउँछ । उनले सम्पादन गरेका पत्रिकाले चिन्तन या बौद्धिक विचारप्रधान लेखहरूलाई समेटेका छन् । उनले एकल रूपमा र

अरूहरूसँगको सहकारितामा जे-जति पत्रपत्रिका एवम् पुस्तकहरूको लेखन तथा सम्पादन गरेका छन्, तिनले नेपाली भाषा, साहित्य तथा राजनीतिक विकासप्रक्रियामा अविस्मरणीय योगदान पुऱ्याएका छन् र यसरी सम्पादित सम्पूर्ण पत्रपत्रिका र पुस्तकहरूले आचार्यलाई एक प्रखर लेखक तथा सम्पादकका रूपमा स्थापित गरेको छ ।

## ३.५ अनुवादक व्यक्तित्व

नरहरि आचार्यको व्यक्तित्वको सही निरुपणमा उनमा रहेको अनुवादक व्यक्तित्वलाई पनि उल्लेख नगर्न मिल्दैन । आचार्यको अनुवादयात्रातर्फ हेर्दा संख्यात्मक रूपमा उनी सम्पन्न देखिँदैनन् । बरु जति रचनाहरूको नेपालीमा अनुवाद गर्ने काम उनले गरे, ती निश्चय नै महत्ताशाली रहेको कुरा प्रष्ट हुन आउँछ । पत्रपत्रिकाबाट अहिलेसम्म प्राप्त जानकारीमा उनले तीनवटा अनुवाद गरेको देखिन्छ जसअनुसार पहिलो अनुवाद *स्वतन्त्रता प्रजातन्त्र र मानवताका प्रतीक : शेख मुजीबुर्रहमान* हो । यसको प्रकाशन वि.सं. २०२८ सालको **भोलि** (वर्ष १, अङ्क १) पत्रिकामा भएको छ । पुलिन देद्वारा लिखित एक राजनीतिक लेखको अनुवाद यसमा गरिएको छ । प्रस्तुत लेखमा बंगलादेश मुक्ति आन्दोलनमा मुजीबुर्रहमानको योगदानसम्बन्धमा सामान्य चर्चा गरिएको छ । दोश्रो लेख *श्री विद्याको रहस्य* हो । यसको प्रकाशन वि.सं. २०३१ सालको **धर्मदर्शन** (वर्ष १, अङ्क २) मा भएको छ । यसमा जगद्‌गुरु श्री शङ्कराचार्यको नेपाल आगमनको प्रसङ्गमा भएका विद्वत गोष्ठीमा महात्रिपुर सुन्दरी अर्चना र श्रीविद्याको विषयमा रथी धनशमशेर ज.ब.रा.ले आफ्नो तन्त्रशास्त्रीय विशिष्ट अध्ययनबाट प्रभाव पारेका थिए, त्यही तन्त्रशास्त्रीय विद्याको अनुवाद आचार्यले यसमा गरेका छन् । यसै गरी तेस्रो अनुवाद भारतको राजस्थानमा भएको अखिल भारतीय सनातन धर्मसम्मेलनमा नेपाली प्रतिनिधि मण्डलका नेता *नायव बडागुरुज्यू प्रा. जुननाथ पण्डितद्वारा दिएको भाषण*को अनुवाद हो । यसको प्रकाशन वि.सं. २०३२ सालको **धर्मदर्शन** (वर्ष २, अङ्क १) पत्रिकामा भएको छ । यी तीनवटै अनुवाद गर्दा आचार्य शब्दानुवाद तथा भावानुवाद दुबैतर्फ होसियार रहेका भएपनि यिनमा उनको मुख्य उद्देश्य भावानुवादतर्फ सचेत रहनु देखिन्छ । यसरी थोरै नै भएपनि गुणात्मक रूपमा महत्ताशाली अनुवाद गरेर आफूमा रहेको अनुवादक व्यक्तित्वको परिचय आचार्यले दिएका छन् ।

## ३.६ राजनीतिक व्यक्तित्व

नरहरि आचार्यको व्यक्तित्वको अर्को पाटो राजनीतिक व्यक्तित्व हो । तसर्थ उनको व्यक्तित्वपहिचानमा हामीले त्यतातिर पनि ध्यान दिनुपर्ने हुन्छ किनकि राजनीतिक व्यक्तित्व नै प्रमुख व्यक्तित्व भएकोले उक्त पक्षको अध्ययन अपरिहार्य हुन्छ । आचार्यको राजनीतिक व्यक्तित्वतर्फ दृष्टि दिँदा उक्त व्यक्तित्वलाई दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ । एकातिर उनी नेपाली कांग्रेस पार्टीमा केन्द्रीय स्तरका सक्रिय नेता भएर कार्य गरिरहेका छन् भने अर्कोतिर उनले राजनीति र राजनीतिक व्यक्तित्वहरूसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका तथा कार्यपत्रादिको लेखन एवम् प्रकाशन गरेका छन् ।

आचार्य सामान्यत : विद्यार्थीजीवनदेखि नै राजनीतितर्फ प्रवेश गरेका हुन् । वि.सं. २०२६ सालमा संस्कृत कलेज छात्रसमितिको उपाध्यक्ष भई[६४] राजनीतिमा प्रवेश गरेका आचार्य वि.सं. २०२७ मा गण्डकी छात्रसमितिको साँस्कृतिक सचिव भए[६५] भने सँगसँगै उनको योगदान २०२७ मा ने.वि.संघको स्थापनाका सन्दर्भमा पनि उल्लेखनीय रह्यो ।[६६] विद्यार्थी अवस्थाको यही समयमा अर्थात् वि.सं. २०२९ सालको विद्यार्थीआन्दोलनमा केही समय पहिलो पटक गिरफ्तारसमेत भए ।[६७] वि.सं. २०३६ सालमा बहुदल प्रचार समितिका विभिन्न तहमा रहेर आचार्यले काम गरे[६८] भने २०४५ सालमा प्रजातन्त्रवादी प्राध्यापकहरूका तर्फबाट उनी उमेद्वार बने ।[६९] त्यसैगरी वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति जनआन्दोलन गर्ने निर्णय भएपछि उनी नेपाल प्राध्यापक संघ, कीर्तिपुरको सचिव भई देशका विभिन्न आङ्गिक क्याम्पसहरूमा सम्मेलन गराउने कार्यमा लागे[७०] भने सोही वर्ष प्राध्यापक संघ समन्वय समितिको महासचिवको रूपमा उनको चयन भयो ।[७१] जनआन्दोलनलाई समर्थन गर्ने क्रममा उनी लगायत केही व्यक्तिहरूको सक्रियतामा वि.सं. २०४६ चैत्र ७ गते कीर्तिपुरमा बौद्धिक सभाको आयोजना गरियो,

---

[६४] फणीन्द्र नेपाल, पूर्ववत्, पृष्ठ-क
[६५] ऐजन, पृष्ठ-क
[६६] ऐजन, पृष्ठ-क
[६७] शोधनायकबाट प्राप्त जानकारी अनुसार
[६८] फणीन्द्र नेपाल, पूर्ववत्, पृष्ठ-क
[६९] ऐजन, पृष्ठ-ख
[७०] ऐजन, पृष्ठ-ख
[७१] ऐजन, पृष्ठ-ख

परिणामस्वरुप प्रजातन्त्रको पुनबर्हाली नहुन्जेलसम्म उनी जेलजीवन भोग्न बाध्य बन्न पुगे ।[७२]

वि.सं. २०४८ सालमा नरहरि आचार्य नेपाली कांग्रेसका तर्फबाट माथिल्लो सदन राष्ट्रिय सभामा निर्वाचित भए ।[७३] आफ्नो सांसदजीवनको प्रारम्भदेखि नै एक प्रभावशाली सांसदको रूपमा प्रस्तुत हुँदै अघि बढेका आचार्य वि.सं. २०४९ मा राष्ट्रिय सञ्चारनीति कार्यदलको अध्यक्ष बने[७४] भने वि.सं. २०५१ मा समाचार प्रसारण नीतिनिर्माणसम्बन्धी समितिको अध्यक्ष बने ।[७५] यसैबीच उनले २०५२ मंसिरदेखि २०५४ बैशाखसम्म संसदीय व्यवस्था मन्त्री भई कार्य गरे ।[७६] अद्यापि उनी नेपाली कांग्रेसको केन्द्रीय सदस्यका हैसियतले पार्टीमा उल्लेखनीय भूमिकानिर्वाह गरिरहेका छन् ।

नरहरि आचार्यले नेपालको समसामयिक राजनीतिलाई हुर्काउने क्रममा राजनीतिक उद्देश्यले प्रकाशित हुँदै आएका विभिन्न पत्रपत्रिकाहरू तथा पुस्तकहरूको सम्पादन गर्नुका साथै समय-समयमा कार्यपत्रमूलक लेखहरूको रचना पनि गरेका छन् । यस किसिमका पत्रिका तथा पुस्तकहरूमा **भोलि**, **विवेकविन्दु**, **उन्मेष**, **विश्वेश्वरप्रसाद कोइराला नेपाली कांग्रेसका चार दशक** आदि हुन् । त्यस्तै उनले २०४० मा नेपालको प्रजातान्त्रिक आन्दोलनलाई टेवा पुऱ्याउने उद्देश्यले प्रकाशनारम्भ गरिएको **संवत्सर** पत्रिकाको पनि लगभग डेढ वर्षसम्म सञ्चालन एवम् सम्पादन गरे । उनले लेखेका विभिन्न कार्यपत्रमूलक लेखहरूको सङ्कलन भने **आजका राष्ट्रिय मुद्दाहरू**, **नयाँ नेपालको प्रस्तावना** तथा **नेपालको गैरसरकारी संस्था नीति : एक अध्ययन**, **संविधानसभा**, **नेपालको राजसंस्था**, **कांग्रेसमा लोकतन्त्र**, **राज्यको लोकतन्त्रीकरण**मा गरिएका छन् ।

यसरी आचार्य नेपालको राजनीतिक क्रियाकलापमा तन, मन र वचनले संलग्न भई निरन्तर रूपमा समर्पित हुँदै आएका छन् । एक सक्रिय नेताका रूपमा मात्र होइन विभिन्न सांगठनिक र पार्टीगत मुखपत्र, पत्रपत्रिका एवम् पुस्तकहरूको सम्पादन तथा प्रकाशन गरेर र अझ समय-समयमा आवश्यक कार्यपत्रलेखनका सन्दर्भमा पनि उनी उतिकै क्रियाशील छन् । यी विविध आधारहरूबाट हामी उनमा भएको राजनीतिक व्यक्तित्वको पहिचान र निरुपण गर्न सक्छौं ।

---

[७२] ऐजन, पृष्ठ-ग
[७३] ऐजन, पृष्ठ-ग
[७४] ऐजन, पृष्ठ-ग
[७५] ऐजन, पृष्ठ-ग
[७६] ऐजन, पृष्ठ-घ

## ३.७ विविध व्यक्तित्व

उपर्युक्त व्यक्तित्वहरूका अतिरिक्त आचार्यमा व्यक्तित्वपरिचायक अन्य विशेषताहरू पनि देखिन्छन् जसलाई यहाँ विविध व्यक्तित्वअन्तर्गत राखिएको छ । आचार्यले समय-समयमा कहीँ-कतै प्राज्ञिक व्यक्तित्वहरूसँग अन्तर्वार्ता पनि लिएका छन् । यस्ता अन्तर्वार्ताहरूमा प्रा. सोमनाथ पौडेल, कविराज तीर्थराज आचार्य, योगी नरहरिनाथसँग लिइएका अन्तवार्ताहरू विशेष उल्लेख्य छन् । उपर्युक्त तीनवटै अन्तर्वार्ताहरू वि.सं. २०३१-२०३२ सालको **धर्मदर्शन** पत्रिकाका विविध अङ्कमा समाविष्ट छन् । ती अन्तर्वार्ताहरूबाट आचार्यमा अन्तर्निहित अन्तर्वार्ताकार व्यक्तित्वको पहिचान प्राप्त हुन्छ ।

आचार्यको व्यक्तित्वको अर्को पाटो शोधनिर्देशकत्व हो । उनले समय-समयमा गरी आठजना शोधार्थीहरूको स्नातकोत्तर तहको शोधनिर्देशन गर्ने काम सम्पन्न गरेका छन् । उनको निर्देशनमा गरिएका ती शोध तथा शोधकर्ताहरू हुन् - **गोविन्द गोठालेका कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्याङ्कन** (रमेशकुमार भट्टराई : २०३६), **साहित्यकार भैरव अर्यालको जीवनी र व्यक्तित्वको सर्वेक्षण** (गोपाल अधिकारी : २०३७), **नेपाली साहित्यमा तनहूँ जिल्लाको योगदान** (गोविन्दप्रसाद अधिकारी : २०३८), **साहित्यकार इन्द्रबहादुर राईको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वेक्षण** (शंङ्कर सुब्बा : २०३८), **साहित्यकार केशवराज पिंडालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (भुवनहरि कोइराला : २०३८), **कवि नीरविक्रम प्यासी, जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** (कृष्ण पौडेल : २०४०) र **रामकृष्ण शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वेक्षणात्मक अध्ययन** (फणीन्द्र नेपाल : २०४५)[७७]

आचार्यको व्यक्तित्वको अर्को पक्ष असहायप्रतिको सहानुभूतिशीलता हो । उनी तल्लो या पिछडिएको वर्गका निम्ति सकेसम्म केही गर्नुपर्छ भन्ने सोचाइ भएका व्यक्ति हुन् तर धार्मिक कट्टरता नभएको कारण धर्मका नाममा गरिने आर्थिक सहयोगप्रति उनको त्यति रुचि छैन ।[७८]

दुई छोरीका पिता आचार्यमा एक कुशल पिता र अभिभावकमा हुने गुण छन् । आफ्ना सन्तानप्रतिको उत्तरदायित्व बहन गर्न कति पनि पछि हट्न नचाहने आचार्यले छोरीहरूको शिक्षामा निरन्तर साथ दिएका छन् । सन्तानमा साथै आचार्यको सम्बन्ध

---

[७७] ऐजन, पृष्ठ घ-ङ

[७८] शोधनायकबाट प्राप्त जानकारी अनुसार

श्रीमतीसँग पनि उत्तिकै सुमधुर छ । विचारात्मकदेखि लिएर हरेक किसिमका सहयोग उनले श्रीमतीबाट पाएका छन् । यसबाट आचार्यमा असल पिता, पति तथा अभिभावकमा हुनुपर्ने प्रशस्त गुणहरू भएको निर्क्योल गर्न सकिन्छ ।

निष्कर्षमा आचार्यले पूर्वोक्त प्रकार आफ्नो जीवनयात्राको बीचगोरेटोमा प्राध्यापनकार्य छोडेर राजनीतितिर प्रवेश गरेपनि आफ्नो लेखनक्रमलाई निरन्तरता दिएका छन् । समसामयिक राजनीतिका क्षेत्रमा गरेको योगदानका साथै नेपाली भाषासाहित्यको समुत्थानका निम्ति विविध पुस्तक तथा पत्रपत्रिकाको लेखन-सम्पादन, विभिन्न लेखरचना तथा कार्यपत्रादिको लेखन एवम् प्रकाशन, अनुवाद आदिका क्षेत्रमा गरेका विविध कार्यबाट उनलाई हामी बहुआयामिक व्यक्तित्वको रूपमा पहिचान गर्न सक्छौँ ।[७८]

---

[७८] ऐजन

# चौथो परिच्छेद

## ४. नरहरि आचार्यको कृतित्वको अध्ययन विश्लेषण

### ४.१ नरहरि आचार्यको लेखनयात्रा र चरणविभाजन

#### ४.१.१ लेखनयात्राको प्रारम्भ र चरणविभाजन

नरहरि आचार्य वि.सं. २०२२ सालमा रानीपोखरीको संस्कृत पाठशालामा भर्ना भए भने वि.सं. २०२४ सालदेखि संस्कृत छात्रावासमा बस्न थाले । त्यहाँको परिवेश पहिलेदेखि नै साहित्यिक थियो । साप्ताहिक रूपमा त्यहाँ विभिन्न साहित्यिक कार्यक्रमहरूको आयोजना गरिन्थ्यो । यसरी आयोजित कार्यक्रमहरुमा सम्पूर्ण विद्यार्थीहरूले अनिवार्य रूपमा भाग लिनैपर्ने हुन्थ्यो । यस्तो परिवेशमा बस्न थालेपछि आचार्यमा पनि साहित्यसिर्जना गर्ने उत्साह जागेर आयो । उनको यो उत्साहमा उनका अग्रज विद्यार्थी चेतनाथ अधिकारीलगायतका विद्यार्थीको सहयोगी भावनाले थप मलजलको काम गऱ्यो । यसरी साहित्यिक क्षेत्रमा प्रवेश गरेका आचार्यले विविध प्रतियोगितामा भाग लिनका लागि फाट्टफुट्ट रूपमा कविता तथा अन्य लेखरचनाहरूको रचना गरेको र कतिपयले उनलाई पुरस्कृत समेत गराएको जानकारी पाइन्छ । यतिमात्र नभई त्यतिबेला संस्कृत छात्रावासले मासिक, द्वैमासिक रूपमा निकाल्ने गरेका भित्तेपत्रिकाहरूमा पनि उनका लेखरचनाहरू प्रकाशित भएको थाहा हुन आउँछ । यति भएर पनि ती अहिले प्राप्त हुन सकेका छैनन् । यद्यपि लेखक स्वयंको जानकारीमा तिनमा खासै परिपक्वता नभएको अर्थात् ती लेखरचना आभ्यासिक भएको जानकारी पाइएबाट तिनलाई पृष्ठभूमिकालीन वा आभ्यासिक लेखनका रूपमा स्वीकार्दै वि.सं. २०२४ सालसम्मको अवधिलाई आचार्यको लेखनको पृष्ठभूमिकालका रूपमा राखी त्यसपछिको अवधिलाई निम्नानुसार चार चरणमा अध्ययन गर्ने प्रयास यसमा गरिएको छ ।

| | | |
|---|---|---|
| पहिलो चरण | : | २०२५ देखि २०२७ सम्म |
| दोस्रो चरण | : | २०२८ देखि २०३२ सम्म |
| तेस्रो चरण | : | २०३३ देखि २०४८ सम्म |
| चौथो चरण | : | २०४९ देखि वर्तमान समयसम्म |

### ४.१.१.१ पहिलो चरण

नरहरि आचार्यको साहित्ययात्राको पहिलो चरण वि.सं. २०२५ सालदेखि सुरु भएर वि.सं. २०२७ सम्म विस्तारित भएको छ । यस अवधिमा आचार्यले लगभग आधा दर्जन फुटकर कविताको रचनाबाहेक अन्य लेखनकार्यमा सक्रियता नदेखाएको थाहा हुन आउँछ । आचार्यरचित यस अवधिका रचनालाई निम्न ढाँचामा प्रस्तुत गर्न सकिन्छ ।

| क.सं. | रचनाको शीर्षक | विधा | पुस्तक/पत्रिका | वर्ष | अङ्क | साल |
|---|---|---|---|---|---|---|
| १. | *डाँफे* | कविता | **बालक** | १४ | ६ | २०२५ |
| २. | *पुतली* | कविता | **विवेकबिन्दु** | २ | २ | २०२५ |
| ३. | *कृषकसँग* | कविता | **विवेकबिन्दु** | ३ | ३ | २०२६ |
| ४. | *उनैको यादमा* | कविता | **विवेकबिन्दु** | ४ | २ | २०२७ |
| ५. | *यात्रीसँगको भेटमा* | कविता | **विवेकबिन्दु** | | | २०२७ |
| ६. | *गौंथलीको बानी* | कविता | **विवेकबिन्दु** | | | २०२७ |

आचार्यले यस अवधिमा माथि उल्लिखित छ वटा कविताहरूको सिर्जना गरेको जानकारी प्राप्त भएपनि *यात्रीसँगको भेटमा* तथा *गौंथलीको बानी* शीर्षक दुई कविता कुन पत्रिकाका कुन अङ्कमा प्रकाशित भए भन्ने थाहा हुन सकेको छैन । यद्यपि *गौंथलीको बानी* शीर्षक कविताको पुनः प्रकाशन भने **सजिलो नेपाली माला** (३) मा भएको छ ।

यसरी उपर्युक्त थोरै रचनाको आधारमा हेर्दा संख्यात्मक सफलता प्राप्त गर्न नसकेपनि गुणवत्ताका आधारमा आचार्यले सफल कविको रूपमा आफूलाई यसै अवधिमा स्थापित गरिसकेको पाइन्छ । *गौंथलीको बानी* बाहेक अन्य सम्पूर्ण कविताहरू विविध छन्दमा लेखेर आचार्यले आफूमा विद्यमान छन्दप्रतिको अनुरागलाई यिनमा व्यक्त गरेका छन् । उपर्युक्त कविताहरूका अतिरिक्त उनले संस्कृत कलेज छात्र कार्यसमितिद्वारा प्रकाशित **उन्मेष** (सामयिक, २०२७) पत्रिकाको सम्पादनकार्य पनि सफलतापूर्वक सम्पन्न गरेका छन् । यसरी साहित्यकार नरहरि आचार्य यसै अवधिबाट परिस्कृत कवितालेखन तथा साहित्यिक पत्रपत्रिकाको सम्पादनकार्य सम्पन्न गरी नेपाली साहित्यका क्षेत्रमा अविस्मरणीय योगदान दिन सफल भएका छन् ।

### ४.१.१.२ दोस्रो चरण

नरहरि आचार्यको साहित्ययात्राको दोस्रो चरण २०२८ सालदेखि प्रारम्भ भएर २०३२ सालसम्म आइपुगेको देखिन्छ । यो चरणमा आचार्यको व्यक्तित्व पहिलो चरणको कविताविधालाई छोडेर अन्य विविध विधामा फस्टाएको छ । यो आचार्यको फुटकर लेखरचनाको काल हो । यस चरणमा उनले विविध फुटकर लेख, समालोचना, अन्तर्वार्ता, अनुवाद तथा जीवनीका क्षेत्रमा हात चलाएको देखिन्छ । आचार्यले यिनका अतिरिक्त यस अवधिमा कुनै निश्चित गोरेटोको चयन गरेको भने पाइन्न । यस अवधिमा प्रकाशित आचार्यका लेखरचनालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

| क.सं. | रचनाको शीर्षक | विधा | पुस्तक/ पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | साल |
|---|---|---|---|---|---|---|---|
| १. | *बङ्गलादेश मुक्ति आन्दोलन उत्पत्ति र समापन* | लेख | **भोलि** | १ | १ | | २०२८ |
| २. | *स्वतन्त्रता, प्रजातन्त्र र मानवताका प्रतीक : शेख मुजीबुर्रहमान* | अनुवाद | **भोलि** | १ | १ | | २०२८ |
| ३. | *श्री विधाको रहस्य* | अनुवाद | **धर्मदर्शन** | १ | २ | | २०३१ |
| ४. | *आचार्य शङ्कर र काञ्ची कामकोठी पीठ* | लेख | **धर्मदर्शन** | १ | १ | | २०३१ |
| ५. | *नेपाली आख्यान साहित्यमा वीरचरित्र : पृष्ठभूमि र विवेचना* | समालोचना | **धर्मदर्शन** | | | शुभराज्यभिषेक | २०३१ |
| ६. | *लेखनाथीय काव्यसाधनाको क्रममा तरुणतपसीको योगदान* | समालोचना | **भोलिदर्शन** | | | १६२ औं जयन्ती स्मारिका | २०३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | *योगीन्द्र श्रीईश्वरान्दको संक्षिप्त जीवनी* | जीवनी | **धर्मदर्शन** | २ | १ | | २०३२ |
| ८. | *अहिताग्नि कविराज तीर्थराज आचार्य* | जीवनी | **धर्मदर्शन** | २ | २ | | २०३२ |
| ९. | *प्रा. सोमनाथ पौडेल* | जीवनी | **धर्मदर्शन** | २ | २ | | २०३२ |
| १०. | *भिमादको ऐतिहासिक एवम् सामाजिक मह, व* | लेख | **धर्मदर्शन** | २ | २ | श्रावण, भाद्र, आश्विन | २०३२ |
| ११. | *अरस्तुको विरेचन सिद्धान्त* | समालोचना | **अरूणोदय** | ११ | २ | | २०३२ |

नरहरि आचार्यको साहित्ययात्राको यो चरण बहुआयामिक छ । यस चरणमा उनले फुटकर लेखरचनाको अतिरिक्त विभिन्न भाषामा प्रकाशित लेखरचनाको नेपाली भाषामा अनुवाद गरेर आफूलाई अनुवादक व्यक्तित्वका रूपमा स्थापित गरेका छन् । त्यसैगरी आचार्यले केही प्राज्ञिक व्यक्तित्वहरूसँगको अन्तर्वार्ता लिई तिनको प्रकाशनका क्रमका सम्बन्धित व्यक्तित्वहरूसँगको संक्षिप्त जीवनी पनि प्रकाशमा ल्याएका छन् । त्यतिमात्र नभई उनले यो चरणमा **विवेकबिन्दु**, **भोलि**, **धर्मदर्शन**, **भानुदर्शन**, **अरुणोदय**लगायतका पत्रिकाको सम्पादन गर्नेसमेत काम गरेका छन् ।

यस चरणमा लेखिएका आचार्यका प्रायः लेखहरू समालोचनात्मक मूल्यनिकट रहेका देखिन्छन् भने तेस्रो चरणको समालोचनात्मक यात्राको प्रारम्भ पनि यसै चरणमा हुन थालेको पाइन्छ । यस चरणमा आचार्यले जति पनि समालोचनात्मक रचनाहरूको सिर्जना गरेका छन्, ती सम्पूर्ण व्यावहारिक प्रकृतिका छन् अर्थात् सैद्धान्तिक समालोचनातर्फ उनको लेखनी गएको देखिन्न । उनले रचना गरेका यस चरणका समालोचनामा गहन विषयमा सतही अध्ययन गरी समीक्षा गरिएको पाइन्छ । समग्रमा स्थानपरिचयमूलक लेखहरूको रचना गर्नु, सोही प्रवृत्तिका लेखरचनाको नेपाली भाषामा अनुवाद गर्नु, विभिन्न पत्रपत्रिकाको सम्पादन गर्नपट्टि रुचि राख्नु तथा व्यावहारिक समालोचनाको रचना गर्ने चाह राख्नु उनका यस चरणका मूलभूत विशेषता हुन् ।

### ४.१.१.३ तेस्रो चरण

वि.सं. २०३३ सालमा स्नातकोत्तर तह शोधप्रयोजनार्थ रचना गरिएको **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान** शीर्षक कृतिबाट आचार्यको साहित्ययात्राको तेस्रो चरण प्रारम्भ हुन्छ । यो चरण वि.सं. २०३३ सालदेखि सुरु भएर २०४८ सालसम्म बिस्तारित भएको छ । यो अवधि आचार्यको प्राध्यापनकालीन समय भएकोले यसअवधिमा प्रकाशित उनका फुटकर समालोचनाहरू पनि उच्च स्तरका छन् र तिनीहरूमध्ये धेरैजसो **परिशीलन**मा सङ्कलित पनि छन् । यस अवधिमा रचित उनका फुटकर लेखरचना तथा कृतिहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

| क.सं. | रचनाको शीर्षक | विधा | पुस्तक/ पत्रिका | वर्ष | अङ्क | पूर्णाङ्क | साल |
|---|---|---|---|---|---|---|---|
| १. | **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान** | समालोचना | शोधग्रन्थ | | | | २०३३ |
| २. | *नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलको योगदान* | समालोचना | **भानुदर्शन** | ५ | १ | | २०३५ |
| ३. | *नेपाली साहित्यको माध्यमिककाल : ऐतिहासिक र सामाजिक पृष्ठभूमि* | समालोचना | **वाङ्मय** | १ | १ | | २०३७ |
| ४. | *नेपाली साहित्यको सन्दर्भमा सिर्जना तथा आलोचना* | समालोचना | **वाङ्मय** | ४ | | ४ | २०४०/ ०४१ |
| ५. | *कविता चर्चा* | समालोचना | **संवत्सर** | ९ | ३ | | २०४१ |
| ६. | **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्य साधना** | समालोचना | पुस्तक | | | | २०४१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | **नेपाली भाषामा अकरण : एक अध्ययन** | समालोचना | पुस्तक | | | | २०४१ |
| ८. | **नेपाली बालसाहित्यको सर्वेक्षण** (**उप प्रा. भिक्टर प्रधानसँगको सहकार्यमा**) | अनुसन्धान | पुस्तक | | | | २०४२ |
| ९. | *बालसाहित्य र हाम्रो विद्यालयीय पाठ्यक्रम : सम्बन्धनका नयाँ सम्भावना* | कार्यपत्रात्मक लेख | **बालसाहित्य** | १ | १ | | २०४५ |
| १०. | *बालबालिकाका निम्ति बालसाहित्यको चयन : चुनौती र जिम्मेवारी* | कार्यपत्रात्मक लेख | **बालसाहित्य** | २ | २ | | २०४६ |
| ११. | *नेपाली साहित्यमा साहित्यिक आन्दोलनको रूपमा तरलतावाद* | समालोचना | | | | समालोचना अङ्क | २०४६ |
| १२. | *बालसाहित्यलेखन : विषय र माध्यमचयनको प्रश्न* | कार्यपत्रात्मक लेख | **बालसाहित्य** | ३ | ३ | | २०४७ |

साहित्यकार नरहरि आचार्यले दोस्रो चरणको अन्त्यदेखि नै सुरु गरेपनि यस चरणमा आएर भने एउटा निश्चित गोरेटो पक्रिसकेका छन् । दोस्रो चरणको बहुआयामिक प्रवृत्तिको लेखनबाट आचार्य विशुद्ध समालोचनाका क्षेत्रमा अघि बढेका छन् । यद्यपि **भानुदर्शन**,

**अरुणोदय**, **वाङ्मय** पत्रिकाको सम्पादनकार्यलाई निरन्तरता दिनाका साथै **संवत्सर** पत्रिकाको सम्पादक भएर पनि आचार्यले काम गरेका छन्

यो चरण आचार्यको साहित्यिक यात्राको वास्तविक रूपमा अन्तिम र प्राप्तिपूर्ण चरण हो किनकि यस चरणपछि उनले आफ्नो जीवनगोरेटो बदलेर पूर्णतः आफूलाई राजनीतितर्फ समर्पित गराएका छन् । आचार्यले सीमित समालोचनाको रचना गरेपनि यस चरणका समालोचना अत्यन्त गुणसम्पन्न छन् भने विषयतर्फ हेर्दा तिनले विविधता समेटेको पाइन्छ अर्थात् विविध विषयमा आधारित भई निष्पक्ष एवम् तटस्थ रहेर समालोचकीय धर्मलाई आत्मसात् गरी उनले यस चरणका समालोचनाको लेखनकार्यसम्पन्न गरेका छन् ।

समालोचक आचार्यले तीनवटा समालोचनात्मक ग्रन्थहरूको रचना पनि यसै अवधिमा गरेका छन् । स्नातकोत्तर तहको शोधप्रयोजनार्थ लेखिएको पुस्तकलाई **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना** शीर्षकमा पुस्तकाकार रूप दिएर एकातर्फ सिग्देलका बारेमा विषद् व्याख्या गर्ने काम सम्पन्न गरेका छन् भने **नेपाली भाषामा अकरणः एक अध्ययन** पुस्तकमार्फत् अकरणका क्षेत्रमा देखिएका कतिपय ज्ञातअज्ञात समस्याहरूको पहिचान गर्दै तिनको निराकरण गर्ने प्रयास गरेका छन् । यसैगरी **नेपाली बालसाहित्यको सर्वेक्षण** पुस्तकमार्फत् नेपाली बालसाहित्यको खोजी गर्दै त्यससम्बन्धी देखिएका चुनौतीहरू पहिल्याई आगामी दिनमा त्यससम्बन्धमा तय गर्नुपर्ने गोरेटोपहिचान गर्ने काम पूरा गरेका छन् ।

समग्रमा यो चरण आचार्यको साहित्ययात्राको अत्यन्त प्राप्तिपूर्ण चरण हो । यस अवधिमा रचित उनका समालोचनाले व्यावहारिक समालोचनामा हुनुपर्ने प्रायः सम्पूर्ण समालोचनातत्वलाई अङ्गिकार गरेका छन् साथै जति पनि फुटकर एवम् पुस्तकाकार समालोचनाको रचना उनले यस अवधिमा गरेका छन् तिनले निश्चय पनि नेपाली साहित्यका क्षेत्रमा विशेष स्तम्भको काम गरेका छन् । अझ भन्ने हो भने नेपाली समालोचनायात्रामा तिनीहरू आधारस्तम्भ बनेर रहेका छन् ।

### ४.१.१.४ चौथो चरण

नरहरि आचार्यको लेखनयात्राको यो चरण वि.सं. २०४९ बाट प्रारम्भ भएर वर्तमानसम्म विस्तारित भएको छ । यो चरणमा आचार्यले फाट्टफुट्ट रूपमा फुटकर लेखहरूको रचना गरेपनि ती खासै महत्ताशाली छैनन् र तिनले संग्रहको रूपधारण गर्न

पाएका पनि छैनन् अर्थात् यस चरणमा आचार्यको कलम खासगरी राजनीतिक लेखरचना तथा पुस्तकहरूको लेखनका क्षेत्रमा केन्द्रित रहेको देखिन्छ । यसबाट आचार्यको लेखनयात्राको यो चरणले नेपाली साहित्यको क्षेत्रमा कुनै नौलो आयाम थप्न नसकेको निर्क्योल गर्न सकिन्छ । यद्यपि नरहरि आचार्यको लेखनयात्राको समग्रताप्रति अनुराग राख्नेहरूले उनका राजनीतिक कृतिहरूबारे पनि अध्ययन गर्नु आवश्यक भएकोले आचार्यरचित यस प्रकारका राजनीतिक कृतिहरूलाई पनि यहाँ समावेश गर्नु युक्तिसंगत देखिन्छ ।

| क.सं. | रचनाको शीर्षक | विधा | पुस्तक/पत्रिका | साल |
|---|---|---|---|---|
| १. | **नेपालको गैरसरकारी नीति एक अध्ययन** | कार्यपत्र | पुस्तक | २०४९ |
| २. | **विश्वेश्वरप्रसाद कोइराला नेपाली कांग्रेसका चार दशक** | सम्पादन | पुस्तक | २०५३ |
| ३. | **परिशीलन** | समालोचना | पुस्तक | २०५५ |
| ४. | **नयाँ नेपालको सम्भावना** | लेखसंग्रह | पुस्तक | २०५७ |
| ५. | **आजका राष्ट्रिय मुद्दाहरू** | लेखसंग्रह | पुस्तक | २०५७ |
| ६. | **संविधानसभा** | लेखसंग्रह | पुस्तक | २०६२ |
| ७. | **कांग्रेसमा लोकतन्त्र** | लेखसंग्रह | पुस्तक | २०६२ |
| ८. | **नेपालको राजसंस्था** | लेखसंग्रह | पुस्तक | २०६२ |
| ९. | **राज्यको लोकतन्त्रीकरण** | लेखसंग्रह | पुस्तक | २०६२ |

आचार्यको लेखनयात्राको यो चरण राजनीतिक विषयवस्तुसँग सम्बन्धित कृतिहरूको रचनाका दृष्टिले विशेष उल्लेख्य छ । यस चरणमा उनले आठवटा जति यस प्रकारका कृतिको रचनाकार्य सम्पन्न गरी प्रकाशमा ल्याएका छन् । यिनमा आचार्यले समसामयिक राजनीतिका क्षेत्रमा देखिएका विसङ्गतिहरूको भण्डाफोर गरी जनसमक्ष आफ्नो स्पष्ट दृष्टिकोण पस्कने काम गरेका छन् । राजनीतिक विषयवस्तुसँग सम्बन्धित आफ्ना रचनामार्फत् उनी केही हदसम्म आफ्नो झुकाव रहेको नेपाली कांग्रेसप्रति प्रतिबद्ध रहेको देखिएपनि सकभर उनले आफूमा रहेको बौद्धिकता एवम् समालोचधर्मी तटस्थतालाई यिनमा पनि अङ्गिकार गरेको देखिन्छ ।

राजनीतिक क्षेत्रप्रतिको विशेष अनुरागका कारण साहित्यिक क्षेत्रमा उल्लेख्य योगदान दिन असफल भएपनि यो चरणमा आचार्यका विभिन्न फुटकर चौधवटा समालोचनात्मक लेखरुरूको सङ्कलन **परिशीलन** भने प्रकाशमा आएको छ । यसमा सङ्कलित फुटकर समालोचनाहरूले व्याकरणदेखि लिएर बालसाहित्यसम्मका विभिन्न विषयलाई समेटेको छ । **परिशीलन**मा सङ्कलित खास सम्पूर्ण समालोचनाले व्यावहारिक समालोचनामा हुनुपर्ने विविध पक्षलाई समेटेका छन् अर्थात् उपर्युक्त संग्रहमा रहेका समालोचनाले नेपाली समालोचनाका क्षेत्रमा अविस्मरणीय योगदान दिएको कुरा नकार्न सकिन्न ।

समग्रमा थोरै कृतिको रचना गरेपनि नेपाली साहित्यका क्षेत्रमा अमूल्य योगदान दिएका आचार्यलाई व्यावहारिक समालोचनाका क्षेत्रमा थप नक्षत्रको दर्जा दिन सकिन्छ । समालोचनाप्रति अनुराग राख्ने जो कोहीका निम्ति पनि आचार्यको योगदानले थप उर्जा प्रदान गरेको र गर्दै जाने कुराको वकालत भने निसन्देह गर्न सकिन्छ ।

## ४.२ नरहरि आचार्यका कविताहरूको अध्ययन

नरहरि आचार्यको साहित्यिक यात्राको आरम्भ कवितालेखनबाट भएको हो । अहिलेसम्मको खोजबाट उनका जम्मा चारवटा फुटकर कविताहरू प्रकाशित भएको भेटिन आउँछ । ती चारवटै कविता उनको साहित्यिक यात्राको प्रथम चरणतिरै या अध्यापन कालभन्दा अगावै लेखिएका हुन् । प्रारम्भिक लेखनका कारण उनका प्रायः कविताहरूमा परिमार्जित या परिष्कृत् भाषाशैलीको अभाव खट्किएको महसुस हुन्छ । दोस्रो चरणतर्फ प्रवेश गरिसकेपछि भने उनको लेखनी कवितालाई छोडेर समालोचनाका क्षेत्रमा प्रवेश गर्नुका साथै भाषाशैली तिखारिँदै गएको प्रष्ट हुन आउँछ । उनका चारवटा कविता प्रकाशनमितिका आधारमा क्रमशः *पुतली, डाँफे, कृषकसँग* र *उनैको यादमा* हुन् ।

### ४.२.१ पुतली

वि.सं. २०२५ सालको **विवेकबिन्दु** (वर्ष २, विन्दु २) साहित्यिक पत्रिकामा प्रकाशित *पुतली* कविता नरहरि आचार्यको जीवनकै प्रकाशित प्रथम कविता हो । प्रकृतिप्रेमसँग सम्बन्धित प्रस्तुत कविता पुतलीकै महिमागायनमा केन्द्रित छ । चार-चार हरफका सात पङ्तिमा रचित उपर्युक्त कविताले प्रकृतिका विभिन्न रूपको वर्णन गर्दै तिनकै निकटवर्ती रूपमा अर्थात् तिनकै सापेक्षातामा पुतलीलाई उभ्याएको छ ।

नयाँ  हरिया सब पालुवामा ।
आएर बस्छु तिनको मुनामा ॥
मेरो रसिलो घर फूलबारी ।
मुनी म बस्छु तिनको विचारी ॥[७९]

कवितामा संसार र फूलवारीलाई सादृश्यवाचक समान धर्मीका रूपमा प्रकट गरिएकोले उपमा अलङ्कार तथा संसार (उपमेय) मा वागचारी (उपमान) को आरोप गरिएकोले रूपक अलङ्कार प्रस्फुटित छन् । उपर्युक्त अर्थालङ्कारका अतिरिक्त पूरै कविता अन्त्यानुप्रासले युक्त छ । इन्द्रबज्रा र उपेन्द्रबाज्राको संयोजनबाट निर्मित उपजाति छन्दमा रचना गरिएको *पुतली* कविता शान्तरसमा अभिव्यक्त छ भने भाषाशैली सरल, सरस तथा कविप्रौढोक्ति शैलीमा आधारित छ ।

## ४.२.२ डाँफे

वि.सं. २०२५ सालको **बालक** (वर्ष १४, अङ्क ६) मा प्रकाशित *डाँफे* कविता लेखनावधिका हिसाबले आचार्यको जीवनकै पहिलो कविता हो । उन्नाईस अक्षरी शार्दूलबिक्रीडित छन्दमा रचिएको उक्त कविता चार-चार हरफका दश पङ्तिमा आबद्ध छ । वि.सं. २०२५ सालको नेपाल अधिराज्यव्यापी बालसाहित्य प्रतियोगितामा प्रथम स्थान प्राप्त गर्न सफल यो कविताको प्रकाशन **बालक** (मासिक) पत्रिकामा सचित्र गरिएको छ ।

प्रकृतिको सुन्दर काख नेपाल जहाँ ठूला-ठूला हिमशिखरहरू अनि पवित्र तीर्थस्थलहरू छन्, त्यहाँ नै यो सुन्दर चरो डाँफे रमाउँछ र त्यहीँ मात्र बस्न रुचाउँछ भन्दै डाँफेलाई प्रकृतिप्रेमी चरोको रूपमा स्थापित गरिएको छ ।

नेपाली हिमशैल फाँट बीचमा जन्मेर बस्ने सधैं
गंगाको तटमा सुरम्य रसिलो बास्ना बहाई सधैं ।[८०]

डाँफेका माध्यमबाट यस कवितामा सम्पूर्ण मानवजातिलाई, त्यसमा पनि नेपालीहरूलाई एकआपसमा रहेको तिक्ततालाई फ्याँकेर बस्न साथै आफ्नै देश नेपालप्रति समर्पित हुन आग्रह गरिएको छ । देशभक्ति तथा प्रकृतिप्रेमले युक्त डाँफे कवितामा नेपाल जे-जस्तो रूपमा स्थापित भएको छ र जस्तो स्वरूपमा यसको निर्माण हुनेछ, त्यसमा डाँफे

[७९] नरहरि आचार्य, *पुतली,* **विवेकबिन्दु** (काठमाडौँ : गण्डकी छात्र समिति, वर्ष २, विन्दु २, २०२५), पृष्ठ ६१
[८०] नरहरि आचार्य, *डाँफे,* **बालक** (काठमाडौँ : नेपाल बालसंगठन, वर्ष ४, अङ्क ६, २०२५ आश्विन), पृष्ठ-४

जस्ता सुन्दर एवम् पवित्र चिजहरू या वस्तुहरूको नै अमूल्य देन रहनेछ भन्दै प्राकृतिक सुन्दरताको निर्माणकर्ताका रूपमा डाँफेलाई आक्षेप गरिएकोबाट सम्पूर्ण कविता नै रूपक अलङ्कारद्वारा मण्डित छ भने शब्दालङ्कारतर्फ दृष्टि दिने हो भने अन्त्यानुप्रयासको बाहुल्य देखिन्छ । कविप्रौढोक्ति शैलीमा रचित प्रस्तुत *डाँफे* कविता सरस, सरल तथा मनमोहक भाषाले सुसज्जित रहेको कविताको अध्ययनबाट थाहा हुन आउँछ ।

## ४.२.३ कृषकसँग

*कृषकसँग* कविता गण्डकी छात्र पुस्तकालय, गोरखा, ओखलेद्वारा प्रकाशित वि.सं. २०२६ सालको **विवेकबिन्दु** (वर्ष ३, अङ्क ३) पत्रिकामा छापिएको कविता हो । कवि नरहरि आचार्य प्रकृतिप्रेमी कवि हुन् । उनले प्रस्तुत कवितामा प्रकृतिका विविध रूपको चित्रण गरेका छन् । यति भएर पनि यो कविता सोझै प्रकृतिको गुणगानमा केन्द्रित नभई कृषकको महत्ता गाउने सन्दर्भमा मात्र यसमा प्राकृतिक चित्रण गरिएको छ ।

"हे नेपाली कृषक जन हे ! साहसी शान्ति दूत"[८१] भन्दै सम्पूर्ण नेपाली कृषक दाजुभाइ, दिदीबहिनीलाई साहस र धैर्यका साथ अघि बढ्ने शान्तिको दूतका रूपमा चित्रण गरिएको उपर्युक्त कविता सत्र अक्षरी मन्दाक्रान्ता छन्दमा रचिएको छ । चार-चार हरफका जम्मा बाह्र पङ्तिमा रचित *कृषकसँग* कवितामा अन्त्यानुप्रास जस्ता शब्दालङ्कारको पनि प्रचुर प्रयोग भएको देखिन्छ । समग्रमा कविप्रौढोक्ति शैलीमा व्यक्त उपर्युक्त कविताको भाषा सरल, सरस तथा मिठासपूर्ण हुनाका साथै अन्य तीन कविताका सापेक्षमा परिष्कृत, एवम् परिमार्जित छ ।

## ४.२.४ उनैको यादमा

कवि नरहरि आचार्यद्वारा लिखित *उनैको यादमा* कविता गण्डकी छात्र पुस्तकालय, गोरखा ओखलेद्वारा प्रकाशित वि.सं. २०२७ को **विवेकबिन्दु** (साहित्यिक मासिक, वर्ष ४, अङ्क २) मा छापिएको कविता हो । चार-चार हरफका एघार पङ्तिमा रचिएको उक्त कविता आदिकवि भानुभक्त आचार्यको गुणगानमा केन्द्रित छ अर्थात् भानुभक्तको सम्झना नै यसको मुख्य विषयवस्तु हो । सत्र अक्षरी मन्दाक्रान्ता छन्दमा रचित प्रस्तुत कवितामा रूपक अलङ्कारको बाहुल्य भएपनि कहीँकतै उपमा अलङ्कारको पनि झल्को पाउन सकिन्छ ।

---

[८१] नरहरि आचार्य, *कृषकसँग,* **विवेकबिन्दु** (गोरखा, ओखले, गण्डकी छात्रसमिति, वर्ष ३, अङ्क ३, २०२६), पृष्ठ ४०-४२

छैनौ भानू ! तरपनि यहाँ भावना नित्य घुम्छ ।
तिम्रै आभामय हृदयमा कल्पनाकास फुल्छ ॥
मेरो भानू ! हरनयनमा मोति झैँ झल्कने छन् ।
कोटी जोडी नयनतलको दीपझैँ चम्कने छन् ॥[८२]

उपर्युक्त रूपक र उपमा अर्थालङ्कारका साथै अन्त्यानुप्रासले युक्त प्रस्तुत कवितामार्फत् भानुजस्ता व्यक्तित्वको आवश्यकता भइरहेको महसुस गरिएको छ । त्यति मात्र नभई यसमा त्यस्ता व्यक्तिहरू मरेर पनि जीवित रहिरहने कुरा प्रकट गरिएको छ । कविप्रौदोक्ति शैलीमा आधारित *उनैको यादमा* कविता सरल र सरस भाषाका साथ अभिव्यक्त छ ।

## ४.३ नरहरि आचार्यका जीवनीहरूको अध्ययन

बहुमुखी प्रतिभाका धनी समालोचक नरहरि आचार्यले विभिन्न साहित्यिक पत्रपत्रिकामार्फत् फाट्टफुट्ट रूपमा केही व्यक्तित्वहरूका जीवनी पनि लेखेका छन् । आचार्यको बहुमुखी व्यक्तित्वको पहिचानका क्रममा उक्त पाटोतर्फ पनि दृष्टि पुऱ्याउनुपर्ने हुन्छ । अहिलेसम्मको खोजबाट आचार्यले प्राध्यापक सोमनाथ पौडेल, अहिताग्नि कविराज तीर्थराज आचार्य, योगीन्द्र श्री ईश्वरानन्द (गलेश्वर बाबा) गरी जम्मा तीनवटा जीवनी लेखी **धर्मदर्शन** पत्रिकाका विभिन्न अङ्कमार्फत् प्रकाशन गरेको थाहा भएको छ । यसमा ती तीनवटै जीवनीको क्रमशः सामान्य विवेचना गरिएको छ ।

### ४.३.१ प्राध्यापक सोमनाथ पौडेल

प्रा. सोमनाथ पौडेलको जीवनी वि.सं. २०३२ सालको **धर्मदर्शन** (वर्ष २, अङ्क २) साहित्यिक पत्रिकामा प्रकाशित भएको छ । गुठीसंस्थानमार्फत् प्रकाशित उक्त पत्रिकाको प्रधान सम्पादक भएको अवस्थामा उक्त संस्थानप्रति सोमनाथको दृष्टिकोण पस्कने सन्दर्भमा अन्तर्वार्तासहित उक्त जीवनी प्रकाशमा आएको हो । उपर्युक्त जीवनी संक्षिप्त नै भएपनि यसबाट आचार्यमा जीवनीलेखनव्यक्तित्व पनि कमबेसी मात्रामा थियो भन्ने खुलासा हुन आउँछ ।

---

[८२] नरहरि आचार्य, *उनैको यादमा,* **विवेकबिन्दु** (गोरखा, ओखले, गण्डकी छात्रसमिति, वर्ष ४, अङ्क २, २०२७), पृष्ठ **५५-५६**

सामान्यतया जीवनी भन्नाले मानिसको जीवनको इतिवृत्त भन्ने बुझिन्छ ।[८३] हुन पनि जीवनीमा मानिसको जीवनका महत्वपूर्ण अवस्था तथा घटनाहरू समाविष्ट हुन्छन् । जीवनीसाहित्यलाई इतिहासकै एक अंश मानिन्छ किनकि व्यक्तिविशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट तत्कालीन सामाजिक, राजनैतिक परिवेश बुझ्न सकिन्छ । यसमा कल्पनाको सट्टा वस्तुपरक तथ्यको मह,व रहन्छ ।[८४] प्रस्तुत जीवनीमा पनि कल्पनाको रङ्गरोगन गरिएको कतै पाइँदैन, उल्लेख गरिएका जति पनि कुरा छन्, सबै तथ्यात्मक नै छन् । यति हुँदाहुँदै पनि जीवनीविधाले मागेजस्तो चरित्रनायकको जीवनको इतिवृत्त भने यसमा छैन किनकि अन्तर्वार्ताको उल्लेखका परिप्रेक्ष्यमा लेखिएको उक्त जीवनी एक किसिमले परिचयात्मक लेखका रूपमा आएको छ । वस्तुवर्णन-विवेचन गर्ने र आत्मप्रकाशन गर्ने चेष्टाका आधारमा निबन्धका दुई भेद भएझैँ आफूलाई वा अरूलाई चरित्रनायक बनाउने भन्ने आधारमा जीवनीलाई पनि दुई भागमा विभाजन गरिँदै आएको छ[८५] जसअनुसार हेर्दा प्रस्तुत जीवनीमा जीवनीकारको आत्मप्रकाश नगरी अन्य व्यक्तिको बारेमा प्रकाश पार्ने काम भएको छ । यसर्थ यसलाई आत्मजीवनीअन्तर्गत राख्नुको सट्टा जीवनीको कोटिमा राख्नुपर्ने हुन्छ । सोमनाथ पौडेलको जीवनीमा संक्षेपमा नै भएपनि पौडेलको जीवनका मुख्य-मुख्य सन्दर्भ उल्लेख गरिएका छन् । चरित्रनायकको जन्म, पारिवारिक स्थिति, शिक्षादीक्षा, जीवनचर्या तथा मानसम्मानका बारेमा यसमा प्रकाश पारिएको छ ।

त्यस्तै आधुनिक जीवनीहरू कि त चरित्रनायकसँग सिधै सम्पर्क गरेर कि त उनले स्वयं लेखेका डायरी, चिठीपत्र या उनको बारेमा जान्ने अन्य व्यक्तिसँगको सम्पर्कबाट तयार गरिन्छ ।[८६] प्रस्तुत जीवनीको अन्त्यमा राखिएको अन्तर्वार्ताबाट यो जीवनीको लेखन जीवनीनायकसँगको सिधै सम्पर्कबाट भएको कुरा प्रष्टै छ । उपर्युक्त सबल पक्षका अतिरिक्त संक्षिप्तताका कारण यसले पौडेलको जीवनका यावत् अंश समेट्न सकेको छैन किनकि जीवनीकारको उद्देश्य नै यसमा गुठीसंस्थानप्रति सोमनाथको दृष्टिकोणको खुलासा गर्नु रहेको देखिन्छ र सोही सन्दर्भमा उनको सामान्य परिचय दिने लक्ष्य राखिएको यसमा स्पष्ट देखिन्छ ।

---

[८३] डा. दयाराम श्रेष्ठ, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (काठमाडौँ : त्रिकोण प्रकाशन, २०५९), पृष्ठ-३६

[८४] डा. दयाराम श्रेष्ठ, प्रा. मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँ. सं (काठमाडौँ : साझा प्रकाशन, २०५६), पृष्ठ-१७०

[८५] शरदचन्द्र शर्मा भट्टराई, **नेपाली साहित्यको इतिहास माध्यमिक काल**, दो. सं (काठमाडौँ : पा.वि.के., त्रि.वि., २०४८), पृष्ठ-१७९

[८६] नरहरि आचार्य, **परिशीलन** (ललितपुर : साझा प्रकाशन, पुल्चोक, २०५५०), पृष्ठ-२३

### ४.३.२ योगीन्द्र श्रीईश्वरानन्द (गलेश्वरबाबा) को संक्षिप्त जीवनी

*योगीन्द्र श्रीईश्वरानन्द (गलेश्वरबाबा) को जीवनी* नरहरि आचार्यरचित दोस्रो जीवनी हो । सोमनाथ पौडेलको जीवनीझैँ यो पनि संक्षिप्त आकारको नै छ । योगीन्द्र श्रीईश्वरानन्दको उपर्युक्त जीवनी वि.सं. २०३२ सालको **धर्मदर्शन** (वर्ष २, अङ्क १) साहित्यिक पत्रिकामा प्रकाशित भएको हो । मेची अञ्चलको ताप्लेजुङ जिल्लाअन्तर्गत तोकमा दोखु गाउँमा जन्मिई नेपाल, भारत, भुटान, पाकिस्तान आदि देशका मह,वपूर्ण तीर्थहरूको तीर्थयात्रा सम्पन्न गरेका श्री गलेश्वरबाबाले अध्यात्म, योगाभ्यास तथा सामाजिक सेवाका क्षेत्रमा दिएको योगदानका बारेमा उल्लेख गर्ने काम आचार्यद्वारा उपर्युक्त जीवनीमा भएको छ । जीवनको धेरै जसो अंश तपस्यामा नै बिताएका दीर्घजीवी गलेश्वरबाबालाई प्रकाशमा ल्याउने काम यसमा गरिएको छ ।

वि.सं. २०३२ साल जेठ २७ गते समाधिस्य भएका श्री गलेश्वरबाबाको जन्मबारे यकीन नगरिएपनि प्रस्तुत जीवनीमा उनका बाबुआमा, दिनचर्या, शिक्षादीक्षा, रुचि, योगदान आदिको पूर्ण विवरण उल्लेख गरिएको छ । यति भएर पनि अर्थात् जन्ममितिबारे सही तथ्य पता नलाग्दानलाग्दै पनि देहावसान १२६ वर्षको उमेरमा भएको उल्लेख गरिएकोबाट प्रस्तुत जीवनीका दुर्बल पक्षतर्फ सङ्केत गर्न सकिन्छ । कुनै पनि जीवनीको रचना कि त चरित्रनायकसँगको सिधा सम्पर्कबाट कि त उसबारे जान्नेबुझ्ने व्यक्तिसँगको सम्पर्कबाट कि त जीवनीनायक स्वयंले लेखेका चिठीपत्र या डायरीका सहायताले गरिन्छ भन्ने कुरा सोमनाथको जीवनीको विश्लेषणकै क्रममा स्पष्ट पारिसकिएको छ । यस आधारमा हेर्दा आचार्यले यसको रचना गलेश्वरबाबाको बारेमा बिस्तृत जानकारी दिन सक्ने योगी नरहरिनाथसँगको सम्पर्कबाट गरेको कुरा सोही जीवनीको अन्त्यमा उल्लेख गरेको अंशबाट थाहा हुन आउँछ । यसरी केही कमीकमजोरी वा दुर्वल पक्ष देखिँदादेखिँदै पनि आचार्यले गलेश्वरबाबाको जीवनी लेखी प्रकाशन गर्ने जुन कार्य गरे, त्यो नै उपलब्धिमूलक स्वीकार्न भने सकिन्छ ।

### ४.३.३ अहिताग्नि कविराज तीर्थराज आचार्य

*अहिताग्नि कविराज तीर्थराज आचार्यको जीवनी* नरहरिरचित तेस्रो जीवनी हो । यो जीवनी *सोमनाथ पौडेलको जीवनी* तथा *गलेश्वरबाबाको जीवनी*भन्दा पनि संक्षिप्त आकारको छ । यसको प्रकाशन वि.सं. २०३२ सालको **धर्मदर्शन** (वर्ष २, अङ्क २) साहित्यिक पत्रिकामा भएको हो । वि.सं. २०२९ सालदेखि गुठीसंस्थानको सदस्य भई कार्य गरेका अहिताग्नि तीर्थराज आचार्यको बारेमा प्रकाश पार्ने काम प्रस्तुत जीवनीमा भएको छ । वि.सं. १९७४ चैत्र महिनामा तनहूँ जिल्लाको चुँदी रम्घामा जन्मिएका कविराज तीर्थराज आचार्यको शैक्षिक यात्रा, बाल्यजीवन, सामाजिक सेवा तथा कर्मप्रतिको निष्ठाका सम्बन्धमा स्पष्ट पार्ने काम यसमा भएको छ । त्यस्तै कविराज आचार्य जे-जति संघसंस्था तथा व्यक्तिविशेषबाट सम्मानित भएका थिए, ती सबैको उल्लेख एवम् चर्चा यसमा गरिएको छ । संस्कृतका प्रकाण्ड विद्वान आचार्य विभिन्न संघसंस्थासँग सम्बद्ध हुनाका साथै त्रि.वि.वि. बाट 'षोडष संस्कार विमर्ष' विषयमा विद्यावारिधि गर्दै रहेको कुरा पनि उक्त जीवनीमा उल्लेख गरिएको छ । गुठीलाई संस्थानको मान्यता दिनुका कारण, गुठीसंस्थानको उद्देश्यमा बाधा पार्ने तत्वहरू, यसले निर्वाह गर्नुपर्ने भूमिका, गुठीसंस्थानद्वारा प्रकाशित **धर्मदर्शन** पत्रिकालाई गरिमासाथ तुल्याउन अपनाउनुपर्ने रणनीति आदिका बारेमा कविराजसँग लिइएको अन्तर्वार्तासहित यो जीवनी प्रकाशित छ ।

जीवनीको अन्त्यमा राखिएको अन्तर्वार्ताबाट प्रस्तुत जीवनीको रचना जीवनीनायकको प्रत्यक्ष सहयोगबाट भएको थाहा हुन आउँछ । यति भएर पनि अत्यन्त संक्षिप्तताका कारण तथा जीवनीनायकको सामान्य परिचय दिने उद्देश्य राखिएकोले यसमा चरित्रनायकको जीवनको सम्पूर्णता व्यक्त गर्न सकिएको छैन र त्यही नै यसको दुर्वल पक्ष बनेको छ । यसरी कहीँकतैका कमीकमजोरीका बाबजुत पनि यसमा जे-जति वर्णन-विवेचन छ, त्यो श्रद्धेय नै छ भन्ने कुरा नकार्न सकिन्न ।

## ४.४ नरहरि आचार्यका समालोचनाहरूको अध्ययन

आचार्यको साहित्यिक व्यक्तित्वको मुख्य पाटो भन्नु नै समालोचकीय व्यक्तित्व हो । साहित्यिक जीवनको प्रथम चरणबाटै समालोचनालेखनतर्फ केन्द्रित नरहेपनि उनको विशेष साहित्यिक लेखन समालोचनाको क्षेत्रमै केन्द्रित थियो । नेपाली सैद्धान्तिक समालोचनाका क्षेत्रमा कलम अगाडि नबढाएपनि व्यावहारिक समालोचनाका क्षेत्रमा आचार्यले विशेष स्थान प्राप्त गरेका छन् । *नेपाली*

*आख्यान साहित्यमा वीरचरित्र : पृष्ठभूमि र विवेचना* शीर्षक फुटकर समालोचनाबाट समालोचनालेखन सुरु गरेका आचार्यले करीब डेढ दर्जन फुटकर समालोचना, चारवटा समालोचनात्मक कृति तथा धेरै समालोचनात्मक लेखहरूको सिर्जना गरिसकेका छन् । यहाँ आचार्यका तिनै समालोचनाहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ४.४.१ नेपाली आख्यान साहित्यमा 'वीरचरित्र' पृष्ठभूमि र विवेचना

### ४.४.१.१ विषयविश्लेषण

*नेपाली आख्यान साहित्यमा वीरचरित्र : पृष्ठभूमि र विवेचना* वि.सं. २०३१ सालको **भानुदर्शन** (शुभराज्याभिषेक) पत्रिकामा प्रथम पटक प्रकाशित तथा **परिशीलन**मा सङ्कलित समालोचना हो । प्रस्तुत समालोचनामा नरहरि आचार्यले **वीरचरित्र** उपन्यासको विविध पाटाबाट विश्लेषण गर्ने प्रयास गरेका छन् । **वीरचरित्र** उपन्यास नेपाली आख्यान साहित्यका क्षेत्रमा देखिएको पहिलो कृति होइन र यसले अँगालेको शैली तथा विषयवस्तु पनि परम्पराभिन्न छैन । यति भएर पनि **वीरचरित्र** उपन्यासले नेपाली आख्यान साहित्यमा छुट्टै पहिचान कायम गरेको कुरा नकार्न सकिन्न । समालोचक नरहरि आचार्यले उक्त उपन्यासले बोकेको मह,वका सन्दर्भमा प्रष्ट पार्ने काम प्रस्तुत समालोचनामा गरेका छन् । **वीरचरित्र**को विवेचनाका सन्दर्भमा यसको पृष्ठभूमिको रूपमा रचित अन्य आख्यानात्मक कृतिको प्रसङ्ग उठाउनुका साथै तिनले अपनाएको विषयवस्तु तथा शैलीका सम्बन्धमा प्रकाश पारी तिनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा **वीरचरित्र**मा पारेको प्रभावको चर्चा गर्नु यसमा समालोचकको उद्देश्य बनेको छ ।

नेपाली उपन्यासजगत्को प्रथम कृति नभएर पनि यसप्रकार **वीरचरित्र** उपन्यासको छुट्टै प्रकारको मह,व छ र उपन्यासले उक्त विशिष्टता विषयवस्तुको प्रस्तुतीकरण वा औपन्यासिक शैलीका कारण ग्रहण गरेको होइन, अविकसित औपन्यासिक पद्धति नै यसको शारीरिक गठन हो ।[८७] यसमा पनि उही अगाडिका **वीरसिक्का** लगायतका उपन्यासले धारण गरेको तिलस्मी शैलीकै प्रयोग गरिएको छ । यद्यपि सामाजिक चित्रण नै प्रस्तुत उपन्यासलाई

[८७] कृष्णचन्द्र सिंह प्रधान - *नेपाली उपन्यासमा वीर चरित्रको ऐतिहासिक स्थान*, **रुपरेखा**, समालोचना अङ्क २०२१, पृष्ठ-१०३

मह,व दिलाउन आएको मुख्य कारण हो । यसमा सामाजिक प्रतिबिम्ब प्रत्यक्ष नभएपनि परोक्ष रूपमा झल्केको छ ।[८८] देशीय रङ नै यसको विशेषता हो । यसले नेपाललाई आफ्नो औपन्यासिक भूमि बनाएको छ भने पात्रछनौट पनि नेपाली नै गरेको छ । यसरी रिडी, बाग्लुङलगायत नेपाली परिवेशको चित्रण गरिनु, नेपाली छाँट र पारामा नेपालीयताको आग्रह गरिनु, विभिन्न जात-जातिका मानिसको उल्लेखबाट चारजात छत्तीस वर्ण बस्ने नेपालप्रति सङ्केत गर्नु आदिले यसको विशिष्टता निर्धारण गर्छ । त्यति मात्र नभई तिलस्मी शैलीमै भएपनि राणाशासनको पर्दाफास गर्नु यसको अझ मह,वपूर्ण पक्ष हो । यसरी **वीरचरित्र** जासुसी-तिलस्मी उपन्यास मात्र नभएर तत्कालीन राज्यव्यवस्थाको प्रवक्ता बनेर आएको थाहा हुन आउँछ र प्रस्तुत समालोचनामा उपन्यासमा अभिव्यक्त तिनै लेखकीय अवधारणालाई चर्चाको केन्द्रीय कथ्य बनाइएको छ । वर्तमान परिप्रेक्ष्यमा मूल्य निर्धारण गर्ने हो भने **वीरचरित्र** उपन्यास मूल्यहीन ठहर्न सक्छ तर मनोवैज्ञानिक चित्रण, स्वाभाविकता र औपन्यासिक शैलीका दृष्टिले प्राचीन तिलस्मी उपन्यासको मूल्याङ्कन गर्नु ठीक ठहर्दैन ।[८९] हामीले त प्रत्येक पुराना कृतिभित्र रहेको जीवन्त रूप, सामाजिक तत्व, विरोधाभास र ऐतिहासिक मह,व के हो पहिल्याउनुपर्छ जसमा त्यस बेलाको थोरै भएपनि सत्य रहस्यमय रूपमा सँगालिएको हुन्छ ।[९०] यसरी विषयवस्तु तथा शैली परम्पराभिन्न नहुँदानहुँदै पनि त्यसमा रहेको सामाजिकताका कारण **वीरचरित्र**को छुट्टै प्रकारको मह,व स्थापित छ र त्यही मह,व निर्धारण गर्ने काम प्रस्तुत समालोचनामा गरिएको छ ।

**वीरचरित्र**मा एकातिर हुकुमबमोजिम जग्गावितरण गरिएको प्रसङ्ग उल्लेख छ भने अर्कातिर प्रधानमन्त्रीलगायत अन्य सदस्यहरूको पारिवारिक खर्च राजस्वबाट पूर्ति गर्ने परम्पराको उद्घाटन गरिएको छ । यो राणाकालीन राज्यव्यवस्थाको निकट छ । यसबाट लेखकले राणाशासनव्यवस्थाको यथार्थचित्रण गर्न खोजेको सङ्केत समालोचकले गरेका छन् । त्यस्तै उपन्यासमा जेलमा आगो लगाएको, जेल तोडेको जस्ता घटना पनि देखाइएका छन् । यिनले पनि प्रस्तुत उपन्यासमा चित्रित घटनाहरू राणाहरूको व्यवहारनजिक भएको दृष्टिकोण समालोचकको देखिन्छ ।

---

[८८] डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँ.सं (ललितपुर : साझा प्रकाशन, पुल्चोक, २०५६), पृष्ठ-१०३

[८९] कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृष्ठ-१९२

[९०] ऐजन, पृष्ठ-१८५

यति हुँदाहुँदै पनि उपन्यासकारले **वीरचरित्र** उपन्यासलाई जुन तिलस्मी शैलीको आवरण दिएका छन् त्यसलाई भने लेखकीय कमजोरीका रूपमा प्रस्तुत समालोचनाअन्तर्गत स्वीकार गरिएको छ तर समालोचकको धारणा के छ भने तत्कालीन परिवेश र वातावरणमा त्यसभन्दा अघि बढेर लेख्नु सम्भव नभएको हुँदा तिलस्मी शैलीकै प्रयोगमा पनि तत्कालीन प्रशासन एवम् राज्यव्यवस्थाको यस प्रकारको चित्रण एउटा गहन उपलब्धि हो ।

अहिलेसम्म नेपाल र नेपालीले प्राप्त गर्न नसकेका कतिपय कुराको उल्लेख गरेर छुट्टै प्रकारको नेपालको परिकल्पना गर्नुका साथै **वीरचरित्र**मा उपन्यासकार जोशीले ज्ञानको विश्वकोश उतारेको निर्क्योल यस समालोचनामा समालोचकले गरेका छन् । त्यतिमात्र नभई बलभद्रको पालामा अंग्रेजहरूले गरेको व्यवहारको निकट रही पानी थुन्ने प्रक्रिया अघि ल्याउने काम उपन्यासमा एकातर्फ गरिएको छ भने अर्कातर्फ ब्रिटीशकालीन कुनै प्रसिद्ध भारतीय सहरको प्रतीकका रूपमा उल्लेरी सहरको चित्रण गरिएको छ । यसबाट उपन्यासकारमा नेपाली तथा भारतीय इतिहाससम्बन्धी ज्ञान प्रशस्त मात्रामा भएको निरुपण प्रस्तुत समालोचनामा गरिएको छ ।

**वीरचरित्र**मा अग्निदत्तको शिर ल्याउनेलाई ठूलो जागिर र इनाम दिने सन्दर्भ उठाइएको छ जुन राणाहरूको व्यवहारनजिक रहनुका साथै उपन्यासमा प्रयोग गरिएका इस्तिहार, कोठी, नजराना, हुकुम, तलास आदि सबै शब्दहरू उनीहरूकै निकटवर्ती रहेका छन् । त्यस्तै गणेशदत्त सुनाभ्र्माँक्रीको राज्यमा व्यापार गर्न जाँदा सर्वप्रथम उसको सालोसमक्ष जानु र कपडाको कोठी थाप्न नजराना चढाउनु आदिबाट अनि मसानभ्र्माँक्रीले कोठी थाप्न दिएको आदेशलगायतका घटनाबाट सम्पूर्ण उल्लिखित व्यवहारहरू राणाकालीन परिस्थितिसापेक्ष रहेको धारणा आचार्यको छ ।

प्रस्तुत उपन्यास राणाकालीन प्रशासनिक एवम् सामाजिक स्थितिको प्रवक्ता बनेर आएको हुँदाहुँदै पनि उपन्यासकारले कथावस्तुलाई अहिलेको वर्तमान नेपालनिर्माणपूर्वको बनाएका छन् । यसरी उपन्यासको क्षेत्र काठमाडौँभन्दा बाहिर बनाइनु तथा गोरखा र लमजुङलाई अलग राज्य स्थापित गरेर चर्चा गर्नुको कारणका सम्बन्धमा समालोचकको धारणा के छ भने उपन्यास बढी सामाजिक हुन पुगेकोले राणाहरूको बक्रदृष्टि नपरोस् भनी उपन्यासकारले यस्तो रणनीति अपनाउनु परेको हो ।

**वीरचरित्र** उपन्यासमा ग्रहशान्ति, पाठपूजा, ब्रतबन्ध आदिको प्रसङ्ग उठाइएको छ । यसबाट उपन्यासकारमा रहेको नेपाली संस्कृतिप्रतिको मोहको झल्को आउँछ । त्यस्तै

दरबारीया मिमसाहेब तथा भरियाका पोसाकहरूको उल्लेख गरेर जोशीले वर्गीय संस्कृतिको र विभिन्न जातजातिका मानिसको प्रसङ्ग उठाएर चार जात छत्तीस वर्णको जातीय संस्कृतितर्फको अभिरुचिको सङ्केत गरेका छन् । यसरी उपन्यासमा अभिव्यक्त समग्र नेपाली संस्कृति, वर्गीय संस्कृति तथा जातीय संस्कृतिको उल्लेखमार्फत् **वीरचरित्र**मा विद्यमान सांस्कृतिकताका सम्बन्धमा पनि समालोचकले आफ्ना धारणा निरुपण गरेका छन् ।

त्यसैगरी प्रस्तुत उपन्यासमार्फत् उपन्यासकारले उपयुक्त राज्यव्यवस्थाको आग्रह गरेको खुलासा समालोचकले गरेका छन् । नायक अग्निदत्तद्वारा आफ्ना सहयोगी शिष्य (राजकुमार) लाई राज्याभिषेक दिँदा दिएको अर्ती, मुसिकोटे तथा तन्हौकोटे राजकुमारलाई दिएको उपदेशको प्रसङ्ग उठाएर दुष्टलाई सजाय दिनुपर्ने र सज्जनलाई संरक्षण गर्नुपर्ने उपन्यासकारको आदर्शलाई समालोचकले प्रस्तुत समालोचनामा उजागर गरेका छन् ।

आन्तरिकझैँ वाह्य तहअन्तर्गत पनि समकालिक उपन्यासका सन्दर्भमा हेर्दा प्रस्तुत उपन्यासलाई श्रेष्ठ नै मान्नुपर्ने धारणा प्रस्तुत समालोचनामा अघि सारिएको छ किनकि नेपाली भाषालाई ऊर्दू र फारसीले ढाकेको तत्कालीन अवस्थामा शुद्ध नेपाली र सरल संस्कृतको प्रयोग गरेर उपन्यासरचना गर्नुलाई सानो उपलब्धि मान्न नमिल्ने धारणानिरुपण यसमा गरिएको छ ।

### ४.४.१.२ निष्कर्ष

यसरी प्रस्तुत समालोचनामा समालोचक नरहरि आचार्यले वस्तुनिष्ठ ढाँचामा विश्लेषणपरक दृष्टि राखी **वीरचरित्र** उपन्यासको आन्तरिक एवम् वाह्य तहको व्याख्या-विश्लेषण गरेका छन् । उपन्यासको आन्तरिक पक्षको विवेचना गर्ने क्रममा उनले यसलाई सामाजिक, ऐतिहासिक, सांस्कृतिक तथा भौगोलिक सन्दर्भबाट हेर्ने प्रयास गरेका छन् जसअनुसार यो उपन्यास तत्कालीन राज्यव्यवस्थाको निकट रहेको धारणा उनको छ । वास्तवमा तत्कालीन विषम परिस्थितिमा सामाजिक उपन्यास रचना गर्दा उपन्यासकारका निम्ति तिलस्मी शैली अपनाउनुको विकल्प थिएन । राणाकालीन राज्यव्यवस्थाको पर्दाफास गर्नु आफ्नो प्रमुख लक्ष्य भएकोले यस्तो अवस्थामा तिलस्मी शैलीमै भएपनि उक्त उपन्यासका माध्यमबाट तत्कालीन राज्यव्यवस्थाको यावत् पक्षका सम्बन्धमा स्पष्ट पार्न लेखकले चाहेको दृष्टिकोण समालोचनामा पस्किएको छ । हुनत तिलस्मी शैली नअपनाएको

भए अवश्यै यसको मह,व बढ्ने थियो भन्ने समालोचकीय धारणा पनि जीवित नै देखिन्छ र त्यसलाई नकार्न पनि मिल्दैन ।

उपन्यासको आन्तरिक तहको झैँ आचार्यले वाह्य तहको पनि व्याख्या गर्ने काम गरेका छन् । ऊर्दू र फारसीले ढाकेको तत्कालीन नेपाली भाषिक अवस्थामा संस्कृत र शुद्ध नेपाली भाषाको प्रयोग गरी उपन्यासरचना गर्नुलाई लेखकको ठूलो उपलब्धिका रूपमा समालोचकले निर्क्यौल गरेका छन् ।

**वीरचरित्र**को आन्तरिक एवम् वाह्य तहको विवेचना गर्ने क्रममा समालोचकले जे-जसरी अध्ययन-विश्लेषण गर्ने प्रयास गरेका छन् त्यो समग्रमा अत्यन्त सराहनीय देखिन्छ ।

## ४.४.२ लेखनाथीय काव्यसाधनाको क्रमका तरुणतपसीको स्थान

### ४.४.२.१ विषयविश्लेषण

प्रस्तुत *लेखनाथीय काव्यसाधनाको क्रममा तरुणतपसीको स्थान* शीर्षक समालोचनामा समालोचक नरहरि आचार्यले महाकाव्यधर्मी **तरुणतपसी**को काव्यात्मक स्थान नेपाली काव्यजगत्मा केकस्तो रहेको छ भन्नेतर्फ दृष्टि पुऱ्याएका छन् । लेखनाथद्वारा नव्यकाव्यको संज्ञा दिइएको **तरुणतपसी** वास्तवमा के-कति कारणले नव्यकाव्यका रूपमा घोषित हुनपुग्यो ? नव्यकाव्य के हो ? के **तरुणतपसी** साँच्चिकै नव्यकाव्य हो ? विद्वानहरूको यसप्रतिको दृष्टिकोण कस्तो छ ? जस्ता प्रश्नको निराकरण नगरी यसको विश्लेषण सम्भव हुँदैन । पूर्वीय पद्यकाव्यअन्तर्गतको प्रबन्धकाव्यका रूपमा यसलाई स्वीकारिसकिएको परिप्रेक्ष्यमा प्रबन्धकाव्यअन्तर्गतका महाकाव्य, खण्डकाव्य र कोषकाव्यमध्ये यसलाई कुन रूपमा स्वीकार्ने ? विभिन्न विद्वानहरूले आ-आफ्ना मान्यता अघि सारेपनि उनीहरूका निष्कर्षका आधारमा हामीले यसलाई महाकाव्यनिकट काव्यका रूपमा स्वीकार्नुपर्ने हुन्छ, यद्यपि कतिपय महाकाव्यधर्मी तत्वहरूको परिपालना नगरिएको नै किन नहोस् । **तरुणतपसी**को महत्ता पहिल्याउने क्रममा उनले केही पूर्वीय तथा पाश्चात्य काव्यशास्त्रीका मतमतान्तरहरू अघि सार्दै उनीहरूका दृष्टिकोणका आधारमा **तरुणतपसी**को अध्ययन गरी यसको मह,व पहिल्याएका छन् । आचार्यले यसमा एकातिर लेखनाथीय काव्ययात्राको चरणगत विभाजन गरी **तरुणतपसी**लाई आधुनिक लेखनाथीय युगको दोस्रो चरणअन्तर्गतको सर्वोत्कृष्ट कृतिका रूपमा पहिचान गरेका छन् भने अर्कातिर भावमूलक

सौन्दर्यका दृष्टिले **ऋतुविचार** र प्रौढ सौन्दर्यका दृष्टिले **गंगागौरी**लाई श्रेष्ठ काव्य मानिएपनि लेखनाथीय काव्यसाधनाको केन्द्रबिन्दुका रूपमा **तरुणतपसी**लाई नै निरुपण गरेका छन् ।

लेखनाथीय काव्यसाधनाको केन्द्रबिन्दुका रुपमा **तरुणतपसी**लाई स्वीकारेपछि यसको पृष्ठभूमितर्फ ध्यान पुऱ्याउनु आवश्यक देखिएको परिप्रेक्ष्यमा समालोचक आचार्यले पूर्वीय एवम् पाश्चात्य विद्वानहरूका केही काव्यसम्बन्धी परिभाषातर्फ ध्यानाकर्षण गराएका छन् । पूर्वीय काव्यशास्त्री विश्वनाथले "वाक्यम् रसात्मक काव्यम्" भन्दै रसात्ममक वाक्यलाई काव्यको रूपमा स्वीकार गरेका छन् भने ध्वनिवादी आचार्य आनन्दबर्द्धनले "काव्यस्यात्मा ध्वनि" भन्ने परिभाषा अघि सार्दै काव्यको आत्माका रूपमा ध्वनिको चर्चा गरेका छन् । त्यस्तै अर्का विद्वान जगन्नाथले "रमणीयार्थ प्रतिपादक शब्द काव्यम्" भन्ने मत अघि सारी रमणीय अर्थ प्रतिपादन गर्ने शब्दतर्फ जोड दिएका छन् । यसरी नै परिभाषा गर्ने क्रममा पाश्चात्य विद्वान टी. यस इलियटले यसलाई बौद्धिक क्रियाको रूपमा लिएका छन् भने श्रेष्ठ काव्यको लागि महान् विषयको आवश्यकता पर्ने कुरा अरस्तुले जनाएका छन् ।

यसरी उपर्युल्लिखित विभिन्न पूर्वीय एवम् पाश्चात्य विद्वानहरूका परिभाषालाई हेर्दा दोषरहित, गुणसहित, अलङ्कारयुक्त, रमणीय अर्थ प्रदान गर्ने महान् विषय भएको बौद्धिक क्रिया नै काव्य भएको कुरा सामान्यत निर्क्योल गर्न सकिन्छ । यद्यपि माथि उल्लेख गरिएका परिभाषाहरू प्रायः एकाङ्गी भएकाले तिनले काव्यको पूर्णाङ्गी परिभाषालाई समेट्न नसकेको धारणा समालोचकको देखिन्छ । यस सन्दर्भमा काव्यको समष्टि पक्षको नेतृत्व गर्न सक्ने परिभाषाको रूपमा उनले गीतामा उल्लिखित एउटा परिभाषा अघि सारेका छन् ।

अनुद्वेगकर वाक्य सत्यम्, प्रियम् हितं च यत्
स्वाध्यायभ्यसनं चैव वाङ्मयं तप उच्यते ।

उपर्युक्त परिभाषाले सत्यम्, शिवम्, सुन्दरम्को सिद्धान्तलाई पालना गरेको र तिनलाई श्रेष्ठ काव्यका निम्ति आवश्यक महसुस गरिएकाले सत्यम्, शिवम्, सुन्दरम्का माथि उल्लिखित तथ्यहरूलाई स्वीकार गर्दै यथार्थ र आदर्शको पूर्ण संयोजन गीतामा गरिएको हुँदा पूर्णाङ्गी परिभाषाका रूपमा सोही परिभाषालाई लिनुपर्ने साथै काव्यको मूल्याङ्कनमा तिनै आधारलाई आत्मसात् गर्नुपर्ने मान्यता यहाँ समालोचकको देखिन्छ । अतः लेखनाथीय काव्यसाधनाको क्षेत्रमा **तरुणतपसी**को स्थान पहिल्याउँदा तिनै आधारलाई मह,व दिनुपर्ने राय आचार्यको छ ।

प्रस्तुत समालोचनामा समालोचकले लेखनाथीय काव्यसाधनाको अध्ययन एवम् विश्लेषण परम्पराको सापेक्षमा गरेका छन् । भानुभक्तको भक्तिवादी तथा मोतीरामको श्रृङ्गारिक परम्पराले नेतृत्व गरिरहेको नेपाली काव्यको इतिहासमा लेखनाथ पौड्यालको छुट्टै स्थान छ र उक्त स्थानको पहिचानका क्रममा सर्वप्रथम त आचार्यले लेखनाथीय काव्ययात्रालाई दुई भागमा विभाजन गरेका छन् । प्रथम चरणका रूपमा उनले वि.सं. १९६२ देखि १९७३ सम्मलाई र तबोप्रान्तलाई दोस्रो चरणका रूपमा राखेका छन् । प्रथम चरणमा पौड्यालले कवितारचना नगरेका होइनन् साथै उनको प्रयोगमा नयाँपन देखानपरेको पनि होइन । यति हुँदाहुँदै पनि प्रथम चरणको उनको लेखनमा प्रवृतिगत नवीनता देखापर्न सकेन । प्रतिफलस्वरूप यो अवधिलाई प्रथम चरणका रूपमा समालोचकले सीमाङ्कित गर्न पुगे तर बिस्तारै उनको लेखन खारिँदै गयो । उनको अभिव्यक्तिमा प्रौढता र परिपक्वता देखापर्दै गयो । वि.सं. १९७३ पछि त अझ भन्ने हो भने उनी सशक्त रूपमा देखापरे, प्रतिफलस्वरूप नेपाली कविता आधुनिक कालमा समेत प्रवेश गऱ्यो । यसरी समालोचकले यो १९७३ पछिको अवधिलाई दोस्रो चरणअन्तर्गत राख्न पुगे ।

आधुनिक लेखनाथीय युगको दोस्रो चरण नव्यकाव्यरचनाकाल हो र त्यसलाई समालोचकले उनको कवितायात्राको स्वर्णकालको रूपमा उल्लेख गरेका छन् । यो समयमा लेखनाथले एकातिर भाषाशैलीशिल्पको पूर्णतालाई भेटिसकेका थिए भने अर्कातिर सामाजिक तथा अन्तर्राष्ट्रिय आवाजलाई धारण गरिसकेका थिए साथै यस युगमा उनको लेखन प्रौढतातिर ढल्किसकेको थियो । त्यतिमात्र नभई आफ्ना सूक्ष्म विचार तथा गम्भीर चिन्तनलाई कला र शिल्पको साँचोमा ढालेर स्वाभाविक एवम् सहज रूपमा व्यक्त गर्न सक्नु उनको यस अवधिको विशेषता बन्यो । यो समयका लेखनाथमा दार्शनिक प्रभाव परिसकेको भएपनि कला र शिल्पले दर्शनलाई सरल र सुन्दर स्थितिमा उभ्याएको छ । यस्तै किसिमको उपलब्धिका रूपमा **तरुणतपसी**लाई प्रस्तुत समालोचनामा पहिचान गरिएको छ । **तरुणतपसी**मा श्रेष्ठ काव्यमा हुनुपर्ने धेरैजसो गुणहरू विद्यमान हुनुका साथै लेखनाथीय चिन्तनको तीब्रता यसमा झल्किएको छ । अझ भन्ने हो भने जटिल दार्शनिक पक्षलाई सरल र सरस ढङ्गमा उद्घाटन गरिएको छ । **तरुणतपसी** प्राकृतिक वर्णन, सामाजिक परिस्थितिको चित्रण, राजनीतिक वातावरणको उल्लेख एवम् मानवधर्म र सभ्यताका शाश्वत मूल्यका चिनारीहरूको एउटा अपूर्व र नव्य संगमस्थल बन्न पुगेको छ । यसरी उपर्युक्त

गुणहरूको परिपालनाका आधारमा समालोचक नरहरि आचार्यले **तरुणतपसी**लाई विशिष्ट महत्ता बोकेको कृतिका रूपमा निरुपण गरेका छन् ।

### ४.४.२.२ निष्कर्ष

पूर्वीय तथा पाश्चात्य सन्दर्भमा महाकाव्यको परिभाषा गर्ने धैरै विद्वानहरू देखिएपनि महाकाव्य भनेको जीवनजगत्को विशाल, विस्तृत र वृहत्तम दिग्दर्शन भएको प्रबन्धकाव्य हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । यस आधारमा वृक्षका माध्यमबाट उन्नाईस विश्राममा कविको आफ्नै जीवनगाथा गाइएको **तरुणतपसी** महाकाव्यकै दर्जामा स्थापित कृतिका रूपमा देखापरेको छ । यसको वैचारिक धरातल, पूर्वीय काव्यतत्वका आधारमा यसको स्थिति, प्रकृतिचित्रण आदिलाई हेर्दा यसले नेपाली काव्यजगत्मा उच्चस्थान प्राप्त गरेको छ । प्रस्तुत समालोचना **तरुणतपसी**का सम्बन्धमा गरिएको गहन विश्लेषण हो । यसको मूल्याङ्कनमा आचार्यले एकातिर लेखनाथीय काव्ययात्रालाई चरणगत विभाजन गरेका छन् भने अर्कातिर यसको पृष्ठभूमितर्फ ध्यान दिँदै संक्षिप्त तर सटिक रूपमा व्याख्या एवम् विश्लेषण गरेका छन् । प्रस्तुत कृति लेखनाथकै उच्च कोटिको कृतिका रूपमा देखापर्नुका कारणहरू पहिल्याउँदै **तरुणतपसी**को अध्ययन परम्परा एवम् उनका अन्य कृतिका सापेक्षमा गर्ने काम यस समालोचनामा उनले गरेका छन् । यसरी **तरुणतपसी**का सम्बन्धमा समालोचकले जे-जति अध्ययन-विश्लेषण गरेका छन् । त्यो सम्बन्धित कृतिको अध्ययनविश्लेषणका क्षेत्रमा निश्चय नै अपुग ठहर्छ, यद्यपि यसले अन्य समीक्षाकारलाई मार्गदर्शन गर्ने काम गरेको भने प्रष्ट पहिचान हुन्छ ।

## ४.४.३ नेपाली साहित्यको माध्यमिक काल : ऐतिहासिक र सामाजिक पृष्ठभूमि

### ४.४.३.१ परिचय

समालोचक नरहरि आचार्यले *नेपाली साहित्यको माध्यमिक काल ऐतिहासिक र सामाजिक पृष्ठभूमि* शीर्षक समालोचनामा नेपाली साहित्यको माध्यमिककालका सम्बन्धमा उठेका समस्याहरूको पहिचान गरी तिनको निराकरण गर्ने प्रयास गरेका छन् । यसमा उनको उद्देश्य समग्र माध्यमिक कालीन साहित्यको व्याख्या-विश्लेषण गर्नु रहेको छैन । उनले आफ्नो प्रमुख उद्देश्य नेपाली साहित्यको क्षेत्रमा देखापरेका समयविभाजनसम्बन्धी

विवादहरूको बारेमा चर्चा-परिचर्चा गर्नुलाई पनि बनाएका छैनन् न कि नामकरणसम्बन्धी नै । यहाँ उनको उद्देश्य त नेपाली साहित्यमा माध्यमिक काल कुन पृष्ठभूमिमा देखापऱ्यो अर्थात् माध्यमिककालीन साहित्य भित्रिनुमा के-कस्ता कारणहरू पृष्ठभूमिका रूपमा रहेका थिए भन्ने खुट्याउनु रहेको छ ।

### ४.४.३.२ कालविभाजन र साहित्य

काल वा समय वास्तवमा खण्डरहित वस्तु हो । एउटा नदीको पानीझैँ यो पनि निरन्तर रूपमा आफ्नो गन्तव्यस्थलतर्फ अघि बढिरहेको हुन्छ । यद्यपि कुनैपनि विषयमा गहन अध्ययन गर्न त्यसका विविध पाटाको अध्ययन गर्नुपर्ने हुन्छ जसमा समयको मह,वपूर्ण भूमिका रहन्छ । इतिहास पल्टाएर हेर्ने हो भने नेपाली साहित्यमा मात्र होइन हरेक क्षेत्रमा समयलाई विभाजन गरेर हेर्ने परम्परा रहेको प्रष्ट हुन आउँछ ।

कुनै पनि भाषाको साहित्येतिहास लेख्नु वास्तवमा सामान्य कुरा होइन र त्यसमा सबैकुरा सत्यै हुन्छन् भन्ने पनि छैन । साहित्येतिहासमा तिथिमिति, कृति, कृतिकारका साथै विभिन्न आन्दोलन तथा घटनावलीहरू तथ्यपूर्ण हुन्छन् तर कालविभाजन भने तथ्यपूर्ण र यथार्थ नहुनसक्छ ।[९१] साहित्यको कालविभाजन प्राप्त तथ्यको आधारमा गरिन्छ तर तत्पश्चात्को खोज-अनुसन्धानबाट प्राप्त भएका साहित्य एवम् साहित्यकारहरूले उक्त कालविभाजनलाई त्रुटिपूर्ण सावित गरिदिन सक्छन् । यस अर्थमा क्रोचेको अभिव्यञ्जना स्वीकारेर कालविभाजन नै नगर्दा सरल पर्ने महसुस हुन्छ । यद्यपि अन्त्यमा उनले नै वाह्य कलाको रूपमा स्वीकारिसकेको साहित्यलाई व्यावहारिक उद्देश्यपूर्तिका लागि वर्गीकरण गर्ने परम्परा बसिसकेको छ र यसलाई सोही उद्देश्यपूर्तिका लागि विभाजन गर्नुपर्ने धारणा समालोचक आचार्यको रहेको छ ।

### ४.४.३.३ नेपाली साहित्यको कालविभाजन र माध्यमिक काल

नेपाली साहित्यको माध्यमिक काल भन्नाले प्राथमिक काल र आधुनिक कालका बीचको समयावधि हो । यस कुरामा सबैजसो समालोचकहरूले सहमती जनाएपनि कालखण्डको नामकरण र सीमाङ्कनसम्बन्धमा भने केही मतभेदहरू देखापरेका छन् । तीमध्ये थोरै मतभेदबाहेक अन्यतर्फ दृष्टि दिने हो भने तिनको नामकरणमा मात्र विवाद रहेको

---

[९१] दयाराम श्रेष्ठ, साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ (काठमाडौँ, त्रिकोण प्रकाशन, २०५९), पृष्ठ-३१

देखिन्छ र बिस्तारै ती मतभेद पनि कम हुँदै आएको महसुस हुन्छ । प्रस्तुत शीर्षक अन्तर्गत आचार्यले नेपाली साहित्यको कालविभाजनका क्षेत्रमा देखिएका नामकरण तथा समय सम्बन्धी मतभेदलाई उल्लेख गरेका छन् ।

उपर्युक्त दुई मतभेदहरूमध्ये आचार्यले यहाँ सर्वप्रथम नामकरणसम्बन्धी विवादलाई स्पष्ट पार्ने काम गरेका छन् । विभिन्न नाम दिएपनि इतिहासलाई आदि वा प्राथमिक (प्राचीन) काल, मध्य वा माध्यमिक काल र आधुनिक काल गरी विभाजित गर्ने परम्परा सार्वभौम देखिएको छ र यही प्रक्रिया नेपाली साहित्यअन्तर्गत पनि प्रतिष्ठित छ । त्रिभुवन विश्वविद्यालयले लागू गरेका प्रमाणपत्रदेखि स्नातकोत्तर तहसम्मका पाठ्यक्रमले पनि यही नामलाई स्वीकृत गरेकोले नामकरणसम्बन्धी विवादलाई प्रभावशाली तथा उल्लेख्य मान्न नमिल्ने धारणा यहाँ अघि सारिएको छ ।

मतभेदको दोस्रो क्षेत्र समयविभाजनसम्बन्धी हो । केही विद्वानहरूले नेपाली भाषाको उत्पत्तिसँगै नेपाली साहित्यको प्राथमिक काल प्रारम्भ भएको स्वीकारेका छन्, यद्यपि भाषा र साहित्य अलग-अलग हुन् भन्ने सर्वस्वीकृत् भइसकेको परिप्रेक्ष्यमा भाषाको उत्पत्तिसँगै साहित्यको प्राथमिक काल प्रारम्भ भएको हो भन्ने आधार आफैँमा खण्डित छ । त्यस्तै दोस्रो कुरातर्फ दृष्टि दिँदा केही विद्वान भानुभक्त र मोतिरामलाई प्राथमिक कालीन कविको रुपमा राखी लेखनाथबाट मात्र माध्यमिक काल प्रारम्भ भएको स्वीकार्छन् तर भानुभक्त र मोतीरामबीचको टड्कारो भिन्नताले उक्त धारणालाई खण्डन गरिसकेको छ । यिनै विविध आधारहरूबाट नेपाली साहित्यको प्राथमिक काल पृथ्वीनारायण शाहको विजयअभियानसँगै प्रारम्भ भएको अनि वि.सं. १९४० देखि चाहिँ माध्यमिक काल सुरु भएको र वि.सं. १९७४ सम्म रहेको कुरा यहाँ समालोचकले स्पष्ट पारेका छन् । यसरी माध्यमिक काल सुरु हुनुमा विविध कारणहरू पृष्ठभूमिका रूपमा देखापरे जसलाई आचार्यले प्रस्तुत समालोचनामा सामान्य चर्चा गरेका छन् ।

### ४.४.३.४ राजनैतिक-प्रशासनिक पृष्ठभूमि

नेपालको इतिहासमा एउटा 'कालो घटना' का नामले कुख्यात भएको कोतपर्व (वि.सं. १९०३) ले ल्याएका दुष्परिणामहरूमध्ये एउटा कुपरिणाम थियो जङ्गबहादुर राणाको एकतन्त्री शासनले अड्डा जमाउनु । अस्थिर राजनीतिक शासनव्यवस्था भएको समयमा जङ्गबहादुरको उदय आवश्यक महसुस गरिएपनि उक्त शासनव्यवस्था जनमुखी नभएको

स्वीकार्न भने सकिन्छ ।[९२] जङ्गबहादुरबाटै सुरु भएको हत्याहिंसामार्फत् सत्ताप्राप्तिको खेलले अझ व्यापकता लिँदै गएको थियो जसका कारण राजनैतिक-प्रशासनिक स्थिति, राष्ट्रिय जागरण र जातीय उत्थानका दृष्टिले राणाशासनकाल उत्साहजनक थिएन, बरु त्यसको ठीक विपरीत त्यो थियो त्रास, कुण्ठा र निराशाले व्याप्त स्थिति । राणाशासकहरूमा जसरी हुन्छ अरुलाई पदच्युत गर्ने र आफू माथि गई मोज गर्ने परिपाटी बस्दै गयो । यसरी घात-प्रतिघातको राजनीति चल्दै गयो ।

राजनीतिक क्षेत्रमा झैँ प्रशासनिक क्षेत्रमा पनि त्यस्तो प्रवृत्ति बस्यो । शासनमा विकेन्द्रीकरणको साटो केन्द्रीकरणको प्रवृतिले जरा गाड्यो । प्रशासनिक क्षेत्रमा राणाहरूकै हुकुम चल्थ्यो । उनीहरूलाई रिझाउन सके योग्यताको आवश्यकता पर्दैनथ्यो । कानुनमा असमानता थियो । जनताका निम्ति बनेको कानुनले राणाहरूलाई असर पार्दैनथ्यो । उनीहरूको बोलीले कानुनलाई उल्टाइदिन सक्थ्यो ।

यसरी राजनीतिक-प्रशासनिक क्षेत्रमा उनीहरू स्वयंले गरेका कुकृत्यका कारण शासकवर्ग भयमुक्त भने कहिल्यै हुन सक्दैनथे । शङ्काउपशङ्काका कारण उनीहरू सधैँ त्रसित थिए भने शासकीय उत्थान-पतनले असर पर्ने मध्यमवर्ग उनीहरूकै गुणगान गाउने र चाकरी गर्ने गर्न थाले । यसरी राणाहरूको गुणगान गाउने परम्पराले स्तुतिसाहित्यको जन्म भयो भने शङ्कै-शङ्का गर्नुपर्ने र आन्तरिक रूपमा सधैँ द्वन्द्वमय स्थितिमा रहनुपर्ने शासकसमूह र उच्चवर्ग भोगविलासतर्फ झुकाव राख्न थाल्यो । यस्तो स्थितिमा विदेशी किस्सा-कहानी, थिएटर आदिको परिपाटी बस्न थाल्यो जसको प्रभावले नेपाली साहित्यको फाँटमा पनि शृङ्गारमूलक साहित्यको सिर्जनाले व्यापकता पायो । यसरी नेपाली साहित्यमा देखापरेका राजनैतिक-प्रशासनिक उतारचढावले नेपाली साहित्यमा माध्यमिक काल भि^यायो ।

### ४.४.३.५ ऐतिहासिक पृष्ठभूमि

श्री ५ पृथ्वीनारायण शाहबाट सुरु भएको नेपालको एकीकरण अभियानले सम्पूर्ण जनतामा शौर्य र वीरताको भावना व्याप्त थियो भने साहित्यकारमा पनि त्यसको प्रत्यक्ष प्रभाव परेको थियो तर वि.सं. १८७२ को सुगौली सन्धिले सम्पूर्ण जनता मर्माहत भए, परिणामस्वरूप उनीहरूमा निराशा छाउन थाल्यो । यसबाट साहित्यमा मौलाएको वीरधारालाई छोडेर भक्तिधारायुक्त साहित्यरचना गर्ने परिपाटी बस्न थाल्यो । रणबहादुर

[९२] शरदचन्द्र शर्मा भट्टराई, पूर्ववत्, पृष्ठ-३९

शाहकै पालादेखि राजाले अपरिपक्क उमेरमै राज्यभार सम्हाल्नुपर्ने स्थिति एकातिर आयो भने अर्कातिर कोतपर्व गराउँदै प्रधानमन्त्रीत्व ग्रहण गरेका जङ्गबहादुरपछि जालझेलपूर्ण घटना घट्नुका साथै अझ अस्थिर राजनीतिको प्रारम्भ भयो अर्थात् सत्ताप्राप्ति र सम्पन्नता भन्ने कुरा क्षीण मात्र हुनथाल्यो । अतः आफ्नो क्षणिक कार्यकाल भोगविलासमा रमाएर बिताउने रहर शासकवर्गमा देखापरेपछि उनीहरूबाट शृङ्गारमूलक साहित्यको चाहना राखिनुका साथै साहित्यकारमा पनि टिकाउ र लाभका निम्ति शृङ्गारमूलक र स्तुतिपरक लेखहरू लेख्ने परम्परा बस्न थाल्यो जसले नेपाली साहित्यमा माध्यमिक काल भि^याएको राय समालोचकको छ ।

### ४.४.३.६ सामाजिक-साँस्कृतिक पृष्ठभूमि

वि.सं. १९०६ मा सम्पन्न जङ्गबहादुरको बेलायतयात्राले अन्धविश्वास र कुरीतिमूलक धारणालाई हटाउने प्रयास गऱ्यो तर उक्त यात्रासँगै भित्रिएका बेलायती संस्कृतिका दुर्बल पक्षहरूले चाहिँ नेपाली संस्कृतिलाई अवमूल्यनतर्फ लगेको प्रष्ट हुन आउँछ । त्यस्तै गरी उक्त यात्राले सम्पन्न बेलायतीझैँ भोगविलासमा रमाएर जीवन बिताउने प्रवृति राणाहरूमा देखापर्न थाल्यो । परिणामस्वरूप राणाहरूकाबीच शासन हत्याउने आपसी खिचातानी सुरु भयो जसले रणोद्वीपसिंहको हत्या गर्ने जस्तो कुकृत्य गर्नसमेत उनीहरुलाई पछि पारेन । यस्ता-यस्ता नरसंहार र बन्धुहत्या गर्दै शासन हत्याउन तल्लीन राणाशासकवर्ग नैतिकताबाट तल गिरिसकेका थिए । समाजमा धार्मिक, साँस्कृतिक, सामाजिक नैतिकताको अवमूल्यन भइरहेको थियो । यस्तो अवस्थामा शासकवर्ग विदेशी संस्कृति भि^याउने कार्यमा तल्लीन थिए भने मध्यमवर्ग उनीहरूसँग नजिक हुनु नै उचित ठानिरहेका थिए । यस किसिमको परिस्थितिले तत्कालीन साहित्यकार एवम् साहित्यमा प्रभाव पार्नु नौलो कुरा होइन । फलस्वरूप नेपाली साहित्यमा माध्यमिक काल प्रारम्भ भएको निर्क्योल यसमा निकालिएको छ ।

### ४.४.३.७ आर्थिक पृष्ठभूमि

राणाशासनकालमा सर्वसाधारण जनताहरू शिक्षाको अवसरबाट पूर्णतः बञ्चित हुनुका साथै सामान्य ढाँचाले खेतीपाती, बनिबुतो गरेर जीवन गुजारिरहेका हुन्थे । त्यसमा पनि बाढी-पहिरो, भूक्षय आदिले भोक, रोग र दुःखको सिकार हुनुपर्ने उनीहरूको बाध्यता

थियो । यस्तो स्थितिमा उनीहरू भाग्यवादी, रुढिवादी, अन्धविश्वासी हुनाका साथै देवदेवी, भूत, बोक्सी मान्न विवश थिए र संस्कार नै सोही अनुरूपको बस्दै गयो । भूदेवका रूपमा रहेका मालिकप्रति श्रद्धा गर्दै उनीहरूकै झुठो गुणगान गाउने र उनीहरूलाई खुसी राख्न उनीहरूकै इच्छानुरूपका शृङ्गारमूलक साहित्यसिर्जना गर्ने परम्परा बस्न थाल्यो ।[९३] समालोचकका अनुसार यसरी नेपाली साहित्यले कोल्टे फेऱ्यो र प्राथमिक कालको समापनसँगै माध्यमिक कालको प्रारम्भ भयो ।

### ४.४.३.८ निष्कर्ष

समालोचक नरहरि आचार्य कुनै पनि विषयको वर्णनमा विश्लेषणपरक दृष्टि राखी विषयका राम्रा-नराम्रा पक्षको वस्तुनिष्ठ ढाँचाले विवेचना गर्ने व्यक्ति हुन् । प्रत्येक विषयको सूक्ष्म दृष्टिले खोजी गरी सूक्ष्मातिसूक्ष्म जानकारी गराउन खोज्नु उनका हरेक समालोचनाको गहनतम पक्ष हो । प्रस्तुत समालोचनामार्फत् पनि आचार्यले नेपाली साहित्यको सूक्ष्म अध्ययनपश्चात् तटस्थ भएर माध्यमिककालीन सीमावधि तोक्नाका साथै माध्यमिक काल सुरु हुनुमा देखिएका कारणहरूलाई विश्लेषणका साथ पाठकसमक्ष ल्याएका छन् । नेपाली साहित्यका क्षेत्रमा आ-आफ्ना दृष्टिकोण अघि सारी कालविभाजन गर्ने प्रवृति धेरै अगाडिदेखि देखापर्दै आएको हो । यद्यपि त्रि.वि. केन्द्रीय विभागले त्रिकालिक अवधारणा अघि सारी वि.सं. १९४० देखि वि.सं. १९७४ लाई माध्यमिक कालका रूपमा सीमाङ्कन गरेको छ । त्यस्तै नेपाली साहित्यको माध्यमिक काल मुख्यतः शृङ्गारिक र अंशतः स्तुतिपरक एवम् अन्य भावयुक्त काल हो । यसरी माध्यमिक कालमा उपर्युक्त भावमय साहित्यसिर्जना हुनुमा के-कति कारणहरू थिए भनेर खुट्याउनु नै प्रस्तुत समालोचनाको मुख्य लक्ष्य हो ।

निचोडमा नेपाली साहित्यका मान्यताप्राप्त अवधारणालाई नै अघि सार्नु र थोरबहुत तिनका पृष्ठभूमि उल्लेख गर्नु प्रस्तुत समालोचनाका सबल पक्ष हुन् भने माध्यमिक काल भि^याउने खास कृतिको उल्लेख नगर्नु, माध्यमिक कालमा रचना गरिएका कृतिको चर्चा एवम् कृतिगत विवेचना नगर्नु र माध्यमिक काल निम्त्याउने सम्पूर्ण कारणहरू उल्लेख गर्न नसक्नु यसका दुर्बल पक्षहरू हुन् । यद्यपि उपलब्ध हुँदै जाने सामग्रीले यसका दुर्बल पक्ष हटाउँदै जाने कुराको भने अपेक्षा गर्न सकिन्छ ।

---

[९३] ऐजन, पृष्ठ-५१

## ४.४.४ विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा' उपन्यासले प्रस्तुत गरेको जीवनदर्शन

### ४.४.४.१ विषयविश्लेषण

दर्शन शब्दको उत्पत्ति दर्शनार्थक दृश् धातुबाट भएको हो । देख्नु वा अवलोकन गर्नु अर्थबोधक दर्शन शब्दको निर्माण दृश् धातुमा ल्युट् प्रत्ययको मेलपछि हुन्छ । दर्शन भन्नु विचारको अर्को नाम पनि हो ।[९४] "दृश्यले अनेन इति दर्शनम्" अर्थात् जसबाट देख्न सकिन्छ त्यो नै दर्शन हो । यसरी दर्शनको सामान्य अर्थ देख्नु वा जान्नु भएपनि दर्शनशास्त्रमा यसले भिन्न अर्थ राख्छ । यस अनुसार दर्शन भनेको परमतत्व वा सत्यको प्रकृति् स्वरूपलाई देख्नु, जान्नु वा अवलोकन गर्नु भन्ने हुन्छ ।[९५]

भौतिकवादी दर्शन एउटा सिद्धान्त हो जसअनुसार परमतत्वको स्वरूप भौतिक हो । भौतिकवाद अनुसार विश्वको मूल आधार जड तत्व हो । यसै आधारबाट विभिन्न वस्तुहरू निर्माण भएका हुन् । यो विश्वमा यस्तो कुनै कुरा छैन जुन अभौतिक छ ।[९६] भौतिकवादले विश्वको व्याख्या प्राकृतिक नियमहरूबाट गर्छ । यस सिद्धान्तअनुसार विश्वको निर्माण, विकास र ह्रास सबै प्राकृतिक नियमबाट भएका हुन् । यसका लागि कुनै अलौकिक शक्तिको आवश्यकता पर्दैन । यो सिद्धान्त प्रकृतिवाद वा प्रकृतवादको समर्थक सिद्धान्त हो । यसले भौतिक वा लौकिक जगतलाई नै वास्तविक जगत मान्छ र त्यसबाहेक कुनै पनि जगत वा संसारको अस्तित्व स्वीकार्दैन । भौतिकवाद अनीश्वरवादी सिद्धान्त हो । ईश्वरीय सत्ताको विपक्षमा यो सिद्धान्त अघि बढेको छ ।[९७] त्यस्तै भौतिक दर्शनको ठीक विपरीत सिद्धान्तको रूपमा आध्यात्मिक दर्शन आएको छ । ईश्वरीय सत्तालाई यसले अधिकतम मह,व दिन्छ । पाप-पुण्य, स्वर्ग-नर्क, आत्मा-शरीर, आस्था-अनास्था, प्रेम-तपस्या आदि स्वीकार्दै त्यसैअनुरूपको जीवनप्रणालीप्रति यसले सहमति जनाउँछ ।[९८] यज्ञ, धर्म-कर्म, नियम-साधनालाई आध्यात्मिक दर्शनले पापबाट मुक्तिका निम्तिको प्रयासका रूपमा लिन्छ । अहिलेको सुख-आनन्द क्षणिक हुने र मोक्षप्राप्तिपछि प्राप्त सुख चीरस्थायी हुने भएकोले

[९४] वीरेन्द्रप्रसाद मिश्र, **दर्शनशास्त्र एक परिचय** (काठमाडौँ : श्रीमती श्यामा मिश्रा, २०४०), पृष्ठ-३
[९५] कृष्णकान्त अधिकारी, **पञ्चदशी** (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२७), पृष्ठ-६
[९६] वीरेन्द्रप्रसाद मिश्र, पूर्ववत्, पृष्ठ-५०
[९७] ऐजन, पृष्ठ-५०
[९८] अर्जुन पौडेल, *विश्वेवरप्रसाद कोइरालाको उपन्यास : एक अध्ययन*, **पूजा** (वर्ष ५, अङ्क ९, २०३५), पृष्ठ-१४

चीरस्थायी सुख-आनन्दको लागि वर्तमान सुखलाई परित्याग गरी सत्कर्मतिर लाग्नुपर्ने धारणा यसले अघि सारेको छ ।[९८]

भौतिक र आध्यात्मिक दर्शनको सामान्य चर्चापछि जीवनदर्शनतर्फ ध्यान पुऱ्याउनुपर्ने हुन्छ । जीवनदर्शन भनेको जीवनलाई हेर्ने वा मूल्याङ्कन गर्ने दृष्टिकोण हो । जीवनदर्शन भन्नु उद्देश्य हो । परोक्ष होस् या प्रत्यक्ष कृतिमा लेखकले निश्चित उद्देश्य राखेकै हुन्छ । कुनै पनि कृतिमा रचनाकारले जीवन र जगत्प्रतिको दृष्टिकोण कलापूर्ण तवरले प्रस्तुत गर्नुपर्छ । उपन्यासमा पनि उक्त लक्ष्य राखिएको हुन्छ । उपन्यासमा कथानक, चरित्र, शैली आदिलाई कलात्मक आवरण दिएर प्रस्तुत गर्दा कृतिको मूल्य बढ्नाका साथै कृति जीवन्त र रोचक पनि बन्छ ।[९९] **सुम्निमा** यसै तथ्यलाई मध्यनजर गरी रचना गरिएको उपन्यास हो अर्थात् यसमा जीवनलाई अलग-अलग जातीयपरम्परा, संस्कृति र विचारधारा अँगालेका आध्यात्मिक र भौतिक दृष्टिकोणबाट हेर्ने प्रयास गरिएको छ र उपन्यासमा व्यक्त सोही विचारधारालाई निष्पक्ष एवम् विश्लेषणात्मक दृष्टिकोणका साथ प्रस्तुत गर्ने काम समालोचक नरहरि आचार्यले गरेका छन् ।

**सुम्निमा** उपन्यासले मुख्यतया दुई किसिमका जीवनदर्शनलाई अभिव्यक्त गरेको छ भने तिनका अतिरिक्त अन्य केही जीवनदर्शन पनि यसमा व्यक्त भएका छन् । प्रस्तुत समालोचनामा समालोचक नरहरि आचार्यले उपन्यासमा प्रकटित तिनै जीवनदर्शनसम्बन्धमा प्रकाश पार्ने काम गरेका छन् ।

**सुम्निमा** उपन्यासमा अभिव्यक्त मुख्य जीवनदर्शन भनेको समन्वयवादी जीवनदर्शन हो । उपन्यासमा भौतिकवाद र अध्यात्मवाद, किराँती संस्कृति र आर्यसंस्कृति तथा शरीर र आत्माको द्वन्द्वलाई चरमचुलीमा पुऱ्याइनुको साथै भौतिकवादी पात्रहरूबीच द्वन्द्वस्थापना गर्दै दुबै दर्शनका प्रतिनिधिपात्रको पृथक-पृथक जीवनलाई असफल प्रमाणित गरेर दुबैको समन्वयबाट मात्र मानवजीवन सार्थक हुनेतर्फ सङ्केत गरिएको छ । हुनत सोमदत्तको आर्यपरम्परानुसारको आत्मवादी-अध्यात्मवादी सन्यासी जीवनदर्शनलाई सुम्निमाको किराँत परम्परानुसारको भौतिकवादी-देहवादी जीवनदर्शनको अपेक्षा कतिपय सन्दर्भमा कमजोर प्रमाणित गरिएको छ तर यसबाट सोमदत्तको उक्त जीवनदर्शनलाई पूर्णतः हारेको स्वीकार्न मिल्दैन किनकि सोमदत्तले विवाह नगर्ने चाहनालाई पूरा हुन नदिएर समन्वयोन्मुखतातर्फ लेखकको झुकाव रहेको तथ्योद्घाटन आचार्यले यसमा गरेका छन् ।

---

[९८] विश्वेश्वरप्रसाद कोइराला, **सुम्निमा**, सा. सं (ललितपुर : साझा प्रकाशनको कार्यालय, पुल्चोक, २०६१, पृष्ठ-

[९९] वीरेन्द्रप्रसाद राई, **सुम्निमा उपन्यासको कृतिपरक अध्ययन**, स्नातकोत्तर त्रि.वि.शोधपत्र, नेपाली केन्द्रीय विभाग-२०५५

सोमदत्तले आफ्नो जीवनको उत्तरार्द्धमा आफूलाई पराजित अनुभव गरेको छ र यससम्बन्धमा आचार्यको विचार के छ भने आध्यात्मिक चिन्तनलाई व्यावहारिक जीवनसँग मिलाउन नसक्दा यो स्थिति उत्पन्न भएको हो किनकि जीवनभोगाइ क्रमिक रूपमा या सुल्टो हुँदा आध्यात्मिकताकै पक्षधर भएपनि सोमदत्तका पिता सूर्यदत्तलाई जीवनको उत्तरार्द्धमा कुनै अफशोच भएको छैन । त्यस्तै सुम्निमामा पनि भौतिकवादी या देहवादी प्रवृतिप्रतिको एकोहोरो झुकावबाट जीवन सार्थक हुन नसक्ने अनुभूति उपन्यासकारले पटक-पटक गराएका छन् । यसआधारमा पनि उपन्यासकारले प्रस्तुत उपन्यासका माध्यमबाट समन्वयवादी जीवनदर्शनतर्फ सङ्केत गर्न खोजेको स्पष्टोक्ति आचार्यको छ । यसरी मानवजीवनको अभीष्ट पूरा गर्न कुनै एक दर्शनको अनुशरण गरेर सम्भव
छैन, बरु त्यसको लागि समन्वयका साथ अघि बढ्नु आवश्यक भएको उपन्यासकारको आशयलाई विश्लेषणात्मक ढाँचाले पुष्टि गर्ने काम प्रस्तुत समालोचनामा भएको छ ।

**सुम्निमा**मा अभिव्यक्त दोस्रो जीवनदर्शन भनेको फ्रायडवादी यौनमनोवैज्ञानिक जीवनदर्शन हो र यो सिद्धान्त भनेको फ्रायडले प्रतिपादन गरेको सिद्धान्त हो । मान्छे यौनबाट परिचालित हुन्छ भन्नु नै उनको मूल मान्यता हो । यसले मान्छेका अन्तर्मनको गहिराईसम्म पुगेर मनका विभिन्न तहको अध्ययन-विश्लेषण गर्छ । **सुम्निमा** उपन्यासमा पनि जीवनलाई फ्रायडवादी सिद्धान्तानुरूप अर्थ्याउन खोजिएको छ । यसमा उपन्यासकारले व्यक्तिजीवनको प्रवृत्ति, चरित्रहरूको अध्ययनविश्लेषणमा यौनमनोवैज्ञानिक विश्लेषणसिद्धान्तलाई मूल आधारभूमि बनाएका छन् ।[१००] विभिन्न चरित्रहरूको चरित्रचित्रणमार्फत् उपन्यासमा यौनपक्षलाई मानिसको जीवनको अपरिहार्य विषयको रूपमा स्वीकार गरिएको छ । यति हुँदा-हुँदै पनि समालोचकद्वारा प्रस्तुत समालोचनामा उपन्यासमा व्यक्त फ्रायडवादी यौनमनोवैज्ञानिक जीवनदर्शनलाई खासै मह,व दिइएको छैन ।

फ्रायडवादले के स्वीकार्छ भने बाहिरी तहबाट देखिने जीवन मात्र जीवन होइन ; वास्तविक संसार भित्री तहमा हुन्छ ।[१०१] **सुम्निमा** पात्रको अन्तर्तहसम्म पुग्न सकेकोले यसको जीवनदर्शनलाई फ्रायडवादी भन्न सकिन्छ । मानस यौनसमागमपछि सोमदत्त र पुलोमाबीच वैमनस्यता बढेर जानु, दुबै एकान्तप्रिय बन्दै जानु जस्ता घटनाले उनीहरूमा भएको अतृप्त कामबासना वा यौनकुण्ठातर्फ सङ्केत गरेको छ भने दुबैले समागमपछि स्फूर्तिको महसुस गर्नु, उनीहरूमा आनन्दानुभूति जाग्रत हुनु आदिबाट उपन्यासमा यौनभागको तृप्ततातर्फ

[१००] वीरेन्द्रप्रसाद राई, पूर्ववत्, पृष्ठ-८९
[१०१] ऐजन, पृष्ठ-८९

सङ्केत गरिएको छ । उपन्यासमा आर्य-अनार्थ संस्कृति, आत्मा र शरीरको विश्लेषण तथा योग र भोगको द्वन्द्वभित्र यौनप्रबलतालाई प्रष्ट्याउने काम उपन्यासकारद्वारा गरिएको छ । यौन असन्तुष्टिकै कारण सोमदत्त र पुलोमाको जीवन ईर्ष्या, कलह, प्रतिशोध आदिको भावनाले ग्रस्त छ भने सुम्निमाले पनि आफ्नो जीवनमा अपूर्णता महसुस गरेकी छे । जीवनका निम्ति अपरिहार्य यौनका प्रेम र जीवनशक्ति जस्ता रूपका बिरुद्धमा गएकैले सोमदत्तलाई अन्तिम अवस्थामा व्यर्थताबोधले गाँजेको हो ।[१०२] यसरी हेर्दा समन्वयवादी जीवनदर्शनकै हाराहारीमा यसमा यौनमनोवैज्ञानिक जीवनदर्शन अभिव्यक्त छ । यति भएर पनि समालोचक आचार्यले प्रस्तुत समालोचनामा फ्रायडवादी जीवनदर्शनलाई मुख्य केन्द्रबिन्दु बनाई चर्चा भने गरेका छैनन् ।

### ४.४.४.२ निष्कर्ष

प्रस्तुत समालोचनामा समालोचक नरहरि आचार्यले **सुम्निमा** उपन्यास रचना गर्नुको पृष्ठभूमि उल्लेख गर्दै उपन्यासमा व्यक्त जीवनदर्शनका सम्बन्धमा प्रष्ट पार्ने प्रयास गरेका छन् । दुईवटा दार्शनिक धरातलस्थापना गरेर पनि उपन्यासकारको सहानुभूति किराँतवाला सुम्निमाप्रति रहेको यद्यपि अध्यात्मप्रतिको नितान्त विरोध उपन्यासकारको लक्ष्य नभएको दृष्टिकोण यसमा अघि सारिएको छ ।

माथि उल्लेख भएका दुईवटा जीवनदर्शनका अतिरिक्त **सुम्निमा** उपन्यासमा अन्य जीवनदर्शन पनि समाविष्ट छन् र तिनको बारेमा सामान्य चर्चा प्रस्तुत समालोचनामा गरिएको छ । आचार्यरचित यस समालोचनामा अभिव्यक्त त्यस्ता अन्य जीवनदर्शनहरूमा नैतिकता, युद्ध, शान्ति र सम्झौता आदि हुन् । मानवजीवनको अपरिहार्य वस्तुको रूपमा नैतिकतालाई निरूपण गर्न सकिन्छ तर अझ नैतिकता समय र परिवेशसापेक्ष हुनुपर्छ किनकि एउटा समाजले नैतिक ठहऱ्याएको वस्तु अर्को समाजका लागि अनैतिक ठहर्न सक्छ र एउटा समाजले अनैतिक ठहऱ्याएको वस्तु अर्को समाजका लागि नैतिक ठहर्न सक्छ । यति हुँदाहुँदै पनि सोमदत्तले अँगालेको जस्तो प्राकृतिकता बिथोल्न खोज्ने आडम्बरयुक्त नैतिकता ग्राह्य हुँदैन भन्ने जीवनदर्शन **सुम्निमा** उपन्यासमार्फत् उपन्यासकारले प्रकट गर्न चाहेको रहस्योद्घाटन प्रस्तुत समालोचनामा गरिएको छ ।

---

[१०२] अर्जुन पौडेल, पूर्ववत्, पृष्ठ-३४

त्यस्तै **सुम्निमा** उपन्यासमा अभिव्यक्त युद्ध, शान्ति र सम्झौतामूलक जीवनदर्शनका सम्बन्धमा पनि आचार्यले प्रस्तुत समालोचनामा सामान्य चर्चा गरेका छन् । सम्झौतालाई राजनीतिक शब्दावलीका रूपमा घेराबन्दी गर्न खोजिएपनि यसलाई उक्त सीमाङ्कन परिपाटीबाट बाहिर ल्याउनुपर्ने धारणा अघि सार्नुका साथै प्राकृतिक स्वरूपलाई भत्काउन कृत्रिम साधनको प्रयोग गर्दा युद्ध नरोकिने भएपनि युद्ध नै सबै कुराको प्राप्ति नभएको दृष्टिकोण यसमा अघि सारिएको छ । यति भएर पनि **सुम्निमा**मा व्यक्त जीवनदर्शनलाई समग्र कोइरालाको जीवनदर्शनका रूपमा उनी स्वीकार्दैनन् ; बरु कुनै पनि दर्शनको चौघेरामा बाँधिने प्रवृतिप्रतिको विद्रोह नै उनको खास जीवनदर्शन भएको दृष्टिकोण आचार्यले यसमा पस्केका छन् । समग्रमा **सुम्निमा**मा व्यक्त जीवनदर्शनलाई प्रस्तुत समालोचनामा जे-जसरी प्रस्तुत गरिएको छ, तिनलाई तथ्यपरक तथा विश्लेषणपरक भएको नकार्न भने सकिन्न ।

## ४.४.५ 'तीन घुम्ती' की इन्द्रमायाको दोस्रो घुम्ती : केही प्रश्नहरू

### ४.४.५.१ विषयविश्लेषण

प्रस्तुत समालोचनामा समालोचक नरहरि आचार्यले उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित **तीन घुम्ती** उपन्यासअन्तर्गत रहेको र विवादको केन्द्रबिन्दु बनेको दोस्रो घुम्तीका सन्दर्भमा देखापरेका मुख्य विवादहरूलाई विश्लेषणका साथ पाठकसमक्ष ल्याएका छन् । **तीन घुम्ती** उपन्यासकी नायिका इन्द्रमायाले जीवनको सोह्रौं, पच्चीसौं र सत्ताइसौं बसन्त पार गर्दा तीनवटा जटिलतम आत्मनिर्णयहरू गरेकी छे र तिनै आत्मनिर्णयहरू उपन्यासमा क्रमशः प्रेमघुम्ती, यौनघुम्ती र मातृघुम्ती बनेर आएका छन् । उपर्युक्त तीनवटा घुम्तीमध्ये दोस्रो घुम्तीका सम्बन्धमा उठेका विचारहरू पस्कँदै केही प्रश्नहरू अघि सार्नु यहाँ समालोचकको मुख्य ध्येय रहेको छ ।

**तीन घुम्ती** उपन्यासमा पहिलो घुम्ती प्रेम घुम्तीका रूपमा आएको छ । यसमा इन्द्रमायाको जीवनले खासै नयाँ विचार अघि सारेको छैन । पिताम्बरसँगको प्रेमका कारण उसले आमाबुवा, साथीभाइ एवम् जन्मघर त्याग्नुपरेको छ । उसले आमाबुवाको इच्छा पूरा गर्न सकेकी छैन । आमाबुवाले रोजेको केटासँग उसको विवाह नहुनाका साथै उनीहरूको इच्छाविपरीत पिताम्बरलाई पतिवरण गरेकी छे । त्यस्तै सत्ताइसौं बसन्त पार गर्दा

इन्द्रमायाको जीवनमा तेस्रो घुम्ती देखापरेको छ । पति र छोरीमध्ये एकलाई मात्र रोज्ने अवस्था आएपछि ऊ छोरीलाई साथमा लिई घर छाडेर हिँडेकी छे ।

यसरी उपन्यासमा प्रथम र तेस्रो घुम्ती सामान्य अवस्थामा आएका छन् अर्थात् उपर्युक्त दुबै घुम्तीमा इन्द्रमायाले गरेका आत्मनिर्णयहरू सर्वसाधारण जनजीवनमा घट्न सक्ने घटनामै आधारित छन् । यस आधारमा उपर्युक्त दुबै घुम्ती चर्चाको केन्द्रबिन्दु बनाउनलायक देखिँदैनन् र प्रस्तुत समालोचनामा समालोचकले तिनलाई त्यति मह,व दिएका पनि छैनन् । आचार्य भन्छन् - एउटी जवान केटीले आमाबुवाका चाहनाविपरीत प्रेमविवाह गर्नु आधुनिक समयमा नौलो कुरा होइन । त्यस्तै कुनै पनि कुरामा पति र पत्नीबीच विवाद सिर्जना हुनु र एउटाले घर छाडेर हिँडनुलाई पनि अनौठो मान्न मिल्दैन । उपर्युक्त दुई घुम्तीमा इन्द्रमायाको मात्र नारीअस्तित्वलाई उद्घाटन गर्न खोजेको हो किनकि परिणामको भोक्ता आत्मनिर्णय गर्ने व्यक्ति स्वयं हुने थाहा भएरै पनि नारीको परिपूर्ण व्यक्तित्व भनेको मूलतः नारीत्व र त्यसपछि मातृत्वमा हुने भएकोले नारी समाजभन्दा प्रेमी वा पतित्व र त्योभन्दा पनि बढी मातृत्वका निम्ति संलग्न रहन्छन्[१०३] र त्यो सामान्य नै पनि मानिन्छ । सोही अस्तित्ववादी धारणामुताविक नै इन्द्रमायाले पहिलो घुम्तीमा समाजलाई परित्याग गरी पिताम्बरलाई पतिवरण गरेकी हो भने तेस्रो घुम्तीमा पतिलाई पनि छोडेर छोरी लिएर हिँडेकी हो । जहाँसम्म उपन्यासको दोस्रो घुम्तीको प्रश्न छ, त्यो चाहिँ भिन्न प्रकारले प्रस्तुत भएको छ । प्रस्तुत समालोचनामा समालोचक नरहरि आचार्यले विवादास्पद र चर्चायोग्य दोस्रो घुम्तीकै बारे व्याख्या-विश्लेषण गर्दै केही प्रश्नहरू पाठकसामु प्रस्तुत गरेका छन् ।

**तीन घुम्ती** उपन्यास उपन्यासकारको वैचारिक चिन्तनमा आधारित उपन्यास हो । उपन्यासकी मुख्य पात्र इन्द्रमायालाई इद र सुपरइगोको द्वन्द्वबाट निर्मित नारीको रूपमा चित्रण गरिएको छ । पिताम्बरको अनुपस्थितिमा उसकै साथी रमेशबाट अनैतिक र अमर्यादित यौनसमागम इन्द्रमायाको प्रबलतम इदको आग्रहलाई दमन गर्न नसक्नाको उदाहरण हो ।[१०४] प्रेमी र पतिका रूपमा पिताम्बरलाई स्वीकारेर पनि इन्द्रमायाले रमेशसँगको प्रेमलाई सामान्य रूपमा लिनु नै विवादको केन्द्रीय कथ्य हो[१०५] र यही घटनाले

---

[१०३] डा. खेमनाथ कोइराला, **साहित्यकार विश्वेश्वरप्रसाद कोइराला**, तृ.सं (काठमाडौँ : श्रीविद्या प्रकाशन, वागबजार, २०५९), पृष्ठ ३५-३६

[१०४] कृष्णचन्द्र सिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार** तृ.सं (ललितपुर : साझा प्रकाशनको कार्यालय, पुल्चोक, २०५०), पृष्ठ-१८२

[१०५] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (काठमाडौँ : साझा प्रकाशन, २०५६), पृष्ठ-२१७

उपन्यासमा दोस्रो घुम्तीको सिर्जना गरेको हो । इन्द्रमायाले आफ्नो धारणापुष्टिका लागि प्रशस्त तार्किक बहसहरू पनि गरेकी छे । ती बहसहरू तथा उसका विविध क्रियाकलापका आधारमा उसलाई उच्छृङ्खल र अमर्यादित पात्रको रूपमा पनि कहींकसैले चित्रण गरेको पाइन्छ तर यसप्रति इङ्गित गर्दै समालोचक आचार्यले भनेका छन् - पुरुषप्रधान समाजले स्थापना गरेका यौननैतिकताका नियम पुरुषका लागि नैतिक ठहरिए पनि नारीका निम्ति उचित छैनन् । तसर्थ परम्परागत सोचाइ राख्नेहरूले उसलाई उच्छृङ्खल र अमर्यादित मान्नु नौलो कुरा होइन । त्यस्तै आधुनिक सोचाइ राखेर इन्द्रमायाको व्यवहारलाई सामान्य ठान्नेहरूले पनि व्यवहारमा उक्त सोचाइलाई लागू गर्न नसकेको धारणा आचार्यको छ किनकि **तीन घुम्ती** उपन्यासको पिताम्बर आधुनिक सोचाइ राख्ने प्रजातन्त्रको पक्षधर व्यक्ति हो । ऊ श्रीमतीलाई हेर्न र लिन अस्पताल जानुका साथै उसले खर्चको चाँजो मिलाउने चाह राखेबाट उसमा प्रजातान्त्रिक विचार विद्यमान देखिएपनि ऊ नवप्रसूना श्रीमतीसँग खुसी हुन सकेको छैन । रमेशसँगको यौनक्रियाबाट इन्द्रमायाले प्राप्त गरेको गर्भधारणलाई सम्झेर श्रीमतीको खुसीमा साथ दिएको भए उपन्यासको कथावस्तु न अघि बढ्ने थियो न त घुम्तीका रूपमा प्रस्तुत हुने थियो । यहाँ समालोचकको धारणा के छ भने पिताम्बर प्रजातन्त्रको पक्षधर व्यक्ति हो तर पनि नारीस्वतन्त्रतासम्बन्धमा उसको क्रियाकलाप बिल्कुल अस्पष्ट देखिएको छ ।

अर्कातिर इन्द्रमायातर्फ ध्यान दिँदा उसका तर्कहरू प्रभावशाली भएपनि पूर्णतः मनोवैज्ञानिक छैनन् भन्ने राय प्रस्तुत समालोचनामा अघि सारिएको छ किनकि सन्तान भन्नु नै आमाबुवाका बीचको सम्बन्धसूत्र हो तर रमा इन्द्रमायाकी छोरी भएपनि पिताम्बरकी छोरी चाहिँ होइन । अझ भन्ने हो भने पिताम्बरमाथि बिपत्ति आइपरेकै बेला ऊ जन्मिएकी छे । उपन्यासमा इन्द्रमायाका तर्कसामु पिताम्बर निरीह जस्तो देखिएपनि इन्द्रमायाले मानवीय कमजोरीप्रति दृष्टि नपुऱ्याएको सङ्केत समालोचकको छ ।

समालोचकले यहाँ दोस्रो घुम्ती सिर्जना हुनुका कारणहरूका सम्बन्धमा पनि आफ्नो दृष्टिकोण पस्किएका छन् । यस किसिमका कारणहरूमा पिताम्बरबाट इन्द्रमायाले मातृत्व ग्रहण गर्न नसक्नु पनि एक हो किनकि लामो समयसम्मको सहवासमा एकातर्फ उसले गर्भधारण गर्न नसकेको देखाइएको छ भने अर्कातर्फ दोस्रो विवाहपछि पनि पिताम्बरको कुनै सन्तान भएको सङ्केत गरिएको छैन । आचार्यले सङ्केत गरेको दोस्रो कारण इन्द्रमायामा रहेको यौनअतृप्ति हो । काखमा बालक खेलाउने रहर जागेको अवस्थामा पिताम्बर बन्दी भएपछि

रमेशको आग्रह स्वीकार्नु अदम्य तृप्तिका निम्ति उठाइएको स्वीकारोक्ति हो ।[१०६] त्यस्तै प्रस्तुत समालोचनामा औँल्याइएको तेस्रो या अन्तिम कारण भनेको आफ्नो कमजोरीलाई कमजोरीकै रूपमा नस्वीकार्नु तथा यथार्थतर्फ अग्रसर नहुनु हो । आफूलाई केटाकेटी मन नपर्ने धारणा राखेबाट पिताम्बरलाई आफूमा अनुर्वरता रहेको स्पष्ट छ तर उसले त्यसप्रति चिन्तन मात्र नगरेको हो भन्ने राय आचार्यको छ । त्यस्तै पिताम्बरमा अनुर्वरता छ भन्ने थाहा पाएरै पनि उसप्रतिको प्रेमले विवश भएर इन्द्रमायाले कुनै प्रतिक्रिया नजन्माएकी हो । यो यथार्थ थाहा भइसकेपछि या सन्तानप्राप्ति नहुने भएपछि धर्मपुत्र या पुत्री पाल्नतर्फ लाग्नुपर्थ्यो तर त्यस्तो भएन र त्यो नै दोस्रो घुम्तीतर्फ मोड्ने आधार बन्यो भन्ने सोचाइ समालोचक आचार्यको देखिन्छ ।

### ४.४.५.२ निष्कर्ष

समग्रमा **तीन घुम्ती** उपन्यास उपन्यासकारको वैचारिक मन्थनमा आधारित उपन्यास हो अर्थात् उक्त उपन्यासका माध्यमबाट उपन्यासकारले आफूमा रहेका विविध विचारहरूलाई प्रकट गर्ने काम गरेका छन् र प्रस्तुत समालोचनाका माध्यमबाट समालोचक आचार्यले **तीन घुम्ती** उपन्यासको दोस्रो घुम्तीमा देखापरेका विचारहरूलाई विश्लेषणका साथ स्पष्ट पारेका छन् । उपन्यासमा इन्द्रमाया र पिताम्बरबीच चलेको पटक-पटकको बहसबाट उनीहरूको सम्बन्धसूत्रका बीचको बाधक बनेर रमा देखापरेकी छे । यहाँ यसै सन्दर्भमा समालोचकले एउटा प्रश्न पस्केका छन् । उनीहरूबाट कुनै सन्तान हुन नसकेको अवस्थामा दुबैको नभएपनि इन्द्रमायाको सन्तानको रूपमा रमा जन्मिएको अवस्थामा त्यसलाई पिताम्बरले तिरस्कार गर्नाको कारण के हुनसक्छ ?

यसरी उपर्युक्त विवाद एवम् प्रश्न अघि सार्दै आचार्यले एकातिर पिताम्बरले इन्द्रमायाका प्रश्नको समुचित उत्तर दिन नसकेको खुलासा गरेका छन् भने अर्कातिर उपर्युक्त विवादहरू उपस्थित गराएर बहसका निम्ति पाठकसामु पेस गरेका छन् । **तीन घुम्ती** उपन्यासले चिन्तनको अराजकताका साथै उपन्यासकार कोइरालाको तर्कशीलतालाई विभिन्न पात्रका माध्यमबाट व्यक्त गरेको कुरा पनि समालोचकले प्रस्तुत समालोचनामा स्पष्ट पारेका छन् ।

---

[१०६] कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृष्ठ-३६६

## ४.४.६ नेपाली साहित्यको सन्दर्भमा सिर्जना तथा आलोचनाको सन्दर्भबारे केही अवधारणा

### ४.४.६.१ विषयविश्लेषण

साहित्य भनेको मानवीय जीवनजगत्को सिर्जनात्मक आलोचना हो । यो ललितकलाको एउटा भेद र वाङ्मयभित्रको एउटा शाखा हो ।[१०७] पाश्चात्य काव्यशास्त्री अरिष्टोटलले मानवजीवनलाई प्रकृतिको अनुकरण तथा साहित्यलाई मानवजीवनको अनुकरणका रूपमा लिई साहित्यमा पुनः सिर्जनात्मकतातर्फ जोड दिएका छन् ।[१०८] यसरी हेर्दा सिर्जनात्मक साहित्य नै पहिलो आलोचना ठहरिन आउँछ । जहाँसम्म समालोचनाको कुरा छ, विचारणीय छ । यति भएर पनि सिर्जना तथा आलोचना अलग विधा हुन् । यिनीहरूबीच प्रशस्त मात्रामा पृथक्पन विद्यमान छ । समालोचक नरहरि आचार्यले प्रस्तुत 'नेपाली साहित्यको सन्दर्भमा सिर्जना तथा आलेचनाको सम्बन्धबारे केही अवधारणा' शीर्षक समालोचनामा नेपाली साहित्यका यिनै दुई शाखा सिर्जना तथा आलोचनाबीच रहेका समानता एवम् असमानताका सम्बन्धमा चर्चा-परिचर्चा गर्दै समालोचकीय दृष्टिकोण अघि सार्ने काम गरेका छन् ।

काव्यशास्त्री अरिष्टोटलले सिर्जनात्मक साहित्यलाई नै पहिलो आलोचनाका रूपमा स्वीकारेका छन् । यद्यपि समालोचना भन्नु उनको धारणामा पनि केही अलग मह,व बोकेको साहित्यिक विधा हो । अर्को एक पक्ष छ जसले साहित्यमा रागात्मकतातर्फ जोड दिएको छ । यस भनाइको मूल आधारका रूपमा समालोचक आचार्यले क्रोचेले प्रस्तुत गरेका सैद्धान्तिक व्यापारका दुई शाखालाई अघि सारेका छन् । उनले सैद्धान्तिक व्यापारका दुई शाखा भनेर सहज ज्ञान र तार्किक ज्ञानलाई अघि ल्याएका छन् । उनको परिभाषामा आत्मामा प्रकट चित्र वा बिम्ब सहज ज्ञान हो भने बुद्धिजन्य उपलब्धि चाहिँ तार्किक ज्ञान हो । यसरी हेर्दा जसलाई हामी साहित्यका नामले पुकाछौं त्यो नै उनका दृष्टिमा बौद्धिक उपलब्धि वा तार्किक ज्ञान हो । यसबाट आलोचनात्मक साहित्यका अतिरिक्त सिर्जनात्मक साहित्य पनि बुद्धिजन्य हुन्छ भनेर सहजैसँग भन्न सकिन्छ । त्यस्तै आलोचनात्मक साहित्यमा पनि हार्दिक सिर्जनाको शून्यता हुन सक्दैन । यी त एकै रथका दुई पाङ्ग्रा हुन् भन्दै आचार्यले यसको

---

[१०७] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य** (काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, २०६०), पृष्ठ-४

[१०८] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** (काठमाडौँ : साझा प्रकाशन, २०३०), पृष्ठ ३८-४०

पुष्टिका लागि केही आलोचनात्मक तथा सिर्जनात्मक कृतिको उदाहरण दिएका छन् । जस्तै : - **चिसो चुल्हो**, **आगो र पानी** सिर्जनात्मक भएर पनि तिनमा प्रष्टैसँग बौद्धिकता छछल्किएको देख्न पाइन्छ भने आलोचनात्मक भएर पनि **समालोचनाको सिद्धान्त**, **नियमित आकस्मिकता** आदिमा सिर्जनात्मकता उच्चतर बिन्दुमा छ ।

उपर्युक्त आधारहरूबाट सिर्जना तथा आलोचनाबीच विद्यमान सम्बन्ध स्पष्ट हुन्छ । यद्यपि यिनीहरूबीच एकआपसमा असमानता पनि उत्तिकै रहेका छन् भन्ने दृष्टिकोण समालोचकको छ । उनको विचारमा उक्त असमानता या अन्तर कहिले मात्रात्मक हुन्छ भने कहिले रूपात्मक हुन्छ । आलोचनात्मक साहित्यमा बोद्धिकताको मात्रा ज्यादा हुन्छ भने सिर्जनात्मक साहित्यमा हार्दिकताको । त्यस्तै रूपात्मक अन्तरअन्तर्गत आलोचनात्मक साहित्यले वस्तुनिष्ठ भाषा तथा कठोर र रुखो शैलीको अपेक्षा गरेको हुन्छ भने सिर्जनात्मक साहित्यले आत्मपरक भाषा तथा सरल र कोमल शैलीको ।

सिर्जनात्मक साहित्य भन्नाले चल-अचल, चेतन-अचेतन प्रकृतिलाई आवश्यकतानुसार टिप्नु, टुक्र्याउनु र छोट्याउनु हो भने त्यसलाई कसरी टिपियो, टुक्र्याइयो तथा छोट्याइयो भनी मूल्याङ्कन गर्नु आलोचनात्मक साहित्य हो । सिर्जनात्मक साहित्यको अभावमा आलोचनात्मक साहित्यलेखन कठीन कार्य हुन आउँछ । यसरी हेर्दा सिर्जनात्मक साहित्यभन्दा धेरैपछि मात्र आलोचनात्मक साहित्यलेखनपरम्पराको प्रादूर्भाव भएको प्रष्टिन्छ । यो एउटा पक्ष हो भने अर्को पक्षअन्तर्गत यी दुईबीच अन्योन्याश्रित सम्बन्ध रहेको थाहा हुन आउँछ किनकि कसरी टुक्र्याइयो, टिपियो र छोट्याइयो भन्ने थाहा पाउन के टिपियो, टुक्र्याइयो तथा छोट्याइयो बुझ्नु नितान्त आवश्यक हुन्छ भन्ने दृष्टिकोण आचार्यले अघि सारेका छन् ।

सिर्जनात्मक साहित्य तथा आलोचनात्मक साहित्यबीच रहेको यस किसिमको सम्बन्ध नेपाली भाषालगायत विश्वका जुनसुकै भाषामा पनि हुन सक्ने विचार प्रकट गर्दै समालोचक आचार्यले सबैको चर्चा गर्न असम्भव भएको दर्शाउँदै नेपाली भाषाका तीन प्रमुख प्रसङ्गहरूलाई प्रस्तुत समालोचनामा यसरी प्रकट गरेका छन् । समालोचकले यहाँ पहिलो प्रसङ्गअन्तर्गत सिर्जनात्मक लेखनको प्रारम्भदेखि मोतिरामपूर्वको समयलाई लिएका छन् । नेपाली सिर्जनात्मक साहित्यको खोजी गर्दै जाँदा यसको इतिहास पृथ्वीनारायण शाहका समकालीन मानिएका उदयानन्दसम्म पुगिसकेको छ । यति भएर पनि नेपाली साहित्यमा आलोचनात्मक साहित्यको प्रारम्भका निम्ति मोतिरामरचित **कवि**

**भानुभक्ताचार्यको जीवनचरित्र** सम्म कुर्नुपऱ्यो । वास्तवमा सिर्जनात्मक साहित्य र आलोचनात्मक साहित्यबीच घनिष्ट सम्बन्ध हुन्छ । मोतिरामअगाडि साहित्यलेखनपरम्परा नभएको होइन तर त्यो साहित्यकारको एकान्तसाधनाका रूपमा केन्द्रित थियो । मोतिरामले साहित्यिक मण्डलीको स्थापना गरी एकातिर त्यसलाई सार्वजनीन चासोको विषय बनाइदिए भने अर्कातिर त्यसले एकअर्काका रचनामाथि टिकाटिप्पणी गर्ने परम्पराको प्रादूर्भाव गरायो । त्यति मात्र नभई मोतिरामले भानुका कृतिको खोज-अन्वेषण गरी जीवनचरित्र लेख्नाले नेपाली आलोचनात्मक साहित्यका क्षेत्रमा उक्त कार्यले थप बलसमेत प्रदान गऱ्यो । यसरी आलोचनात्मक साहित्यको लेखनारम्भ सिर्जनात्मक साहित्यसँगसँगै नभएपनि थोरै समयकै अन्तरालमै भयो । यति भएर पनि सिर्जनात्मक साहित्यसँगसँगै या सोहीअनुरूप द्रूततर गतिमा आलोचनात्मक साहित्यले प्रगति गर्न नसकेको राय आचार्यले व्यक्त गरेका छन् ।

दोस्रो प्रसङ्गका रूपमा आचार्यले मोतिरामपछिदेखि **शारदा**को प्रकाशन (वि.सं. १९९१) पूर्वको अवस्थालाई औँल्याएका छन् । यो अवधि सिर्जनात्मक साहित्यका हिसाबले उत्साहजनक थियो । चक्रपाणि, लेखनाथ, सोमनाथ, शम्भुप्रसाद आदि यस अवधिका उल्लेख्य साहित्यकार हुन् जसले सिर्जनात्मक साहित्यलाई हुर्काउन मह,वपूर्ण योगदान दिए भने आलोचनात्मक साहित्यलाई वीरेन्द्रकेशरी अर्याल **बेसरी**मार्फत् र राममणि आदी **कवितारीति**मार्फत् अघि बढाइरहेका थिए । **बेसरी** खासगरी भाषाको स्वरूपविश्लेषणमा केन्द्रित थियो भने **कवितारीति** कविताको छन्द, भाषा, अर्थ र विषयका सन्दर्भमा देखिएको मूल्यहिनतासम्बन्धको चर्चामा केन्द्रित थियो अर्थात् तत्कालीन समयको साहित्यमा देखापरेको शृङ्गारिक प्रवृत्तिका साथै हलन्तभाषाको विरोध यसले गरेको थियो । त्यस्तै गद्यतर्फ चक्रपाणि चालिसे लगभग एक्लो साधनारत थिए । अर्कातिर नाटकका क्षेत्रमा **मुटुको व्यथा** नाटक लिएर देखापरेका बालकृष्ण सम पनि प्रतिस्पर्धीविहिन थिए ।

यसरी उपर्युक्त सन्दर्भबाट **शारदा** पत्रिकाको प्रकाशनपूर्व नेपाली पद्यबाहेक गद्य तथा नाटकका क्षेत्रमा क्रमश चक्रपाणि चालिसे तथा बालकृष्ण सम एक्ला-एक्ला रूपमा साधनारत थिए । उनीहका प्रतिस्पर्धी कोही पनि थिएनन् जब कि आलोचनात्मक साहित्यको विकासका लागि तुलनीय साहित्य तथा साहित्यकारको आवश्यकता पर्छ । यस्तो स्थितिमा आलोचनात्मक साहित्य सहज रूपमा मौलाउन नसक्नुलाई ठूलो कुरा मान्न नमिल्ने दृष्टिकोण समालोचकको देखिन्छ ।

तेस्रो प्रसङ्गअन्तर्गत आचार्यले **शारदा**को प्रकाशन (१९९१) भन्दा पछिको समयलाई लिएका छन् । **शारदा** पत्रिकाको प्रकाशन र यसैको सेरोफेरोमा विभिन्न रचनाका माध्यमबाट सिर्जनात्मक साहित्यका क्षेत्रमा गुरुप्रसाद मैनाली, पुष्कर शमसेर, बालकृष्ण सम, वी.पी. कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, विष्णुचरण श्रेष्ठ, रुद्रराज पाण्डे, रूपनारायण सिंह आदि देखापरे जसको फलस्वरूप नेपाली सिर्जनात्मक साहित्यले आफ्नो गतिलाई तीव्रता दिँदै गयो ।

साहित्यको रचनामा देखापरेको यस किसिमको तीव्रताले आलोचनात्मक नेपाली साहित्यमा पनि प्रभाव पार्न थाल्यो । फलस्वरूप समालोचनात्मक भूमिका र लेखकपरिचयसहित प्रतिनिधि नेपाली कथासंग्रह **कथाकुसुम** लिएर सूर्यविक्रम ज्ञवाली आए । यद्यपि उनी लेखकको गुणवर्णनमै केन्द्रित देखिए । त्यस्तै वि.सं. १९९९ को **शारदा** पत्रिकामा अङ्क १ र ७ मा क्रमशः 'नेपाली साहित्यमा अंग्रेजी साहित्यको प्रभाव' र 'कविको धन' जस्ता आलोचनात्मक लेख लिएर समालोचक रामकृष्ण शर्मा देखापरे । उपर्युक्त लेखमार्फत् शर्माले सम र देवकोटा जस्ता वरिष्ठ साहित्यकारका सम्बन्धमा टीकाटिप्पणी गरेर आलोचनात्मक दृष्टिको नयाँ परिपाटी बसाएको थाहा हुन आउँछ किनकि त्यो समयावधि साहित्यकारका अवगुण लुकाउन योग्य ठान्ने परम्परा बस्दै आएकाले उपर्युक्त लेखहरू समालोचनात्मक मूल्यका दृष्टिले नवस्थापित बन्न पुगे । यिनबाट आलोचनात्मक दृष्टिको थालनी हुन खोजेको देखिएपनि सैद्धान्तिक नेपाली समालोचनाको निर्माण भने यिनमा पनि हुन नसकेको खुलासा प्रस्तुत समालोचनामार्फत् समालोचक आचार्यले गरेका छन् ।

### ४.४.६.२ निष्कर्ष

उपर्युक्त तीन प्रसङ्गहरूको उल्लेखबाट समालोचक आचार्यले सिर्जना तथा आलोचनाका बीचको निकटतम सम्बन्धका बारेमा सोदाहरण आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने काम गरेका छन् । यससम्बन्धमा उनको धारणा छ - जति धेरै प्रतिभाद्वारा लेखिएका विविध प्रकारका सिर्जनामा आधारित भई आलोचनात्मक साहित्यको रचना गरिन्छ, त्यति नै त्यो उत्कृष्ट र गम्भीर हुनपुग्छ । यसआधारमा मूल्याङ्कन गर्दा सिर्जनात्मक साहित्यरचनाको व्यापकतापछि मात्र आलोचनात्मक साहित्यको निर्माण सम्भव हुन्छ अर्थात् सिर्जनात्मक साहित्यको अनुगामी बनेर नै धेरैजसो आलोचनात्मक साहित्यको निर्माण भएको हुन्छ । यति हुँदाहुँदै पनि अर्थात् आलोचनात्मक साहित्यले अँगालेको विषयको औचित्य, अनौचित्य तथा

प्रस्तुतीकरणको लेखाजोखा गरेर सचेतकको भूमिका निर्वाह गर्न सक्छ तर आफैँ आदर्शनिर्माण गर्न सक्दैन । त्यसैले सफल आलोचकको काम स्रष्टाको सफलता बनेको स्वरूप भत्काउनु तथा साहित्यको स्वरूप पहिल्याउनु हो भन्ने धारणा प्रस्तुत समालोचनामा समालोचक आचार्यको छ । यसरी हेर्दा सिर्जना तथा समालोचना एकै सिक्काका दुई पाटाका रूपमा प्रमाणित हुन पुग्छन् । यद्यपि यिनीहरूको सम्बन्ध यति धेरै निकटतम भएपनि यसप्रति साहित्यकारले संवेदनशील हुनुपर्ने समालोचकीय दृष्टिकोण यसमा प्रकटित छ ।

## ४.४.७ नेपाली साहित्यमा साहित्यिक आन्दोलनको परम्परामा तरलतावाद

### ४.४.७.१ विषयपरिचय

*नेपाली साहित्यमा साहित्यिक आन्दोलनको परम्परामा तरलतावाद* शीर्षक समालोचना समालोचक नरहरि आचार्यद्वारा लेखिएको समालोचना हो । वि.सं. २०४४ मा तरलतावादको दोस्रो घोषणापत्र **पूर्वार्द्ध** (कविताप्रधान द्वैमासिक) मा प्रकाशित भइसकेपछि वि.सं. २०४६ तिर विचार एवम् धारणाका साथ फणीन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठद्वारा विधिवत् आरम्भ गरिएको तरलतावादका सम्बन्धमा आफ्ना धारणाहरू उनले पाठकसामु पस्केका छन् । नेपाली साहित्यको परम्परामा साहित्यिक आन्दोलनका रूपमा देखापरेको तरलतावादको घोषणा सँगसँगै यसको खण्डन तथा मण्डनका सन्दर्भमा समालोचकहरूद्वारा  विभिन्न पत्रपत्रिकाहरूमार्फत् सयौँ लेखहरू प्रकाशित गर्दै आइएका छन् । यसै परिप्रेक्ष्यमा तरलतावादको औचित्य र पहिचानलाई स्पष्ट पार्ने मूल ध्येयका साथ समालोचक आचार्यले प्रस्तुत समालोचनालाई अगाडि ल्याएका हुन् ।

### ४.४.७.२ नेपाली साहित्यिक आन्दोलनको परम्परामा तरलतावाद

साहित्यका क्षेत्रमा देखिएको विद्रोह वास्तवमा नकारात्मक नभएर सकारात्मक पक्ष नै मानिन्छ । यस किसिमका आन्दोलनहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपले समय-समयमा भइनै रहेका हुन्छन् । यसरी हेर्दा भाषा र भावका तहमा भानुभक्तले प्राथमिक कालमा आन्दोलन गरे भने अझ अघि बढेर क्रान्ति गर्दै मोतिरामले नेपाली कवितालाई शृङ्गारिकतातर्फ मोड्ने काम गरे । सोही परम्परालाई निरन्तरता दिँदै राममणि आदी, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, मोहन कोइराला आदिबाट पनि विभिन्न साहित्यिक आन्दोलनहरू भए ।

बिनाघोषणापत्र आएका भएपनि यिनले नेपाली साहित्यका क्षेत्रमा नयाँ काम मात्र गरेनन् कतिले त साहित्यमा युगपरिवर्तन गराउने समेत काम गरे । यही परिवेशमा अस्वीकृत जमात, बुट पालिस, राल्फा जस्ता फुटकर आन्दोलनहरू देखापरे भने दार्जीलिङबाट इन्द्रबहादुर राई, बैरागी काइँला र ईश्वरबल्लभको नेतृत्वमा आयामेली आन्दोलन पनि देखापऱ्यो । यसप्रकार साहित्यिक धरातलमा परम्पराभन्दा माथि उठ्ने जमर्कोका साथ २०४० सालमा अर्को आन्दोलनको प्रादूर्भाव भयो जुन तरलतावादका नामले सुपरिचित छ ।

नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्र लक्ष्मीप्रसाद देवकोटाको मृत्यु (वि.सं. २०१६) सँगसँगै नेपाली साहित्यका क्षेत्रमा प्रगतिवाद नामले परिचित नवीन कविताधारापरम्पराको प्रादूर्भाव भयो । त्यही परम्परामा आधारित हुँदै दार्जीलिङबाट आयामेली आन्दोलन सुरु भयो भने नेपालमा मोहन कोइरालाले प्रयोगवादी लेखनलाई दिशानिर्देश गरिरहेका थिए । त्यो अवस्थामा कवि र पाठकबीचको दूरी टाढिँदै गएको थियो । सोही परिप्रेक्ष्यमा वि.सं. २०३६ तिर सडक कविताक्रान्तिको प्रारम्भ भयो जसले कवितामा देखिएको सम्प्रेषणको कमीलाई घटाउँदै लग्यो । यसबाट पनि अघि बढेर कवितासिर्जनातर्फ निरन्तर लाग्ने र त्यसैप्रति संघर्ष गर्ने कविहरू आ-आफ्नो अलग पहिचानको प्रस्तुतिका निम्ति लागिपर्न थाले जसको प्रतिफलस्वरूप तरलतावादको स्थापना हुनपुग्यो । यसरी विविध मूल्यमान्यताका साथ स्थापना हुने क्रममा परम्पराप्रतिको विद्रोह तथा नयाँ गोरेटोको खोजीका क्रममा तरलतावादको प्रादूर्भाव भएको निर्क्योल समालोचक नरहरि आचार्यले गरेका छन् ।

तरलतावादको सैद्धान्तिक स्थापनातर्फ हेर्दा प्रायः सम्पूर्ण साहित्यिक आन्दोलनहरू कृतिको रचनापछि मात्र देखापरेका छन् तर तरलतावाद त्यसको ठीक विपरीत अर्थात् आयामेली आन्दोलनझैँ सर्वप्रथम सैद्धान्तिक मान्यता अघि सारेर स्थापना भएको हो तसर्थ यसले बिल्कुल पृथक बाटो हिँड्न चाहेको प्रष्ट्याउनका साथै यसबाट पाठकहरूका निम्ति आवश्यकताबमोजिम सैद्धान्तिक आधार पहिल्याउन सजिलो हुने दृष्टिकोण समालोचकको रहेको छ ।

### ४.४.७.३ तरलतावादको घोषणापत्र तथा व्याख्या एवम् विरोधाभाष

फणीन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठद्वारा वि.सं. २०४० वैशाख १ गते **पूर्वार्द्ध** (कविताप्रधान द्वैमासिक, वर्ष ४, अङ्क १) पत्रिकामा तरलतावादको पहिलो घोषणापत्र प्रकाशित गरिएको हो । उक्त घोषणापत्रमा प्राक्कथनबाहेक नौ सूत्रहरू छन् । साहित्यका

पुराना परिभाषा र मान्यताहरू दिन-प्रतिदिन गतिहीन र ह्रासोन्मुख हुँदै गएकाले साहित्यको नयाँ व्याख्याका निम्ति तरलतावादको जन्म भएको धारणा उक्त घोषणापत्रको प्राक्कथनमा व्यक्त भएको छ । यसरी साहित्यका पुराना मान्यताहरू दिनप्रतिदिन गतिहीन र ह्रासोन्मुख हुँदै गएकाले यसको आवश्यकता परेको साथै साहित्यको नयाँ ढङ्गले व्याख्या गर्नु यसको औचित्य र लक्ष्य भएको धारणा आचार्यको छ । त्यस्तै तरलतावादको दोस्रो घोषणापत्र सोही पत्रिकामा वि.सं. २०४४ पुष २९ गते प्रकाशित भएको हो जुन पहिलोकै पूरक बनेर आएको निर्क्योल गर्नुका साथै त्यसमा रहेका एक्काइसमध्ये कतिपय सूत्र पहिलो घोषणापत्रमा समाविष्ट विषयहरूको थप स्पष्टताका लागि यसमा समावेस गरिएका र कतिपय बिल्कुलै नयाँ प्रसङ्गहरू पनि भएको स्पष्टोक्ति उनको देखिन्छ । समालोचक आचार्यले प्रस्तुत समालोचनामा दुबै घोषणापत्रअन्तर्गतका सम्पूर्ण सूत्रको संक्षिप्त रूपले अर्थ्याउने कामसमेत गरेका छन् ।

तरलतावादले सैद्धान्तिक व्याख्या गर्ने जिम्मा सुरुदेखि नै फणीन्द्र नेपालले लिएका हुन् जसअनुरूप पहिलो घोषणापत्रका सम्पूर्ण सूत्रको व्याख्या उनले **पूर्वार्द्ध**का विभिन्न अङ्कमा गरेका छन् । यसरी व्याख्या गर्ने क्रममा कतिपय ठाउँमा विरोधाभाष भएकोतर्फ आचार्यले सङ्केत गरेका छन् । जस्तै तरलतावादी लेखनमा पूर्वाग्रहको निषेध गरिएको छ तर सँगसँगै खास वादको आग्रह पनि गरिएको छ । त्यस्तै साहित्यका क्षेत्रमा कुनैपनि वाद वा सिद्धान्तमा पूर्णता नभएको प्रमाणित भइसकेका अवस्थामा यसले सम्पूर्णताको दावी गर्नु औचित्यपूर्ण नभएको राय उनले व्यक्त गरेका छन् । यसरी हेर्दा तरलतावादका सम्बन्धमा केही अस्पष्टता तथा विरोधाभाष नभएका होइनन् । यस सन्दर्भमा समालोचक कृष्णचन्द्रसिंह प्रधान भन्नुहुन्छ - "सिद्धान्ततः तरलवाद विवादरहित छैन, स्वयंमा निर्विरोधी छैन, एउटै धारणाको टेकोमा अड्न सकेको निर्धक्कपना र सिद्धान्ती छैन ।"[१०९] भर्खरै पलाउँदै गरेको समयमा यस्ता केही कमीकमजोरीहरू देखिएपनि आगामी व्याख्याहरूले तिनको समाधान गर्दै जाने कुरामा भने आशावादी रहन सकिने धारणा यसमा समालोचक नरहरि आचार्यको देखिन्छ ।

तरलतावादका दुबै घोषणापत्र तथा तिनका सम्बन्धमा भएका चर्चापरिचर्चा एवम् व्याख्याका आधारमा आचार्यले यसका मुख्य-मुख्य अवधारणालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्ने काम गरेका छन् ।

१. गतिशीलता

---

[१०९] डा. दयाराम श्रेष्ठ, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (काठमाडौँ : त्रिकोण प्रकाशन, २०५९), पृष्ठ-१५७

२. पारदर्शिता

३. जीवन्तता

४. रसात्मकता

५. शाश्वतता

६. मूर्तिशैल्पी व्याख्या

### ४.४.७.४ निष्कर्ष

नेपाली साहित्यका क्षेत्रमा तरलतावादी आन्दोलन एउटा नयाँ प्राप्ति हो । यसमा रहेको सिर्जनात्मक चिन्तन नै तरलतावादको उज्यालो पक्ष हो । नेपाली साहित्यका फाँटमा मौलिक चिन्तन गर्नेहरूको संख्या ज्यादै नै कम रहेको अवस्थामा यसको आगमनलाई ठूलो उपलब्धिका रूपमा लिन सकिन्छ । तरलतावाद फक्रिँदो अवस्थामा रहेकोले यसका चिन्तन तथा व्याख्या सुस्पष्ट हुन सकेका छैनन् साथै यसअन्तर्गत केही विरोधाभासहरू पनि नदेखिएका होइनन् । त्यतिमात्र नभई यो एक्लैले साहित्यलाई पूर्णता दिन्छ भन्ने पनि होइन तर बिनाआग्रह आफूलाई जीवन्तता एवम् गतिशीलता दिन सक्यो भने यो आन्दोलनले सफलता पाउने निश्चितप्रायः छ ।

यसरी प्रस्तुत समालोचनामा समालोचक आचार्यले तरलतावादको सामान्य परिचय, नेपाली साहित्यमा तरलतावाद भित्रिनुको पृष्ठभूमि उल्लेख गर्ने काम एकातिर गरेका छन् भने अर्कोतिर यसको घोषणापत्रअन्तर्गत रहेका अस्पष्ट सूत्रहरूलाई व्याख्या गर्ने काम गरेका छन् । तरलतावादका सन्दर्भमा देखापरेका विरोधाभासहरूको उल्लेख गर्दै यसको निष्कर्षलाई औँल्याउने कामसमेत उनले यसमा गरेका छन् ।

## ४.४.८ नेपाली भाषामा अकरणनिर्धारण : समस्या र समाधान

### ४.४.८.१ विषयपरिचय

सामान्यतया सकारात्मक वा हो भन्ने अर्थ बुझाउने वाक्यलाई करण भनिन्छ भने नकारात्मक वा होइन भन्ने अर्थ बुझाउने वाक्यलाई अकरण भनिन्छ ।[११०] परम्परागत नेपाली

---

[११०] कृष्णहरि बराल, नेत्र एटम, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अध्यास** (काठमाडौँ : तलेजु प्रकाशन, २०५९), पृष्ठ-१५५

व्याकरणले अकरणनिर्धारणमा क्रियापदलाई मात्र आधार मानेको छ अर्थात् यसको मान्यतामा क्रियापदको अकरणले नै पूरै वाक्य निषेधात्मक बन्छ । यसरी परम्परागत वैयाकरणहरूले अकरणलाई शुद्ध संरचनागत आधारमा क्रियापदसँग मात्र सम्बन्धित गरी चर्चा गर्दै आएका छन् । यस अर्थमा उनीहरूका अगाडि जटिल समस्याहरू आएका छैनन् तर समालोचक आचार्यले प्रस्तुत लेख (गोष्ठीपत्र) मा यसलाई केवल संरचनात्मक दृष्टिले नहेरी अर्थगत आधारमा पनि मूल्याङ्कन गरिनुपर्ने धारणा अघि सारेका छन् । त्यस्तै अकरणनिर्धारणका आधारको रूपमा क्रियापदको सट्टा वाक्यतर्फ उनको सङ्केत छ । यस परिस्थितिमा अकरणनिर्धारणसम्बन्धमा आइपर्ने विभिन्न समस्याहरूको पहिचान गर्दै समाधानार्थ केही विकल्पहरू प्रस्तुत गर्ने काम समेत उनले यसमा गरेका छन् ।

### ४.४.८.२ सामान्य पृष्ठभूमि

नेपाली व्याकरणका क्षेत्रमा अकरणसम्बन्धी चर्चा गरिएको पहिलो व्याकरण हेमराज शर्माको **चन्द्रिका** (वि.सं. १९६९) हो । यसमा अकरणको अर्थगत प्रयोगको सम्भावनातर्फ सङ्केत गर्न खोजिएको भएपनि मुख्यतः यसले अकरणलाई क्रियापदकै निषेधमूलक स्थितिका रूपमा प्रस्तुत गरेको छ ।[१११] यसपछि प्रकाशित अन्य व्याकरणहरूमा पनि लगभग **चन्द्रिका**ले निर्धारण गरेको स्वरूपलाई नै समर्थन जनाइएको छ । वि.सं. २०४१ मा प्रकाशित भएको नरहरि आचार्यको **नेपाली भाषामा अकरणको स्थिति : एक अध्ययन**मा नेपाली व्याकरणका क्षेत्रमा प्रचलित परम्परित पद्धतिभन्दा भिन्न रही अर्थात् वाक्यलाई आधार मानी अकरणनिर्धारण गर्ने प्रयास गरिएको छ । त्यस्तै आचार्यले अकरणको सैद्धान्तिक रूपरेखा तयार गर्ने कामसमेत उक्त पुस्तकमा गरेका छन् ।[११२] उक्त समालोचनात्मक लेखका निचोडहरूलाई अवलम्बन गरी लेखिएको प्रस्तुत *नेपाली भाषामा अकरणनिर्धारण : समस्या र समाधान* लेखले अकरणनिर्धारणसम्बन्धमा देखापरेका समस्याहरूको उल्लेख गर्नाका साथै तिनको निराकरणार्थ केही विकल्पहरू अघि सारेको छ ।

यसरी करण-अकरणको पृष्ठभूमितर्फ केही चर्चा गरिसकेपछि करण-अकरण के हुन ? भन्ने बुझ्नु आवश्यक हुन्छ । कुनै पनि वस्तुको निषेधअर्थ अकरण हो भन्ने कुरा माथि नै स्वीकारिसकिएको परिस्थितिमा करणतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ । कृ धातुमा अन प्रत्यय

---

[१११] हेमराज पण्डित, **चन्द्रिका**, तृ.सं (काठमाडौँ : लेखक स्वयं, १६६९), पृष्ठ-५२

[११२] नरहरि आचार्य, **नेपाली भाषामा अकरणको स्थिति : एक अध्ययन** (काठमाडौँ : त्रि.वि.पा.वि.के., लियो प्रकाशन, २०४१), पृष्ठ १९-३४

लागी बन्ने करण शब्दका दुई अर्थ छन् जसअनुसार क्रिया वा कर्ताको समाधानका रूपमा पहिलो अर्थ निर्धारित हुन आउँछ भने दोस्रो अर्थ क्रियाव्यापारको विधान गर्नु भन्ने हुन आउँछ। यसरी स्थूल रूपमा कुनै क्रियाव्यापारको विधान गर्नु करण हो भने क्रियाव्यापारको निषेध गर्नु अकरण हुन आउँछ। त्यस्तै यसको सूक्ष्म रूपतिर हेर्दा अकरणले कुनै पनि वस्तु या भावको निषेधमूलक स्थितिलाई बुझाउँछ । यही अकरणसम्बन्धी चर्चा गर्नु नै यस लेखमा समालोचक नरहरि आचार्यको प्रमुख लक्ष्य हो । परम्परागत वैयाकरणहरूले यसको क्षेत्र क्रियापदलाई मात्र माने । यद्यपि अकरणको बोध क्रियापदबाहेक नाम, विशेषण, क्रियाविशेषण आदिमा समेत हुनेगर्छ। यसर्थ नेपाली अकरणको क्षेत्र र स्वरूप पहिल्याउन अकरणसङ्केतक रूपिमको पहिचान गरी पदका कोटि तथा उपकोटिका तहमा यसको प्रयोग के-कसरी भएको छ भन्नेतर्फ दृष्टि दिनुपर्ने धारणा आचार्यको छ।

सबैभन्दा सानो सार्थक न्यूनतम एकाई रूपिम हो।[११३] परम्परागत नेपाली व्याकरणले रूपिमहरूलाई प्रकृति, प्रत्यय तथा उपसर्गका रूपमा पहिचान गरेको छ । नेपाली भाषाको प्रमुख श्रोत संस्कृत भाषा भएकाले बढी जसो रूपिमहरू संस्कृतबाट तथा केही मात्रामा फारसी र अरबीबाट आएका छन् । तसर्थ नेपाली अकरणसङ्केतक रूपिमका रूपमा तिनै संस्कृत, फारसी एवम् अरबीबाट आएका रूपिमलाई मान्नुपर्ने हुन्छ जसअनुसार नेपाली भाषाका अकरणसङ्केतक रूपिमहरू न, अ, अन्, निस्, निर्, दुर्, दुस्, बि, बे, कम, बद्, गैर आदि निर्धारित हुनपुग्छन्।

नेपाली भाषामा अकरण-सङ्केतक रूपिमको वर्गीकरण आचार्यले स्रोत, संरचना तथा कार्यका आधारमा गरेका छन्। स्रोतका आधारमा वर्गीकरण गर्ने क्रममा उनले न, अ/अन्, कु, निस्/निर्, दुस्/दुर् आदिलाई संस्कृतबाट, बि/बे, बद्, कम आदिलाई फारसीबाट र गैरलाई अरबीबाट आयातीत रूपिमका रूपमा छुट्याएका छन्।

अकरणसङ्केतक रूपिमहरू कुन-कुन पदको साथमा के-कसरी आए ? भन्ने आधारमा पनि यिनलाई वर्गीकरण गर्न सकिन्छ । समालोचक आचार्यले यसप्रकार रूपिमलाई निम्नानुसार वर्गीकरण गरेका छन् । अकरणसङ्केतक 'न' क्रियापद, विशेषण र पदावलीको साथमा, दुस्/दुर्, बे/बि, बद् क्रियाविशेषणको साथमा, कम विशेषण र नामको साथमा तथा कु, निस्, निर् नामको साथमा प्रयोगमा आउँछन्।

---

[११३] मोहनराज शर्मा, **नेपालीका केही आधुनिक साहित्यकार,** दो.सं. (काठमाडौं : सहयोगी प्रकाशन, २०४०), पृष्ठ ३-९

नेपाली भाषाका अकरणसङ्केतकलाई तिनले गर्ने कार्यका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । आचार्यले यसप्रकार तिनलाई दुई भागमा विभाजन गरेका छन् । अकरणसङ्केतकको प्रयोगले वाक्यको संरचनागत र अर्थगत दुबै स्थिति निषेधात्मक बन्छ भने ती प्रधान अकरणसङ्केतक हुन् ; जस्तै - 'न' । त्यसको ठीक विपरीत ती रूपिमहरू जसले वस्तुसत्ता र त्यससँग सम्बद्ध क्रियाको रूप, गुण, अस्तित्व, मात्रा आदिको निषेध गर्छन् तर त्यो निषेध सोझै नभई अन्य कोटिमार्फत् क्रियासँग अन्वित भई वाक्यार्थमा प्रकट हुन्छ भने ती गौण अकरणसङ्केतक रूपिमहरू हुन् । यसरी उनले 'न' लाई प्रधान अकरणसङ्केतक रूपिम र अन्य सबैलाई गौण अकरणसङ्केतक रूपिमको रूपमा विभाजन गरेका छन् ।

### ४.४.८.३ पदकोटि र उपकोटिमा अकरणको प्रयोग तथा यसको स्वरूप

वाक्यमा प्रयुक्त शब्द पद हुन् भने विभिन्न पदहरूको वर्गीकृत् रूप नै पदकोटि हो । परम्परागत वैयाकरणहरूले यसलाई पदविचारका रूपमा स्वीकार गरेका छन् भने वर्तमान भाषाशास्त्रीहरूले शब्दवर्ग वा पदवर्गका रूपमा यसको नामकरण गरेका छन् । नामकरण जुन रूपमा गरेपनि पदविचार, पदवर्ग, पदकोटि वा शब्दवर्ग भन्नु वास्तवमा एउटै कुरा हो । पदलाई विकारी र अविकारी गरी दुई भागदेखि लिएर पाँच हुँदै नौ भागसम्म पनि विभाजन गरेको पाइन्छ । पाँच भागमा बाँड्नेहरूले यसलाई नाम, सर्वनाम, विशेषण, अव्यय र क्रियापद गरी छुट्याएका छन् भने नौ भागमा बाँड्नेहरूले नाम, सर्वनाम, विशेषण र क्रियापदका अतिरिक्त अव्ययपदका पाँच उपकोटि (क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात) लाई पनि पदकोटि अन्तर्गत नै समावेस गरेका छन् ।

परम्परित वैयाकरणहरूले अकरणको क्षेत्रका रूपमा क्रियापदलाई मात्र स्वीकार्दै आएको तथ्य माथि नै प्रस्तुत गरिसकिएको छ । हुनपनि अकरणको मुख्य क्षेत्र क्रियापद नै हो जुन अस्वीकार्य पनि छैन तर अन्य पदकोटि तथा उपकोटिमा पनि यसको स्थिति रहन सक्छ । क्रियापदका अतिरिक्त यस किसिमका पदकोटि तथा उपकोटि क्रमशः विशेषण तथा क्रियाविशेषण हुन् । अकरणको प्रयोगका उपर्युक्त क्षेत्रहरूलाई प्रस्तुत समालोचनामा उदाहरणसहित प्रष्ट पार्ने काम समालोचक आचार्यले गरेका छन् । यसरी क्रियापद, विशेषण तथा क्रियाविशेषण गरी अकरणका तीनवटा क्षेत्र रहँदा रहँदै पनि क्रियापदका रूपमा प्रयोग हुने अकरणस्वरूपले वाक्यलाई संरचनागत तथा अर्थगत दुबै तहमा अकरणात्मक बनाएको हुन्छ तर विशेषण र क्रियाविशेषणका रूपमा अकरणात्मकता रहेको स्थितिमा क्रियापद र

अकरणवाची शब्दबीच प्रत्यक्ष अन्वय नहुने हुँदा संरचनागत हिसाबले वाक्यहरू करणजस्ता देखिएपनि आन्तरिक वा अर्थगत आधारमा ती पूर्णतः निषेधधर्मी वा अकरणात्मक नै हुन्छन् भन्ने राय यहाँ समालोचकको देखिन्छ ।

### ४.४.८.४ एकल तथा युगल अकरण

वाक्यमा एउटा मात्र अकरणको स्थिति रहन्छ भने त्यसलाई एकल तथा दुईवटा अकरणको स्थिति रहन्छ भने त्यसलाई युगल अकरण भनिन्छ । प्रायः एउटा मात्र क्रिया भएको सरल वाक्यमा एकल अकरणको अवस्था हुन्छ । यस्ता वाक्यमा करणलाई अकरणमा परिवर्तन गर्न खासै अप्ठेरो पर्दैन तर जहाँसम्म युगल अकरणको कुरा छ, विवादपूर्ण पनि हुनसक्छ । युगल अकरणको स्थितिमा संरचनात्मक हिसाबले अकरणको स्थिति देखिएपनि अर्थगत रूपमा करणकै जोड हुनपुग्छ भन्ने धारणा रही आएकोमा केवल असिद्धि-सङ्केतार्थक अर्थात् असमापिका क्रियाको पछाडि 'को' लागेर समापिका क्रिया 'हु' धातुनिर्मित छ भने निश्चय नै त्यो स्थिति आउँछ नत्र अर्थगत रूपमा पनि अकरणात्क स्थिति नै रहन्छ भन्ने धारणा समालोचक नरहरि आचार्यको रहेको छ ।

यति हुँदाहुँदै पनि कतिपय अवस्थामा करणलाई अकरणमा र अकरणलाई करणमा परिवर्तन गर्न समस्या आइपर्न सक्छन् ; जस्तै - "ए तिमीहरू सबै जान लागेको ? एकजना नजाऊ ।" वाक्यमा 'नजाऊ' क्रियापदको प्रयोग गरेर अकरणात्मक स्थितिको सिर्जना गरिएको छ तर साथसाथै एकजनालाई मात्र निषेध गरी धेरै जनालाई जान दिएर प्रतिकूल स्थिति खडा गरिएको छ । यस्तो अवस्थाको उपस्थापन भएको खण्डमा निषेधपक्षलाई भन्दा विधिपक्षलाई समर्थन जनाउनुपर्ने धारणा आचार्यले पस्केका छन् ।

### ४.४.८.५ निष्कर्ष

यसरी प्रस्तुत समालोचना (गोष्ठीपत्र) मा समालोचक नरहरि आचार्यले नेपाली भाषामा अकरणको स्थिति तथा यससम्बन्धमा देखापरेका समस्या, समस्या उत्पन्न हुनुका कारणहरूको उल्लेख गर्दै त्यसको समाधानार्थ केही विकल्पहरू पाठकसमक्ष ल्याएका छन् । नेपाली व्याकरणका क्षेत्रमा वैयाकरणहरूले संरचनापक्षलाई मात्र ख्याल गरी वाक्यपरिवर्तन ( करणबाट अकरण तथा अकरणबाट करण) गर्दै आएकोले उनीहरूका सामु बाधाव्यवधानको उपस्थिति न्यून छ । वाक्यपरिवर्तनमा वाह्य वा संरचनात्मक हिसाबले मात्र नहेरी अर्थपक्ष

वा आन्तरिक पक्षलाई पनि ख्याल गर्नुपर्ने हुन्छ किनकि अर्थलाई पन्छाएर कुनैपनि तहमा भाषाको आन्तरिक विश्लेषण हुन सक्ने सम्भावना हुँदैन । तसर्थ जस्तासुकै कठीन परिस्थितिका बाबजुत पनि करण-अकरणको परिवर्तनका क्रममा संरचना पक्षका साथै वाक्यको आन्तरिक वा अर्थपक्षलाई समेत अँगाल्नुपर्ने दृष्टिकोण अघि सार्दै समालोचक आचार्यले प्रस्तुत लेखका माध्यमबाट सम्पूर्ण पाठकवर्गलाई ध्यानाकर्षण गराएका छन् ।

## ४.४.९ उत्साहका समालोचना र प्रगतिवादी दृष्टिकोण

### ४.४.९.१ विषयपरिचय

प्रस्तुत समालोचनामा समालोचक नरहरि आचार्यले **उत्साह** (साहित्यिक मासिक) का पूर्णाङ्क २३ देखि ३३ सम्मका अङ्कको मूल्याङ्कन गर्दै तिनले अपनाएको प्रगतिवादी दृष्टिकोणलाई पाठकसमक्ष ल्याउने काम गरेका छन् । उक्त पत्रिकामा उपर्युक्त हरेक अङ्कमा प्रकाशित एघारवटा समालोचना, एघारवटा सम्पादकीय, दुईवटा प्रतिटिप्पणी तथा एउटा अन्तर्वार्ताको अध्ययन गरी संक्षिप्त तथा सटिक रूपमा समालोचकीय दृष्टिकोण अघि सार्ने काम यसमा उनले गरेका छन् । उपर्युक्त पच्चीसवटै समालोचनामूलक रचनामा गरिएका सामग्रीको चयन, सम्पादन तथा प्रस्तुतीकरणबाट यसले आफूलाई प्रगतिवादी सिद्धान्तानुरूप सञ्चालित पत्रिकाका रूपमा स्थापना गरेको छ र सोही दृष्टिकोणलाई छर्लङ्ग पार्ने काम आचार्यले गरेका छन् । त्यतिमात्र नभई उनले प्रगतिवादी साहित्यमा देखापर्दै आएको सैद्धान्तिक अडानको खुलासा गर्नाका साथै यसका सन्दर्भमा अपनाइनुपर्ने उदारताका बारेमा समेत केही विचारहरू अघि सारेका छन् ।

### ४.४.९.२ प्रगतिवाद तथा उत्साहका समालोचना

यथार्थवादका सामाजिक यथार्थवाद र समाजवादी यथार्थवाद दुई शाखाहरूमध्ये समाजमा रहेको आर्थिक विषमता हटाई समता ल्याउनुपर्छ भन्ने र देशको सम्पूर्ण साधनश्रोत र सम्पत्तिमा कसैको एकलौटी अधिकार हुन नदिई सबैले मिलेर परिश्रम गर्दै उत्पादन र उपयोग्य सामग्रीमा समाजको साझा अधिकार रहनुपर्छ भन्ने राजनीतिक

सिद्धान्त वा भनूँ समाजवादलाई आत्मसात् गर्ने यथार्थवाद समाजवादी यथार्थवाद हो ।[११४] सामान्य अर्थमा समाज जीवनको यथार्थलाई स्वीकार गरेर त्यसलाई यथावत् प्रस्तुत गर्नु सामाजिक यथार्थवाद हो भने त्यस यथार्थलाई क्रान्तिकारी रूपमा प्रस्तुत गर्नु समाजवादी यथार्थवाद हो । वास्तवमा मार्क्सवादी दर्शनको बीजारोपणबाट यथार्थवादका धर्तीमा उम्रिएको काव्यसिद्धान्त नै समाजवादी यथार्थवाद हो र यही नै सामान्यतया प्रगतिवाद हो अर्थात् प्रगतिवाद भन्नु नै मार्क्सवादको एउटा साहित्यिक संस्करण हो ।[११५] साहित्यमा अन्तर्निहित मार्क्सवादी भावना, विचार, मान्यता र प्रवृत्तिहरूकै नाम प्रगतिवाद हो ।[११६] प्रगतिवादी साहित्यमा विशेषगरी लोकजीवनका सुख-दुखः, हाँसो-आँसु तथा ग्रामीण किसान तथा मजदुरहरूका जीवनका घामछायाहरू प्रतिबिम्बित भएका हुन्छन् र यसले कलापक्षलाई भन्दा भाव वा विचारपक्षलाई विशेष मह,व दिएको हुन्छ ।[११७] प्रगतिवाद मार्क्सवादी चिन्तनबाट परिपोषित भएकोले यसमा राजनैतिक चेतना पाइनु सामान्य कुरा हो । यसले जीवनलाई वर्गमा विभाजित गर्छ र वर्गसंघर्षलाई सामन्ती एवम् पुँजीपतिको नास र शोषितपीडित निम्न वर्गको उद्धारको एकमात्र साधन मान्छ । प्रगतिवादले साहित्य र समाजको अन्योन्याश्रित सम्बन्धलाई विशेष मह,व दिन्छ र समाजसँग सम्बन्ध नराख्ने व्यक्तिवादी साहित्यलाई अस्वीकार गर्छ ।[११८]

यसरी उपर्युक्त सन्दर्भतर्फ दृष्टि दिँदा प्रगतिवादी साहित्य सर्वहारा, शोषितपीडित, गरिब किसानहरूको साहित्य भएको प्रमाणित हुनाका साथै उनले तिनकै भावनाहरूको वकालत गर्ने कुरा प्रष्ट हुन गइसकेपछि समालोचनाधर्मलाई आत्मसात् गरी **उत्साह** पत्रिकाअन्तर्गत देखापरेका रचनाहरूतर्फ दृष्टि दिनुपर्ने देखिन्छ । यसै परिप्रेक्ष्यमा प्रस्तुत समालोचनामा **उत्साह**का एघार अङ्कमा प्रकाशित एघारवटा समालोचनाको मात्र नभएर समालोचनात्मक मूल्य बोकेका अन्य केही थप रचनाहरूको पनि सन्दर्भ उठाउँदै तिनलाई प्रगतिवादी साहित्यको सापेक्षमा अध्ययन गर्ने सामान्य प्रयास गरिएको छ । समालोचक आनन्ददेव भट्टको *श्री पारिजातको काव्यसाधना* (पूर्णाङ्क २३) समालोचनामार्फत् नेपाली पृष्ठभूमिमा सर्वहारावर्गको केकस्तो दशा र बाध्यता छ भन्ने कुरा उठाइएको छ भने केशवप्रसाद उपाध्यायको *आगोनेर उभिएको मानिसका कवि र उनको कवित्व* (पूर्णाङ्क ३०)

---

[११४] प्रा.डा. कुमारबहादुर जोशी, **पाश्चात्य साहित्यका प्रमुख वाद**, चौ.सं (ललितपुर : साझा प्रकाशन २०५७), पृष्ठ-५६
[११५] ऐजन, पृष्ठ-५७
[११६] ऐजन, पृष्ठ-६०
[११७] ऐजन, पृष्ठ-६४
[११८] वासु रिमाल यात्री, *प्रगतिवाद*, **पूजा** (वर्ष ५, अङ्क २०३५, लक्ष्मीपूजा), पृष्ठ-३४

मार्फत् कवि विमल निभालाई भोकको भाषाका कविको रूपमा स्थापित गर्नुका साथै भोकको भाषा नबुझ्ने कविप्रति छेड हानिएको छ । ऋषिराम भुषालका *लेलिनका दृष्टिमा कलासाहित्य* (पूर्णाङ्क २५) मा साहित्य सर्वहारावर्गको साझाहितको एक अंश बन्नुपर्छ भन्ने लेलिनका विचार अघि सार्दै समालोचक भुषालले प्रगतिवादी दृष्टिकोणतर्फ सङ्केत गर्न खोजेका छन् । अर्को समालोचना *नेपाली प्रगतिवादी कविता : पृष्ठभूमि र परम्परा* (पूर्णाङ्क ३२) अन्तर्गत समालोचक जगदीशचन्द्र भण्डारीले वर्गविहीन र शोषणविहीन समाजको सङ्कल्प लिएका र वैज्ञानिक द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टि बोकेका कविहरूको सत्प्रयास र प्रतिबद्ध चेतनाको फलस्वरूप प्रगतिवादी साहित्य आएको धारणा अघि सारेका छन् । त्यस्तै डी.आर. पोखेलको *पारिजातको साहित्यिक मूल्याङ्कन* (पूर्णाङ्क ३३) मा पारिजातलाई वर्गीय अन्तर्विरोधको पर्दाफास गर्ने साहित्यकारका रूपमा प्रस्तुत गरिएको छ भने समालोचक रामहरि पौडेलको कथाकार *खगेन्द्र संग्रौला हाँडीघोप्टेको जीतबाजीभित्र* (पूर्णाङ्क ३३) मार्फत् उपर्युक्त कथासंग्रहअन्तर्गतका आठवटै कथाका माध्यमबाट संग्रौला शोषित जीवनको यथार्थचित्रण गर्न सफल कथाकार भएको खुलासा गरिएको छ । अर्को समालोचना *कवयित्री योगमाया र उनका साहित्यिक अभिव्यक्तिहरू* (पूर्णाङ्क २३) मा कवयित्री योगमायाले आफ्ना कवितामा क्रूर राणाशासनको खुलेआम विरोध गर्दै सर्वसाधारण जनताको पक्षमा आवाज उठाएको कुरा प्रस्तुत गरिएको छ । *आजको आकाशमा विचरण गर्दा* (पूर्णाङ्क २७) समालोचना **आजको आकाश** शीर्षक कवितासँगालोका सन्दर्भमा गरिएको साहित्यिक मूल्याङ्कन हो । यसमा उक्त संग्रहका कविताहरू विषयगत विविधतामा तरेलिँदै युगजन्य मानवीय समस्या, व्यथा, वेदना र विवशताका सन्देश लिएर आएका छन् भने रविलाल अधिकारीको *प्रगतिवादी कविताका केही विशेषाङ्कनहरू* (पूर्णाङ्क ३१) मार्फत् प्रगतिवादी कविहरू संसारलाई सुनौलो बनाउने सपनामा तल्लीन हुन्छन् भन्दै प्रगतिवादी विचार अघि सारिएको छ । अन्य समालोचनाहरू आनन्ददेव भट्टको *आलोचकको उदय र अस्त* (पूर्णाङ्क २९) र मुरारी अर्यालको *मोहनराज शर्माको दशमुख र अन्तर्वस्तु मूल्याङ्कन* (पूर्णाङ्क २४) क्रमशः समालोचनाधर्मलाई समन्वित किसिमबाट प्रष्ट्याउने तथा समाजका विसङ्गति र अव्यवस्थालाई नियाल्ने प्रयास स्वरूप आएका छन् ।

समालोचना नै भनेर लेखिएका नभएपनि समालोचनात्मक मूल्यधारण गरेका अन्य रचनाहरूको सन्दर्भ उठाउनु यहाँ प्रासङ्गिक देखिन्छ । यस्ता सामग्रीहरूमा मोदनाथ प्रश्रितसँग धनश्याम पौडेलले लिएको अन्तर्वार्ता मह,वपूर्ण छ किनकि उक्त अन्तर्वार्तामा

प्रगतिवाद र प्रगतिशील साहित्यका बारेमा प्रश्रितले गहन विचारहरू प्रकट गरेका छन् । यसैगरी उत्साहका सम्पादकीयतर्फ दृष्टि दिँदा तिनले बोकेको मूल्य अझ विचारणीय छ । त्यसमा पनि *लेखकीय प्रतिबद्धता* (पूर्णाङ्क २६) त उत्साहको घोषणापत्रकै रूपमा आएको छ । शोषकपक्षीय यथास्थितिवादी लेखकहरू साहित्य र कलाको शिक्षादायी र परिवर्तनकारी भूमिकाप्रति नै नाक चेप्राउँछन् । यस्ता आग्रहहरू साँचो अर्थमा व्यापक जनसमूहलाई समस्त सांस्कृतिक चेतना र मूल्यहरूबाट बञ्चित गर्ने तथा अज्ञानता र सुसुप्तावस्थाबाट तिनलाई ब्यूँझन नदिने प्रतिगामी दाउहरू नै हुन् भन्ने धारणाहरू अघि सार्दै यसले प्रगतिवादी दृष्टिकोण अघि सारेको छ । त्यसैगरी कतिपय कमजोरीप्रति आत्मालोचना गर्दै यसले हिँड्नुपर्ने गोरेटोका सन्दर्भमा उठाइएका धारणासहितका प्रतिटिप्पणीहरू पनि यस परिप्रेक्ष्यमा मह,वपूर्ण रहेका छन् ।

यसरी उपर्युक्त समालोचना, सम्पादकीय, अन्तर्वार्ता तथा प्रतिटिप्पणीका माध्यमबाट अघि बढाइएका धारणाहरूको अध्ययन-विश्लेषणबाट तिनले प्रगतिवादी दृष्टिकोण अघि सारेको निर्क्योल समालोचक नरहरि आचार्यले गरेका छन् । यद्यपि कतिपय समालोचनाधर्मी लेखहरूले भने स्पष्ट दृष्टिकोण राख्न सकेको देखिँदैन । यति भएर पनि धेरैजसोले रूढ र सङ्कुचित रूपमा अघि बढ्दै आएको प्रगतिवाद र प्रगतिवादी साहित्यको सीमाङ्कनलाई गतिशील र फराकिलो रूपमा प्रस्तुत गर्न खोजेको दृष्टिकोण उनको छ । पछिल्ला केही सम्पादकीयमा वैचारिक अन्योल देखिएपनि देश र जनताप्रति प्रतिबद्ध *लेखकीय स्वतन्त्रता* ( पूर्णाङ्क २९) शीर्षकको सम्पादकीयले नेपाली प्रगतिवादी साहित्यले आगामी दिनमा तय गर्नुपर्ने बाटाका बारेमा परिपक्क धारणा अघि सारेको छ । यसरी **उत्साह**का सम्पादकीयमा अभिव्यक्त दृष्टिकोणका आधारमा हेर्दा बितेका दिनमा यसले आफूलाई केही मात्रामा सङ्कुचित रूपमा प्रकट गरेको तथ्यलाई नकार्न सकिन्न । यद्यपि यसले आफूलाई व्यापक ढङ्गले प्रकट गर्न सके निश्चय नै यसको भविष्य समुज्ज्वल रहेको धारणा समालोचकको छ । यति मात्र नभई प्रगतिवादीहरूले यस रूपमा आफूलाई प्रस्तुत गर्ने हो भने साहित्यको मूल्याङ्कनमा प्रगतिवादी दृष्टिकोणको सार्थकता र उपयोगितालाई कसैले पनि नकार्न नसक्ने धारणा उनले अघि सारेका छन् ।

### ४.४.९.३ निष्कर्ष

समग्रमा समालोचक नरहरि आचार्यले प्रस्तुत समालोचनामा **उत्साह**का विभिन्न अङ्कमा प्रकाशित समालोचनात्मक लेखहरूका माध्यमबाट जुन आफ्ना दृष्टिकोणहरू समग्र पाठकसमक्ष ल्याएका छन्, ती निश्चय नै उपलब्धिमूलक छन् । यसमा व्यक्त उनका धारणाले नेपाली साहित्यको प्रगतिवादी फाँटमा देखापर्दै आएका सङ्कुचित धारणालाई बुझ्न तथा त्यससम्बन्धमा चिन्तन गर्न सजिलो पर्ने निश्चित छ । प्रगतिवादको जन्म राजनीतिबाट भएकोले यसमा राजनीतिक चेतना पाइनु नौलो कुरा होइन । यसो हो भन्दैमा यी दुई मार्क्सवाद र प्रगतिवादलाई समानार्थी शब्दका रूपमा हेर्नु हुँदैन । मार्क्सवादी लेखक आफूलाई प्रगतिशील र गैरमार्क्सवादीहरू अप्रगतिशील एवम् प्रगतिवादविरोधी ठान्छन् तर यो न्यायसङ्गत होइन । प्रगतिवादलाई मार्क्सवादको पर्यायका रूपमा लिने गरिएकाले नै यसको प्रगति हुनको सट्टा ह्रास हुँदै गएको हो ।[११९] कुनै पनि क्रान्तिकारी प्रगतिगामी एवम् विद्रोहात्मक प्रवृत्ति चाहे त्यो अमार्क्सवादी किन नहोस् वास्तवमा उदार अथवा प्रगतिशील हो । समालोचक आचार्यले यसरी प्रगतिवादलाई मार्क्सवादको घेराबन्दीमा सीमित गर्न नहुने धारणा अघि सार्दै यससम्बन्धमा सङ्कुचित विचारले जेलिएका पाठक एवम् लेखकलाई ब्युँझाइदिएका छन् साथै उक्त दृष्टिकोणलाई व्यापक रूपमा प्रस्तुत गर्न सबैलाई आग्रह गरेका छन् ।

## ४.४.१० बालसाहित्य र हाम्रो विद्यालयीय पाठ्यक्रम : सम्बन्धनका नयाँ सम्भावना

### ४.४.१०.१ विषयविश्लेषण

मानवजीवनका सामान्यतया तीन अवस्थामध्ये पहिलो अवस्था बाल्यावस्था हो र यो मह,वपूर्ण अवस्था पनि हो किनकि बाल्यावस्थामा प्राप्त अनुभवलाई नै ऊ परिपक्क हुँदै जाँदा संबर्द्धन गर्ने काम गर्छ । बाल्यावस्थालाई पनि एकदेखि पाँच वर्षका शिशु, छदेखि दश वर्षका बालबालिका तथा एघारदेखि पन्ध्र वर्षसम्मका किशोरकिशोरी गरेर बाँडिएको पाइन्छ । जीवनको आधारशिला नै बाल्यावस्था भएकोले स्वस्थ शरीरको लागि सन्तुलित

[११९] ऐजन, पृष्ठ-३५

भोजनको महसुस गरिएझैँ मानसिक विकासका निम्ति अवस्थानुसारको पाठ्यसामग्रीको आवश्यकता पर्छ जसको परिपूर्ति बालसाहित्यका माध्यमबाट गर्न सकिन्छ ।

यसरी बालबालिकाको मानसिक स्तरमा सुधार ल्याउन बालसाहित्यको महसुस गरिएपछि बालसाहित्य के हो भन्ने बुझ्नु आवश्यक देखिन्छ । बाल र साहित्यको मिलनबाट बनेको बालसाहित्य शब्दले बालबालिकाद्वारा लेखिने र बालबालिकाका निम्ति लेखिने साहित्यलाई बुझाउँछ । यसको बारेमा प्रष्ट हुन केही विद्वानहरूका परिभाषा वा दृष्टिकोणलाई हेर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा राजेन्द्र सुवेदीको भनाइ छ - “बालकहरूले आत्मसात् गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतीकरणका आधारमा रचित साहित्य बालसाहित्य हो ।”[१२०] त्यस्तै अर्का विद्वान नरेन्द्र चापागाईंको भनाइमा “बालकका बालसुलभ भाषा एवम् शैलीमा बालककै निम्ति लेखिएको सुललित साहित्यलाई बालसाहित्य भनिन्छ ।”[१२१]

समग्रमा बालबालिकाका निम्ति मनोरञ्जन प्रदान गर्न सक्ने, उनीहरूलाई रचनात्मक हुन प्रेरकको भूमिका निर्वाह गर्ने साथै सरल, सरस र रोचक ढङ्गमा सकेसम्म चित्रहरूको पनि प्रयोग गरी कलात्मक ढङ्गले विविध ज्ञानमूलक विषयवस्तुहरूलाई समेटी प्रस्तुत गरिएको साहित्य नै बालसाहित्य हो ।[१२२]

बालसाहित्यको रचना गर्नु वास्तवमा सजिलो कुरा होइन । यस किसिमका रचनामा बालसाहित्यकारले बालबालिकाको मनोविज्ञान, बानीव्योहोरा, शब्दभण्डार लगायतका धेरै कुरा ख्याल गर्नुपर्ने हुन्छ । त्यतिमात्र होइन बालसाहित्यको रचना गर्दा लेखकले एकातिर बालपाठकको बोधक्षमतालाई ख्याल गर्नुपर्ने हुन्छ भने अर्कातिर उनीहरूका निम्ति बञ्चित ठहऱ्याइएका कुराप्रति सचेत रहनुपर्छ । बालसाहित्यका पाठक बालवर्ग हुने भएकाले यसको रचना गर्दा प्रौढ साहित्यमा भन्दा विशेष ध्यान दिनुपर्ने हुन्छ ।[१२३]

नरहरि आचार्यद्वारा प्रस्तुत गरिएको *बालसाहित्य र हाम्रो विद्यालयीय पाठ्यक्रम सम्बन्धनका नयाँ सम्भावना* शीर्षक लेख विद्यालयीय जीवनको व्यस्तताका बीच विद्यार्थीहरूलाई बालसाहित्यको अध्यापन के-कसरी गराउने भन्ने सन्दर्भमा केन्द्रित छ । यसमा विद्यालयीय पाठ्यक्रमकै सन्दर्भमा बालसाहित्यप्रति बालबालिकाको अभिरूचि बढाउँदै

---

[१२०] *नेपाली बालसाहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान,* **सुनकोशी** (पूर्णाङ्क २, २०५३), पृष्ठ ७४-७५
[१२१] *नेपाली बालसाहित्यको स्थिति,* **केही सृष्टि केही दृष्टि** (ललितपुर : साझाप्रकाशन, २०४३), पृष्ठ ८-१०
[१२२] प्रमोद प्रधान, *नेपाली बालसाहित्यको इतिहास,* **बगर** (वर्ष १८, पूर्णाङ्क ६२, २०५७), पृष्ठ-१०
[१२३] ऐजन, पृष्ठ-१०

लैजानेतर्फ एउटा प्रारम्भिक योजना अघि सार्दै त्यसबाट प्राप्त उपलब्धिलाई विभिन्न उपशीर्षकका माध्यमबाट संक्षेपमा प्रस्तुत गर्ने काम आचार्यले गरेका छन् ।

बालसाहित्यको रचना गर्दा साहित्यकारले उनीहरूको उमेर र स्तरलाई ख्याल गर्नुपर्ने राय समालोचकको छ किनकि चार वर्षका बच्चाको निम्ति तयार गरिएको बालसाहित्य चौध वर्षको किशोरका निम्ति उपयुक्त नहुन सक्छ । आचार्यको यस सम्बन्धमा आफ्नो धारणा के छ भने पाँच वर्षसम्मका बालबालिकाका निम्ति तयार गरिएको बालसाहित्यमा लिखित सामग्रीको प्रयोग कम गरी चित्रका माध्यमबाट विषयवस्तुको धेरैथोरै ज्ञान गराउनतर्फ लाग्नुपर्छ । त्यस्तै छदेखि दश वर्षसम्मका बालबालिकाहरूमा बौद्धिक र मानसिक जागरुकता देखापर्दै जाने भएकोले उक्त जागरुकतालाई मनोरञ्जनपूर्ण तर सार्थक पाठ्यसामाग्रीको माध्यमबाट सम्बर्द्धनका साथ निश्चित गोरेटोतर्फ लैजान सकिन्छ भने एघारदेखि पन्ध्र वर्षसम्मका किशोर-किशोरीहरूलाई बाह्यसंसारप्रसिद्ध व्यक्ति, ठाउँ, विषयवस्तु आदिको बारेमा लेखिएका मनोरञ्जनपूर्ण ज्ञानबर्द्धक तथा जानकारीमूलक बालसाहित्यको आवश्यकता पर्ने धारणा समालोचकले यसमा पस्केका छन् ।

नेपाल शैक्षिकलगायत विविध क्षेत्रमा पिछडिएको देश हो । सामान्य शिक्षाप्रचारकै दृष्टिबाट पनि पछि परेको नेपालका सन्दर्भमा बालसाहित्य लेखनारम्भ ढिलो हुनु नौलो कुरा होइन । वि.सं. १९५८ मा 'बालबोध' लेखेर जयपृथ्वीबहादुर सिंहले यस क्षेत्रमा कार्यारम्भ गरेका हुन् तर उनको यो कदमले तत्काल तीव्रता हासिल गर्न सकेन । यिनै परिप्रेक्ष्यलाई मध्यनजर गरी नरहरि आचार्यले नेपाली बालसाहित्यको विकासक्रमलाई दुई चरणमा विभाजन गरेका छन् जसअनुसार वि.सं. १९५८ देखि २०३५ सम्म प्रथम र २०३६/०३७ मा अन्तर्राष्ट्रिय बालवर्ष मनाएदेखि पछिको समय दोस्रो चरण हुन आउँछ ।

जय पृथ्वीबहादुर सिंहबाट लेखनारम्भ भई सुरु भएको नेपाली बालसाहित्यको प्रथम चरण त्यति मौलाउन सकेन । यद्यपि यसको विकासमा गोरखा भाषा प्रकाशिनी समिति, बालपुस्तक नेपाल, रत्न पुस्तक भण्डार, साझा प्रकाशनलगायतका संस्थाहरूले छिटपुट योगदान भने नदिएका होइनन् । उपर्युक्त संस्थाका अतिरिक्त यस क्षेत्रमा कतिपय व्यक्तिविशेषको पनि केही देन रहेको छ । यस्ता व्यक्तिहरूमा लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, देवकुमारी थापा आदि पर्दछन् ।

वि.सं. २०३६/०३७ मा अन्तर्राष्ट्रिय बालवर्ष मनाएपछि नेपाली बालसाहित्यको दोस्रो चरण प्रारम्भ भयो । दोस्रो चरणको प्रारम्भसँगै साझा प्रकाशन र जनक शिक्षा सामग्री केन्द्र

लिमिटेडले केही बालपुस्तकहरूको प्रकाशन गरे भने त्रिभुवन विश्वविद्यालय केन्द्रीय विभागले पनि बालसाहित्यको वर्तमान अवस्था, समस्या र समाधानका उपायहरूलाई लिएर लघु अनुसन्धान गरायो । त्यस्तै कही वर्ष यतादेखि प्राथमिक शिक्षा सामग्री एकाईले बालसाहित्यसम्बन्धी पुस्तकहरूको प्रकाशन गरिरहेको छ । यसरी हेर्दा प्रथम चरणभन्दा दोस्रो चरण लेखन, प्रकाशन तथा मुद्रण सबै दृष्टिकोणबाट केही सुधिँदै गएको थाहा हुन्छ तर परियोजनाको नियमका कारण एकाईले प्रकाशन गरेका बालसाहित्यसम्बन्धी पुस्तकहरू आम बालबालिकाका निम्ति उपलब्ध हुन नसकेकोमा आचार्यको गुनासो छ । जिल्लास्थित विद्यालयमा वितरण गरिनाका साथै बिक्रीका लागि प्रशस्त मात्रामा बजारमा ल्याएर यसको सदुपयोग गर्न सकिने धारणा उनले यसमा प्रस्तुत गरेका छन् ।

यसप्रकार अन्तर्राष्ट्रिय पुस्तकवर्ष, अन्तर्राष्ट्रिय बालवर्ष मनाएर पनि बालसाहित्यका क्षेत्रमा समुचित विकास हुन सकेको छैन । यसका कारणहरूमध्ये बालसाहित्यलाई मनोरञ्जनीय सामग्रीका रूपमा मात्र अभिभावकले हेर्नु, आर्थिक कमजोरीका कारण बालसाहित्यसम्बन्धी पुस्तकहरू उपलब्ध गराउन नसक्नु, सामाजिक दृष्टि उत्साहजनक नहुनु साथै बालसाहित्यका पुस्तकको माग विदेशी बालसाहित्यमार्फत् पूरा गर्दै आइनु आदि हुन् । त्यति मात्र नभई बालसाहित्यसम्बन्धी पुस्तक, पत्रपत्रिकाको प्रकाशन नियमित रूपमा नहुनु पनि यसको विकासमा अवरोध पुऱ्याउने अर्को कारण हो । यस्ता कमीकमजोरीप्रति सजग भई बढ्ने हो भने निश्चय नै यसको विकास हुन्छ भन्ने तथ्य प्रस्तुत समालोचनामा समालोचक आचार्यले पस्केका छन् ।

नेपालको अधिकांश भागलाई मध्यनजर गर्दा विद्यार्थीको विद्यालय जाने उमेर छदेखि सोह्र वर्षको देखिन्छ भने उनीहरूलाई बालसाहित्यको आवश्यकता पर्ने उमेर पनि त्यही नै हो । तसर्थ विद्यालयीय पाठ्यसामग्रीसँगै कुनै न कुनै रूपमा यसलाई समावेश गर्नुपर्छ । यसरी बालसाहित्यप्रति बालबालिकालाई आकर्षित गर्न तथा अभिभावकलाई यसप्रति अभिप्रेरित गराउन सकिन्छ । वर्तमान अवस्थामा विद्यालयका सम्पूर्ण पुस्तकहरू प्रकाशन गर्ने जिम्मेवारी जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पाएपछि सहायक सामग्रीका रूपमा रहेका पुस्तकहरू प्रकाशन गर्न छोड्दै गएको छ भने निजी विद्यालयले यस्ता पुस्तकहरू पाठ्यक्रममा समावेश गरेपनि ती महँगा, असजिला तथा परिवेशभिन्न भएकाले त्यसप्रति सचेत हुनु आवश्यक देखिन्छ । यिनै अनुकूल-प्रतिकूल परिस्थितिका बीच उनीहरूको चिन्तन र दृष्टिकोणलाई फराकिलो पार्न बालसाहित्य तथा सहायक सामग्रीको उपलब्धता अपरिहार्य

हुने साथै अव्यवस्थित र बिनासम्परीक्षण प्रकाशित सामग्रीले विद्यार्थीलाई विनासतर्फ लैजानेतर्फ सबैले सचेत रहनुपर्ने धारणा समालोचकले प्रस्तुत गरेका छन् ।

बालबालिकालाई बालसाहित्यप्रति रुचि जगाउन शिक्षक, विद्यालयप्रशासन एवम् अभिभावकको मह,वपूर्ण योगदान हुने भएकोले यसलाई पाठ्यक्रमभन्दा नितान्त भिन्न राखेर अध्यापन गराइनु आवश्यक छैन, बरु त्यसको सट्टा नियमित तर ऐच्छिक अध्ययनका रूपमा यसलाई राखिनु उपलब्धिमूलक देखिन्छ । बालबालिकाको बौद्धिक तथा मानसिक विकासका लागि हरेक दृष्टिले गुणस्तरीय बालसाहित्यको आवश्यकता पर्ने साथै त्यस किसिमका गुणस्तरीय पुस्तक एवम् पत्रपत्रिकाको प्रकाशनका लागि व्यापक मात्रामा बजार हुनुपर्ने भएकोले पाठ्यक्रममा ऐच्छिक रूपमा बालसाहित्यलाई राख्दा बिक्री बढ्न गई बालसाहित्यसम्बन्धी स्तरीय पुस्तक तथा पत्रपत्रिकाको प्रकाशन हुने अपेक्षा प्रस्तुत समालोचनामा गरिएको छ । यसका लागि कुनै पनि औपचारिक परीक्षा लिनुको सट्टा अतिरिक्त क्रियाकलापमा समावेश गरी यसको अध्यापनशैलीमा पनि परिवर्तन गर्नुपर्ने राय उनको देखिन्छ । आचार्यले विद्यालयीय अध्ययनमा यसको पठनपाठनलाई के-कसरी समावेश गर्ने भन्नेसम्बन्धमा आफ्ना केही अवधारणाहरू अघि सारेका छन् जसअनुसार हरेक दिन १:०० देखि १:३० घण्टासम्म पुस्तकालयीय अध्ययनतर्फ विद्यार्थीलाई जागरुक गराउने, पुस्तक खरिद गर्न चाहने व्यक्तिलाई पुस्तकको सूची उपलब्ध गराउने, स्तरअनुसारका पुस्तकको सूची दिने, पुस्तकालय नभएका विद्यालयलाई सम्बन्धित संस्था वा शिक्षामन्त्रालयले वार्षिक रूपमा बालसाहित्यसंग्रह उपलब्ध गराइदिने, उत्कृष्ट बालसाहित्यलाई पुरस्कृत गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक प्रचार-प्रसार भएका भाषाका बालसाहित्यप्रति बालबालिकाको रुचि जगाइदिने आदि रहेका छन् ।

विद्यालयीय पाठ्यक्रममा बालसाहित्यको समावेश गर्ने हो भने विद्यार्थीले यसबाट गहन उपलब्धिहरू हासिल गर्न सक्छन् । बालसाहित्य यस्तो चिज हो जसबाट विद्यार्थीले एकातिर मनोरञ्जन प्राप्त गर्छन् भने अर्कातिर सामान्य ढाँचाबाट गहन वा जटिल कुराहरू सिक्दै जान्छन् । यसबाट हुने उपलब्धिहरूलाई समालोचकले प्रस्तुत लेखमा बुँदागत रूपमा यसरी उल्लेख गरेका छन् ।

अ) पढ्ने प्रवृत्तिको विकास

आ) सृजनशीलताको अभिवृद्धि

इ) स्वतन्त्रचेतना र चयनक्षमताको विकास

ई)	साहित्यको विकासमा योगदान

### ४.४.१०.२ निष्कर्ष

वास्तवमा बालसाहित्यको योगदान प्रभावकारी शिक्षा दिनमा हुन्छ । यसका माध्यमबाट बालबालिकाहरूमा यस्तो योग्यताको विकास गर्न सकिन्छ जसका माध्यमबाट उनीहरू आफ्नो बाटो आफैँ पहिल्याऊन्[१२४] तसर्थ पाठ्यपुस्तकका साथसाथै अतिरिक्त पाठ्यसामग्रीका रूपमा साहित्य र ज्ञानविज्ञानका सम्पूर्ण क्षेत्र समेट्ने सरल, रोचक र बालकका रुचि, उमेरसुहाउँदा पाठ्यसामग्रीको पर्याप्त लेखन, प्रकाशन र विद्यार्थीको हातहातमा पुग्ने अवस्थाको सिर्जना हुनुपर्छ ।[१२५] उनीहरूलाई बालपुस्तकहरू दिइएन भने उनीहरूको जीवनप्रतिको सकारात्मक दृष्टि, प्रकृतिप्रेम, ज्ञान र अनुभवको बिस्तार, काल्पनिकताको समर्थन र भाषिक प्रयोगको बिस्तारमा बाधा पुग्छ । कुनै पनि एउटै पाठ्यपुस्तकमा सम्पूर्ण गुणहरू हुँदैनन् जुन बालसाहित्यका पुस्तकमा हुन्छन् । यसकारण यो केवल मनोरञ्जनका लागि मात्र पनि होइन । यो बालकलाई पठनशील बनाउने, जीवनका अनुभवहरूलाई सम्पन्न बनाउने र सामाजिक बनाउने उपाय पनि हो ।[१२६] बालसाहित्य जीवनभरिका निम्ति आवश्यक पठनरुचिसम्बर्द्धनको आधार हो । जुन समाजले यसको वास्ता गर्दैन, त्यसले आफ्नो भविष्यका बारेमा पनि वास्ता गर्दैन । तसर्थ बालसाहित्यको उत्थानका निम्ति सबैले योजनाबद्ध प्रयास गर्नुपर्छ ।[१२७] यति हुँदाहुँदै पनि अनिवार्य पाठ्यसामग्रीका रूपमा बालसाहित्य उनीहरूलाई लाद्नुसट्टा ऐच्छिक तर पठनीय सामग्रीका रूपमा पाठ्यक्रममा समावेश गर्न सके निश्चय नै यसबाट उपलब्धि हासिल गर्न सकिन्छ ।

यसरी प्रस्तुत कार्यपत्रका माध्यमबाट नरहरि आचार्यले बालसाहित्यको वर्तमान अवस्थालाई विविध पाटाबाट अध्ययन गरी विश्लेषण गर्नाका साथै बालसाहित्यका सन्दर्भमा सम्पूर्ण जनमानस तथा संघसंस्थाले तय गर्नुपर्ने रणनीतिका बारेमा आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् ।

---

[१२४] कविताराम, *बालसाहित्यमा वैज्ञानिक चेतनाको खाँचो,* **बालसाहित्य** (अङ्क २, २०४६), पृष्ठ-१४
[१२५] विजय चालिसे, *शिक्षाको प्रभावकारितामा अतिरिक्त पाठ्यसामग्री : शिक्षा र पाठ्यसामग्री विकासको असन्तुलन,* **बालसाहित्य** (अङ्क १, २०४५), पृष्ठ-४९
[१२६] चूडामणि बन्धु, *पाठ्यपुस्तक र बालसाहित्य,* **बालसाहित्य** (अङ्क २, २०४६), पृष्ठ-५६
[१२७] ऐजन, पृष्ठ-५६

### ४.४.११ बालबालिकाका निम्ति बालसाहित्यको चयन : चुनौती र जिम्मेवारी

#### ४.४.११.१ विषयविश्लेषण

प्रस्तुत कार्यपत्रमूलक लेखमा नरहरि आचार्यले बालबालिकाका निम्ति बालसाहित्यको चयन गर्दा देखापर्ने चुनौतीहरूलाई छर्लङ्ग्याउनाका साथै तिनको समाधानार्थ अभिभावक तथा शिक्षकशिक्षिकाले वहन गर्नुपर्ने जिम्मेवारीहरूलाई प्रस्तुत गरेका छन् । बालबालिकालाई मनोरञ्जन दिनेदेखि लिएर उनीहरूको बौद्धिक एवम् मानसिक विकासका निम्ति बालसाहित्यको आवश्यकता महसुस गर्न थालिएको अवस्थामा कुन किसिमका बालसाहित्य बालबालिकाका निम्ति उपयुक्त ठहरिन्छन् र तिनको अध्यापनार्थ कस्तो माध्यम अपनाउनुपर्छ भन्ने सन्दर्भमा आफ्ना अवधारणाहरू प्रस्तुत गर्ने काम उनले गरेका छन् ।

बालसाहित्यका सन्दर्भमा केही अवधारणाहरू प्रस्तुत गर्ने क्रममा सर्वप्रथम चयन किन गर्ने भन्ने सम्बन्धमा समालोचकले आफ्ना केही विचारहरू पस्केका छन् । बालसाहित्यका पाठक खासगरी बालबालिका नै हुन्छन् । बाल्यकालमा नै तिनले बालसाहित्यका अतिरिक्त अन्य धेरै विद्यालयका किताबहरू पनि पढ्नुपर्ने हुन्छ । त्यस्तै हामीजस्ता आर्थिक रूपले पिछडिएका मध्यम एवम् निम्न स्तरका मानिसहरूमा बालबालिकाहरूलाई बालसाहित्यसम्बन्धी सम्पूर्ण पुस्तकहरू उपलब्ध गराउन सक्ने क्षमता हुँदैन । यस्तो परिप्रेक्ष्यमा हामीसँग भएका सीमित साधन र समयबाटै बढीभन्दा बढी आवश्यकताको पूर्ति गर्न बालसाहित्यका अनेक किसिमका पुस्तक तथा पत्रपत्रिकाका माझबाट उपयुक्त पुस्तक या पत्रपत्रिकाचयन गर्नुपर्ने हुन्छ । त्यस्तै चयनकर्ताका सम्बन्धमा उनको दृष्टिकोण के छ भने दीर्घकालीन हित-अहित छुट्याएर बालबालिकाले बालसाहित्यको छनौट गर्न नसक्ने हुँदा त्यसको जिम्मेवारी अभिभावक वा शिक्षकशिक्षिकाले नै लिनुपर्ने हुन्छ तर पुस्तकालयमा राखिएका पुस्तकहरूमध्ये छानेर पढ्ने अधिकार भने स्वयं उनीहरूलाई नै दिनुपर्छ ।

बालसाहित्यको चयन अपरिहार्य भइसकेपछि चयनको क्षेत्रका सन्दर्भमा केही समस्याहरू आइपर्न सक्छन् अर्थात् चयनका क्षेत्रहरू कुन-कुन हुन् त ? यससम्बन्धमा समालोचकले दुईवटा विकल्पहरू प्रस्तुत गरेका छन् जसअनुसार उक्त क्षेत्रहरू भाषा र विषयवस्तु हुन् । भाषालाई चयन गर्ने हो भने पनि विवाद सिर्जना हुनसक्छ, मातृभाषाको चयन वा अन्य भाषाको । बालसाहित्यका पाठक खासगरी स-साना बालबालिका हुने

भएकोले आ-आफ्ना मातृभाषामा लेखिएका बालसाहित्यको चयन प्रभावशाली तथा उपलब्धिमूलक हुनसक्छ । यसरी हेर्दा यो भनाइ उपयुक्त नै देखिन्छ तर यसको अर्को पक्ष पनि छ । सबैका मातृभाषाहरू साहित्यिक दृष्टिले सम्पन्न नहुन सक्छन् । यस्तो स्थितिमा जुनजुन भाषा भविष्यमा आवश्यक महसुस गरिन्छन्, तिनको चयन गर्ने । यसरी आचार्यले चयनको पहिलो क्षेत्र भाषाका सन्दर्भमा दुबै विकल्पहरूलाई खुला रूपमा चयनकर्तासामु छोडिदिएका छन् ।

चयनको दोस्रो क्षेत्र विषयवस्तु हो । सबै बालसाहित्यहरू उपयोगी हुँदैनन् । तसर्थ बालबालिकालाई अनुशासनका नाममा भक्त बनाउने लक्ष्य राखी रचिएका बालसाहित्यको सट्टा बालमनोविज्ञानमा आधारित भई रचिएका बालसाहित्यको चयन गर्नुपर्ने दृष्टिकोण उनको रहेको छ । समालोचक आचार्यले चयनको क्षेत्रमाझैँ चयनको आधारका सम्बन्धमा पनि केही विचारहरू प्रस्तुत कार्यपत्रमार्फत् अगाडि ल्याएका छन् । चयनका आधारलाई आन्तरिक र वाह्य गरी उनले दुई भागमा बाँडेका छन् । आन्तरिक आधार भन्नु चयनको भित्री पक्ष हो । त्यसअन्तर्गत पनि दुई पक्ष रहेका छन् - भाषागत र विषयगत । चयनको विषयगत आधारभित्र वाक्यगठन, प्रस्तुतीकरण जस्ता कुराहरू पर्दछन् । चयनका सन्दर्भमा यी पनि मह,वपूर्ण पक्ष हुन् किनकि समान शब्दचयन, वाक्यगठन तथा प्रस्तुतीकरणयुक्त बालसाहित्य सबै उमेरसमूहका बालबालिकाका निम्ति उपयोगी हुन सक्दैनन् । आन्तरिक आधारको दोस्रो पक्ष विषयगत चयन हो । बालसाहित्यको चयन गर्दा विद्यार्थीले विवेक गर्न सक्ने, स्वतन्त्र किसिमबाट आफ्ना धारणा प्रकट गर्न सक्ने, ठीक-बेठीकको चयन गर्न सक्ने तथा आत्मनिर्भर जीवनपद्धतिलाई अँगाल्न सक्ने किसिमका बालसाहित्यको चयन गर्नुपर्छ । आन्तरिक आधारको ठीक विपरीत वाह्य आधार भनेको बाहिरी पक्ष हो जसमा चित्राङ्कन, मुद्रण र रङ्गचयन, अक्षरविन्यास, कागज आदि कुराहरू पर्दछन् । बालसाहित्य विद्यार्थीसँग सम्बन्धित हुने भएकोले यसमा यिनको पनि मह,व रहेको हुन्छ तर त्यसमा पनि सम्पूर्ण उमेरसमूहका बालबालिकाका निम्ति उस्तै वाह्य आधार नहुने धारणा उनको देखिन्छ ।

### ४.४.११.२ निष्कर्ष

बालसाहित्य प्रौढ साहित्यका तुलनामा बढी आयोजित तथा उद्देश्यपूर्ण हुन्छ किनकि ती खासगरी बालपाठकका निम्ति तयार गरिएका हुन्छन् । बालबालिकाहरूलाई मनोरञ्जन दिनेदेखि लिएर उनीहरूको बौद्धिक तथा मानसिक विकासका निम्ति यस्तो साहित्यको

आवश्यकता पर्छ । तसर्थ एकातिर विविध आधारमा बालसाहित्यको चयन गर्नु चुनौतीपूर्ण कार्य बनेको छ भने अर्कातिर अनुपयुक्त बालसाहित्यले उनीहरूलाई उल्टै विनासतर्फ डोहोऱ्याउने भएकोले त्यसप्रति सजग रहनु पनि आवश्यक देखिन्छ । यति हुँदाहुँदै पनि यसको अपरिहार्यता भने नकार्न सकिन्न किनकि यसको अभावमा बालबालिकामा पूर्णता आउन सक्दैन । यस्ता विविध चुनौतीहरू देखापरेता पनि यसको चयन गर्नु तथा सही रूपमा मार्गदर्शन गर्नु सम्पूर्ण शिक्षकशिक्षिका तथा अभिभावकको कर्तव्य बन्न पुगेकाले उनीहरूले उपयुक्त बालसाहित्यको उचित रूपमा चयन गरी जिम्मेवारी बहन गर्नुपर्ने धारणा प्रस्तुत कार्यपत्रात्मक लेखका माध्यमबाट नरहरि आचार्यले अघि सारेका छन् ।

## ४.४.१२ बालसाहित्यलेखन : विषय र माध्यमचयनको प्रश्न

### ४.४.१२.१ विषयविश्लेषण

नरहरि आचार्यले *बालसाहित्यको लेखन : विषय र माध्यमचयनको प्रश्न* शीर्षक कार्यपत्रमार्फत् बालसाहित्यका सम्बन्धमा विषयनिर्धारण, माध्यमचयन तथा बालसाहित्यरचनाका निम्ति अपनाउनुपर्ने प्रक्रियाका सन्दर्भमा आफ्ना केही विचारहरू प्रस्तुत गरेका छन् । खासगरी बालसाहित्य भन्नाले पूर्वशिशु अवस्था (तीन वर्षसम्म) पार गरेदेखि किशोरावस्था पार गर्दासम्मका बालकबालिकाका निम्ति रचित साहित्य भन्ने बुझिन्छ । त्यो उमेरका बालबाच्चाहरू बढी जिज्ञासु प्रवृतिका हुन्छन् । यसै तथ्यलाई मध्यनजर गरी सार्थक तर मनोरञ्जनपूर्ण बालसाहित्यका माध्यमबाट उनीहरूका जिज्ञासाहरूको समाधान गर्नुपर्ने हुन्छ । त्यस्तै अर्कोतिर बालसाहित्यका लेखक प्रायः प्रौढहरू नै हुन्छन् । यस्तो अवस्थामा लेखकहरूले बालमनोविज्ञानमा आधारित भई बालसाहित्यको रचना गर्नुपर्ने हुन्छ । यसरी रचना गरिने बालसाहित्यमा पनि विषय र माध्यमसम्बन्धी विविध प्रश्नहरू आउँछन् । अर्थात् साहित्यकारका अगाडि के दिने र कसरी दिने भन्ने चुनौतीहरू आइपर्दछन् । यिनै चुनौतीहरूको समाधानार्थ छलफल गरी केही निचोड निकाल्ने लक्ष्यका साथ गोष्ठीपत्रका रूपमा नरहरि आचार्यले उपर्युक्त लेख प्रस्तुत गरेका हुन् ।

बालसाहित्यको विषयनिर्धारण किन र कसरी भन्ने सन्दर्भमा आचार्यले यसलाई प्रौढसाहित्यसँग तुलना गर्दै केही निष्कर्षहरू निकालेका छन् । साहित्य भन्नेबित्तिकै

जुनसुकैको पनि केही न केही उद्देश्य हुन्छ तर त्यही उद्देश्य प्रकट गर्ने शैली भने फरक हुनसक्छ । प्रौढ साहित्यले प्रच्छन्न रूपमा आफ्नो उद्देश्य प्रकट गरेको हुन्छ भने बालसाहित्यले सरल ढाँचामा । प्रौढ साहित्य पूर्वआयोजित नै हुन्छ भन्ने छैन तर बालसाहित्य बालबालिकाकै निम्ति रचना गरिने हुँदा यो आयोजित र योजनाबद्ध नै हुन्छ । बालसाहित्यमा निर्धारित विषयवस्तुहरू अलग-अलग प्रवृतिका हुन्छन् । जुन विषय प्रौढका निम्ति उपयुक्त हुन्छ त्यो बालबालिकाका निम्ति उपयुक्त नहुन सक्छ । उपयुक्त विषय पनि जुनसुकै उमेरसमूहका बालबालिकाका निम्ति उपयोगी हुन्छ भन्ने छैन । यसर्थ उपयोगी विषयनिर्धारण पहिलो आवश्यकता हो । त्यसमा पनि सुरु-सुरुमा सरल तथा परिचित विषयबाटै प्रवेश गराई विषयबिस्तारतर्फ लाग्नुपर्छ । विषयनिर्धारणबाट नै बालकबालिकालाई कस्तो संस्कार दिने भन्ने थाहा हुन्छ । विषयनिर्धारणका सम्बन्धमा पनि विभिन्न समस्याहरू आइपर्न सक्छन् । अनुशासनका नाममा विद्यार्थीलाई भक्त बनाउने प्रवृति हाबी हुनु र अभिभावक तथा शिक्षकशिक्षिकामा मनोविज्ञानसम्मत उदार दृष्टिकोणको अभाव हुनु विषयनिर्धारणसम्बन्धमा देखिएका मूलभूत समस्याहरू हुन् । विषयनिर्धारणसम्बन्धमा देखिएका यस किसिमका जटिल समस्याका कारण निश्चय नै यो जटिल छ । यद्यपि सही विषयछनौट गर्नु बालसाहित्यकारको मात्र होइन शिक्षक तथा अभिभावकका निम्ति पनि साझा समस्या बनेको छ । यसरी समालोचकले यसमा विषयनिर्धारण किन, कसले र कसरी गर्ने भन्ने सन्दर्भमा आफ्ना अभिमतहरू पाठकसामु ल्याएका छन् ।

बालसाहित्य कुन भाषामा प्रस्तुत गर्ने र कसरी प्रस्तुत गर्ने भन्ने दुईवटा कुरातर्फ आचार्यले माध्यमचयनअन्तर्गत सङ्केत गर्न खोजेका छन् । भाषाका सन्दर्भमा पनि दुई पक्ष छन्, मातृभाषाको चयन या अन्य भाषाको । चयन गर्दा मातृभाषाको भाषिक क्षेत्र पहिल्याउनुपर्ने धारणा उनको छ । मातृभाषाको भाषिक क्षेत्र एकदमै सानो भए अनिवार्य रूपमा भविष्यमा आवश्यक पर्ने भाषाको चयन गर्नुपर्ने, भाषिक क्षेत्र केही ठूलो भए ऐच्छिक रूपमा अन्य भाषा सिक्ने हुँदा बर्तमानमा मातृभाषालाई नै माध्यमका रूपमा चयन गर्न सक्ने तथा भाषिक क्षेत्र अत्यन्त ठूलो भए स्वतसिद्ध रूपमा त्यसैलाई माध्यमचयन बनाउन सक्ने दृष्टिकोण समालोचकले राखेका छन् ।

माध्यमचयनकै सन्दर्भमा दोस्रो पक्ष पनि छ जसअनुसार बालसाहित्यको रचनामा कुन प्रक्रिया अपनाउने अर्थात् यसलाई कुन तरिकाले प्रस्तुत गर्ने । बालसाहित्य मनोरञ्जन गर्न बढी इच्छुक बालबच्चाहरूकै निम्ति लेखिने हुँदा यसलाई मनोरञ्जनात्मक र आकर्षक

किसिमबाट प्रस्तुत गर्नुपर्ने धारणा समालोचकको छ । कुनै पनि कुरालाई प्रत्यक्ष रूपमा उपदेशात्मक तवरले व्यक्त गर्नुसट्टा परिस्थितिजन्य हिसाबले व्यक्त गर्नुपर्ने साथै यसको प्रस्तुतिमा वाह्य पक्ष (मुद्रण, रङचयन, कागज, चित्राङ्कन) तर्फ पनि ध्यान दिनुपर्ने हुन्छ भन्ने दृष्टिकोण आचार्यको रहेको छ ।

## ४.४.१३ छन्दशास्त्रको ऐतिहासिक विकासक्रम र यसको औचित्य

### ४.४.१३.१ विषयविश्लेषण

छन्द भन्नाले छाँटकाँट बुझिन्छ । यसको निर्माण संस्कृतको छद् धातुमा असुन प्रत्ययको मेलबाट भएको हुन्छ ।[१२८] यसले आनन्दित पार्नु, बाँध्नु, फकाउनु जस्ता अर्थहरू बोकेको हुन्छ ।[१२९] छन्द भन्नाले नियमित रूप भएको लयको सिर्जना हो । सामान्यतया यसको प्रयोग पदरचनामा गरिन्छ[१३०] जुन पदको रचना स्वर र लयका आधारमा वर्ण र मात्राको निश्चित संख्या र विश्रामको नियमद्वारा नियमित हुन्छ, त्यो छन्द हो । यही छन्दले पदको छाँट मिलाउने र सुहाउँदिलो पार्ने काम गर्छ ।[१३१]

उपर्युक्त समालोचना *छन्दशास्त्रको ऐतिहासिक विकासक्रम र यसको औचित्य*मा समालोचक नरहरि आचार्यले एकातिर विभिन्न पूर्वीय एवम् पाश्चात्य विद्वानहरूका परिभाषासहित छन्दको सामान्य परिचय दिँदै यसको स्वरूप पहिल्याएका छन् भने अर्कातिर यसको उत्पत्ति कुन परिस्थितिमा भयो सोको चर्चा गरेका छन् । प्रस्तुत समालोचनामा छन्दशास्त्रको ऐतिहासिक विकासक्रमको निरूपण गर्दै यसको औचित्यका सम्बन्धमा प्रष्ट पार्ने काम गरिएको छ ।

छन्दको उत्पत्ति वैदिक कालदेखि नै भएको पाइन्छ । वैदिक कालमा छन्द र वेदलाई पर्यायवाची शब्दका रूपमा लिइन्थ्यो । पाणीनिले मात्र होइन संस्कृत साहित्यको उत्तरवर्ती युगमा कालिदास तथा भवभूतिले पनि छन्द र वेदलाई समानार्थी शब्दका रूपमा प्रयोग गरे । यसरी छन्द र वेदलाई पर्यायवाची शब्दका रूपमा प्रयोग गरिनुमा उपनिषद्मा उल्लेख

---

[१२८] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली**, अठारौं सं. (काठमाडौँ : सहयोगी प्रकाशन, २०५०), अठारौं संस्करण, पृष्ठ-२५८

[१२९] ऐजन, पृष्ठ-२५८

[१३०] कृष्णहरि बराल, नेत्र एटम, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास** दो.सं. (काठमाडौँ : तलेजु प्रकाशन, २०५९), पृष्ठ-३४८

[१३१] प्रा. शिवप्रसाद सत्याल, प्रा. ध्रुवप्रसाद भट्टराई, **माध्यमिक नेपाली कक्षा १०** (काठमाडौँ : सत्याल पब्लिकेशन प्रा.लि., २०६१), पृष्ठ-५

भएको एक धारणातर्फ आचार्यले सबैको ध्यानाकर्षण गराएका छन् जसअनुसार मृत्युदेखि डराएका देवताहरूले त्रयीवेदमा प्रवेश गरे र आफूलाई छन्द (मन्त्र) ले आच्छादित गरेका कारण मन्त्रलाई छन्द भनिएको हो । यसरी समालोचकले प्रस्तुत समालोचनामा छन्दको उत्पत्तिका सन्दर्भमा सामान्य सङ्केत गरेका छन् ।

छन्दको उत्पत्तितर्फ दृष्टि पुऱ्याइसकेपछि विभिन्न विद्वानले यसका सम्बन्धमा दिएका परिभाषातर्फ पनि यसमा सङ्केत गरिएको छ । आचार्य सायणको परिभाषामा साहित्यकार वा कवि एवम् उसको कृतिलाई अपमृत्यु (मूल्यहीनता) बाट बचाउने भएकोले नै छन्द भनिएको हो । त्यस्तै शिवराज आचार्यको भनाइमा "सामान्यतया प्राणको अवच्छेद वा अवच्छिन्न प्राण छन्द हो ।" अवच्छेद भनेको वस्तुस्वरूपको मर्यादाबन्ध हो । प्राण अनेक प्रकारका छन् । तीमध्ये वाणीको प्राणस्वर वाचित छन्द हो । अर्थात् स्वरको परिभाषाविशेष नै छन्द हो ।

यसरी विभिन्न विद्वानहरूले छन्दलाई विभिन्न तरिकाले परिभाषित गरेका छन् । उनीहरूका परिभाषाका आधारमा समालोचक नरहरि आचार्यले एउटा निष्कर्ष निकालेका छन् जसअनुसार मानवीय संवेगका विशृङ्खलात्मक प्रवृतिमाथि शृङ्खलाबद्धता स्थापना गर्दै भावको अभिव्यक्तिलाई बढी तीव्रतर गराएर कविको अनुभूतिलाई लय र स्वरपरिणामका माध्यमले व्यक्त्याउने साधन नै छन्द हो ।

छन्द काव्यको वाह्य तत्व हो तर यसको अभावमा काव्यमा छछल्किएका भावतरङ्गहरूले आफ्नो वास्तविक स्वरूपलाई प्रकाशित गर्न सक्दैनन् यस अर्थमा यो काव्यको अत्यावश्यक तत्वको रूपमा देखापर्छ । देवकोटाले पनि छन्दको स्वरूप भावभन्दा टाढा नभएको धारणा व्यक्त गरेका छन् ।[१३२] समालोचक यदुनाथ खनालले भने मानिसमा रहेको उत्तेजित मनोभावना तथा कर्मप्रतिकर्मको नियमका बीच सम्मेलन गराउने उद्देश्यले उत्पत्ति भएको विशेष तत्वका रूपमा छन्दलाई लिएका छन् ।[१३३] जबदेखि मनुष्य छ त्यहीँदेखि उसका सबै गम्भीर एवम् सम्बद्ध भावलाई स्वतः लययुक्त भाषामा व्यक्त गर्ने प्रवृति रहेको छ । भावअनुसार लय पनि विशिष्ट हुँदै गएको हुन्छ भन्ने धारणा पाश्चात्य समालोचकहरूको छ । यसरी छन्दको उत्पत्तिमा भावकै मुख्य भूमिका भएको स्वीकार्न सकिन्छ । उपर्युक्त पूर्वीय एवम् पाश्चात्य दृष्टिकोणका आधारमा भावनाको चरम परिणति र विभिन्न भावनाहरूलाई शृङ्खलाबद्ध एवम् परिष्कृत गराउने साधनका रूपमा छन्दको उत्पत्ति भएको स्पष्ट हुन आउँछ र यही विचार प्रस्तुत समालोचनामा समालोचकले व्यक्त गरेका छन् ।

[१३२] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध संग्रह** (ललितपुर : साझा प्रकाशन, २०२५), पृष्ठ-१७७

[१३३] यदुनाथ खनाल, **समालोचनाको सिद्धान्त** (काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति, २०३३), पृष्ठ-४०

प्रस्तुत समालोचनामा छन्दशास्त्रको विकासक्रम तथा उसको औचित्यका सम्बन्धमा पनि स्पष्ट पारिएको छ जसअनुसार छन्दको वर्तमान अवस्थाको निर्माण एकैपटक भएको नभई क्रमबद्ध रूपमा भएको हो । छन्दको उत्पत्ति वैदिक कालमा नै भएको स्वीकार्दास्वीकार्दै पनि वेदमा छन्दशास्त्रको विवेचनात्मक उल्लेख नपाइने सङ्केत यस समालोचनामा गरिएको छ । यति हुँदाहुँदै पनि छन्दशास्त्रको इतिहासमा ब्राह्मण ग्रन्थलाई आधारशिलाका रूपमा भने यसले स्वीकारेको छ । ब्राह्मणग्रन्थपछि मात्र छन्दशास्त्रकै विवेचना गर्ने उद्देश्यले विभिन्न ग्रन्थहरू रचिए । तिनमा **पिङ्गलछन्दसूत्र** पहिलो हो । यसमा एकदेखि एकसय आठ अक्षरसम्मका छन्दको सामान्य चर्चा एवम् विश्लेषण गरिएको छ । प्रासङ्गिक रूपमा भरतमुनिको **नाट्यशास्त्र**लगायतका ग्रन्थमा छन्दको उल्लेख पाइएपनि तिनमा मुख्य सन्दर्भ बनाएर छन्दको अध्ययन गरिएको पाइन्न । आचार्य पिङ्गलले प्रारम्भ गरेको परम्परामा आधारित भएर नेपाली भाषामा लेखिएका गोविन्दप्रसाद ढुङ्गानाको **छन्दोहार** यस परिप्रेक्ष्यमा मह,वपूर्ण उपलब्धि बनेको छ । यसपछि लक्ष्मीनाथ आचार्यको **छन्दसागर सोपान**, शिवराज आचार्यको **वृत्तनक्षत्रमाला** आदि छन्दशास्त्रको विकासक्रममा देखापरेका थप उपलब्धि हुन् । **छन्दसागर सोपान**मा छन्दशास्त्रसम्बन्धी नियमादिका बारेमा समालोचकीय ढङ्गले विश्लेषण गरिएको छ भने **वृत्तनक्षत्रमाला**मा छन्द र वृत्तको भिन्नतालाई स्पष्टसँग दर्शाइएको छ । यस आधारमा समालोचकले **पिङ्गल छन्दसूत्र**, **छन्दोहार**, **छन्दसागर सोपान** तथा **वृत्तनक्षत्रमाला**लाई यस सन्दर्भका उल्लेख्य कृतिका रूपमा ठहर गरेका छन् ।

छन्दको ऐतिहासिक स्वरूप पहिल्याउँदै जाँदा के स्पष्ट हुन आउँछ भने वैदिक छन्दमा केवल अक्षर गणना गरिन्थ्यो तर लौकिक छन्दमा त्यसका अतिरिक्त मात्रातर्फ पनि ध्यान दिन थालियो । वैदिककालीन अक्षरगणनापरम्परा वास्तवमा विवादरहित थिएन किनकि विविध छन्दहरू समान अक्षरी हुनसक्छन्, परिणामतः कठीन परिस्थिति सिर्जना हुनसक्छ । वर्ण र मात्राको गणनाका सम्बन्धमा देखिएको सोही विवादलाई उद्घाटन गर्ने काम **वृत्तनक्षत्रमाला**ले गरेको छ । यसरी छन्दशास्त्रको विषद् व्याख्या गरेकोले **वृत्तनक्षत्रमाला** छन्दशास्त्रको इतिहासमा कोसेढुङ्गो साबित भएको राय समालोचकले प्रकट गरेका छन् ।

कतिपय सन्दर्भमा छन्दलाई एक किसिमको काव्यिक बन्धनका रूपमा हेरिँदै आएको छ । पाश्चात्य साहित्यका क्षेत्रमा देखापरेका स्वच्छन्दतावादलगायतका विभिन्न साहित्यिक अभियानहरूले यस्तो स्थिति सिर्जना गरेको हो । स्वच्छन्दतावादको अभ्युदयले काव्यमा छन्दको प्रयोगलाई एक अप्राकृतिक कार्य मान्न थाल्यो । कहीँ-कतै यसका मान्यता पनि ठीकै

छन् तर यो पूर्ण र विवादरहित भने छैन किनकि सफल कविले आफ्ना भावहरूलाई छन्द प्रयोग गरेरै पनि प्रकाशमा ल्याउन सक्छ भन्ने दृष्टिकोण सँगसँगै जीवित नै देखिन्छ ।

आचार्यले काव्यमा छन्दको औचित्यलाई प्रष्ट पार्ने क्रममा केही विद्वानका विचारहरूतर्फ पाठकवर्गहरूको ध्यानकेन्द्रित गराएका छन् । रामचन्द्र शुक्लको कविताको पूरा सौन्दर्य छन्दलाई लयसाथ जोरसँग पढ्दा मात्र प्रस्फुटित हुन्छ भन्ने भनाइबाट छन्द अनिवार्य तत्व हो भन्ने प्रष्टिन्छ भने पाश्चात्य समालोचक डा.आइ.ए. रिचर्डसको "छन्द सर्वाधिक कठीन एवम् सर्वाधिक सूक्ष्म कथनहरूका लागि पनि प्रायः अनिवार्य साधन जस्तै छ" भन्ने भनाइबाट पनि छन्दको अनिवार्यता झल्किन्छ ।

कवितामा भावको अभिव्यक्तिलाई स्पष्टतर एवम् तीव्रतर रूप प्रदान गर्न र अनियन्त्रित भावसमूहलाई एकत्रित पार्न छन्दले गहन भूमिका खेलेको हुन्छ । छन्दमा लेखिएका कविता कण्ठस्थ पार्न सजिलो हुनाका साथै यिनमा लामो समयसम्म बाँच्ने सामर्थ्य हुन्छ । लयबद्ध भएकाले नै वैदिक संहिताहरू लामो समयसम्म बिनापुस्तक या बिनाअभिलेख सुरक्षित रहन सके । कुनै पनि कृति जब भावको चुलीमा पुग्छ, तब स्वतः त्यसले लयबद्धता या छन्दोबद्धता प्राप्त गर्दछ । देवकोटाको के नेपाल सानो छ तथा बालकृष्ण समको **कथाकुसुम**भित्रको केही अंश प्रस्तुत गर्दै ती दुबै गद्य भएर पनि तिनमा लयबद्धताले शिखर छोएको थियो भन्ने राय यसमा व्यक्त गरिएको छ ।

कतिपय कविताहरू छन्दविधानबाट टाढा रहन खोज्दै लेख्ने प्रयास गरिएका हुन्छन् तरपनि तिनमा कहीँ न कहीँ लयबद्धता अँगालिएको हुन्छ भन्ने धारणा समालोचकको रहेको छ । यसै सन्दर्भमा केही फुटकर कविताका अंश उनले प्रस्तुत गरेका छन् ।

साँघुरो गल्लीमा मेरो चोक छ
यहाँ के छैन ? सबथोक छ ।
असंख्य रोग छ,
अनन्त भोक छ,
असीम शोक छ,
केवल हर्ष छैन
यहाँ त्यसमाथि रोक छ ।
साँघुरो गल्लीमा मेरो चोक छ ।[१३४]

---

[१३४] भूपि शेरचन, *मेरो चोक*, **घुम्ने मेचमाथि अन्धो मान्छे**, तृ.सं. (ललितपुर : साझा प्रकाशन, २०३०), पृष्ठ-१

भूपि शेरचन लिखित उयर्युक्त कविता गद्यात्मक भएपनि लयमुक्त हुन सकेको छैन । यस्ता उदाहरणबाट जब कविताले विशिष्ट भाषाको आवश्यकता महसुस गर्छ, तब कविता स्वतः लयमा प्रस्फुटित हुन्छ भन्ने निष्कर्ष यसमा समालोचक आचार्यले निकालेका छन् ।

### ४.४.१३.२ निष्कर्ष

समालोचक नरहरि आचार्यले प्रस्तुत समालोचनामा छन्दको एतिहासिक स्थिति, विकासक्रम तथा यसको औचित्य - अनौचित्यका सम्बन्धमा समालोचकीय दृष्टिकोण अघि सारेका छन् । कवितामा छन्दको अनिवार्यतालाई यसले स्वीकारेको छ । कवितामा लय अनिवार्य तत्व पनि हो । वास्तवमा भावको गम्भीरतासँग लयबद्धता डोहोरिएको हुन्छ । भावको अभिव्यक्तिलाई स्पष्टतर एवम् तीव्रतर रूप प्रदान गर्न तथा अनियन्त्रित भावसमूहलाई एकत्रित पार्न छन्दको आवश्यकता पर्छ । यसको प्रयोगले कवितामा मिठासता थपिनाका साथै यसले कवितालाई जीवन्तता प्रदान गर्छ । यद्यपि समालोचकले छन्द र लयलाई समानार्थी रूपमा जसरी प्रयोग गरेका छन्, त्यो विवादरहित भने अवश्य पनि छैन किनकि छन्द र लय पूर्णतः एकै चिज होइनन् । अन्त्यानुप्रास मिलेका सबै कवितामा लयबद्धता होला तर छन्दको संयोजन हुन्छ नै भन्न सकिन्न । यति हुँदाहुँदै पनि कवितामा लय छैन भन्न भने मिल्दैन । कुनै न कुनै रूपमा कवितामा यो व्यक्तिएकै हुन्छ तर पनि छन्दकै निम्ति कवितारचना गर्नुसट्टा कवितामा सही रूपमा छन्दप्रयोग गरेमा उक्त ढाँचाका कविताले मार्मिक भाव व्यक्त गर्न सक्ने विचार प्रस्तुत समालोचनामा प्रकट गरिएको छ ।

## ४.४.१४ भूपि शेरचनको 'मैनबत्तीको शिखा' कवितामा प्रयुक्त अलङ्कारको स्वरूपविश्लेषण

### ४.४.१४.१ विषयपरिचय

उपर्युक्त *भूपि शेरचनको मैनबत्तीको शिखा कवितामा प्रयुक्त अलङ्कारको स्वरूपविश्लेषण* समालोचना सम्पादक फणीन्द्र नेपालद्वारा **परिशीलन**मा सम्पादित तथा नरहरि आचार्यलिखित फुटकर समालोचना हो । यसमा समालोचकद्वारा पूर्वीय काव्यसिद्धान्तका आलोकमा *मैनबत्तीको शिखा* कविताको विश्लेषण गरिएको छ । प्रस्तुत समालोचनामा कवितामा अलङ्कारको स्थितिबाट सुरु गरी भूपिका समग्र कवितामा प्राप्त

अलङ्कारको निरुपण गर्दै *मैनबत्तीको शिखा* कवितामा प्राप्त अलङ्कारको विश्लेषण गरिएको छ । त्यस्तै अलङ्कार र अलङ्कार्यबीचको सम्बन्ध स्पष्ट पार्नुका साथै *मैनबत्तीको शिखा* कवितामा यी दुईको स्थिति एवम् सम्बन्धको समेत विश्लेषण गरिएको छ । त्यतिमात्र नभई प्रस्तुत समालोचनामा एकातिर अलङ्कारका पूर्वीय एवम् पाश्चात्य सन्दर्भका आधारहरू पहिल्याउँदै *मैनबत्तीको शिखा*मा उल्लेख आलङ्कारिक आधारहरू खुट्याउने काम गरिएको छ भने अर्कातिर उपर्युक्त एउटै कविताको विविध कोणबाट स्वरूपविश्लेषण गर्दै भूपिको समग्र काव्यिक मूल्याङ्कन गर्ने काम पनि भएको छ ।

पूर्वीय काव्यशास्त्रीय परम्परामा अलङ्कारको छुट्टै प्रकारको स्थान छ । साहित्यमा अलङ्कारको अर्थ रमाइला शब्दयोजना र अर्थचमत्कारद्वारा सजाउने तथा आकर्षित पार्ने हुन्छ । यसले भाषामा लालित्य झल्काउँछ । यो काव्यको सौन्दर्य, अर्थको रमणीयता र उक्तिको वैचि^यका निम्ति रमणीय हुन्छ ।[१३५] काव्यशोभाबर्द्धक एक उपकरणको रूपमा यसको सामान्य चर्चा वैदिक साहित्यमै भएको देखिएपनि संस्कृत साहित्यको उत्तरकालतिर आएपछि यो केही विवादास्पद विषय बन्न पुग्यो । ध्वनिवादीहरूले यसलाई “अनलंकृति पुनः क्वापि” भन्दै काव्यको अस्थिर धर्मको रूपमा स्वीकार गरे भने अलङ्कारवादीहरूले यसलाई काव्यको स्थायी धर्मको रूपमा स्वीकार गर्दै गए ।[१३६] यसरी अलङ्कारलाई कसैले काव्यको शोभाबर्द्धक वा वाह्य तत्वका रूपमा लिए भने कसैले आन्तरिक तत्वका रूपमा । अलम् को साथमा कृ धातु जोडिएर बन्ने अलङ्कार शब्दले ‘अलङ्करोति’ र ‘अलङ्कृयले अनेन’ गरी दुई अर्थ बोकेको हुन्छ । तसर्थ यिनको अर्थगत आधार पहिल्याउँदा काव्योक्ति बनेर आउने अलङ्कार आन्तरिक रूपमा देखापर्छ, प्रतिफलस्वरूप काव्यमा यो प्रधान बन्न पुग्छ भने काव्योक्तिलाई सिँगार्नका निम्ति आउने अलङ्कार वाह्य रूपमा देखापर्ने भएकोले यो काव्यमा गौण बन्न पुग्छ । यसरी प्रस्तुत समालोचनामा समालोचकले काव्यमा अलङ्कारको मह,व तथा यसको स्थितिका सम्बन्धमा स्पष्ट पारेका छन् ।

अलङ्कार काव्यको शब्दगत तथा अर्थगत दुबै तहमा आउन सक्छ । शब्दका तहमा देखापर्ने अलङ्कारले अर्थ या भावका तहमा चमत्कार सिर्जना गर्छ ।[१३७] अलङ्कारलाई आलोचकहरूले आन्तरिक वा वाह्य तत्व भनेर विवाद नगरेका होइनन् । यसरी उनीहरूले

---

[१३५] कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली**, अठारौं सं (काठमाडौँ : सहयोगी प्रकाशन, २०५०), पृष्ठ २७२-२७३
[१३६] स्व. डा. ताराप्रसाद जोशी, **आदर्श राघवको शास्त्रीय विवेचना** (काठमाडौँ : रत्न पुस्तक भण्डार, भोटाहिटी, २०४६), पृष्ठ १४६-१४७
[१३७] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश**, तृ.सं. (काठमाडौँ : साझा प्रकाशन, २०४०), पृष्ठ २२२-२२६

विवादसिर्जना गरेपनि आन्तरिक सौन्दर्यले सिञ्चित भएपछि मात्र सहज अलङ्कारको जन्म हुने धारणा समालोचकको देखिन्छ । त्यसकारण यो वाह्य साजसज्जाको वस्तु मात्र नभएर साहित्यकारको मानससौन्दर्यसँगै गाँसिएको हुनुपर्ने राय उनको छ ।

साहित्यका विविध विधामध्ये अनुभूतिलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने विधाका रूपमा कवितालाई लिइन्छ । यो साहित्यको एक पुरानो विधा हो ।[१३८] कवितालाई कामिनी पनि भनिन्छ र यो कामिनीय तथा रूपसज्जासौन्दर्य आवरण-अनावरणले सुसज्जित सौन्दर्यपूर्ण हुनुपर्छ । एउटी सुन्दरीका अङ्ग-प्रत्यङ्गमा साजसज्जा देखिएझैँ कविताका पनि शब्द, अर्थ र भाव सबै तहमा सुन्दर हुनुपर्छ । यस आधारमा कवितामा अलङ्करण प्रविधि आवश्यक देखिने मात्र नभई एक अपरिहार्य तत्वको रूपमा देखापर्छ ।[१३९] कविताको भावलाई उत्कृष्ट बनाउनका निम्ति अपनाउनुपर्ने शैलीगत विविधतालाई नै प्रस्तुत समालोचनामा अलङ्कारका रूपमा स्वीकार गरिएको छ र सोही अलङ्कारको चर्चा एवम् विश्लेषण गर्नु यस समालोचनाको केन्द्रीय कथ्य बनेको छ ।

कवि भूपिले आफ्नो जीवनकालमा जम्मा तीनवटा कवितासंग्रहको रचना गरेका छन् । तीमध्ये **घुम्ने मेचमाथि अन्धो मान्छे** उत्कृष्ट संग्रहका रूपमा स्थापित छ । सोही संग्रहभित्र कविता हो *मैनबत्तीको शिखा* । स्वच्छदतावादी धाराभित्र देखापरेका साथै भाषाशैलीतर्फ हेर्दा गोपालप्रसाद रिमालका निकट देखिने भूपिले छन्दलाई कृत्रिम मानेपनि उनका कवितामा लयात्मकता र साङ्गीतिकता प्रशस्त मात्रामा पाइन्छ भने उपमा, उत्प्रेक्षा, रूपक जस्ता अर्थालङ्कार साथै अनुप्रास जस्ता शब्दालङ्कारको प्रचुर प्रयोग पनि पाइन्छ । त्यति मात्र नभई बिम्ब र प्रतीकको नवीन प्रयोग उनका कवितागत विशेषता नै हुन् । प्रस्तुत समालोचनामा बिम्ब र प्रतीकलाई एकातिर अलङ्कारकै आलोकमा मूल्याङ्कन गरिएको छ भने अर्कातिर निश्चित केही अलङ्कारको स्वरूपपहिल्याउँदै *मैनबत्तीको शिखा* कवितामा प्रयुक्त अलङ्कारका सम्बन्धमा समालोचकीय ढङ्गले विश्लेषण गरिएको छ ।

जम्मा तीन भागमा रचित *मैनबत्तीको शिखा* कवितामा अन्तर्निहित छत्तीस पङ्तिमध्ये पहिलो भाग चौध तथा दोस्रो र तेस्रो एघार-एघार पङ्तिका छन् । मैनबत्तीको शिखालाई तीनै भागमा अभिव्यक्त तर अप्रस्तुत एवम् सादृश्यमूलक सम्भावनाद्वारा व्यक्त गरिएकाले यसमा उत्प्रेक्षा अलङ्कारको अत्यधिक प्रयोग भएको निर्क्योल गर्नुका साथै

---

[१३८] सं.प्रा.डा. वासुदेव त्रिपाठी, सह प्रा. दैवज्ञराज न्यौपाने, सह प्रा. केशव सुवेदी, **नेपाली कविता भाग ४**, दो.सं (ललितपुर : साझा प्रकाशन, २०५३), पृष्ठ-४

[१३९] ईश्वरीप्रसाद गैरे, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य** (काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, २०६०) पृष्ठ-२२

कहीँकतै रूपक र उपमाको प्रयोग भएकोतर्फ सङ्केत गरिएको देखिन्छ । त्यस्तै उमेरको सापेक्षतामा मान्छेका विविध अवस्थालाई भूपिले बिम्ब र प्रतीकद्वारा कलात्मक पाराले चित्रण गरेका छन् जसलाई यस समालोचनामा अलङ्कारस्वरूपको विश्लेषणका क्रममा चर्चा गरिएको छ ।

उत्प्रेक्षा अलङ्कारमा स्वाभाविक कुरालाई कुनै हेतु वा क्रियाद्वारा अर्कै रूपमा प्रकट गरी सम्भावना दर्शाइएको हुन्छ ।[१४०] सम्भावना गर्नु अर्थात् उपमेयमा उपमानको सम्भावना देख्नु उत्प्रेक्षा अलङ्कार हो । *मैनबत्तीको शिखा* कवितामा पनि नारीका विविध अवस्था (उपमान) को मैनबत्तीको शिखा (उपमेय) मा सम्भावना देखाइएकोले यसमा उत्प्रेक्षा अलङ्कार रहेको किटान गरिएको छ ।

उत्प्रेक्षा अलङ्कारलाई काव्यचिन्तकहरूले विविध कोटिमा विभाजन गरेका छन् । यद्यपि अलङ्कारको विभाजनसम्बन्धमा अप्यय दीक्षितको धारणा केही मात्रामा उच्चकोटिको देखिन्छ । उनले उत्प्रेक्षालाई वस्तु, हेतु र फलका आधारमा तीन भागमा विभाजन गरेका छन् । यस आधारमा मैनबत्तीको शिखामा वस्तूत्प्रेक्षा अलङ्कारको प्रबलता रहेको ठहर आचार्यको छ किनकि यसको पहिलो भागमा मैनबत्तीको शिखालाई रजस्वलापछि स्नान गरेर पारिलो घाममा बसेकी युवतीको अनुहारसँग, दोस्रो भागमा अप्रेसनपछिको पीडित अवस्थामा शिशुलाई हेर्न आतुर नवप्रसूनासँग र तेस्रोमा कुनै विधवाको सुहागरातको सम्झनाले हँसिलो भएको साथै एकैछिनमा स्वर्गीय पतिको सम्झनाले विक्षिप्त भएको अनुहारसमेतको सम्भावना देखाइएको छ । यी तीनै सम्भावना अतिशयोक्तिपूर्ण छन् । भामहले पनि उत्प्रेक्षा अलङ्कारको लक्षणनिर्धारण गर्दा केही मात्रामा अतिशयोक्ति हुनुपर्ने धारणा व्यक्त गरेका छन् । यस अर्थमा पनि यसमा उत्प्रेक्षा अलङ्कार रहेको स्वीकार्न सकिन्छ र उपर्युक्त तथ्यको उद्घाटन प्रस्तुत समालोचनामा गरिएको छ ।

काव्यशास्त्रीहरूले वस्तूत्प्रेक्षाका पनि दुई भेदको उल्लेख गरेका छन् । जुन कवितामा विषय अर्थात् उपमेय उक्त वा पहिले नै भनिएको छ त्यहाँ उक्त विषयमा र जहाँ उपमानपछि मात्र उपमेयको उल्लेख गरिएको छ त्यहाँ अनुक्त विषयमा वस्तूत्प्रेक्षा अलङ्कार हुन्छ । यसअनुसार प्रस्तुत कवितामा पहिले मैनबत्तीको शिखा (उपमेय) को प्रसङ्गपछि मात्र नारीजीवनका तीन पाटा (उपमान) को उल्लेख भएकोले यसमा उक्त विषयमा वस्तूत्प्रेक्षा अलङ्कार रहेको धारणा समालोचकले व्यक्त गरेका छन् । त्यति मात्र नभई यसमा

[१४०] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ-२७७

नारीजीवनका तीन मुख्य एवम् सम्भावित अवस्था (रजस्वला, सन्तानोत्पादन र विधवा) द्वारा नारीजीवनको समग्रता उत्प्रेक्षित गर्न खोजिएकोले यसमा अझ बढी उत्प्रेक्षा अलङ्कार रहेको पनि प्रस्तुत समालोचनामा प्रष्ट पारिएको छ ।

उत्प्रेक्षाका अतिरिक्त *मैनबत्तीको शिखा*मा उपमा र रूपक जस्ता अलङ्कार पनि रहेका छन् । उपमा अलङ्कारमा प्रस्तुत र अप्रस्तुत कुनै दुई भिन्न वस्तुको सादृश्य मिलाई तुलना गरिन्छ र भिन्नता कायम गरिन्छ ।[१४१] *मैनबत्तीको शिखा* कवितामा दुई भिन्न वस्तु मैनबत्तीको शिखा र नारीजीवनका तीन चरणहरूको तुलना गरिएको छ । त्यस्तै रूपकमा उपमेयमा उपमानको आरोप हुन्छ ।[१४२] *मैनबत्तीको शिखा* कविताको दोस्रो प्रकरणमा पनि सोही ढङ्ग अपनाइएकोले यसमा रूपक अलङ्कार पनि थोरबहुत मात्रामा विद्यमान छ । उपर्युक्त अलङ्कारका अतिरिक्त भूपिले *मैनबत्तीको शिखा*मा उत्कृष्ट बिम्बप्रयोग गरेको कुरा उनका कविताको अध्ययनबाट थाहा हुन्छ । भर्खर रजस्वला भएकी कुमारी अनि कुमारीको दोस्रो अवस्था पुत्रवती अनि विधवा स्त्रीको चित्रण भूपिले *मैनबत्तीको शिखा*मा गरेका छन् । एउटै बिम्बद्वारा जीवनका तीन अवस्थालाई चित्रण गर्नुले भूपिको बिम्बचयनमा भएको सशक्तताको परिचय दिन्छ ।[१४३] समालोचक नरहरि आचार्यले यस समालोचनामा शेरचनद्वारा 'मैनबत्तीको शिखा' मा प्रयुक्त उपयुक्त अलङ्कार तथा बिम्बचयनका सम्बन्धमा चर्चा एवम् विश्लेषण गर्ने काम गरेका छन् ।

### ४.४.१४.२ अलङ्कार र अलङ्कार्यबीच सम्बन्ध तथा मैनबत्तीको शिखा

काव्यको वाह्य पक्ष अलङ्कार र आन्तरिक पक्ष अलङ्कार्यबीचको सम्बन्ध सन्देहपूर्ण भएको देखिएपनि यी दुईबीच निकटसम्बन्ध रहेको हुन्छ । काव्यको आत्मा स्थानीय वस्तु (भाव वा ध्वनि) मा मूर्तत्वविधान गर्ने र यसलाई क्रियाशील तुल्याउने काम काव्यशिल्प वा कलापक्षमै आधारित हुन्छ । एउटा सिद्धहस्त कविको शैलीमा अलङ्कार स्वतसिद्ध देखापर्छ । सहृदय कविको वाणी अनायासै अलङ्कृत रूपमा प्रस्फुटित हुन्छ । यसरी स्वाभाविक रूपमा विकसित भएको अलङ्कार काव्यगत वस्तु (भाव) को उत्कर्षाधायक हुन्छ । यसैद्वारा वास्तविक (वस्तु सम्बन्धी) तत्वको परिपोषण हुन्छ ।[१४४] यस किसिमको सम्बन्ध *मैनबत्तीको*

[१४१] ऐजन, पृष्ठ-२७६
[१४२] स्व.डा. ताराप्रसाद जोशी, पूर्ववत्, पृष्ठ-१५३
[१४३] भरतमणि सुवेदी, **कवि भूपि शेरचनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, (नेपाली स्नातकोत्तर तह, शोधपत्र, २०३७), पृष्ठ-५१
[१४४] स्व.डा. ताराप्रसाद जोशी, पूर्ववत्, पृष्ठ १४७-१४८

*शिखा*मा पनि समालोचकले देखेका छन् । पूर्वीय काव्यशास्त्रमा देखिएको अलङ्कार र अलङ्कार्यको विभाजन गर्ने परम्परालाई यसरी प्राचीन पाश्चात्य काव्यशास्त्रीहरूले स्वीकार गरेपनि आधुनिक काव्यशास्त्रीहरू भने यसको विपक्षमा छन् । यति हुँदाहुँदै पनि व्यावहारिक प्रयोजनका निम्ति भने यसको विभाजनलाई स्वीकार गरिएको छ । अलङ्कार र अलङकार्यबीच रहेको उपर्युक्त प्रकारको निकटवर्ती सम्बन्धलाई स्वीकार गरिसकेपछि *मैनबत्तीको शिखा* कवितातर्फ दृष्टि पुऱ्याउनुपर्ने हुन्छ । यसमा पनि अलङ्कार र अलङ्कार्यको निकटसम्बन्ध देखाइएको छ । प्रस्तुत समालोचनामा एउटा अलङ्कार्यलाई तीन किसिमका उत्प्रेक्षा अलङ्कारद्वारा उत्प्रेक्षित गरिएको छ । यसरी प्रस्तुत समालोचनाले अलङ्कार र अलङ्कार्यका सम्बन्धबारे प्रष्ट पार्दै *मैनबत्तीको शिखा* कवितामा यसको स्थितिका सम्बन्धमा समालोचकीय दृष्टिकोण अघि सारेको छ ।

### ४.४.१४.३ अलङ्कारको आन्तरिक आधार र मैनबत्तीको शिखा

अलङ्कारको आन्तरिक आधार पहिल्याउने क्रममा पूर्वीय आचार्यहरूले वक्रोक्ति, अतिशयोक्ति, औपम्य आदितर्फ सङ्केत गरेका छन् भने पाश्चात्य काव्यशास्त्रीहरूले साम्य, सम्बन्ध, अन्तर, कल्पना, बक्रता र ध्वनिलाई नै अलङ्कारको मूल आधार मानेका छन् । उपर्युक्त पूर्वीय तथा पाश्चात्य वैचारिक मन्थनबाट समालोचकले अलङ्कारका मूल आधार वक्रता र अतिशयोक्ति नै ठहऱ्याएका छन्  भने उनले अतिशयतत्वलाई अनिवार्यझैँ पहिचान गरेका छन् । यसरी अलङ्कारको मूल आधारको रूपमा वक्रता र अतिशयोक्तिलाई मानेपनि व्यावहारिक प्रयोजनका लागि यसका आधारको निरुपण गर्नुपर्दा उनले स्पष्टता, बिस्तार, आश्चर्य, अन्विति, जिज्ञासा र कौतुहललाई ठहर गरेका छन् भने उपमा र उत्प्रेक्षा अतिशयमूलक अलङ्कार भएकाले यिनीहरूको मूल आधार बिस्तार भएको पनि प्रकाश पारेका छन् । यिनै आन्तरिक आधारका परिप्रेक्ष्यमा *मैनबत्तीको शिखा*मा उक्त विषयमा वस्तूत्प्रेक्षा भएकोले सोही ढङ्गले यसका आधार पहिल्याउनुपर्ने धारणा उनको छ । मैनबत्तीको शिखामा कविले शुभ्रता, शान्ति र स्निग्धताको भावात्मक रूप पाएका छन् अर्थात् यसमा उनले मूल वस्तुलाई तीन शब्दमा अतिशयपूर्ण बिस्तार गर्न चाहेका छन् । यो नै यसमा देखिएको पहिलो आधार हो भने दोस्रो अर्थात् मूल तहतर्फ हेर्दा मैनबत्तीको शिखाले कविको मनमा अतिशयोक्तिपूर्ण सादृश्यका तीन सम्भावना व्यक्त गरेको छ । यसप्रकार *मैनबत्तीको शिखा* कविताको मूल आधार अतिशयकथन हो । समालोचक नरहरिले आफ्नो समालोचनामा

*मैनबत्तीको शिखा* कवितामा प्रयुक्त अलङ्कारका आन्तरिक आधारको निरुपण गर्दा सोही धारणा प्रकट गरेका छन् ।

### ४.४.१४.४ निष्कर्ष

पूर्वीय अलङ्कारसिद्धान्तका आधारमा कवि भूपिको *मैनबत्तीको शिखा* कवितामा प्रयुक्त अलङ्कारको स्वरूपविश्लेषण गरिसकेपछि समालोचकद्वारा प्रस्तुत समालोचनामा केही निष्कर्षहरू निकालिएका छन् । भूपिलाई अलङ्कारको नवीन ढङ्गले व्यापक रूपमा प्रयोग गर्ने कविका रूपमा मूल्याङ्कन गरिएको छ । यसमा अलङ्कारलाई पुराना कविको चमत्कारको साधन मात्र नभनेर समसामयिक कवितामा पनि देखापर्ने साधनका रूपमा चर्चा गरिएको छ । *मैनबत्तीको शिखा* कविताका आधारमा हेर्दा भूपिका समसामयिक कविता झन् बढी आलङ्कारिक छन् र उनका कविताको समग्र मूल्याङ्कन गर्न पूर्वीय काव्यसिद्धान्तको जरुरत भएको धारणा यसमा अघि सारिएको छ । यति भएर पनि प्रस्तुत समालोचनाका माध्यमबाट कवि भूपिको कवितायात्राको समग्रता बुझ्न भने सकिन्न किनकि यसमा भूपिको एकमात्र कविताका आधारमा उनको सम्पूर्ण काव्यिक मूल्याङ्कन गर्न खोजिएको छ । कुनै पनि कविको समग्रता उसको एकमात्र कवितामा अभिव्यक्त हुन सक्दैन र यो कुराको महसुस यसमा समालोचक स्वयंले पनि गरेका छन् तापनि भूपिका बारेमा बुझ्न यसले प्रशस्त मात्रामा सहयोग पुऱ्याउने प्रष्टै छ । त्यति मात्र नभई कवि भूपि शेरचनका बारेमा गहन अध्ययन तथा चिन्तन गर्नेहरूका निम्ति प्रस्तुत समालोचनाले थप सामग्रीको भूमिका निर्वाह गर्ने कुरा भने निश्चितै छ ।

## ४.४.१५ कवि भानुभक्ताचार्यको जीवनचरित्र : पृष्ठभूमि र विवेचना

### ४.४.१५.१ विषयविश्लेषण

नरहरि आचार्यद्वारा लेखिएको *कवि भानुभक्ताचार्यको जीवनचरित्र : पृष्ठभूमि र विवेचना* मोतीराम रचित भानुभक्त आचार्यको जीवनचरित्रका सम्बन्धमा गरिएको समीक्षात्मक लेख हो । प्रस्तुत समालोचनामा समालोचक आचार्यले भानुभक्तको जीवनचरित्रअन्तर्गत रहेका सत्-असत् पक्षका सन्दर्भमा छलफल गर्दै यसको रचनापूर्व रचित जीवनचरित्रहरूको उल्लेख तथा तिनको सामान्य समीक्षा गर्ने काम एकातिर गरेका छन् भने

अर्कातिर प्रथम जीवनचरित्र नभएर पनि भानुभक्तको जीवनचरित्रले छुट्टै प्रकारको मह,व पाउनाका कारणका सम्बन्धमा प्रकाश पारेका छन् ।

वि.सं. १९४८ मा मोतीराम भट्टद्वारा लेखिएको **भानुभक्त आचार्यको जीवनचरित्र**लाई कतै कसैले नेपाली भाषाको प्रथम जीवनीका रूपमा स्वीकार गरेपनि सो जीवनी नेपाली जीवनीविधाका क्षेत्रको पहिलो जीवनी नभएको प्रमाणित भइसकेको छ । अहिलेसम्मको उपलब्धताका आधारमा हेर्ने हो भने वि.सं. १६६३ तिर लेखिएको **राम शाहको जीवनी** तथा वि.सं. १८३१ भन्दा अगाडि लेखिएको **पृथ्वीनारायण शाहको जीवनी** उपर्युक्त भानुभक्तको जीवनचरित्रभन्दा वर्षौंअगावै लेखिएका जीवनीहरू हुन् । नेपाली जीवनीसाहित्यको इतिहासमा उपर्युक्त दुबै जीवनीको ऐतिहासिक मह,व छ । तत्कालीन समय तथा परिवेशको सजीव वर्णन तिनमा पाइन्छ । दुबै जीवनीले एकातिर कतिपय अज्ञात ऐतिहासिक कुरालाई सार्वजनिक गरेका छन् भने अर्कातिर नेपाली गद्यको प्रौढता र प्राचीनतालाई झल्काउने काम गरेका छन् । हुनत दुबैमा रहेको परिष्कृत तथा साहित्यिक भाषा एवम् अलङ्कारसंयोजनका आधारमा यिनको लेखनावधिमाथि शङ्का नउठेको होइन र शङ्का उठ्नु नौलो कुरा पनि होइन । यद्यपि तिनका विविध पक्षको अध्ययनबाट दुबै जीवनी मोतीराम भट्टकृत कवि भानुभक्ताचार्यको जीवनचरित्रभन्दा धेरै नै अगाडि रचना गरिएका हुन् भन्ने निर्क्योल समालोचकहरूले गरिसकेका छन् । यति हुँदाहुँदै पनि उपर्युल्लिखित दुबै जीवनीहरू अधुरा छन् । राम शाहको जीवनीमा पाटन र गोरखाको कुटनीतिक सम्बन्ध कायम भएसम्मको मात्र चर्चा छ भने पृथ्वीनारायण शाहको जीवनीमा बेलकोट विजयसम्मको मात्र वर्णन गरिएको छ । त्यति मात्र नभई प्रस्तुत दुबै जीवनीहरू कुनै साहित्यिक व्यक्तित्व वा तिनका कृतिहरूको समीक्षा गर्नमा केन्द्रित नभई एक राजनीतिक व्यक्तिको जीवनवृतान्त उद्घाटन गर्नमा केन्द्रित रहेका छन् । उपर्युल्लिखित दुबै जीवनीभन्दा वर्षौंपछाडि रचिए पनि मोतीरामरचित भानुभक्तको जीवनीले अलग मह,व बोकेको छ किनकि यसले तिनभन्दा भिन्न एक साहित्यिक व्यक्तित्वसँग सम्बन्धित भएर ऊ र उसको कृतित्वको समीक्षा गर्ने कार्य गरेकोले समालोचकले प्रस्तुत समालोचनामा उक्त जीवनचरित्रको छुट्टै प्रकारको मह,व पहिल्याएका छन् ।

राम शाह तथा पृथ्वीनारायण शाहका जीवनी वास्तवमा जीवनीका प्रारम्भिक रूप मात्र थिए । जीवनीविधाको सैद्धान्तिक पक्षसँग सम्बन्ध राख्नुसट्टा तिनको उद्देश्य कोही एक व्यक्तिविशेषको बखान गाउनु थियो । **कवि भानुभक्ताचार्यको जीवनचरित्र** आधुनिक

जीवनीविधाको सैद्धान्तिक पक्षसँग केही मात्रामा सम्बन्धित भएपनि सोकुरा अघिल्ला दुबै जीवनीमा देखिन्न । यहाँ समालोचकको धारणा के छ भने आधुनिक जीवनीहरू कि त चरित्रनायकसँग सिधै सम्पर्क गरेर कि त समकालीन व्यक्तिहरूबाट जानकारी लिएर कि त चरित्रनायकद्वारा लिखित डायरी वा चिठीपत्रका आधारमा लेखिएका हुन्छन् । यसरी हेर्दा मोतीरामले न त भानुभक्तलाई भेट्नु सम्भव थियो न समकालीन अन्य व्यक्तिहरूलाई । भानुभक्तका भतिजासँग भेट भएको भन्ने कुरा जुन मोतीरामले उल्लेख गरेका छन्, त्यो पनि सत्य नभएको प्रमाणित भइसकेको छ । यति हुँदाहुँदै पनि यसको उद्देश्य अघिल्ला दुबै जीवनीभन्दा भिन्न अर्थात् चरित्रनायकका जीवनवृतान्तको कोरा उद्घाटन गर्नु मात्र नभई हरेक पक्षको उद्घाटन गर्नु रहेको छ । परिणामतः उक्त जीवनचरित्रलाई नेपाली जीवनीविधाको इतिहासकै महत्ताशाली जीवनीका रूपमा पहिचान गर्न सकिने राय प्रस्तुत समालोचनामा समालोचक आचार्यको देखिन्छ । तनहूँको वर्णन तथा भानुभक्तको मृत्युवर्णनका सन्दर्भमा मोतीरामले कलात्मकताको निर्वहन राम्रोसँग गरेको उल्लेख गर्नाका साथै यसमा जीवनीविधाका धेरथोर तत्वहरूको संयोजन गर्न खोजेको पहिचान गरेपनि भट्टद्वारा अपनाइएको शैलीलाई यथातथ्यात्मक मान्न नमिल्ने धारणा समालोचकले व्यक्त गरेका छन् ।

भानुभक्तभन्दा अगाडि अन्य कतिपय कविहरू भएपनि कविताको मर्म बुझी कविता लेख्ने प्रथम कविका रूपमा भट्टले भानुभक्तलाई औँल्याएका छन् । यसबाट भानुभक्ताचार्यको जीवनचरित्र मात्र जीवनी नभएर नेपाली साहित्यकार र उनका कृतिहरूमाथि गरिएको समालोचनात्मक कृति भएको ठहर हुन्छ । प्रस्तुत जीवनचरित्रमार्फत् भानुभक्तको जीवनमा घटेका विविध घटनाहरूमध्ये जुन-जुन घटनाले साहित्यिक मह,व राखेका छन्, तिनलाई मात्र मोतीरामले यसमा समावेश गरेका छन् । यसबाट उनमा समालोचकमा हुनुपर्ने प्रशस्त गुणहरू भएको धारणा नरहरिले व्यक्त गरेका छन् । यसैगरी भट्टले भानुभक्त आचार्यको कविताशक्तिप्रसङ्गमा कविता र कविको लक्षण उल्लेख गरेका छन् जसअनुसार उनले कविलाई स्वाभाविक अथवा सहज कवि र संसर्गी अथवा कृत्रिम कवि भनेर दुई भागमा विभाजन गर्नुका साथै भानुभक्तलाई उनले सहज वा स्वाभाविक कविको कोटिमा राखेका छन् ।

यहाँ सान्दर्भिक रूपमा भानुभक्तरचित एउटा कविताको केही अंश उल्लेख गर्नु उचित ठहर्छ -

बिन्ती येक् म गर्दछु सुन प्रिये प्रीती निरन्तर् रहोस्
ताहाँको मन पिंजरा म मुनिञा यै चाल् सदा काल् रहोस्
तिम्रो त्यो मुखचन्द्र झल्कि मनमा तेस्ले उज्यालो गरी
शीतल् गर्नु उचीत् हो अधिक ताप् गर्दो छ सूर्यै सरी

उपर्युक्त कविताका आधारमा भट्टले एकातर्फ भानुभक्तलाई सफल शृङ्गारिक कविको दर्जा प्रदान गरेका छन् भने अर्कातर्फ प्रस्तुत कवितालाई उक्त कविताको लेखनावधिसम्मको सर्वोत्कृष्ट शृङ्गारिक कविताको रूपमा राखी समालोचकीय मूल्य प्रदान गरेका छन् ।

यसरी एक सफल शृङ्गारिक कविका रूपमा चिनाउँदा-चिनाउँदै पनि अन्त्यमा भट्ट स्वयंले भानुभक्तलाई भक्तिवादी कविका रूपमा स्थापित गरेका छन् । वास्तवमा भानुभक्त भक्तिवादी कवि नै हुन् जसको प्रमाण **भक्तमाला** (उनको मौलिक कृति) सावित भएको छ । भानुमा रहेका अन्य पक्ष भनेका गौण पक्ष मात्र हुन् भन्ने धारणा अघि सार्दै उपर्युक्त जीवनचरित्रमार्फत् भट्टको समालोचकीय दृष्टिकोणतर्फ आचार्यले सङ्केत गरेका छन् ।

### ४.४.१५.२ निष्कर्ष

नेपाली साहित्यका क्षेत्रमा मोतीरामरचित **कवि भानुभक्ताचार्यको जीवनचरित्र** अलग किसिमको साहित्यिक मूल्य बोकेको जीवनी हो । पूर्णतः समालोचनात्मक सिद्धान्तानुकूल लेखिएको नभएपनि यो कृति कवि र कविताका बारेमा गरिएको पहिलो अध्ययन हो । हुनत कतिपय प्रसङ्गको अध्ययन गर्दा खोज-अनुसन्धानको कमी तथा भानुभक्तप्रतिको अत्यन्त झुकावका कारण उनको अचाहिँदो गुणगान गाएको कुरा प्रष्ट भइसकेको छ ; जस्तै उनले भानुभक्तका भतिजासँगको जानकारीबाट लेखेको भनिएको भानुभक्तको जन्मसम्वत् तथा मृत्युसम्वत् अहिले आएर असत्य प्रमाणित भइसकेका छन् ।[१४५] घाँस बेच्ने र कुवा खनाउने दोस्रो प्रसङ्ग पनि त्यस्तै छ अर्थात् उक्त प्रसङ्ग पनि झुठो नै सावित भएको छ किनकि तनहूँमा न त त्यतिखेर घाँस बेच्ने चलन थियो न त अहिले छ ।[१४६] भानुभक्तभन्दा अगाडिका अन्य कविको जानकारी हुँदाहुँदै पनि भट्टले भानुभक्तलाई आदिकवि उपाधि लदाएका छन् जबकि आदिको शाब्दिक अर्थ सुरु भन्ने हुन्छ । भट्टको यो कार्यले सुवानन्द दास र त्यो भन्दा पनि अघि बढेर अन्य कविको खोज गर्नमा सम्पूर्ण खोजकर्तालाई अप्ठेरोमा

---

[१४५] बाबुराम आचार्य, **पुराना कवि र कविता** (काठमाडौँ : साझा प्रकाशन, २०३५), पृष्ठ-१९७
[१४६] ऐजन, पृष्ठ-१९८

पारेको छ ।[१४७] आदिकवि भनेर यसरी कसैलाई तोक्नुसट्टा भट्टले भानुभक्तलाई पहिलो महान् कवि भनेर भन्न सक्नुपर्थ्यो ।[१४८]

यसरी हेर्दा कतिपय सन्दर्भमा गल्ती-कमजोरीहरू रहँदारहँदै पनि भानुभक्तसम्बन्धी खोजअनुसन्धान गर्दै मोतीराम भट्टले लामो समयपश्चात् भानुभक्तको जीवनचरित्र लेख्ने जुन काम गरे, त्यो अत्यन्त ठूलो उपलब्धि थियो । यातायातको सुविधा नभएको अवस्थामा त्यतिको साहित्यिक मूल्य बोकेको कृतिको रचना गर्नु वास्तवमा सराहनीय कुरा पनि हो र त्यसलाई प्रकट गर्ने काम यस समालोचनामा समालोचक नरहरि आचार्यले गरेका छन् ।

## ४.४.१६ पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना

### ४.४.१६.१ विषयपरिचय

समालोचक नरहरि आचार्यले २०३३ सालमा स्नातकोत्तर प्रयोजनका लागि **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान** शीर्षकमा शोधकार्य सम्पन्न गरेका हुन् । सोही शोधपत्रलाई २०४१ सालको सोमनाथको शतवार्षिकी समारोहका उपलक्ष्यमा केही थपघटसहित पण्डितराज **सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना** शीर्षकमा उनले पुस्तकाकार रूप दिएका हुन् ।

तीन खण्डमा रचित प्रस्तुत पुस्तकको प्रथम र द्वितीय खण्डमा तीन-तीन परिच्छेद समेटिएका छन् भने तृतीय खण्डमा चाहिँ सोमनाथरचित प्रकाशित तथा अप्रकाशित केही सामग्रीहरू सङ्कलन गरिएका छन् अर्थात् यस खण्डमा सोमनाथको प्रथम प्रकाशित कविता *मानिनीरञ्जन*, **सुन्दरी**मा प्रकाशित *दिगम्बर विवाह*, **चन्द्रचरित**का केही उद्धहरणहरू तथा अप्रकाशित कविता *परमपिताको खोज* सङ्कलन गरिएका छन् ।

### ४.४.१६.२ सिग्देलको जीवनी तथा व्यक्तित्व

प्रथम खण्डको पहिलो परिच्छेद सिग्देलको व्यक्तित्वनिर्माणसँग सम्बन्धित छ । जन्म तथा पारिवारिक पृष्ठभूमिबाट सुरु गरी शिक्षादीक्षा, अध्यापन, भाषा तथा साहित्यका क्षेत्रमा साथै सार्वजनिक कार्यमा उनले गरेको योगदान, मान-सम्मान एवम् सिग्देलको

---

[१४७] ताना सर्मा, **भानुभक्तदेखि तेस्रो आयामसम्म**, तृ.सं (काठमाडौं : साझा प्रकाशन, २०३६) पृष्ठ-४

[१४८] प्रा. वासुदेव त्रिपाठी, **नेपाली कविताको सिंहावलोकन**, दो.सं (काठमाडौं : साझा प्रकाशन, २०३२), पृष्ठ-१४

देहावसानलाई समेट्नाका साथै उनको व्यक्तिावनिर्माणमा प्रत्यक्ष रूपले प्रभाव पार्ने अध्यापक, पण्डितपुरोहित, विद्वत् तथा साहित्यिक व्यक्तिावसम्बन्धी सामान्य चर्चा पनि यस परिप्रेक्ष्यमा गरिएको छ ।

### ४.४.१६.३ नेपाली वाङ्मयमा सिग्देलको योगदान

यसै खण्डको दोस्रो परिच्छेदमा व्याकरण र दर्शनका क्षेत्रमा सोमनाथले दिएको योगदानका सम्बन्धमा उल्लेख गरिएको छ । वि.सं. १९७६ मा **मध्यचन्द्रिका** र १९९१ मा **लघुचन्द्रिका** लेख्ने सोमनाथको हेमराज शर्माद्वारा लिखित **चन्द्रिका** व्याकरणको रचनामा पनि संलग्नता रहेको राय यसमा प्रकट गरिएको छ । त्यस्तै उनका दार्शनिक कृतिहरूमा **दर्शन प्रवेशिका**मा सङ्कलित न्यायदर्शनसम्बन्धी लेख, **वाशिष्ठ दर्शन** ग्रन्थ र **सनातन धर्म सन्देश** को वेदान्त दर्शन र मीमांशा दर्शनको समन्वयी रूप प्रदर्शन गर्ने पूर्व भाग आदि रहेको सङ्केत पनि यसमा गरिएको छ । उपर्युक्त दार्शनिक ग्रन्थहरूका आधारमा सोमनाथलाई एक स्वतन्त्र चिन्तकका रूपमा नस्वीकारिएपनि पूर्वीय दर्शनकै विविध पक्षको मन्थन गरी आफ्नो शैलीमा त्यसलाई अभिव्यक्ति दिने काम भने भएको निर्क्योल यसमा गरिएको छ । त्यस्तै **सपरिचय सुधार कार्य विवरण** (२०१७) को सम्पादन गरेर उनले आफूमा रहेको सांस्कृतिक र पुराताा,वक मोहलाई प्रदर्शन गरेको स्पष्टोक्ति यसमा गरिएको छ ।

### ४.४.१६.४ समालोचनाका क्षेत्रमा सिग्देलको योगदान

प्रथम खण्डको अन्तिम परिच्छेद समालोचकका रूपमा सोमनाथ सिग्देलको वैशिष्ट्य र योगदानसँग सम्बन्धित छ । समालोचना भन्नु बौद्धिकताको उपज हो ।[१४९] तसर्थ समालोचक सिग्देलको मूल्याङ्कनका सन्दर्भमा उनमा रहेको सिर्जनात्मकताभन्दा विद्वतातर्फ नै ज्यादा ध्यान दिनुपर्ने हुन्छ । यसका निम्ति नेपाली समालोचनाका क्षेत्रमा उनको योगदानतर्फ इङ्गित हुनुपर्ने हुँदा उनको एक मात्र समालोचकीय कृति **साहित्यप्रदीप** र त्यसकै सेरोफेरोमा रही सिग्देलको समालोचकीय व्यक्तिावको अध्ययन गर्ने काम यस खण्डमा भएको छ ।

नेपाली समालोचनाको प्रारम्भ मोतीरामबाटै भएपनि र **साहित्यप्रदीप**अगाडि अन्य समालोचनात्मक कृतिहरूको उल्लेख्य रचना भए पनि **साहित्यप्रदीप**ले छुट्टै मह,व बोक्नाका साथै पूर्णतः पूर्वीय सैद्धान्तिक समालोचनाका विविध विषयलाई समेटेर लेखिएको उक्त कृति

---

[१४९] यदुनाथ खनाल, *नेपाली साहित्यमा आलोचनाको अवस्था,* **मधुपर्क** (वर्ष १, अङ्क १), पृष्ठ-१०

आफूअघिका कृतिका सापेक्षमा मात्र नभई आफूभन्दा लगभग सोह्र-सत्र वर्षपछिसम्म प्रभाव छोड्न सफल बन्न पुगेकोतर्फ यसमा दृष्टि पुऱ्याइएको छ। त्यसैगरी समालोचनात्मक मूल्य बोकेका अन्य कतिपय फुटकर रचना *दुई शब्द, श्री कवि शिरोमणि लेखनाथ पौड्यालको परिचय, एक अञ्जलि, श्री साहित्याचार्य कुलचन्द्र गौतमको परिचय, नेपाली भाषा कविको परिचय र आलोचन* आदिलाई औँल्याउँदा ती पूर्णतः समालोचनात्मक कृति नभएपनि तिनले नेपाली पूर्वीय समालोचनाको सैद्धान्तिक उठानमा मह,वपूर्ण भूमिकानिर्वाह गर्न सफल रहेकाले तिनको आफ्नो छुट्टै पहिचान भएको राय यसमा प्रकट गरिएको छ।

**साहित्यप्रदीप** मूलतः पूर्वीय समालोचनासिद्धान्तमै आधारित ग्रन्थ भएकोले यसमा प्रशस्त मात्रामा पाश्चात्य मान्यता वा दृष्टिकोणको अभाव हुनु तथा मौलिकता एवम् व्यावहारिक पक्षको कमी हुनु स्वाभाविकै हो तर पनि यसका कतिपय ठाउँमा पाश्चात्य काव्यसिद्धान्तको समन्वयात्मकता, मौलिकताका थोरबहुत स्वरहरू तथा व्यावहारिक समालोचनात,वप्रति लेखकको कहीँकतै रुचि भएको कुरातर्फ यसमा सङ्केत गरिएको छ। यति भएर पनि पूर्वीय काव्यसम्प्रदायको उल्लेख गर्दा रसवादप्रतिको झुकावका कारण अन्य सम्प्रदायहरूलाई महत्ताहीन ठान्नु साथै केहीको त अस्तिावमाथि नै प्रश्न खडा गर्नु जस्ता विवादास्पद एवम् सन्देहमूलक मतअभिमतप्रति मौन रही विश्लेषणीय दृष्टिकोण प्रस्तुत गर्न नसक्नुलाई सिग्देलका समालोचकीय दुर्बल पक्षका रूपमा यहाँ निरुपण गरिएको छ।

### ४.४.१६.५ सिग्देलको कवितायात्रा र 'आदर्श राघव' महाकाव्य

दोस्रो खण्डको पहिलो परिच्छेदमा सोमनाथको कवितायात्रालाई तीन चरणमा विभाजन गरिएको छ, जसअनुसार प्रथम चरणका रूपमा वि.सं. १९६३-१९७४ (**सुन्दरी-सूक्तिसिन्धु**) सम्म, दोस्रो चरणका रूपमा १९७६-२००५ (**चन्द्रचरित-आदर्शराधव**) सम्म, तेस्रो चरणअन्तर्गत २०१३-२०२२ (फाट्टफुट्ट रचना) सम्मलाई राखिएको छ। यसरी विभाजित तीन चरणमा रचिएका सम्पूर्ण रचनाको कृतिगत चर्चा गर्ने कामसमेत यो चरणमा भएको छ। यसरी गरिएको सिग्देलको कवितायात्राको समग्र अध्ययनबाट उनको कवितायात्राको प्रथम चरण शृङ्गारधाराको संवर्द्धनमा वा शैल्पिक खोजसन्दर्भमा केन्द्रित रहेको, दोस्रो वा मुख्य चरण **चन्द्रचरित**को पूर्वाभ्यास र **आदर्शराधव**को प्रकाशनमा केन्द्रित भएको र तृतीय चरण खासै मह,वको नभएको निष्कर्ष यसमा निकालिएको छ।

### ४.४.१६.६ 'आदर्श राघव' ले प्रस्तुत गरेको वैशिष्ट्य

दोस्रो परिच्छेदमा **आदर्शराधव**पूर्व तथा **आदर्शराधव**पश्चात् रचना गरिएका महाकाव्यको प्रसङ्ग उठाउँदै **आदर्शराधव** महाकाव्यको विविध पाटाबाट मूल्याङ्कन गर्ने काम भएको छ । यसरी प्रस्तुत महाकाव्यको विश्लेषणका मुख्य आधारका रूपमा यसमा काव्य हेतु, प्रबन्धविधान, पूर्वीय काव्यताव वा काव्यसम्प्रदाय, प्रकृतिप्रयोग तथा समाजचित्रणलाई लिइएको छ ।

काव्यहेतुका कोणबाट मूल्याङ्कन गर्ने क्रममा यसमा सिग्देललाई प्रतिभा, व्युत्पति र अभ्यासमध्ये प्रतिभामूलक कविावभन्दा व्युत्पत्ति र अभ्यासनिर्मित कविका रूपमा राखिएको छ । प्रबन्धविधानतर्फ बाट निरुपण गर्ने क्रममा यहाँ सर्गबन्ध, वस्तु तथा पात्रविधानलाई मुख्य आधारका रूपमा पहिचान गरिएको छ । सोमनाथको **आदर्शराधव**ले पनि सर्गबन्धसम्बन्धी विश्वनाथीय स्थापनाकै अनुसरण गरेको छ र यसमा प्रत्येक सर्गलाई एक अर्कोसँग शृङ्खलाबद्ध गराउँदै लाने प्रयत्न गरिएको छ तरपनि भारविमार्गी शैलीबाट उत्प्रेरित सोमनाथ सिग्देलको प्रबन्धनप्रक्रिया बढी यान्त्रिक बन्दै शुष्क बन्न पुगेको साथै शैल्पिक चमत्कार देखाउने सन्दर्भका कतिपय प्रसङ्गहरू पूरैजसो सर्गबन्धको मर्मप्रति निमुख भएको प्रतीत हुने कुरातर्फ यसमा दृष्टि पुऱ्याइएको छ ।

पूर्वीय काव्यतत्व (रस, रीति, ध्वनि, अलङ्कार) का कोणबाट पनि **आदर्शराधव** महाकाव्यको मूल्याङ्कन यसमा गरिएको छ **आदर्शराघव** रसानुभूतिका दृष्टिले त्यति सम्पन्न हुन नसकेको तर रसमय कविताको शून्यता भने यसमा पनि नभएको निर्क्योल प्रस्तुत पुस्तकमा गरिएको छ । अलङ्कारका कोणबाट हेर्दा **आदर्शराधव**मा प्रशस्त अलङ्कारको प्रयोग पाइएपनि सिग्देल अलङ्कारको स्वच्छन्द प्रयोगभन्दा कवितामा अलङ्कार पार्नकै लागि उपस्थित भएझैं देखिएको आरोप यसमा लगाइएको छ । त्यस्तै रीतितर्फ हेर्दा उनले वैधर्वीको सरल सुकुमारता, पाञ्चालीको मध्यमार्गी माधुर्य र गौडीको ओजस्विता भएका शब्दशøया बिछ्याए पनि उनको कवितालेखनमा रीतिको भावमयसिद्धि चाहिँ प्रायः कमै प्रकट भएको पाइन्छ भने ध्वनिका आलोकबाट मूल्याङ्कन गर्दा ध्वनिप्रयोगका सन्दर्भमा प्रस्तुत महाकाव्य धनाढ्य नै भएपनि उनको प्रतिभा स्वतस्फूर्तभन्दा बढी आयोजित नै भएको निष्कर्ष समालोचकले निकालेका छन् । रामराज्यको आदर्श परिकल्पनालाई प्रतिष्ठा दिन कटिबद्ध सोमनाथ सिग्देल अतीतका सांस्कृतिक सम्झनातिर अत्यन्त आकर्षित रहेकाले **आदर्शराधव**को प्रत्यक्ष सामाजिक महत्ता दुर्बल छ अर्थात् विभिन्न प्रसङ्गहरूमा अक्कल-

झुक्कल तथा अप्रत्यक्ष रूपबाट मात्र यसमा समसामयिक-सामाजिक परिवेशको चित्रण गरिएको छ ।

#### ४.४.१६.६ निष्कर्ष

सोमनाथ सिग्देलको कवितायात्राको निष्कर्षखण्डका रूपमा दोस्रो खण्डको तृतीय परिच्छेद आएको छ अर्थात् यस खण्डमा सिग्देलको काव्ययात्राका तीनै चरणका काव्यगत प्रवृत्तिसम्बन्धमा स्पष्ट पार्ने काम भएको छ । यस आधारमा सिग्देलको काव्ययात्राको अध्ययनबाट शृङ्गारिकता र त्यसलाई शिल्पसाधनाले सजाउने कार्य नै उनको प्रथम चरणको मूल काव्यप्रवृत्ति हो । यति भएर पनि अन्य कतिपय शृङ्गारिक कविहरूजस्तो उच्छृङ्खल भने उनी नभएको यसमा स्पष्ट्याइएको छ । त्यस्तै दोस्रो चरणको केन्द्रीय कृति **आदर्शराधव** महाकाव्य नै हो र यसैबाट सिग्देलको दोस्रो चरणको काव्यप्रवृत्तिको निरुपण गर्ने काम यसमा भएको छ अर्थात् **आदर्शराधव** महाकाव्य प्राप्तिपूर्ण भएको ठहर गर्दै त्यसको आस्वादनका लागि नरिवल चपाएझैँ मिहिनेतपूर्वक चपाउनुपर्ने वा अध्ययन गर्नुपर्ने जसका लागि प्रबुद्ध वर्गकै आवश्यकता पर्ने ठहर यसमा समालोचक आचार्यले गरेका छन् । समग्रमा समालोचक आचार्यले व्यावहारिक समालोचकका रूपमा आफूलाई स्थापित गर्दै नेपाली वाङ्मय एवम् समालोचनाका क्षेत्रमा सिग्देलको योगदानलाई यस समालोचनामा स्पष्ट पार्ने काम सम्पन्न गरेका छन् ?

## ४.५ नरहरि आचार्यका राजनीतिक कृतिहरूको अध्ययन

नरहरि आचार्यको योगदान राजनीतिका क्षेत्रमा अन्य व्यक्तित्वका तुलनामा सर्वोच्च रहेको छ । थोरबहुत रूपमा अगाडिदेखि नै प्रवेश गरेपनि वि.सं. २०४९ देखि उनी यस क्षेत्रमा समर्पित नै भएर लागेका छन् । राजनीतिक जीवनको यो यात्रामा उनले यसैसँग सम्बन्धित भएर विभिन्न कार्यपत्रमूलक लेखरचनाहरूको लेखन तथा प्रकाशन गर्ने काम सम्पन्न गरेका छन् । यसप्रकारका राजनीतिक लेखरचनाहरूमध्ये प्रायः विभिन्न पुस्तकहरूमा संग्रहित छन् भने केही विविध पत्रपत्रिकामा फुटकर अवस्थामै पनि छन् । यस प्रकारका पुस्तकाकार तथा फुटकर कृतिहरूले समसामयिक राजनीतिको उठानसँगै नेपाली साहित्यको इतिहाससम्बन्धमा प्रष्ट हुन थप भूमिका निर्वाह गर्नुका साथै तिनीहरू नेपाली

भाषासाहित्यको विकासमा थप सहयोगी सामग्री बन्ने कुरा निसन्देह स्वीकार्न सकिन्छ । यहाँ उनका राजनीतिक कृतिहरूको अध्ययन निम्नानुसार गर्न सकिन्छ ।

### ४.५.१ आजका राष्ट्रिय मुद्दाहरू

वि.सं. २०५७ मा पोखरामा भएको नेपाली कांग्रेसको महाधिवेशनमा आचार्यले वर्तमानकालीन राष्ट्रिय समस्याका सम्बन्धमा आफ्ना केही विचारहरू प्रस्तुत गरेका थिए र तिनै विचारहरूको सङ्कलन **आजका राष्ट्रिय मुद्दाहरू** पुस्तकमा भएको छ । प्रस्तुत पुस्तकमा आचार्यले प्रजातन्त्र पुनबर्हालीको दश वर्ष बित्दासम्मको अवधिको सांस्कृतिक यात्राको अवलोकन गरेका छन् । दश वर्षमा संस्कृतिसम्बन्धी धेरै विषयहरू उठेका छन् । राष्ट्रिय बहसमा प्रवेश गरेका प्रमुख विषयहरूलाई भय, त्रास र हिंसामुक्त वातावरणमा छलफल गरेर निष्कर्ष निकाल्नुपर्छ । शान्तिपूर्ण ढङ्गबाट गरिने अभ्यासले नै उक्त प्रकारका समस्यालाई निराकरण गर्दै जान्छ । तसर्थ दशाब्दीभित्र जति पनि समस्या उठेका छन्, तिनलाई सूचिबद्ध गरेर तिनको व्यापक पुनरावलोकनसहित राष्ट्रिय बहसलाई व्यवस्थित गर्न सक्दा नै सांस्कृतिक यात्रालाई सार्थक बाटो दिन सकिन्छ भन्ने दृष्टिकोण आचार्यले प्रस्तुत गरेका छन् । यसरी जम्मा सात अध्यायमा रचित उक्त पुस्तकको पहिलो अध्यायमा प्रजातन्त्र पुनस्थापनापछिको दश वर्षे यात्राको पुनरावलोकन गरिएको छ ।

दोस्रो अध्यायमा लोकतान्त्रिक संस्कृति र समाजको निर्माणसम्बन्धका विचारहरू पस्किएका छन् । लोकतान्त्रिक समाज तथा संस्कृतिको निर्माणका निम्ति भ्रष्ट आचरण र हिंसामाथि प्रतिबन्ध लगाइनुपर्छ र त्यस्ता हिंसा आचरण तथा बलप्रयोग दुवैमा हुनसक्छन् भन्ने राय यसमा व्यक्त गरिएको छ ।

नेपालमा लोकतन्त्रस्थापना भएको दश वर्ष बितिसकेको परिप्रेक्ष्यमा सत्तापक्ष र प्रतिपक्षको भूमिकाका सम्बन्धमा यसको तेस्रो अध्यायमा ध्यान पुऱ्याइएको छ । मुलुक र जनताले बेहोर्नुपरेका समस्याप्रति सत्तापक्ष र प्रतिपक्षले ध्यान दिएनन् भन्दैमा उनीहरूका समस्याप्रति नेतृ,वकर्ताहरू असंवेदनशील छन् भन्नु न्यायोचित नभएको धारणा यसमा अघि सारिएको छ । यति हुँदाहुँदै पनि सत्ताप्राप्ति नै सम्पूर्ण प्रयत्नको प्राप्ति हो भन्ने जनताको भनाइलाई उनीहरूले आक्षेप र आरोप मात्र ठान्नु हुन्न । दक्षिण एसियाका अन्य मुलुकको तुलनामा हेर्दा सत्तापक्ष र प्रतिपक्षबीच हुने गरेको संवाद त्यति कमजोर देखिन्न र सकारात्मक परिवर्तनलाई तीव्रता दिन बारम्बार असजिला परिस्थितिहरू उत्पन्न हुँदाहुँदै पनि

दश वर्षको मूल प्रवृत्ति परिवर्तनमुखी छ भन्ने कुरालाई नकार्न मिल्दैन भन्ने निष्कर्ष उक्त खण्डमा निकालिएको छ ।

वि.सं. २०४६ सालमा नेपालमा लोकतन्त्रस्थापना भयो र यहाँ लोकतन्त्रस्थापना गर्नुको प्रमुख उद्देश्य राष्ट्रको पुनर्रचना गर्नु थियो तर अझसम्म पनि त्यसमा हामी सफल भइरहेका छैनौँ । यसो हुनुमा धेरै कारणहरू छन् जसमध्ये लोकतान्त्रिक शासनव्यवस्थामा पद्धतिको मात्र लोकतान्त्रीकरण हुनु प्रमुख कारण हो अर्थात् जब पद्धतिमा मात्र लोकतान्त्रीकरण हुन्छ र राज्यमा हुँदैन तब यस्तो भइनै रहन्छ । यसका निम्ति प्रदेशसंरचनाको व्यवस्थालाई गम्भीरतापूर्वक सोचेर व्यवहारमा उतार्नुपर्छ अर्थात् यस किसिमका समस्याबाट सदाको लागि बच्न मुलुकलाई प्रादेशिक संरचनामा व्यवस्थित गरी त्यसअनुरूप जनप्रतिनिधिमूलक प्रादेशिक व्यवस्थापिका र कार्यपालिका हुनु अनिवार्य छ किनकि स्थानीय प्रतिनिधिले मात्र स्थानीय आवश्यकता र समस्यालाई नजिकबाट नियाल्न सक्छ, केन्द्रले होइन भन्ने धारणा यसको चौथो अध्यायमा प्रस्तुत गरिएको छ ।

पाँचौ अध्यायअन्तर्गत वी.पी. का विचारका परिप्रेक्ष्यमा आजका राष्ट्रिय मुद्दाहरूको निरुपण गरिएको छ । आजका प्रमुख राष्ट्रिय मुद्दाहरू भनेका राष्ट्रियताको विकास, आर्थिक विकास तथा समाजको आधुनिकीकरण हुन् । यस्ता समस्याहरू समस्याकै रूपमा रहिरहनु र समाधान नहुनुको प्रमुख कारण भनेको समस्या नयाँ-नयाँ किसिमका आउँदै जानु तर तिनलाई पुरानै तवरले समाधान गर्न खोज्ने पुरानै सोचाइ हाबी हुनु हो । यसर्थ राजनीतिक दलहरूले पनि आफूलाई चिन्तन, नीति तथा कार्यक्रमहरूको निर्माण र कार्यशैली लगायत सम्पूर्ण नवीन रूपान्तरण गर्नु जरुरी भएको राय यसमा व्यक्त गरिएको छ ।

अर्को अर्थात् छैटौँ अध्याय तरुण दलको पुनर्जन्मको औचित्य स्पष्ट पार्नमा केन्द्रित छ । नेपाल तरुण दल नेपाली कांग्रेसको एउटा भातृसंगठन मात्र नभई पार्टीका निम्ति परिश्रमी, अध्ययनशील र निष्ठावान् कार्यकर्ताको उत्पादन केन्द्र वा आधारशिविरका रूपमा पार्टीले यसलाई निर्माण गर्न खोजेको छ । तसर्थ उक्त दलका सदस्य वा पदाधिकारी बन्न चाहनेले आफूलाई तत्कालीन राजनीतिक लाभ लिने उद्देश्य राख्नुको सट्टा कांग्रेसका निम्ति मर्यादित जीवनशैली र संस्कारशीलताको स्रोतकेन्द्रका रूपमा रहने सङ्कल्प गर्नुपर्ने हुन्छ । साथै यस दलका सदस्यहरूले आफूलाई स्वाभिमानी र देशभक्त नागरिकका रूपमा प्रस्तुत गर्नुपर्छ । नेपाल तरुण दल नेपाली कांग्रेसकै भातृसंस्था भएपनि आवश्यकता र नयाँ चुनौतीलाई ध्यानमा राखी यसलाई नयाँ कार्यशैलीमा अघि बढाउनुपर्छ र यसका निम्ति

पुरानो पुस्तालाई नै हरेक क्षेत्रमा नगुहारी अबका दिनमा विश्वपरिस्थिति र नेपालको यथार्थलाई समेत ध्यानमा राखेर नाममा मात्रै होइन विचारमा, व्यवहारमा र क्रियाशीलतामा समेत आफूलाई तरुण दलका रूपमा संगठित गर्नुपर्ने हुन्छ भन्ने विचार आचार्यले यसमा प्रकट गरेका छन् ।

कार्यकर्ताको मूल्याङ्कन-आधार र विधि निष्कर्ष अन्तिम या सातौँ अध्यायअन्तर्गत उनले छुट्टै अवधारणा अघि सारेका छन् । मूल्याङ्कन सधैँ अरुले मात्र गर्ने कुरा होइन । कुनै पनि कुरामा सफलता हासिल गर्ने आशा बोक्नेहरूले आफ्नो मूल्याङ्कन आफैँ पनि गर्नुपर्ने हुन्छ । आफ्नो क्षमता र अभिरुचि अनुसार नयाँ-नयाँ क्षेत्रको खोजी, त्यससम्बन्धी कार्ययोजनाको निर्माण, त्यसबमोजिमको कार्यसम्पादन र कार्यसम्पादनको आवधिक लेखाजोखा गरिरहनुपर्छ । यस्तो काम अन्य क्षेत्रमा झैँ पार्टीमा पनि गर्न सकिन्छ भन्ने निचोड यसमा निकालिएको छ ।

यसरी प्रस्तुत पुस्तकअन्तर्गत सातवटा शीर्षकमा केन्द्रित भई आचार्यले अलग-अलग तर उल्लेखनीय विषयमा आफ्ना गहन विचारहरू प्रस्तुत गरेका छन् ।

### ४.५.२ नयाँ नेपालको प्रस्तावना

नरहरिलिखित **नयाँ नेपालको प्रस्तावना** राजनीतिसँग सम्बन्धित अर्को पुस्तक हो । यो जम्मा तीन खण्डमा विभाजित छ भने उक्त तीन मुख्य खण्डका अतिरिक्त अगाडिपट्टि आरम्भखण्ड र अन्त्यमा परिशिष्ट खण्ड पनि यसमा समावेश गरिएका छन् । यसको परिशिष्ट खण्ड मूलतः औपचारिक सामग्रीखण्डका रूपमा समाविष्ट छ भने आरम्भ खण्ड मूल खण्डको निष्कर्ष बनेर आएको छ ।

सर्वप्रथम प्रस्तावना खण्डमा *नयाँ नेपालको प्रस्तावना* शीर्षकअन्तर्गत विक्रमसम्बत् २०४६ मा लोकतन्त्र पुनर्स्थास्पना भइसकेको अवस्थामा यसलाई कसरी डोहोऱ्याउँदै जाने भन्ने सन्दर्भका विचारहरू प्रकट गरिएका छन् अर्थात् नयाँ नेपालको सुनिश्चित भविष्यको प्रस्ताव यसमा गरिएको छ ।

लोकतान्त्रिक प्रणालीको सञ्चालन निरन्तरको आफ्नै अभ्यासबाट उत्पन्न संस्कारले हुने भएकोले लोकतन्त्रलाई परिणाममुखी र कार्यमूलक ढङ्गबाट सञ्चालन गर्न राजनीतिक आन्दोलन वा गतिविधि मात्र पर्याप्त छैन । समानान्तर ढङ्गबाट वैचारिक-बौद्धिक, शैक्षिक-

सांस्कृतिक तथा आर्थिक-भौतिक आन्दोलन वा अभियान पनि चल्नुपर्छ भन्ने दृष्टिकोण यसको *कार्यसूचीको निर्माण* शीर्षकअन्तर्गत अभिव्यक्त भएको छ ।

तेस्रो शीर्षक *विश्वासका संस्थाहरू* हो । लोकतन्त्रमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका प्रमुख संस्थाहरू भएपनि नागरिकलाई विश्वास दिलाउने निर्वाचन आयोग, लोकसेवा आयोग, महालेखा परीक्षक तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता अन्य संस्थाहरू पनि हुन्छन् । यदि त्यस्ता संस्थाहरूलाई जनप्रतिनिधिमूलक बनाउने, आर्थिक क्रियाकलापमा पारदर्शिता अपनाउने हो भने लोकतन्त्रलाई अरु शासनप्रणालीभन्दा लोकप्रिय बनाउन सकिने धारणा यसमा अघि सारिएको छ ।

विश्वका विकसित देशहरूको तुलनामा नेपाललाई पुऱ्याउने या सम्पन्न बन्ने इच्छा अरुहरूमा झैँ हामीमा पनि हुन्छ । आज नेपालको जनशक्ति विदेशीहरूका निम्ति उपयोग्य बनेको छ तर आफ्नो देशमा भएको प्रशस्त पानीको उपभोग गर्न नसकेर साथै वनजङ्गलको सही सदुपयोग गरी प्राप्त गर्नुपर्ने आम्दानी प्राप्त गर्न नसकेर हामी गन्तव्यमा पुग्न सकेका छैनौँ । त्यसैले नेपालमा आर्थिक उन्नतिका साधन र माध्यमहरूको अभावभन्दा पनि उपलब्धको पहिचान र नयाँको खोजी मूल समस्या बनेको छ । तसर्थ माध्यमको उपयुक्त छनौट गरी त्यसलाई गरिमामय बनाउनतर्फ लाग्नुपर्ने राय *माध्यमको चयन* शीर्षकअन्तर्गत पस्किएको छ ।

नेपाल एक गरिब अर्थात् अविकसित राष्ट्र हो भन्ने कुरा सर्वविदितै छ । यसरी नेपाल विकसित देशको तुलनामा पुग्न नसक्नुमा विभिन्न कारणहरू छन् । तिनको पहिचान गर्न नसक्ने हो भने नेपालको गरिबी कहिल्यै हटेर जाँदैन । नेपालमा विद्यमान उक्त ढाँचाका समस्याको निराकरणार्थ पहिलो कुरा गरिबीको गीत गाउने प्रथाको अन्त्य गरिनुपर्छ । दोस्रो कुरा अनावश्यक रूपमा विदेशी सहायता लिने प्रवृतिको अन्त्य गरिनुपर्छ । सहयोग लिनै परेको अवस्थामा पनि प्रत्यक्ष रकममा भन्दा प्रविधि तथा त्यसको सञ्चालनसीपतर्फ जोड दिने किसिमको सहयोगप्रति आकर्षित हुनुपर्छ । यस्तै किसिमको अर्को अवरोधक भनेको सामाजिक असमानता हो । जबसम्म जातीय असमानता, लिङ्गगत असमानता जस्ता असमानता हटेर जाँदैनन्, तबसम्म यसप्रकारका समस्याको समाधान हुँदैन । तसर्थ *अवरोधहरूको पहिचान* शीर्षकअन्तर्गत मुख्यतः यी तीन कुरामा सचेत हुनुपर्ने निचोड निकालिएको छ ।

*पुनरर्चनाको प्रयत्न* अर्को शीर्षक हो । यसमा वि.सं. २०४६ मा प्रजातन्त्र पुनर्स्थापना भयो र सार्वभौमसत्ता जनतामा निहित भयो र यसरी निहित हुनुको मुख्य उद्देश्य मुलुकको पुनर्रचना गर्नु या तीस वर्षे पञ्चायतकालमा कुण्ठित हुन पुगेका कार्यक्रमहरूप्रति सचेत भई तिनको सुधारतर्फ अग्रसर हुनु हो । प्रजातन्त्रप्राप्तिको दश वर्ष बितिसक्दा पनि यहाँ हुनुपर्ने जति सुधार हुनसकेको छैन । स्थानीय निकायसम्बन्धी विद्यमान कानुनले स्थानीय सरकारलाई उचित दायित्व र जिम्मेवारी दिन नसक्नु यसको खास कारण हो । अर्थात् केन्द्रीय सरकारको दायित्व कति, स्थानीयको कति भन्ने कुरामा ज्यादा अलमल देखिन्छ । त्यतिमात्र नभई केन्द्र र जिल्ला या स्थानीय निकायबीच समन्वय हुन नसक्नु पनि यसको थप कारण हो । यसरी यस शीर्षकमा राष्ट्रको पुनर्रचनाको निम्ति अपनाउनुपर्ने रणनीतिका बारेमा स्पष्ट पारिएको छ ।

**नयाँ नेपालको प्रस्तावना**मा लोकतन्त्रको भविष्यका सम्बन्धमा पनि लेखकीय धारणाहरू अघि ल्याइएका छन् । नेपालमा लोकतन्त्रको पुनर्स्थापना भएको दशाब्दी बितेको अवस्थामा जनताका समस्याप्रति जागरुक हुन नसकेको आक्षेपबाट लोकतन्त्रको सङ्कटग्रस्त भविष्यको परिकल्पना गरिएपनि र जतिसुकै समस्यामूलक एवम् जटिल परिस्थितिहरू देखिएपनि लोकतन्त्रको विकल्प अहिलेसम्मको विश्वपरिवेशबाट देख्न सकिएको छैन । यस परिप्रेक्ष्यमा लोकतान्त्रिक नाराका साथ अघि बढेको कांग्रेस, लोकतन्त्रको पक्षमा ढल्किँदै गरेको एमालेझैँ अन्य कम्युनिष्ट पार्टीको लोकतन्त्रीकरण पनि नेपालमा हुँदै जानु जरुरी भएको धारणा यसको उल्लेखनीय कथ्य बनेको छ । यति हुँदाहुँदै पनि आर्थिक, सामाजिक विभेदको सम्प्राप्तिका निम्ति मुलुकको नीति र कार्यक्रमलाई पूर्ण निष्ठा र प्रयत्नका साथ केन्द्रित गरेर मात्र लोकतन्त्रको भविष्य सुदृढ गर्न सकिने दृष्टिकोण यसमा आचार्यको छ ।

*नेपालको व्यक्तित्व* यसको अन्तिम शीर्षक हो । विश्वसामु कुनैपनि देशको भूमिका के-कस्तो छ त्यसैका आधारमा त्यसको व्यक्तित्वनिर्धारण हुन्छ । यसर्थ कुनैपनि राष्ट्रले आफ्नो भूमिका तथा हैसियतको विकासका लागि निरन्तर प्रयास गर्नुपर्छ । छिमेकी राष्ट्रसँगको धुमिल सम्बन्धले राष्ट्रिय छवि बिग्रने भएकोले त्यसप्रति पनि सम्वेदनशील भएर अघि बढ्नुपर्छ ।

वर्तमान परिप्रेक्ष्यमा मूल्याङ्कन गर्दा नेपालको व्यक्तित्वमा कुठाराघात गर्ने काम नेपालमा हुँदै गरेको भ्रष्टाचारले गरेको छ । यसका निम्ति हरेक व्यक्तिको आर्थिक गतिविधि, त्यसमा पनि विशेष गरी राजनीतिक व्यक्तिहरूको आर्थिक गतिविधि पारदर्शी हुने कानुन

बन्नुपर्छ र अवैधानिक रूपमा सम्पूर्ण सम्पत्तिजफत हुने प्रावधान बस्नुपर्छ । राजनीतिक व्यक्तिलाई भ्रष्टाचारमुक्त नबनाईकन अन्य क्षेत्रलाई भ्रष्टाचारमुक्त बनाउन सकिन्न । यसरी राजनीतिक भ्रष्टाचार रोक्न सर्वप्रथम निर्वाचनप्रक्रियालाई कम खर्चिलो गर्नुका साथै उठेको चन्दा र भएको खर्चको लेखापरीक्षणको प्रावधान हुनुपर्छ[१५०] भन्ने दृष्टिकोण आचार्यले प्रस्तुत गरेका छन् ।

अन्तर्राष्ट्रिय क्षेत्रमा आफू केही हौँ भन्ने देखाउन आफूमा रहेको हीनभावनालाई हटाउनुपर्छ । जबसम्म विचारमा दरिद्रता रहन्छ, तबसम्म आफूमा अरु प्रकारका सम्पन्नता रहन्न । विचार र इच्छाशक्ति नै सबभन्दा ठूला साधन हुन् । तसर्थ दृढ सङ्कल्पका साथ अगाडि बढ्न सकेमा नेपालको व्यक्तिाव विश्वसामु झल्काउन सकिन्छ[१५१] भन्ने विचार यसमा प्रकट गरिएको छ ।

यसरी प्रस्तुत पुस्तकमा विभिन्न कार्यपत्रमूलक लेखहरूका माध्यमबाट नेपालको भावीयात्रालाई कसरी सुदृढ गर्दै लान सकिन्छ र यसका लागि के-कसरी जिम्मेवारी बहन गर्नुपर्छ भन्ने धारणा अघि सारिएको छ ।

### ४.५.३ नेपालको गैरसरकारी संस्था नीति : एक अध्ययन

सामाजिक संस्था जनताले आफ्नो सामूहिक हितका लागि गर्ने कार्यसञ्चालनको व्यवस्थित र पारदर्शी प्रक्रिया हो । यस्ता संस्थामा दलगत, धार्मिक तथा व्यक्तिगत निरपेक्षता हुनु आवश्यक छ । यति भएर पनि आज ती सामाजिक संस्था सोअनुरूप हुनसकेका छैनन् । या भनौं त्यस्ता सामाजिक संस्थाहरूलाई अवसरको खोजीका निम्ति स्थापित संस्थाका रूपमा लिने गरिन्छ । अर्को कुरा ती संस्थाहरू जसकाप्रति उत्तरदायी हुनुपर्ने हो, हुनसकिरहेको पाइएको छैन । यसका धेरै कारणहरूमध्ये एउटा प्रमुख कारण चोखो सेवा गर्ने परम्परा बसेको नहुनु हो । हुनपनि यस्ता संस्थाहरूले प्रायः धनी तथा बाठा व्यक्तिहरूलाई उकास्नेभन्दा बढी काम गर्न सकेको प्रायः देखिन्न र जनताले त्यस्तो आक्षेप गर्नु नौलो कुरा पनि होइन भन्ने धारणा यसमा अघि सारिएको छ ।

त्यस्ता सामाजिक संस्थाहरूमा पनि जसले आफ्ना अङ्गहरूसमक्ष सम्पूर्ण विवरण उल्लेख गर्छन् र बढीभन्दा बढी जनसहभागिता अपनाउँछन्, ती पारदर्शी हुन्छन् भने जसले

---

[१५०] नरहरि आचार्य, **नयाँ नेपालको प्रस्तावना** (काठमाडौं : संवत्सर प्रकाशन, २०५७), पृष्ठ १९-२०
[१५१] ऐजन, पृष्ठ-२०

उल्लिखित काम गर्दैनन् या गोप्य राख्छन्, ती अपारदर्शी हुन्छन् । तसर्थ जनताबाट स्वतस्फूर्त रूपमा स्वीकार्य हुँदै जान, आलोचित हुनबाट बच्न तथा देश र देशबासीको हितअनुरूप केही गर्दै अग्रगामी दिशातर्फ उन्मुख हुन हरेक विवरण जनसमक्ष सुसूचित गरी अघि बढ्नु सामाजिक संस्थाको आजको उत्तरदायित्व बनेको छ भन्ने राय यसमा प्रस्तुत गरिएको छ ।

सामाजिक संस्थाको विकास र परिचालनका प्रक्रियामा प्रशस्त अन्योलहरू छन् जसले गर्दा सानालाई लाग्ने कानुनले ठूलालाई छुन सकेको छैन । सामाजिक संस्थासम्बन्धी नियमहरू जतिसुकै कठोर बनेपनि तिनले बलियालाई छोइरहेको र निर्धालाई छोडिरहेको छैन । त्यस्तै सामाजिक र गैरसरकारी संस्थालाई राजनीतिक दलले भगिनी संस्थाका रूपमा व्यवहार गर्नु, त्यस्ता संस्थाहरू धार्मिक अभिप्रायबाट प्रेरित हुनु आदि पनि यस्ता संस्थाप्रतिको नकारात्मक सोचाइ हाबी हुनुका कारणहरू हुन् ।

नेपालमा समाजसेवा वा सामाजिक संस्थाको क्षेत्रमा भएको यस्तो अन्योलको अवस्थाको मूल कारण हो, राष्ट्रिय पार्टीहरूमा यससम्बन्धी स्पष्ट नीतिको अभाव र चेतनाशून्यता, सरकारको यसबारेको अदूरदृष्टि, अक्षमता र संवादहीनता एवम् सामाजिक संस्थाहरूमा प्रतिबद्धता र समर्पणको कमी, अक्षमता र खासगरी बाठा, बलिया, धनी र सहरी सामाजिक कार्यकर्ताहरूको स्वार्थपरकता ।

यसरी वर्तमान परिप्रेक्ष्यमा सामाजिक संस्थासम्बन्धी उपयुक्त ऐनकानुनको तर्जुमाको अभावमा जनतामा यस किसिमका संस्थाहरूप्रति वितृष्णा उत्पन्न भइरहेका छन् । तसर्थ बिनाभेदभाव गाउँ वा सहर, शिक्षित या अशिक्षित, धनी या गरिब, ठूला या साना सबैलाई लागू हुने कानुनको तर्जुमा गर्नुपर्दछ । त्यति मात्र नभई सामाजिक सेवा गर्ने अभिप्रायले गठित उक्त ढाँचाका हरेक संस्थाको भूमिका र कर्तव्य स्पष्ट तोकिनुपर्छ भन्ने निचोड प्रस्तुत पुस्तकमा निकालिएको छ ।

### ४.५.४ संविधानसभा

**संविधानसभा** शीर्षक पुस्तक वि.सं. २०६२ सालमा संवत्सर प्रकाशनद्वारा प्रकाशित पुस्तक हो । वर्तमान समयमा संविधानसभा विशेष चर्चाको विषय बनेको छ । विभिन्न राजनीतिक दलहरूले वर्तमान राजनीतिक अन्योलको समाधानार्थ यसको अस्तित्वलाई सहजै स्वीकार्नुपर्ने धारणा अभिव्यक्त गरेका छन् भने विद्रोही माओवादी तथा कतिपय व्यक्तिविशेष

एवम् नागरिक समाजले पनि यसलाई आत्मसात् गरेको देखिन्छ । यसरी संविधानसभा अहिलेको उल्लेख्य विषय बनेपनि यससम्बन्धमा सम्पूर्ण जनता विज्ञ भने बनिसकेका छैनन् । लेखक नरहरि आचार्यले प्रस्तुत पुस्तकमार्फत् संविधानसभाका सम्बन्धमा स्पष्ट पार्नुका साथै यसको आवश्यकता किन महसुस गरियो र कसरी यसको निराकरण सम्भव हुन्छ भन्ने सन्दर्भमा आफ्ना धारणा प्रस्तुत गरेका छन् । त्यतिमात्र नभई यसरी संविधानसभा चर्चाको विषय कहिलेदेखि भयो अर्थात् यसको प्रारुप कहिलेदेखि तयार भयो भनेर पनि आफ्नो धारणा यसमा उनले अघि सारेका छन् ।

नेपालमा संविधानसभा किन, केका लागि र कसरी भन्ने सन्दर्भमा नरहरि आचार्यले आफ्ना अनुभवहरूलाई प्रस्तुत पुस्तकमा समेटेका छन् । नेपालमा अहिले चलिरहेको द्वन्द्व सतहमा सरकार र माओवादीको जस्तो देखिएपनि वास्तवमा यो राजसंस्था र जनताबीचको द्वन्द्व हो । नेपालमा २०४६ मा प्रजातन्त्र आएपछि यो द्वन्द्वको समाधानार्थ कुनै विकल्पको खोजीतर्फ अग्रसर नहुनुले यो चरमबिन्दुमा पुगेको धारणा आचार्यले प्रकट गरेका छन् । वास्तवमा समय छँदै संवैधानिक अग्रगमनका लागि संसद तयार नहुनु वर्तमान राजनीतिक-संवैधानिक जटिलताको एक प्रमुख कारण भएको स्वीकारोक्ति उनको छ । त्यसैले द्वन्द्वको निकास यसको समापनमा नभई रूपान्तरणमा भएकोले यहाँ संविधानसभाको आवश्यकता महसुस गरिएको छ ।

मुलुकको मूल कानुन अथवा संविधान बनाउनका लागि गठित जनताका निर्वाचित प्रतिनिधिको सभा नै संविधानसभा हो[१५२] अर्थात् यो जनताको सर्वोच्चता, स्वामित्व र अपनाव स्थापित गर्ने लोकतान्त्रिक सिद्धान्तसमेत हो । नेपालमा अहिलेसम्म पाँचपटकसम्म संविधाननिर्माण गरिए, यद्यपि कुनैपनि संविधानको निर्माण जनताले गरेनन् र उनीहरूले त्यसको अनुमोदन गर्ने अवसरसमेत पाएनन् । त्यसैले यसका असरहरू पटक-पटक परिरहेकोले संविधानसभाको आवश्यकता महसुस गरिएको छ ।

आजसम्म पटकपटक गरिएका जनक्रान्ति, आन्दोलन र जनसंघर्षलाई समेत पूर्णता दिन एवम् कुनै पनि संवैधानिक सङ्कट पर्दा राजाले समाधान दिन्छु भन्दै बारम्बार अघि सर्ने र देशलाई उल्टै सङ्कटग्रस्त बनाउने सामन्तीप्रथाको सधैका लागि अन्त्य गर्न संविधानसभाको विकल्प नभएको महसुस भएको छ ।[१५३]

---

[१५२] नरहरि आचार्य, **संविधानसभा** (काठमाडौँ : संवत्सर प्रकाशन, २०६२), पृष्ठ-११
[१५३] ऐजन, पृष्ठ-२१

यति भएर पनि एउटा संविधान (२०४७) क्रियाशील हुँदाहुँदै अर्को कसरी लागू गर्न सकिन्छ भन्ने सम्दर्भमा विभिन्न देशका उदाहरणहरू प्रस्तुत गर्दै उनले आफ्ना विचारहरू पस्किएका छन् । यसको नयाँ विषय भनेकै नेपाली जनताले प्राप्त गर्ने स्वामित्व र अपनत्वभाव हो । समय छँदै २०४७ सालको संविधानसंशोधन नगर्दा देशले जे-जस्तो परिस्थिति सामना गर्नुपर्‍यो, संविधानसभाको सामयिकता र उपयोगितालाई समयमै स्वीकार गर्न नसक्दा यसको प्रभावकारिता र उपयोगिताको क्षय हुन सक्ने राय उनको छ ।

वर्तमान राजनीतिक परिस्थितिमा नयाँ ढङ्गबाट संवैधानिक सुधारको आवश्यकता भइसकेको छ । तसर्थ जनतामा निहित सार्वभौमसत्तालाई सुदृढ पार्न संविधानको निर्वाचनमार्फत् संवैधानिक राजतन्त्र राख्ने वा नराख्ने निर्णय गर्नुपर्छ र यसको लागि माओवादीले पनि आफ्नो हिंसात्मक र एकदलीय अधिनायकवादी बाटो परित्याग गरी लोकतान्त्रिक मूल प्रवाहमा सामेल हुनुपर्ने धारणा यसमा अघि सारिएको छ ।

नेपाली कांग्रेस पार्टीमा संविधानसभाको बहससम्बन्धमा पनि आचार्यले चर्चा गरेका छन् । कांग्रेसमा संविधानसभाको बहस धेरै पहिलेदेखि प्रारम्भ भएपनि यसले मूर्तरुप पाउन सकेको थिएन । पटक-पटकका शाही घोषणाबाट अपहरित र बिस्थापित जनताको सार्वभौम अधिकारलाई पुनर्स्थापना गर्नैपर्ने स्थिति आइपर्‍यो । यस्तो स्थिति आइपरेपछि यसको निराकरणार्थ एक भरपर्दो निकास आवश्यकताबोध गरियो जुन संविधानसभा नै थियो । यसरी एक भरपर्दो विचारचयन गर्नुपर्ने परिस्थितिमा कांग्रेसभित्र संविधानसभाको बहस औपचारिक रूपमा प्रारम्भ भएको स्पष्टोक्ति आचार्यको छ ।

संविधानसभाले निर्माण गरेको संविधानको प्रारम्भमै जनताप्रति समर्पित भन्ने व्योहोरा उल्लेख गरिने भएकोले जनतामा सर्वोच्चता स्थापित भएको महसुस हुन्छ । जनतामा कुनै पनि अस्पष्टता महसुस भएको खण्डमा जनमत बुझ्ने परिपाटी यसमा जीवितै रहन्छ जसबाट जनताले आफूमा रहेको स्वामित्व र अपनत्व अनुभव गर्न सक्छन् ।[१५४] यसबाट लोकतन्त्र पूर्णरूपमा जीवित रहने निर्क्योल यसमा गरिएको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ ले जनताको संप्रभुताको केही हदसम्म संरक्षण गरेको थियो तर २०५९ असोज १८ गतेको शाही कदमले उक्त अधिकारमा कटौती गरी सम्पूर्ण अधिकार राजामा निहित गरायो परिणामतः जनताको संप्रभुतालाई पुनर्जीवन दिनु अत्यावश्यक विषय महसुस भएपछि उपयुक्त मार्गछनौट गर्ने क्रममा संविधानसभालाई नै

[१५४] ऐजन, पृष्ठ ५८-५९

नेपाली कांग्रेसले पनि चयन गऱ्यो । यद्यपि योभन्दा पनि उचित विकल्पलाई यसले निषेधित नगरेको धारणा यसको कथ्य बनेको छ ।

नेपालको वर्तमान परिस्थिति आन्दोलनमय बनेको छ । यस्तो अवस्थामा संविधानसभाबाहेक कुनै पनि भरपर्दो विकल्प देखिएको छैन । तसर्थ सम्पूर्ण राजनीतिक दलले संविधानसभाको निर्वाचनका लागि एकजुट भएर अघि बढ्नुपर्ने देखिन्छ भने माओवादीहरूले पनि सशस्त्र विद्रोह छोडी साम्यवादी गणतन्त्रको मागलाई पूर्णतः त्यागेर लोकतान्त्रिक पद्धतितर्फ समर्पित भई अघि बढ्नुपर्ने धारणा यसमा आचार्यले प्रस्तुत गरेका छन् ।

राजाको सक्रिय शासनका विरुद्ध जुन आन्दोलनको प्रारम्भ भयो त्यसमा केही पुनर्विचार गर्नु आवश्यक छ । त्यसैले विभिन्न शैली र स्वरूपमा छरिएका आन्दोलनलाई एकीकृत् र समन्वित गर्ने आधार संविधानसभाको माध्यमबाट सबै राजनीतिक विषयलाई समेत सम्बोधन गर्ने अग्रसरता नै हो । तसर्थ आन्दोलनको स्वाभाविक एजेन्डा परिवर्तन गर्नैपर्ने धारणा यसमा प्रकटित छ ।

### ४.५.५ राज्यको लोकतन्त्रीकरण

पृथ्वीनारायण शाहको नेपाल एकीकरणअभियानसँगै अर्थात् करीब २३६ वर्षअघि नेपालको शासन केन्द्रिकृत हुन पुग्यो जसले समग्र राज्यव्यवस्थामा सहभागिता र प्रतिनिधिावका दृष्टिले निश्चित केही समुदायहरू पछि पर्दै गए । खासगरी महिला, दलित, मधेशी तथा जनजातिहरूको सहभागिता र प्रतिनिधित्व कमजोर र कतिपयको त शून्य नै बन्न पुग्यो भने राज्य र नागरिकका बीचको भावात्मक अन्तर्सम्बन्धलाई त्यसको सम्पूर्णतामा प्रयोग भने उचित राज्यसंरचनाको अभावमा संसदीय अभ्यासको विगत १३ वर्षको अवधिमा पनि लोकतन्त्रलाई सुदृढ बनाउने कार्यमा खासै प्रगति हुन सकेन र दिनानुदिन राजाले सक्रिय बनी नागरिकका सम्पूर्ण मौलिक हक-अधिकार खोस्ने मौका पाए । अझ भन्ने हो भने व्यापक निरङ्कुशता भित्रिएको कारण समाजका पछाडि धकेलिएकाहरू अझ धकेलिँदै गए । यिनै विविध कारणले यहाँ समावेशी राज्यसंरचना नै आजको अत्यन्त आवश्यकताको विषय बन्न पुग्यो भन्ने राय यसमा प्रस्तुत गरिएको छ ।

यति हुँदाहुँदै पनि अहिले देखिएका जति समस्या छन्, तिनीहरूलाई अहिले तत्कालै देखिएका समस्या मात्र मान्न नमिल्ने धारणा आचार्यले यसमा अघि सारेका छन् । माओवादी

सशस्त्र विद्रोहले उठाएका अधिकांश प्रमुख विषयहरू छयालिस साल पछिका दिनमा उत्पन्न समस्या होइनन् । केन्द्रिकृत र एकाङ्गी राज्यचरित्र, महिला र दलितको समस्या समाजकै एक अङ्ग बनेर देखापरेका अत्यन्त पुराना समस्या हुन् भने मधेशी र जनजातिको समस्या पनि लोकतान्त्रिक अभ्यासको १२ वर्षे समयावधिले निम्त्याएको समस्या होइन । यसरी देखिएका जति पनि समस्याहरू छन्, ती त पुरानै समस्या भएको, निरङ्कुश राज्यसंयन्त्रका कारण बाहिर ल्याउन नसकिएको र लोकतन्त्रको बहालीपछि बिस्तारै बाहिर आउँदै गएको स्पष्टोक्ति आचार्यको रहेको छ ।

यसरी विगतका दिनमा ओझेलमा परेका सम्पूर्ण समस्यालाई लोकतान्त्रिक परिपाटीको उदयपछि सम्बोधन गरिँदै जानुपर्ने थियो तर लोकतान्त्रिक उदयपश्चात् पनि यस किसिमका समस्याहरू उपेक्षित नै रहन पुगे । देशका विभिन्न समुदायले विविध क्षेत्रमा उठाएका संघर्ष र आन्दोलनलाई मुद्दामा रूपान्तरित गरेर संसदको विषय बनाइनुपर्नेमा अपेक्षाकृत् त्यो हुन सकेन तर राजनीतिक दलभित्रै देखापरेको सत्ताप्राप्तिका निम्तिको अस्वस्थ प्रतिस्पर्धा, विकृति, द्विविधात्मक मनस्थितिका कारण जनताका आवश्यकतातर्फ लोकतान्त्रिक संस्थाहरूले झुकाव राखेनन् । अझ समष्टिमा संवैधानिक पद्धतिको सुधार र विकास अवरुद्ध जस्तै बन्यो ।[१५५] यसबाट राजा र जनताबीच पार्थक्य बढ्दै गएको धुमिल सम्बन्धलाई हटाउनु एवम् कार्यमूलक र सहज बनाउन समावेशी नयाँ राज्यसंरचनाको आवश्यक भएको धारणा यसमा प्रस्तुत गरिएको छ । त्यसका लागि अधिनायकवाद र निरङ्कुशताको गन्ध आउने कुनै पनि नामका केन्द्रिकृत एकाङ्गी संरचनाका ठाउँमा मुलुकका विविधतापूर्ण जनस्तरलाई सहभागी बनाउन सक्ने लोकतान्त्रिक संरचनाको निर्माण गर्नैपर्ने अवस्था छ । त्यस अनुरूपको प्रणाली र संरचनाको निर्माणका लागि मुलुकलाई केन्द्रिकृत र एकाङ्गी ढाँचाबाट मुक्त गरी देशलाई प्रदेशहरूको समष्टिमा रूपान्तरित गर्ने अकेन्द्रित ढाँचामा लैजानुपर्ने प्रस्ताव यसमा राखिएको छ । यसबाट सरकार जनताको पहुँचसम्म पुग्ने स्थिति बन्छ । सरकारलाई केन्द्रिकृत गरी काठमाडौँमा अझ भन्ने हो भने सिंहदरबार या अन्य दरबारमा सीमित गर्दा लोकतन्त्रको लाभ स्थानीय जनसमुदायमा पुग्न नसक्ने सुझाव यसमा दिइएको छ ।

हाम्रो देश विविधतासहितको देश हो । यहाँ कुनै पनि एक जाति मात्र बसोबास गर्ने नभई धेरै भाषिक-सांस्कृतिक तथा क्षेत्रगत विविधताहरू छन् । तसर्थ काठमाडौँको केन्द्रीय

---

[१५५] नरहरि आचार्य, **राज्यको लोकतन्त्रीकरण** (काठमाडौँ : संवत्सर प्रकाशन, २०६२), पृष्ठ-८६

शासनले सबैको प्रतिनिधित्व गर्न सक्दैन । सुगमदेखि दुर्गमसम्मका र विविध जातिप्रजातिहरूका संस्कृति तथा भावनाहरूलाई समेट्न सक्दैन । यसर्थ मुलुकका आधुनिकीकरणका लागि पनि जनताका आकाङ्क्षा र असन्तोषको सम्बोधन पहिलो र निरन्तरको आवश्यकता भएको समालोचकीय धारणा नरहरिले पस्केका छन् ।

नेपालको आर्थिक-सामाजिक रूपान्तरण तथा पूर्णतः लोकतन्त्रीकरणका लागि प्रतिनिधित्वपूर्ण एवम् सहभागितामूलक राज्यसंरचनाको आवश्यकता भएको छ । तसर्थ विगतको समयलाई समेत मध्यनजर गरेर लोकतान्त्रिक संरचना तथा प्रक्रिया एवम् आर्थिक-सामाजिक रूपान्तरणलाई सबै लिङ्ग, जाति, भाषाभाषी, वर्ग, समुदाय तथा क्षेत्रसम्म पुग्ने कार्यलाई सहज र सुगम बनाउने पद्धति नै अहिलेको वर्तमान आवश्यकता महसुस भएकोले अब हामीले बनाउने राज्यसंरचना हाम्रा विविधतापूर्ण आकाङ्क्षालाई सम्बोधन गर्ने किसिमको बन्नुपर्छ । तसर्थ यसका लागि सबैले सोही अनुरूपको चिन्तन, सोचाइ एवम् दृष्टिकोणमूलक प्रयास गर्नुपर्छ भन्ने प्रस्ताव यस पुस्तकमा नरहरि आचार्यले प्रस्तुत गरेका छन् ।

### ४.५.६ नेपालको राजसंस्था

राजसंस्था संसारको सबैभन्दा पुरानो र परम्परागत रूपबाट सञ्चालित शासनप्रणाली हो । राजा स्वयंद्वारा आफैँ शासनव्यवस्था सञ्चालन गर्ने पद्धतिका रूपमा यसलाई लिइएको छ । खासगरी यसमा राजा नै राष्ट्रको सर्वोच्च शासक मात्र होइन प्रमुख प्रशासक पनि हुने गर्छन् । यो शासनप्रणालीमा राज्यको सम्पूर्ण प्रबन्ध राजाको हातमा रहन्छ र राजाको आदेश नै अन्तिम कानुन बन्छ । राजतन्त्रमा मुख्य पद राजा हुन्छ र एक किसिमले यो सामन्ती परिपाटीकै एउटा एकीकृत र परिमार्जित रूप हो । खासगरी भाग्यवाद र परम्पराले बाँधेको श्रेणीबद्ध समाजका लागि राजतन्त्र बाध्यात्मक शासनपद्धति पनि बन्दै गएको छ । विश्वका धेरै देशको उदाहरणबाट यो एक खर्चालु संस्थाको रूपमा प्रमाणित हुँदै आएको छ । मानिसमा चेतनाको बृद्धि हुँदै गएको परिवेशमा यसको परम्परागत स्वरूपप्रति प्रायः सबैमा वितृष्णा उत्पन्न हुँदै गएको तथ्यलाई नकार्न सकिन्न । यसै सन्दर्भमा राजसंस्थाका सम्बन्धमा पटक-पटक गरिएका बहस तथा लेखरचनाहरूको सङ्कलन गरी केही निचोडसहित नरहरि आचार्यले यो पुस्तकको रचना गरेका छन् ।

नेपालको इतिहासको अवलोकनबाट राजसंस्थाले पटक-पटक जनतालाई चुनौती दिइरहेको नकार्न सकिने अवस्था छैन, यद्यपि यसलाई पद्धतिमा हिँडाउने प्रयास पनि सँगसँगै भइरहेका छन् । जेठा छोरा रणोदत्त हुँदाहुँदै गिर्वाणयुद्धलाई राजा बनाउने जस्ता अकर्मण्य काम गरेर दरबारलाई आन्तरिक द्वन्द्वमय बनाइनु जस्ता प्रशस्त उदाहरण भेटिनुका साथै प्रजातन्त्रप्राप्ति पछि पनि जनताका हकअधिकार खोसी राजा अधिकारसम्पन्न तथा सामन्ती हुन खोज्नु जस्ता उदाहरणबाट राजाको लोकप्रियता क्षीण बन्दै गएको प्रष्टै देखिन्छ ।[१५६] तसर्थ राजा र राजतन्त्र जुनसुकै नाम र आवरणमा भएपनि आफ्ना निम्ति थोरैमात्र अनुकूल परिस्थिति उपलब्ध हुनासाथ उनीहरू आफ्नो मौलिक मध्ययुगीन प्रवृत्ति र स्वरूपमा फर्किने गर्छन् र फर्किएका पनि छन् । निरङ्कुशता र हुकुमीतन्त्र नै प्रत्येक राजाको आन्तरिक चाहना र मूलप्रवृत्ति हो जसले गर्दा सदासर्वदा जनता र जनताका प्रतिनिधिसँग उनीहरूको द्वन्द्व भइरहन्छ भन्ने विश्लेषण यसमा नरहरि आचार्यले गरेका छन् ।

नेपालमा वि.सं. २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भयो र २०४७ मा नयाँ संविधान लागू भयो तर सम्पन्न गर्नैपर्ने कतिपय संवैधानिक कार्यहरू बाँकी रहे साथै कतिपय संवैधानिक प्रबन्धहरू अधकल्चो अवस्थामै छोडिए, तिनीहरूलाई संसदको विषय बनाइनुपर्थ्यो । राजनीतिक दल र सरकारमा सामेल नेतृावर्गमा देखिएका वैयक्तिक सत्तास्वार्थ र भविष्यमुखी दृष्टिकोणको अभावले लोकतान्त्रिक पद्धति र प्रवृतिको विकासमा ठोस प्रयत्न भएन जसले गर्दा राजसंस्थाले बिस्तारै-बिस्तारै शिर उठाउने मौका पायो । यसै परिप्रेक्ष्यमा २०५८ जेठ १९ गते नारायणहिटी संहार भयो जुन घटना वास्तविकतानजिक पुग्न नसकेको आशङ्का भयो तर त्यसमा पनि संसदले गहन जिम्मेवारी बहन गर्न सकेन ।

निश्चित उद्देश्य एवम् विचार र कार्यक्रममा संगठित भएका कारण अलग-अलग क्रियाशील भएपनि राजनीतिक दल जनशक्तिकै सामूहिक निरन्तरता हो । तसर्थ जनताको सामूहिक शक्तिभन्दा पुरानो शक्ति अरु हुन सक्दैन । यस यथार्थलाई सात सालदेखि कुनै पनि राजनीतिक दलले पूरा गर्न सकेनन् जसले गर्दा राजसंस्थालाई लिएर धेरै किसिमका भ्रम र अन्धविश्वासहरू सिर्जनासमेत हुँदै गए ।[१५७] यसै परिप्रेक्ष्यमा केही समययता आएर नेपाली कांग्रेसलगायत लोकतन्त्रमा विश्वास गर्ने पार्टीहरूभित्र नयाँ विचार र दृष्टिकोणको प्रवेश व्यापक मात्रामा हुन थालेको छ । नेपाली कांग्रेसको विधानबाट राजसंस्थासम्बन्धी सबै प्रसङ्गलाई हटाउने बारेमा पार्टीभित्र प्रक्रियाबद्ध ढङ्गले आवाजहरू पनि उठिरहेका छन् ।

[१५६] नरहरि आचार्य, **नेपालको राजसंस्था** (काठमाडौँ : संवत्सर प्रकाशन, २०६२), पृष्ठ-१८
[१५७] ऐजन, पृष्ठ-४०

यिनले पनि राजसंस्थाको औचित्य र सान्दर्भिकतालाई अस्वीकार गर्दै गएको देखिन्छ साथै यस किसिमका आवाजहरू अन्य पार्टीमा पनि अझ व्यापक मात्रामा आएको धारणा नरहरि आचार्यले प्रस्तुत गरेका छन् ।

राजगद्दीउत्तराधिकारीसम्बन्धमा उनको धारणा के छ भने हाम्रै आँखाअगाडि धेरै पुराना परम्परा र इतिहास बोकेका राजतन्त्रहरू समाप्त भए तर जहाँ आधुनिक शासनप्रणालीमध्येको उत्तम विकल्प मानिएको लोकतान्त्रिक पद्धतिसँग राजतन्त्रले सम्झौता गरिरहेको छ त्यहाँ भने यो टिकिरहेको छ ।[१५८] तसर्थ नेपाली राजतन्त्रले पनि समयको यस मागलाई स्वीकार गरेर आफूलाई संवैधानिक रूपान्तरणमा लैजाने जनप्रतिबद्धतामा समर्थन जनाउन सक्नुपर्छ अनि मात्र यसले टिक्ने अवसर पाउन सक्छ ।

२०४६ सालमा जुन स्थितिमा नेपालको राजतन्त्र थियो, आज उक्त मर्यादा र सम्मानको स्थितिमा यहाँको राजतन्त्र छ कि छैन । तसर्थ अहिलेको लागि यो पुनरावलोकनको विचारले राजसंस्थालाई अरु मर्यादित बनाएर लामो कालसम्म जीवन्तता दिन सक्छ । जहाँ संसदले राजसंस्थालाई सुरक्षा र संरक्षणमा राखेको छ, त्यहाँ मात्र राजतन्त्रले निरन्तरता पाएको छ । हुन त २०४६ सालतिर पनि केही त्यस्ता व्यक्ति थिए जो राजसंस्थालाई सक्रिय बनाएर टिकाउन सकिने राय प्रस्तुत गर्थे जसले उल्टै यसको भविष्यलाई सङ्कटग्रस्त बनायो । यसरी नेपाललाई सङ्कटग्रस्त स्थितिबाट बचाउन संवैधानिक राजसंस्था आवश्यक भएको निर्क्यौल गर्दै मुलुकमा राष्ट्रिय सहमति कायम गरी अघि बढ्न इतिहासले जिम्मेवारी दिएको पहिचान नरहरि आचार्यले गरेका छन् ।

यसै पुस्तकअन्तर्गत रहेको *राजसंस्थाको पारदर्शिताका लागि संसदको भूमिका* शीर्षक लेखमा आचार्यले राजसंस्थाको अपारदर्शिताको प्रसङ्ग उठाएका छन् । नेपालको कानूनले राजसंस्थाको बारेमा छलफल गर्न नपाइने प्रावधान निर्माण गरेको छ । संवैधानिक राजसंस्थालाई विवादबाट मुक्त राख्न विभिन्न देशमा यससम्बन्धमा छलफल गर्न पाइने प्रबन्ध भइरहेका छन् । राजा वा राजपरिवारबाट कुनै पनि गल्ती हुँदैन भन्ने सोचाइ नराखी अबउप्रान्त राजगद्दी उत्तराधिकारीलगायतका विषयमा संसदमा बहस गर्न पाइने व्यवस्था बनाइनुपर्छ । यसबाट नै राजसंस्थालाई राम्रोसँग टिकाउन सकिन्छ भन्ने विचार यसमा प्रकटित छ ।

[१५८] ऐजन, पृष्ठ-४८

राजसंस्थालाई नेपाली समाजले परम्परागत रूपमा नै शक्ति, मर्यादा र व्यवस्थाको स्रोतका रूपमा मान्दै आएको हो तर नारायणहिटी हत्याकाण्डले यसमाथि केही प्रश्नचिन्हहरू तेर्सिएका छन् । विश्वइतिहासको अध्ययनबाट लोकतन्त्रको सहयात्रामा मात्र राजतन्त्र जीवित रहँदै आएको प्रायः देखिन्छ । नेपाली समाज यतिबेला तीव्रताका साथ रूपान्तरणका निम्ति उत्सुक छ । लोकतान्त्रिक पद्धति र त्यसले खोज्ने कार्यशैली एवम् व्यवहारकाबीच तालमेल मिलाउन नसक्दा मह,वपूर्ण संस्थाहरू पनि सङ्कटग्रस्त बन्दै गएका छन् । जनताले नजोगाएका संस्थालाई कसैले पनि जोगाउन सक्दैन । तसर्थ आधुनिक युगमा परम्परागत मान्यताकै आधारमा स्थायित्व खोज्ने राजसंस्थाहरू कुन किनारामा पुगिरहेका छन्, तिनलाई हेरेर जनताद्वारा राजसंस्थाको सुरक्षा गर्नुपर्ने भएको छ र त्यो जनताद्वारा सुरक्षित गर्नु नै हो भन्ने धारणा आचार्यको देखिन्छ ।

वि.सं. २०५८ जेठ १९ को घटनातर्फ अवलोकन गर्दा उक्त घटनाको पृष्ठभूमिमा लागुपदार्थको प्रकोपसमेत कारण बन्न पुगेको देखिन्छ । यस्ता कैयौं घटना होलान् जुन अझै रहस्यमय नै छन् । राजदरबारभित्रै र राजगद्दीउत्तराधिकारीसम्म पुगेका यस्ता दुर्व्यसनलाई रोक्न राजदरबारभित्रको विद्यमान प्रबन्ध मात्र समर्थ हुन नसकेको बाध्यतालाई समेत ध्यानमा राख्दै समयको पदचापलाई मध्यनजर गरी राजसंस्थाको गरिमा र मर्यादासुहाउँदो थप व्यवस्था गर्नु आवश्यक भएको निर्क्योल *राजसंस्थाको लोकतान्त्रिक व्यवस्थापन* अन्तर्गत गरिएको छ ।

मुलुकको राजनीतिक क्षेत्रमा गणतन्त्रको बहस प्रारम्भ भएको छ र सम्भवतः यो विषय यति धेरै बहसको केन्द्रबिन्दु बनेको यो नै पहिलो पटक हो । हुन त कतिपयले यसलाई ने.क.पा. माओवादीको प्रमुख एजेण्डाका रूपमा पनि प्रस्तुत गरेका छन् तर त्यसमा त्यति धेरै सत्यता छैन । त्यसैले प्रत्येक लोकतन्त्रवादी सैद्धान्तिक रूपमा गणतन्त्रको विरोधी हुन सक्दैन र हुन पनि मिल्दैन । यस अर्थमा नेपाली कांग्रेसलाई पनि गणतन्त्रविरोधी मान्न नसकिने राय *समयको पदचापलाई सुनौं* शीर्षकभित्र समेटिएको छ ।

अन्तिम शीर्षक *आन्दोलनको वैचारिक दिशा* अन्तर्गत अबको मुख्य राजनीतिक एजेन्डामाथि छलफल गरिएको छ । सात सालको जनक्रान्तिमा लोकतान्त्रिक विचार र संस्थाका दृष्टिले कांग्रेस एक्लो थियो, २०४६ सालमा अन्य पार्टीहरू पनि आए भने सशस्त्र विद्रोहसहित २०५२ मा ने.क.पा. माओवादीको पनि आगमन भयो । देशका प्रमुख मुद्दाहरूमा अहिलेसम्म राजा र राजनीतिक दलबीच पटक-पटक संवादहरू भए तर त्यसप्रकारका

बहसबाट मात्र राष्ट्रिय समस्याले निकास पाउन सक्दैन । तसर्थ माओवादीलाई समेत लोकतान्त्रिक राजनीतिक प्रक्रियामा सामेल गर्न मिल्ने गरी अग्रगमनको एजेन्डामा राजालाई सहमत गराउन सकेमा मात्र राजा र राजनीतिक दलको संवादमा सार्थकता आउन सक्छ अर्थात् अबका बहसबाट आन्दोलनको वैचारिक दिशामा नै परिवर्तन गरिनुपर्ने धारणा यसमा प्रस्तुत गरिएको छ ।

### ४.५.७ कांग्रेसमा लोकतन्त्र

नरहरि आचार्यद्वारा वि.सं. २०६२ सालमा पुस्तकको रूप दिइएको प्रस्तुत **कांग्रेसमा लोकतन्त्र** पुस्तक दुई खण्डमा विभाजित छ । यसअन्तर्गतका दुई खण्डमध्ये पछाडिको सामग्रीखण्ड मूल भागका रूपमा रहेको छ भने अगाडिको विश्लेषणखण्डमा खासगरी सामग्री खण्डकै विषयवस्तुको विश्लेषण गर्ने काम भएको छ । साथै यसमा पार्टीसञ्चालनका क्रममा प्राप्त अनुभवहरूलाई पनि आचार्यले केही हदसम्म समेट्ने काम गरेका छन् । सामग्रीको संयोजनमा लेखकले कांग्रेसको दशौँ महाधिवेशनदेखि एघारौँ महाधिवेशनसम्म अर्थात् करीब पाँच वर्षे अवधिलाई नै मुख्य आधार बनाएको देखिन्छ । एउटा राजनीतिक संगठनभित्र लोकतन्त्रको अभ्यास कसरी गरिन्छ ? त्यसको लेखाजोखा कुन आधारमा गरिन्छ ? यस क्रममा कुन-कुन ठाउँमा कठिनाईहरू भेटिन्छन् ? जस्ता समस्याको पहिचान गर्दै तिनको समाधानार्थ मोटामोटी निष्कर्षमा पुग्ने प्रयास यसमा गरिएको छ ।

पार्टीमा भएका कतिपय निर्णयहरू प्रायः सूत्रात्मक हुन्छन् र कहिलेकाहीं त अस्पष्ट र अपूर्ण पनि हुने गर्दछन् । तिनको व्याख्या र बिस्तार राम्रोसँग भएको हुँदैन । यसरी व्याख्या र बिस्तारको अभावमा कतिपय अवस्थामा तिनको उपेक्षा पनि हुँदो रहेछ । यसरी बढ्दै जाने निर्णयको उपेक्षाबाट निर्णयविपरीतका धारणा तथा कार्य हुने स्थिति पनि आउँदो रहेछ । यस्तो स्थितिमा निर्णयलाई सही रूपमा व्यवहारमा उतार्न गाह्रो हुन सक्छ । तसर्थ मह,वपूर्ण विषयमा निर्णयमा पुग्नुअघि व्यापक छलफल र बहस गरिनुपर्छ र त्यस्तो बहसका लागि सदस्यहरूको व्यापक सहभागिता जरुर हुन्छ । पार्टी भनेको जनताको संस्था हो तर पार्टीका निर्णयहरू व्याख्या र बिस्तार गरेर जनसमक्ष पुऱ्याउने कार्यलाई पार्टीले जहिले पनि कठीन रूपमा स्वीकारेको हुन्छ । लाक्षणिक भाषा र साङ्केतिक शैलीको प्रयोग गरी निर्णयलाई जता पनि मोड्न मिल्ने गरी अनावश्यक किसिमले लचिलो बनाउने प्रयत्न

गरेको हुन्छ । जनताले बुझ्ने सरल र सोझो भाषामा व्याख्या गर्नपट्टि लागेको हुँदैन ।[१५९] यस्तो प्रवृत्तिले निर्णयलाई परिणाममा पुऱ्याउन झन् कठीन हुँदै जान्छ । तसर्थ जनतासँग मिलेर काम गर्ने संस्थाले, लोकतन्त्रमा विश्वास राख्ने पार्टीले जहिले पनि आफ्ना मह,वपूर्ण निर्णयहरू आफ्ना सदस्य साथीका लागि मात्र भन्ने मात्र नसम्झेर जनताप्रति उत्तरदायी बन्न सिक्नुपर्छ भन्ने धारणा आचार्यले यसमा प्रस्तुत गरेका छन् ।

कांग्रेसको नियमावलीमा केन्द्रीय सदस्यले प्रत्येक वर्ष निश्चित संख्यामा जिल्लाहरूको भ्रमण गर्नैपर्ने र त्यसको प्रतिवेदन पार्टीसमक्ष प्रस्तुत गर्नुपर्ने भनिएको छ । यद्यपि प्राय: केन्द्रीय सदस्यहरूले यसलाई खास मह,वको विषय बनाएको पाइएको छैन भने उनीहरूका प्रतिवेदनलाई पनि केन्द्रले उपेक्षा जस्तै गरेको पाइएको छ । त्यस्तै कांग्रेसको विधान र नियमावलीले केन्द्रीय कार्यसमितिको बैठकको आवधिक सीमा तोकेको छैन । यससम्बन्धा पटक-पटक आवाजहरू उठेपनि यसलाई सभापतिकै स्वेच्छामा छोड्ने परम्परा नै रहँदै आएको देखिएको छ । यस्तो शैलीले छलफल र निष्कर्षलाई उपलब्धिमूलक बनाउन कठीन हुनाका साथै कहिलेकाहीँ त असम्भव नै पनि हुन जान्छ । यस्तो परिप्रेक्ष्यमा हरेक वर्ष केन्द्रीय सदस्यहरूले विभिन्न जिल्लाको भ्रमण गरेर प्रतिवेदन बुझाउनै पर्ने साथै उक्त लिखित प्रतिवेदनलाई केन्द्रीय कार्यसमितिको बैठकले गम्भीर रूपमा अध्ययन गर्नुपर्ने र जिल्ला कार्यसमितिमा झैँ केन्द्रीय स्तरमा पनि मासिक रूपमा बैठक बस्ने प्रावधानलाई निरन्तरता दिनुपर्ने[१६०] विचार आचार्यको देखिन्छ ।

त्यसैगरी पार्टीमा लोकतान्त्रिक अभ्यासलाई अघि बढाउँदै जान पार्टीसदस्यलाई उसका विचार राख्ने अभिव्यक्तिगत स्वतन्त्रता प्रदान गर्दै विचारप्रकटमा निश्चित दायरा तोकिनु पनि आवश्यक हुन्छ । पार्टीले अहिलेसम्म जतिपनि अनुशासनको कारवाही गरेको छ, ती केवल अभिव्यक्तिप्रकट गरेको आधारमा भएका छन् । पार्टीविधानले सामाजिक र आर्थिक आक्षेपका आधारमा पनि कारबाही गर्ने भनेपनि त्यतातिर ध्यान पुऱ्याइएको छैन । निश्चित सीमा नतोकी कसैले आफ्ना धारणा राखेवापत् गरिने कारबाहीले पार्टीमा लोकतान्त्रिक पद्धति जीवित नरहने स्थिति आउन सक्छ । तसर्थ यसप्रति सचेत भएर सोही अनुरूपको अभ्यास पार्टीले गर्दै जानुपर्ने निचोड यसमा निकालिएको छ ।

---

[१५९] नरहरि आचार्य, **कांग्रेसमा लोकतन्त्र** (काठमाडौँ : संवत्सर प्रकानशन, २०६२), पृष्ठ-१३
[१६०] ऐजन, पृष्ठ-९५

यता केही वर्षदेखि राजनीतिक दलको सामाजिकीकरण तीब्र मात्रामा भइरहेको छ । परिणामतः पार्टीको आन्तरिक विषयमा सामाजिक उत्सुकता बढेको छ र पार्टीभित्र लोकतन्त्रको खोजीको मात्रा बढ्न थालेको छ । यसैबीच नेपाली कांग्रेस कहाँ छ ? र कांग्रेसमा लोकतन्त्र कस्तो छ ? भन्ने सन्दर्भ यसमा उठाइएको छ । लोकतान्त्रिक पार्टीको रूपमा दलहरूको निर्माण गर्ने क्रममा कहाँ-कहाँ समस्याहरू आइपर्छन् ? र तिनको समाधानका उपायहरू के हुनसक्छन ? जस्ता प्रश्नको उत्तर खोज्ने प्रयास पनि यसमा गरिएको छ ।

पार्टीभित्र लोकतन्त्र भन्नाले पार्टीसदस्यका मत, विचार, इच्छा, आकाङ्क्षालाई स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्न दिने तथा पार्टीले अँगालेका सिद्धान्त, विधान र नीतिहरूको निर्माणमा साथै त्यसको परिमार्जन र परिवर्तनमा समेत पार्टी निकायभित्र प्रस्ताव, निर्णय र छलफल गर्न सकिने पारदर्शी प्रक्रिया हो ।[१६१] त्यसैगरी विभिन्न तहको नेतृत्वचयनमा सदस्यहरूको भूमिका तथा राज्यका विविध क्षेत्रमा गरिने उमेद्वारीचयन एवम् पारदर्शी र उत्तरदायी आर्थिक व्यवस्थापनमा पनि पार्टीमा लोकतन्त्रको पहिचान गर्ने मुख्य तत्व हुन् । त्यस्तै पार्टीले आफूलाई आन्तरिक रूपमा सशक्त बनाउन केन्द्रिकृत् कार्यशैलीलाई छोडेर विकेन्द्रीकरणतर्फ अघि बढ्नुपर्छ किनकि केन्द्रिकृत् शैलीले केन्द्रीय वर्चस्व र निर्देशनमुखी चरित्रमा भने झन् बढी कट्टरता देखिँदै जानसक्छ ।

समष्टिमा आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन पार्टीमा क्षेत्रीय, लैङ्गिक, समुदायगत हिसाबले न्यायपूर्ण प्रतिनिधित्व हुनाका साथै राज्यका हरेक निकायमा प्रतिनिधित्व गर्ने उमेद्वारको चयन गर्नुपर्छ र उक्त उमेद्वारलाई सार्वजनीन पनि गर्नुपर्छ । त्यसैगरी गम्भीर आरोप लागेकाहरूलाई छानविन गरी दोषीउपर कारबाही गर्ने परिपार्टी पार्टीमा बस्नुपर्छ भने नियमित रूपमा आचारसंहिताको अनुगमन गर्ने व्यवस्था पनि उतिकै मात्रामा हुनुपर्छ । राष्ट्रिय मुद्दामा छलफल गर्ने र नयाँ विचारउत्पादन गर्ने प्रवृतिलाई प्रोत्साहित गर्ने किसिमका व्यवहारहरू बसाल्नुका साथै पार्टीका तर्फबाट सामाजिक सुधारको अभियानमा अग्रसरता लिन सहभागिता जनाउने कार्यमा पनि लाग्दै जानुपर्छ । यसरी उपर्युक्त सबै क्षेत्रमा ध्यान पुऱ्याउन सके पार्टीमा लोकतन्त्रलाई सुदृढ बनाउँदै जान सकिने र आफ्नो पार्टीमा लोकतन्त्रको स्थिति सुधार्न सके अन्य पार्टी तथा विविध क्षेत्रमा पनि सुदृढ हुँदै जाने कुरामा प्रस्तुत पुस्तकमा ध्यान पुऱ्याइएको छ ।

---

[१६१] ऐजन, पृष्ठ-२७

# पाँचौं परिच्छेद

## ५. उपसंहार

उमानाथ आचार्यका कान्छा छोराका रूपमा वि.सं. २०१० आश्विन ११ गतेका दिन काठमाडौँको विशालनगर (चण्डोल) मा जन्मिएका नरहरि आचार्यले प्राध्यापन तथा राजनीतिलाई जीवननिर्वाहको माध्यम बनाई साहित्यसिर्जना, समीक्षा एवम् सम्पादन-प्रकाशन तथा अनुवाद गरी नेपाली साहित्यका क्षेत्रमा अमूल्य योगदान दिएका छन् । मध्यम वर्गीय परिवारमा जन्मिएका आचार्यको बाल्यकाल आफ्नै घर र विशेषतः मावलीमा बितेको देखिन्छ । घरायसी तथा मावलीको वातावरण संस्कृतमय भएकोले आचार्यको प्रारम्भिक शिक्षाको प्रादूर्भाव त्यहीँबाट भएको देखिन्छ । भानु संस्कृत मिडिल स्कूल, चुँदी-रम्घाबाट प्राथमिक शिक्षा सुरू गरेका आचार्यको माध्यमिक शिक्षा भने वि.सं. २०२२ मा रानीपोखरी संस्कृत पाठशालामा भर्ना भएपछि प्रारम्भ हुन्छ । उनले बाल्मीकि विद्यापीठबाट २०२९ सालमा शास्त्री तह र २०३३ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा एम.ए. गरेका हुन् ।

गुठी संस्थानबाट प्रकाशित **धर्मदर्शन** पत्रिकाको प्रधानसम्पादक भई प्रथम पटक आर्थिक लाभ गर्ने उद्देश्यले काम गर्न सुरू गरेका आचार्यले २०३३ देखि १६ वर्षसम्म प्राध्यापन गरे । त्रिचन्द्रबाट प्राध्यापन सुरू गरी उनले उक्त क्याम्पसमा एक वर्ष, सोही समयमा ललितकला क्याम्पसमा ६ महिना तथा केन्द्रीय क्याम्पसमा करीब १५ वर्ष प्राध्यापन गरेको देखिन्छ भने वि.सं. २०४९ देखि चाहिँ उनी पूर्णतः राजनीतिक क्षेत्रतिर प्रवेश गरिसकेका छन् ।

नरहरि आचार्यले वि.सं. २०२५ सालमा प्रकाशित **विवेकबिन्दु** पत्रिकामा *पुतली* कविता प्रकाशन गरेर साहित्यक्षेत्रमा प्रवेश गरेका हुन् । यसपछि उनले **भोलि**, **धर्मदर्शन**, **भानुदर्शन**, **वाङ्मय**, **अरूणोदय**, **संवत्सर**, **बालसाहित्य**लगायतका पत्रिकामा कविता, जीवनी, अनुवाद, अन्तर्वार्ता तथा फुटकर लेखहरू प्रकाशन गरेको पाइन्छ । उनका धेरै लेखहरू छरपष्ट नै रहेपनि प्रायः समालोचनाहरू **परिशीलन**मा संग्रहित छन् भने **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना**, **नेपाली भाषामा अकरण : एक अध्ययन**, **नेपाली बालसाहित्यको सर्वेक्षण**, **नयाँ नेपालको प्रस्तावना**, **आजका राष्ट्रिय मुद्दाहरू**, **नेपालको गैरसरकारी संस्था नीति : एक अध्ययन**, **संविधानसभा**, **नेपालको राजसंस्था**,

**कांग्रेसमा लोकतन्त्र**, **राज्यको लोकतन्त्रीकरण** जस्ता थुप्रै पुस्तकहरूको लेखनकार्य पनि उनले सम्पन्न गरेका छन् । उनले यिनका अतिरिक्त विभिन्न पत्रिका तथा पुस्तकहरूको सम्पादन गर्ने काम पनि सफलतापूर्वक सम्पन्न गरेका छन् ।

नरहरि आचार्यले करीब आधा दर्जन कविताको रचना गरेका छन् । प्रकृतिसँग सम्बन्धित विभिन्न विषयवस्तुमा आधारित भई रचना गरिएका उनका कविता सामाजिक एवम् ऐतिहासिक भाव प्रस्तुत गर्न सफल छन् । छन्दोबद्धतालाई अङ्गिकार गर्नुका साथै आलङ्कारिकताप्रति दृष्टि पुऱ्याउँदै सकेसम्म परिष्कारतर्फ ध्यान दिँदै रचना गरिएका उनका कविता अत्यन्त समसामयिक देखिन्छन् । यसैगरी उनले केही जीवनीहरूको पनि रचना गरेका छन् जुन गुठी संस्थानमार्फत् निस्कने **धर्मदर्शन**सँग सम्बन्धित विभिन्न व्यक्तिमा आधारित रहेका छन् ।

साहित्यिक लेखरचनाको लेखनका अतिरिक्त नरहरिले **भोलि**, **धर्मदर्शन**, **भानुदर्शन**, **अरूणोदय**, **वाङ्मय**, **संवत्सर**लगायतका पत्रपत्रिकाको सम्पादन तथा प्रकाशनमा पनि विशेष योगदान पुऱ्याएका छन् । उपर्युक्त पत्रपत्रिकाका साथै आचार्यले **नेपाली कविता भाग १, २ र ३** तथा **विश्वेश्वरप्रसाद कोइराला नेपाली कांग्रेसका चार दशक** आदि पुस्तकहरूको पनि सम्पादन गरेका छन् । उपर्युल्लिखित पत्रपत्रिकाहरूमा आचार्यका आफ्ना लेखरचनाहरू पनि विभिन्न समयमा प्रकाशित भएका छन् । नेपाली भाषासाहित्यको उन्नतिका लागि ती पत्रपत्रिकाहरूले उल्लेख्य भूमिका निर्वाह गरेको देखिन्छ ।

नरहरि आचार्यका करीब डेढ दर्जन फुटकर समालोचना छन् जसमध्ये धेरैजसो **परिशीलन**मा सङ्कलित छन् भने थोरै विभिन्न पत्रपत्रिकामा रहेका छन् । उनका समालोचनाहरूले विविध विषयवस्तुलाई समेटेको पाइन्छ । आचार्यका कतिपय समालोचनामा बालसाहित्यसम्बन्धी विषयवस्तु, कतिपयमा व्याकरण तथा कतिपयमा साहित्यसम्बन्धी विषयवस्तु समेटिएका छन् ।

आचार्यको **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना** पुस्तकको रूपमा प्रकाशित समालोचना हो । यो पुस्तक उनको स्नातकोत्तर तहको शोधपत्रको परिमार्जित रूप हो । यसमा आचार्यले सोमनाथ सिग्देलको विषयमा पूर्ण पक्षको जानकारी पाठकसामु पस्केका छन् । सिग्देलको जीवनीदेखि लिएर उनको व्यक्तित्व तथा कृतित्वको बारेमा स्पष्ट पार्ने काम यसमा भएको छ । विशेषतः सिग्देलले नेपाली काव्य र समालोचनाका क्षेत्रमा दिएको अमूल्य योगदानलाई यसमा स्पष्ट पारिएको छ ।

**नेपाली भाषामा अकरण : एक अध्ययन** नामक कृतिले अकरणका सम्बन्धमा देखिएका चुनौतीहरूलाई पर्दाफास गर्ने तथा तिनको समाधानार्थ केही विकल्पहरू उजागर गर्ने काम गरेको छ । यसैगरी **नेपाली बालसाहित्यको सर्वेक्षण** पुस्तकमार्फत् बालसाहित्यको मह,व तथा आवश्यकताका सम्बन्धमा स्पष्ट पारिएको छ ।

आचार्यका राजनीतिक विषयसँग सम्बन्धित कृतिहरू **नेपालको गैरसरकारी नीति : एक अध्ययन**, **नयाँ नेपालको प्रस्तावना**, **आजका राष्ट्रिय मुद्दाहरू**, **संविधानसभा**, **राज्यको लोकतन्त्रीकरण**, **कांग्रेसमा लोकतन्त्र**, **नेपालको राजसंस्था** आदि पुस्तकहरूले शीर्षकसँगै सम्बन्धित भएर विभिन्न राजनीतिक विषयवस्तुको उठान गरेका छन् । विषयवस्तुको उठानसँगै देखिएका समस्याहरूको पहिचान गर्दै तिनको समाधानका निम्ति रोज्नुपर्ने गोरेटोतर्फ पनि यिनमा सङ्केत गरिएको छ । नेपाली कांग्रेससँग सम्बन्धित भएर पनि आचार्यले यी कृतिहरूमा अन्य राजनीतिक दलहरूको दलीय धारणालाई अगाडि ल्याएका छन् भने सकेसम्म आफूलाई तटस्थ अवलोकनकर्ताका रूपमा स्थापित गरेका छन् ।

समग्रमा अन्य फुटकर लेखरचनाको क्षेत्रमा पनि योगदान दिन सफल नरहरि आचार्यको विशेष योगदान नेपाली राजनीति तथा साहित्यका क्षेत्रमा उल्लेखनीय छ । समसामयिक विषयको उठानमार्फत् व्यावहारिक समालोचनाका क्षेत्रमा विशेष योगदान पुऱ्याउनुका साथै समसामयिक राजनीतिक विषयको उजागर गरी पाठकसामु पस्केर उनीहरूमा रहेको अस्पष्टतालाई सकेसम्म निराकरण गर्ने काम उनले सम्पन्न गरेका छन् ।

## सम्भावित शोधशीर्षकहरू

- नरहरि आचार्यको साहित्यिक व्यक्तित्वको अध्ययन
- नरहरि आचार्यको समालोचकीय व्यक्तित्वको अध्ययन
- नरहरि आचार्यको राजनीतिक व्यक्तित्वको अध्ययन

# सन्दर्भग्रन्थसूची

## क) पुस्तकहरूको सूची

### अ) आधार पुस्तकहरूको सूची


आचार्य, नरहरि, **पण्डितराज सोमनाथ सिग्देल र उनको महाकाव्यसाधना**, काठमाडौँ : पण्डितराज सोमनाथ शतवार्षिकी समारोह समिति, २०४१

__________, **नेपाली भाषामा अकरणको स्थिति : एक अध्ययन**, काठमाडौँ : पा.वि.के.त्रि.वि., लिथो प्रकाशन, २०४१

__________, **नेपालको गैरसरकारी संस्था नीति : एक अध्ययन**, काठमाडौँ : गैरसरकारी संस्था महासंघ, २०४९

__________, (सम्पा) **विश्वेश्वरप्रसाद कोइराला नेपाली कांग्रेसका चार दशक**, काठमाडौँ : संवत्सर प्रकाशन, २०५३

__________, **परिशीलन**, ललितपुर : साझा प्रकाशन, २०५५

__________, **आजका राष्ट्रिय मुद्दाहरू**, काठमाडौँ : संवत्सर प्रकाशन, २०५७

__________, **नयाँ नेपालको प्रस्तावना**, दो.सं., काठमाडौँ : संवत्सर प्रकाशन, २०५७

__________, **संविधानसभा**, काठमाडौँ : संवत्सर प्रकाशन, २०६२

__________, **नेपालको राजसंस्था**, काठमाडौँ : संवत्सर प्रकाशन, २०६२

__________, **कांग्रेसमा लोकतन्त्र**, काठमाडौँ : संवत्सर प्रकाशन, २०६२

__________, **राज्यको लोकतन्त्रीकरण**, काठमाडौँ : संवत्सर प्रकाशन, २०६२


### आ) सन्दर्भ पुस्तकहरूको सूची


अधिकारी, कृष्णकान्त, **पञ्चदशी**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२७

आचार्य, बाबुराम, **पुराना कवि र कविता**, काठमाडौँ : साझा प्रकाशन, २०३५

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश**, तृ.सं, काठमाडौँ : साझा प्रकाशन, २०४०

ओझा, दशरथ, **समीक्षाशास्त्र**, दिल्ली : राजपा एन्ड सन्, इस्वी १९७५

कोइराला, खेमराज, **साहित्यकार विश्वेवरप्रसाद कोइराला**, तृ.सं, काठमाडौँ : श्रीविद्या प्रकाशन, २०५९

खनाल, यदुनाथ, **समालोचनाको सिद्धान्त**, काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति, २०३३

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०६०

जोशी, कुमारबहादुर, **पाश्चात्य साहित्यका प्रमुख वाद**, चौ.सं, ललितपुर : साझा प्रकाशन, २०५७

जोशी, ताराप्रसाद, **आदर्शराघवको शास्त्रीय विवेचना**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०४६

त्रिपाठी, वासुदेव, **नेपाली कविताको सिंहावलोकन**, दो.सं, काठमाडौँ : साझा प्रकाशन, २०३२

त्रिपाठी, वासुदेव, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, काठमाडौँ : साझा प्रकाशन, २०३०

त्रिपाठी, वासुदेव र अन्य (सम्पा), नेपाली कविता भाग ४, दो.सं, ललितपुर : साझा प्रकाशन, २०५३

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्ध संग्रह**, ललितपुर : साझा प्रकाशन, २०२५

पराजुली, कृष्णप्रसाद, **राम्रो रचना मीठो नेपाली**, अठारौं सं, काठमाडौँ : सहयोगी प्रकाशन, २०५०

पण्डित, हेमराज, **चन्द्रिका**, तृ.सं, काठमाडौँ : लेखक स्वयं,१९६९

प्रधान, कृष्णचन्द्रसिंह, **नेपाली उपन्यास र उपन्यासकार**, तृ. सं., ललितपुर : साझा प्रकाशन, २०५०

बराल, कृष्णहरि र नेत्र एटम, **माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास**, दो. सं., काठमाडौँ : तलेजु प्रकाशन, २०५९

बराल कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, काठमाडौँ : साझा प्रकाशन, २०५६

मिश्र, वीरेन्द्रप्रसाद, **दर्शनशास्त्र एक परिचय**, काठमाडौँ : श्रीमती श्यामा मिश्रा, २०४०

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, काठमाडौँ : सहयोगी प्रकाशन, २०२७

शर्मा, मोहनराज, **नेपालीका केही आधुनिक साहित्यकार**, दो. सं., काठमाडौँ : सहयोगी प्रकाशन, २०४०

शर्मा शरदचन्द्र, **नेपाली साहित्यको इतिहास माध्यमिक काल**, दो.सं, काडमाण्डौ : पा.वि.के.त्रि.वि., २०४८

शेरचन, भूपि, **घुम्ने मेचमाथि अन्धो मान्छे**, तृ. सं., ललितपुर : साझा प्रकाशन, २०३०

सत्याल, शिवप्रसाद, ध्रुवप्रसाद भट्टराई, **माध्यमिक नेपाली कक्षा १०**, काठमाडौँ : सत्याल पब्लिकेशन प्रा.लि., २०६१

सर्मा, ताना, **भानुभक्तदेखि तेस्रो आयामसम्म**, तृ.सं, काडमाण्डौ : साझा प्रकाशन, २०३६

श्रेष्ठ, दयाराम, **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ**, काठमाडौँ : त्रिकोण प्रकाशन, २०५९

श्रेष्ठ, दयाराम, मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँचौ सं, काठमाडौँ : साझा प्रकाशन, २०५६

## ख) पत्रपत्रिकाहरूको सूची

आचार्य, नरहरि, *पुतली,* **विवेकबिन्दु** (वर्ष २, बिन्दु २, २०२५), पृ. ६१

___________, *डाँफे,* **बालक** (वर्ष १४, अङ्क ६, २०२५, आश्विन), पृ. ४

___________, *कृषकसँग,* **विवेकबिन्दु** (वर्ष ३, अङ्क ३, २०२६), पृ. ४०-४२

___________, *उनैको यादमा,* **विवेकबिन्दु** (वर्ष ४, अङ्क २, २०२७), पृ. ५५-५६

___________, *स्वतन्त्रता, प्रजातन्त्र र मानवका प्रतीक : शेख मुजीबुरर्हमान,* **भोलि** (वर्ष १, अङ्क १, २०२८)

___________, *श्री विद्याको रहस्य,* **धर्मदर्शन** (वर्ष १, अङ्क २, २०३१), पृ. २६-३५

___________, *अहिताग्नि कविराज तीर्थराज आचार्य,* **धर्मदर्शन** (वर्ष २, अङ्क २, २०३२), पृ. ४७-४९

___________, *योगीन्द्र श्रीईश्वरानन्दको जीवनी,* **धर्मदर्शन** (वर्ष २, अङ्क १, २०३२), पृ. ४२-४३

___________, *प्रा. सोमनाथ पौडेल,* **धर्मदर्शन** (वर्ष २, अङ्क २, २०३२), पृ. ४४-४६

___________, *नेपाली समालोचनाका क्षेत्रमा सोमनाथ सिग्देलको योगदान,* **भानुदर्शन** (वर्ष २, अङ्क १, २०३२), पृ. ११२-१३४

__________, *अरस्तुको विरेचन सिद्धान्त,* **अरुणोदय** (वर्ष ११, अङ्क २, २०३२), पृ. १६-२०

__________, *कविताचर्चा,* **संवत्सर** (वर्ष ९, अङ्क ३, २०४१), पृ. ३४-३५

__________, *लेखनाथीय काव्यसाधनाको क्रममा तरुणतपसीको स्थान,* **भानुदर्शन** (१६२ औं भानुजयन्ती स्मारिका), पृ. ५१-५७

कविताराम, *बालसाहित्यमा वैज्ञानिक चेतनाको खाँचो,* **बालसाहित्य** (वर्ष २, अङ्क २, २०४६), पृ. १४

खनाल, यदुनाथ, *नेपाली साहित्यमा आलोचनाको अवस्था* **मधुपर्क** (वर्ष १, अङ्क १), पृ. १०

चालिसे, विजय, *शिक्षाको प्रभावकारितामा अतिरिक्त पाठ्यसामग्री : शिक्षा र पाठ्यसामग्री विकासको असन्तुलन,* **बालसाहित्य** (वर्ष १, अङ्क १, २०४५), पृ. ४९

पौडेल, अर्जुन, *विश्वेश्वरप्रसाद कोइरालाको उपन्यास : एक अध्ययन,* **पूजा** (वर्ष ५, अङ्क ९, २०३५), पृ. १४

प्रधान, कृष्णचन्द्रसिंह, *नेपाली उपन्यासमा वीरचरित्रको ऐतिहासिक स्थान,* **रूपरेखा** (समालोचना अङ्क २०२१), पृ. १८४

प्रधान, प्रमोद, *नेपाली बालसाहित्यको इतिहास,* **बगर** (वर्ष १८, पूर्णाङ्क ६२, २०५७), पृ. १०

बन्धु, चूडामणि, *पाठ्यपुस्तक र बालसाहित्य,* **बालसाहित्य** (अङ्क २, २०४६), पृ. ५६

रिमाल, 'यात्री', वासु, *प्रगतिवाद,* **पूजा** (वर्ष ५, अङ्क २०३५, लक्ष्मीपूजा), पृ. ३४

## ग) शोधपत्रको सूची

आचार्य, नरहरि, **नेपाली साहित्यमा सोमनाथ सिग्देलको योगदान**, अप्र. शोधपत्र, काठमाडौँ : २०३३

सुवेदी, भरतमणि, **कवि भूपि शेरचनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्र. शोधपत्र, काठमाडौँ : २०३७

राई, वीरेन्द्रप्रसाद, **सुम्निमा उपन्यासको कृतिपरक अध्ययन**, अप्र. शोधपत्र, काठमाडौँ : २०५५

G G G